GATT ले नेपाललाई के असर गर्नेछ ?

# मूल्याङ्कन

मूल्य रु १५।-

वि

पूर्णांक २२, आश्विन २०५१



रुवाण्डामा लाखौं मानिसको हत्या किन भयो ?


ोनिनका विचारहरुबारे तसलीमा नसरीन

ताइवानमा पनि कम्यूनिष्ट पार्टीको स्थापना

कांग्रेसी सरकार सत्तामा आएपछि
- ★ कति महंगी बढ्यो ?
- ★ कति जनता मारिए ?
- ★ कति बालकले गोली खाए ?
- ★ बलात्कार कति बढ्यो ?

## किन गणेशमानले कांग्रेस छोडे ?


दशौं वर्षदेखि सबैको
स्वाद तथा सन्तुष्टिको प्रतिक
रारा
सबैलाई मन पर्ने, सबैको मन
अब तपाईंको लागि।
रारा तैयारी चाउचाउ का प्याकेटहरुभित्र
▪ स्कुटर ▪ फ्रीज
▪ सिलाई मेशिन
▪ राईस कुकर ▪ फुटबल
का साथै रु. ५/-, २/- र १/- का नगद उपहार कुपनहरु पनि राखिएकाछन् । रारा तैयारी चाउचाउको स्वाद लिनुहोस् अनि विभिन्न आकर्षक उपहारहरु आजै प्राप्त गर्नुहोस् ।
छिटो गर्नुहोस्, यो योजना नेपाल अधिराज्यभरी सीमित अवधीका लागि मात्र लागू गरिएकोछ ।
उपहारका लागि नजिकका अधिकृत बिक्रेताहरुसँग सम्पर्क राख्नुहोस् ।
गण्डकी नुडल्स् प्रा. लि.



# किन गणेशमानले कांग्रेस छोडे ?

के उनी फेरि कांग्रेसमा फर्कँदै छन् ?

कांग्रेसभित्रको अन्तरकलहको विश्लेषण

*कांग्रेसी सरकारका हत्या, बलात्कार, महंगी र बालहत्याका तथ्यहरूले चुनावमा कसलाई भोट मागिरहेका छन् ?* ७

## ग्याट (GATT) महासन्धिले नेपाललाई के असर पार्ने छ ?

ग्याट को मृत्यु पत्र

के ग्याटमा नेपालले प्रवेश गर्नुको अर्थ आफ्नो सार्वभौमिकता र स्वतन्त्रताको मृत्युपत्रमा सही गर्नु हो ? ३८

*ग्याटको जन्म पृष्ठभूमिदेखि लिएर यसको विकल्प के छ भन्ने विषय लगायत विविध पक्षमा विश्लेषण र विवरण*

## च्याङ्ग काई शेकको देश ताईवानमा पनि कम्युनिष्ट पार्टीको स्थापना ! 

१४


**फिलिपिन्सकी कम्युनिष्ट नेतृको वीरताको गाथा** २०

## राष्ट्रबिहीन कुर्द जातिको "कुर्दिस्तान" को खोजि

*कुर्दहरूको सबैभन्दा ठूलो, सशक्त र सफल विद्रोहको नेतृत्व गरिरहेको वामपन्थी पार्टी-पी.के.के. को शक्ति, भूमिका र नेतृत्वको परिचय* १६

क्यूबाली शरणार्थीहरू: अमेरिकाको लागि भालुको कन्पट १२

*स्वीडेनमा वामपन्थीहरू विजयी*





**हाम्रो मूल्यांकन**

चुनावमा के गरिनु पर्छ ? ४

**घटना र प्रवृत्ति**

"मूल्यांकन"को चुनावी अभियान ५

नेकपा मसालको चुनाव उपयोग ६

सर्वोच्च अदालतको फैसला ६

क. मोहनचन्द्रको एमाले परित्याग १०

रोल्पामा "मूल्यांकन" प्रतिबन्धित ४४

प्रलेसको वार्षिकोत्सव ११

**उल्लेख्य**

तसलीमा नसरीनको नजरमा

लेनिनका विचारहरू १३

**आँखी झ्याल**

रुवाण्डाको नरसंहार किन ?

- दीपक वैद्य २४

**दृष्टिकोण**

अज्ञेयवाद के हो ?

- प्रज्ञानरत्न २८

शब्द परिचय : अज्ञेयवाद २९

**नीति/संस्कृति**

गद्दारीका लागि अरु पनि तयार छन्, भीमबहादुर श्रेष्ठहरू

- चन्द्रदेव नेपाली २२

**विचार मञ्च**

दशैं-तिहारलाई कसरी उपयोग गर्ने

- श्यामप्रसाद शर्मा ११

**पर्दा/रंगमंच**

"मुक्ति संघर्ष" अन्तर्राष्ट्रिय जगतमा ३४

निर्देशक कवितारामसँग कुराकानी ३२

**साहित्य**

कथा : निर्मोही व्यास ३६

**मनोविज्ञान**

किशोरावस्था :

- दीवाकर राय ३४

**जनजीवन** १६

धिमाल जाति : देशभित्रका परदेशीहरू

- धर्मचन्द्र लावती ३१

**अनुभूति**

सिद्धान्त र संस्कृतिकै समस्या रहेछ

- तुल्सीदास महर्जन ४३

**तपाईंको प्रश्न: नेताको जवाफ**

- क. माधव नेपालसँग ४५

**पाठकको कुरो** ४६


आवरण फोटो : गणेशमान सिंह / आवरण कला : आइडियल डिजाइनर्स / कलर स्क्यानिङ :- प्रिज्म कलर स्क्यानिङ, कुलेश्वर/ अन्य फोटोहरू : उषा तिवारी

मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १२, पूर्णाङ्क २२
२०५१, आश्विन



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**व्यवस्थापक**
श्याम खड्का
**व्यवस्थापन सहयोगी**
वेखबहादुर महर्जन
**लेखा**
केदारमणि पोखरेल



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा
प्रकाशित



**सम्पर्क कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, फोछें, ख- २२३७
काठमाडौं- २३
फोन २१३६९४
पोब नं. ३०२६, काठमाडौं


# आउँदो मध्यावधि चुनावमा के गरिनु पर्छ ?

मध्यावधि चुनाव अन्ततः भएरै छोड्ने टुंगोमा पुगेको छ । स्कूल नै जान अनिच्छुक विद्यार्थीलाई फाइनल जाँच आई लागे झैं यो चुनाव आम नेपालीका सामु जबर्दस्ती तेर्सिएको छ ।

ठूला चाडहरूको मुखैमा चुनाव राखिएकाले यस वर्ष यी चाडवाडहरू पनि चुनावमय हुने निश्चित भएको छ ।

नेपाली कांग्रेस देशलाई फाँसीवादतिर धकेलिरहेछ । संसदमा येनकेन प्रकारले दुई तीहाई बहुमत ल्याउने र संविधानमा नै संशोधन गरेर निर्धक्कसित बेसीभन्दा बेसी स्वार्थ पूर्तिका मोलमा प्रजातन्त्र र राष्ट्रिय स्वाधीनताको लिलाम बढाबढ गर्ने उसको सुरसार देखिएको छ । उसलाई थाहा छ, यस पाला जनताले उसलाई कदापि भोट हाल्ने छैन । किनकि कांग्रेसलाई भोट हाल्नु भनेको अरू बेसी महँगी, अरू धेरै बलात्कार, अरू ज्यादा तानाशाही निम्त्याउनु हो । यसो गर्नु अरू थुप्रै टनकपुर बेच्न तथा नेपालीका कन्चट कन्चटमा भारतीय प्रहरीको पिस्तोल थाप्नका लागि लाइसेन्स दिनु सरह हो ।

यसो गर्न नेपाली जनता मूर्ख छैनन् । त्यसैले जनताको भोटको आश गरेर नेपाली कांग्रेस चुनाव लडिरहेको छैन । भोट बाहुलाहरूबाट खस्नेवाला छ र चुनाव बिहारी शैलीको हुँदैछ । नेपालमा भरोशिलो दलाल शासक स्थापित होस् भनी चाहना गर्ने देश विदेशका सारा चुसाहाहरू, प्रतिक्रियावादीहरू कांग्रेसलाई यसो गर्न सघाउँदैछन् । किनकि उनीहरूलाई थाहा छ, निष्पक्ष चुनावले उसको सेवक कदापि नजित्ने पक्का छ ।

पहिलेका पञ्चहरू यसपाला प्रमुख प्रतिपक्ष हुने मनसुवा पालिरहेछन् । धमिलो पानीमा अरू बेसी माछा मार्ने उनीहरूको नियत देखिएको छ । यही हिसाबले उनीहरू चुनावी मैदानमा गइरहेछन् ।

यो परिस्थितिमा जनताको आशालु आँखाहरू फेरि पनि वामशक्तिमाथि केन्द्रित भइरहेछन् । अहिलेको संगीन स्थिति चिनेर एउटा साझा क्रान्तिकारी कार्यक्रम र यथार्थवादी सीट तालमेलका आधारमा सम्पूर्ण वामशक्ति "संयुक्त वाम तथा प्रजातान्त्रिक मोर्चा" बनाएर संयुक्त हुने हो र संयुक्त क्रान्तिकारी चुनावी आन्दोलन छेड्ने हो भने कांग्रेसी शासनले वाक्कदिक्क भएका जनताहरूको उत्साह कैयन गुणा बढ्नेछ । जनताले भरोसाको केन्द्र भेट्नेछन् । यसबाट जुन क्रान्तिकारी ऊर्जाको भेल निस्कनेछ, त्यसले प्रतिक्रियावादीहरूको सम्पूर्ण मनसुवा र षडयन्त्रलाई बगाउनेछ । बिहारी शैलीको चुनाव लडेर दुई तीहाई बहुमत ल्याउने गिरिजाको सपनालाई सिर्फ यही उर्जाको भेलले मात्र बगाउन सक्नेछ

आगामी संसदमा वापमन्थीहरूको बहुमत हुनसक्ने र सरकार नै वामशक्तिले बनाउन सक्ने संभावनासमेत टड्कारो छ । नेपाल अहिले त्यहीं संभावनाको चार दोबाटोमा खडा छ । अघिल्लो चुनावमै पनि यो संभावना प्रष्ट देखिएको थियो ।

तर यसो गर्न समस्याहरू छन् ।

पहिलो समस्या वैचारिक छ । वामपन्थीहरूले बनीबनाउन राज्ययन्त्र अन्तर्गत र वर्तमान विश्व परिस्थितिमा संसदीय बाटोबाट शान्तिपूर्ण ढंगले सत्तामा जान संभव भयो भने जाने कि नजाने ? - यस बारेमा पर्याप्त वैचारिक बहस हाम्रो मुलुकमा हुनसकेको छैन र कुनै सर्वसम्मत मार्क्सवादी निष्कर्ष निक्लन सकेको छैन । त्यसैले यस सवालमा थरी-थरी समूहका थरी-थरी विचार छन् । संभावना जे-जस्तो भए पनि यो सवालमा आम वैचारिक सहमति विकसित भएको छैन, जुन हुनु नितान्त जरूरी भएको छ ।

अर्को समस्या मानसिकताको छ । ठूलो शक्तिमा अत्यधिक अहंकार र पेलेरै अरूलाई पिछलग्गू बनाउन खोज्ने प्रवृत्ति देखिएको छ । सानो शक्तिमा आफ्नो औकातभन्दा महत्वाकांक्षी माग गर्ने र हीनताबोधले गर्दा चाँडै संयुक्त मोर्चाबाट अलग हुने प्रवृत्ति देखिएको छ । यी दुवै प्रवृत्ति संयुक्त वाम मोर्चा र संयुक्त आन्दोलनका लागि वाधा बनेका छन् ।

यी दुवै समस्याको निदान गर्नु असाध्यै जरूरी भएको छ । तथापि संभव भयो भने पनि राज्यको यही ढाँचाअन्तगत चुनावी बाटोबाट सरकारमा जाने कि नजाने ? -यस सवालमा सही निष्कर्ष निकाल्न समय लाग्न सक्छ । तुरून्तै बहस थालेर छिन्भरमै सही निष्कर्ष विकास नहुनसक्छ ।

यो विवादको विषय अहिले नै हल हुन नसके पनि तत्काल वाम शक्तिले गर्नु पर्ने र गर्न सक्ने अरु थुप्रै कुराहरू छन् ।

जसले सरकारमा गएरै जनताको सेवा गर्छु भनिरहेछन्, उनीहरू सरकारमा जाँदा पनि आमूल परिवर्तनको काम चाहिं हुन सक्तैन । तर सुधारका थुप्रै कामहरू भने गर्न सकिने हुन्छ । सरकारमा गएको यो शक्ति नै मात्र पनि बदनाम भयो भने "वामशक्ति" सबैलाई त्यस बदनामीको असर पर्छ । त्यसैले, सरकारमा जाने सोच राख्ने शक्तिहरूले आफ्नो कामको स्वरूप र सीमाबारे जनतामा भ्रम पर्न नदिने उपाय र सरकारमा गएपछि आफूले गर्ने र गर्न सक्ने कामको स्पष्ट खाका तयार गर्ने काम पनि साथ-साथै गर्नुपर्छ । हचुवामा गरिने हो भने र वर्गीय रूपले कांग्रेसले जस्तै काम गर्ने हो भने, त्यो झन् ठूलो दुर्भाग्य ठहरिने छ । वामशक्ति यसबाट बदनाम हुनेछ । यस्तो हुन नदिने पूरापूर तयारी र तालमेल मिलाउनमा इमान्दारिता देखाउने हो भने आगामी सरकार 'वाम सरकार' भन्ने कुरा धेरै हदसम्म यथार्थ बन्ने संभावना पनि निकै टड्कारो रहेको छ ।

समग्रमा वामपन्थीहरूले अहिले गर्नै पर्ने र गर्नसक्ने पहिलो कुरा वाम उम्मेदवारको तालमेलको छ । जुन ठाउँमा जुन वामशक्ति तुलनात्मक रूपमा वलवान स्थितिमा छ- त्यस आधारमा त्यो ठाउँमा एउटा मात्र वाम उम्मेदवार खडा गर्ने र बाँकी सबैले उसलाई सघाउने नीति अपनाउनु अति आवश्यक छ । यो हुन सकेन भने अत्यधिक फाइदा नेपाली कांग्रेसलाई हुनेछ र उसको दुई तीहाईको सपना साकार हुनेछ । यसका लागि "वाम उम्मेदवार एउटा मात्र उठाऊँ, चुनावी अभियान आ-आफ्नो ढंगले गरौं" को नीति अख्तियार गर्नु जरूरी छ ।

अर्को अहिलेको आवश्यकता "धाँधली विरोधी व्यापक संयुक्त कमिटी" को छ । नेपाली कांग्रेस वाहेक बाँकी सबैलाई यो कमिटीमा सामेल गर्न संभव छ । यसको मुख्य काम राज्यले अपनाउने सम्पूर्ण धाँधलीका हथकण्डाहरूको संयुक्त प्रतिरोध र भण्डाफोर गर्नु हो । धाँधली मात्र रोक्न सके पनि यस चुनावमा कांग्रेसको हार सुनिश्चित छ ।

वामशक्ति नै नेपालको एक मात्र क्रान्तिकारी र प्रगतिशील शक्ति हो । पूँजीवादी संसदको सीमा र कमजोरीलाई पर्दाफास गर्न सक्ने र त्यसको क्रान्तिकारी विकल्प दिन सक्ने एक मात्र शक्ति यही हो । त्यसैले, आउँदो मध्यावधि चुनावको चुनावी अभियानमा यसले त्यही क्रान्तिकारी दिशामा क्रान्तिकारी विकल्पसहित आफ्नो चुनावी अभियान सञ्चालित गर्नु जरूरी छ भन्ने हामीलाई लाग्छ । ❐ ❐

कला सहयोग : संघराम महर्जन, दिलीप महर्जन / कम्प्युटर : **नेप्युटर**, बागबजार / मुद्रक : इन्द्रेणी अफसेट प्रेस, बागबजार, फोन नं. २२५९५४

"मूल्यांकन" चुनाव अभियान

# केही आधारभूत सवालहरु– आगामी मध्यावधि चुनावबारे

## कसलाई चुन्ने ?

अब देशलाई मध्यावधि चुनावको ज्वरले लफ्रक्कै गाँज्न शुरु गरेको छ, जताततै मुख्य चर्चाको बिषय चुनाव र चुनावी उम्मेदवार नै हुन थालेका छन्। सबै पार्टीहरु आफ्नो आफ्नो पार्टीको उम्मेदवार-सूची सार्वजनिक गर्न लागिरहेछन्।

यो चुनावमा मूलतः तीन थरी सामाजिक शक्तिहरु सहभागी हुन लागिरहेछन्, यद्यपि भाग लिने पार्टीको संख्या भने चालीश भन्दा बेसी छ।

पहिलो, प्रतिक्रियावादी-प्रतिगामी शक्ति, दोश्रो, सुधारवादी शक्ति। तेश्रो, क्रान्तिकारी वामशक्ति।

प्रतिक्रियावादी प्रतिगामी शक्तिहरु प्रजातन्त्रकै बर्दी ओढेर देशलाई फेरि एउटा सानो वर्ग जत्थाको तानाशाहीतिर डोऱ्याउन लागिरहेछन्, चाहे त्यो सामन्तको जत्था होस् वा प्रतिक्रियावादी पूँजीपतिको, चाहे त्यो गिरिजाको जत्था होस् वा सूर्य बहादुरको, मरीचमानको होस् या गजेन्द्र नारायणको, फरक फगत मात्राको छ, गुणको छैन। सारमा गुण सबैको एउटै छ- थोरै बसी खाने वर्गको बहुसंख्यक गरी खाने वर्गमाथि तानाशाही चलाउने। मुठ्ठीभर चुसी खाने वर्गको मात्र हित गर्ने र वहुसंख्यक श्रमिक किसानको थाप्लोमा उनीहरुको स्वार्थको शासन लाद्ने।

पार्टीको नाम जेसुकै होस्, घोषणा-पत्रहरु जतिसुकै रंगीन होउन्, जनताले यो शक्तिलाई खुद्याउनु पर्छ र चुनावमा हराउनु पर्छ। संसदमा यिनीहरु नामोनिशान हुँदा वा सकेसम्म कम हुँदा नै बहुसंख्यक गरी खाने वर्गको अर्थात् श्रमिक-किसानको भलाइ हुन्छ।

सुधारवादी शक्तिहरु तानाशाही व्यवस्था त यही जोगाई राख्न चाहन्छन्, तर अन्याय अत्याचारको स्थितिमा भने सुधार होस् भन्ने चाहन्छन्। उनीहरु क्रान्ति होइन क्रमिक सुधारको बाटो भएर समाज अघि बढोस् भन्ने चाहन्छन्। चाहे त्यो विष्णुबहादुरको ने.क.पा. (संयुक्त) वा देवेन्द्र राजको लोक दल होस् अथवा रामराजाको जनवादी मोर्चा-उनीहरुले स्वार्थ प्रतिनिधित्व मध्यम र निम्न पूँजीपति वर्गको गर्छन् र केही कुरा गरी खाने वर्गको पनि उठाउँछन्। यी जनताका दुश्मन होइनन्, तर मजदूर किसानका यी ढुलमुले साथी हुन्।

पार्टीको नाम जे होस्, प्रतिक्रियावादी र प्रतिगामी शक्ति र यिनीहरूमध्ये एउटा रोज्नु पर्दा हामीले सुधारवादी शक्तिलाई नै रोज्नु जाति हुन्छ। तर यिनीहरू सर्वश्रेष्ठ विकल्प भने होइनन्।

यो मुलुकमा चुसाहा र बसीखाने वर्गको तानाशाही पूरापूर खत्तम गर्न चाहने र गरी खाने वर्गको शासन व्यवस्था ल्याउन चाहने शक्ति क्रान्तिकारी वामशक्ति नै हो। चाहे त्यो एमाले होस् वा संयुक्त जनमोर्चा, नेकपा (मसाल) होस् वा नेमकिपा, यी सबै हाम्रो मुलुकका क्रान्तिकारी वाम शक्ति हुन्। केही समय यता, एमालेले पहिलेको क्रान्तिकारी बाटोको सट्टामा सुधारको बाटोको वकालत गर्न थालेको देखिएको छ। यो पूँजीपतिको व्यवस्था फालेर श्रमिक-किसानको व्यवस्था ल्याउनु सट्टामा यो पूँजीपतिकै व्यवस्थालाई "रक्षा" र "सुदृढ गर्ने" कुरा गर्न थालेको छ। तथापि अहिलेसम्म उसले क्रान्तिकारी वामखेमा पूरापूर छोडिसकेको छैन। रणनीतिक सवालमा अरु बाम शक्तिहरूको एमालेसँग ठूलै मतभेद रहे पनि चुनावी कार्यनीतिबारे भने सरकार बनाउने वा नबनाउने भन्ने सम्ममा मात्र यो विवाद सीमित छ।

नाम जेसुकै होस् क्रान्तिकारी वामशक्ति नै बहुसंख्यक गरी खाने वर्गको मुख्य भरोसा हो। यो शक्तिले चुनावमा बढीभन्दा बढी संख्यामा जित्न सक्यो भने मात्र एक हदसम्म नेपालमा श्रमिक किसानको हित हुने योजना, कानून र कार्यक्रम बन्न सक्छ। त्यसैले चुनावमा बढीभन्दा बढी क्रान्तिकारी वामशक्तिको उम्मेदवारलाई जिताउन संपूर्ण श्रमिक-किसान सक्रिय हुनु पर्छ। संपूर्ण गरी खाने वर्गले क्रान्तिकारी वामशक्तिकै वरपर जम्मा भएर चुनावमा यस्तो उभार सिर्जना गर्नु पर्छ, जसले प्रतिक्रियावादी-प्रतिगामी शक्तिलाई बगाओस्। यो चुनाव पनि संघर्षको मैदान हो भन्ने कुरा उनीहरूले राम्ररी बुझ्न पर्छ। यसमा चुसी खाने वर्गका प्रतिनिधिहरू बढीभन्दा बढी जिते भने भरे उनीहरूले संसदमा चुसी खानेका पक्षमा कानून बनाएर गरी खाने वर्गका थाप्लोमा जाँतो पिंध्नेछन् भन्ने कुरा राम्ररी ठम्याउनु पर्छ।

## एक वाम एक ठाम

वामपन्थी पार्टीहरू धेरै छन्। एकै ठाउँमा यी सबै वामपन्थी पार्टीहरूले एकसाथ उम्मेदवार उठाए भने जनताले भोट कसलाई दिने? भोट बाँडियो भने आखिर जित्छ कसले? यो अलिकता पनि सोच्न सक्ने जो सुकैले पनि सजिलै ठम्याउन सक्ने कुरा हो।

त्यसैले, "संयुक्त वाम मोर्चा" र "एक ठाउँमा एउटै मात्र वाम उम्मेदवार" अहिलेको चर्को खाँचोको विषय भएको छ। संपूर्ण ठाउँबाट सबैले यस निम्ति आ-आफ्नो संपर्कको वाम शक्तिलाई सशक्त दवाव र सुझाव दिनु जरुरी भएको छ। एक वाम एक ठाम हुन सकेन भने यसको सोझो फाइदा प्रतिक्रियावादी- प्रतिगामी शक्तिलाई नै पुग्न जाने छ। सारा देश र गरी खाने वर्गलाई यसले ठूलो नोक्सानी पुऱ्याउने छ।

एक वाम एक ठामका लागि मुख्य बाधा ठूलो शक्तिले अरुलाई गिन्ती नै नगरेर जताततै आफ्नो उम्मेदवार पेल्न थाल्नु पनि हुन सक्छ। सानो शक्तिले आफ्नो औकातभन्दा बेसी माग गर्नु पनि हुन सक्छ। यी दुबै प्रवृत्तिसित जुध्नु पर्छ। जसको जहाँ तुलनामा अरु भन्दा बलियो स्थिति छ, त्यहाँ उसैलाई उम्मेदवार बनाउने नीतिले मात्र समस्याको हल गर्न सक्छ। गएको आम चुनाव र स्थानीय चुनावको मतदानकै आधारमा पनि यसको छिनोफानो सजिलै गर्न सकिन्छ।

## कस्तो उम्मेदवार पठाउने ?

पूँजीवादी संसद पूँजीपति वर्गको स्वार्थ रक्षा गर्न त्यो वर्गका सबै खग्गु खग्गु प्रतिनिधि जम्मा हुने ठाउँ हो। पद र पैसामा मान्छेको किनबेच त्यहाँ सबभन्दा बेसी हुने संभावना हुन्छ। स्वार्थ र विचारको लडाइँ त्यहाँ सबैभन्दा चर्को हुन्छ।


त्यसैले वामपन्थी शक्ति र गरी खाने वर्गले त्यहाँ विचारमा कमजोर र पद-पैसामा बिक्री हुन सक्ने मान्छे पठाएर कुनै काम छैन। त्यस्ता मानिस पठाउनु त ती प्रतिक्रियावादी-प्रतिगामी शक्तिको निम्ति मान्छेको खरीद गर्न र आफ्नो स्वार्थ अनुसारको कुरा पारित गर्न निकै ठूलो अवसर दिनु मात्र हुन जान्छ। त्यसैले प्रत्येक वाम शक्तिले उम्मेदवार उठाउनै पर्छ भन्ने नाममा जस्तो सुकै उम्मेदवार पनि उठाउने प्रवृत्ति गलत हो। यो प्रवृत्तिबाट मुक्त हुनु पर्छ।

आफ्ना सर्वश्रेष्ठ तत्वहरूलाई नै उसल संसदीय मोर्चामा खटाउनु पर्छ, जो पूँजीपति वर्गको प्रत्येक चलाखी र वैचारिक धूर्त्याईलाई चिन्न र पर्दाफास गर्न सिपालु होस् र उनीहरूको प्रलोभनमा नफसोस् र जसले संसदमा कानून र कार्यक्रम निर्माणमा गरी खाने वर्गको सही सही स्वार्थ प्रतिनिधित्व गर्न सकोस्। बरु थोरै हुन्, तर "अति राम्रा मानिसहरू" यो नै संसदमा वामपन्थी शक्तिले आफ्नो प्रतिनिधि छनौट गर्न अप्नाउनु पर्ने नीति हो।

## चन्दा अभियानमा रहेको दोष

चुनावी अभियानका लागि पूँजीपति वर्गसित चन्दा उठाउने प्रणाली हामीकहाँ व्यापक छ। यसले पूँजीपति वर्गसित कृतज्ञ हुने र उसका नाजायज मागहरू पनि स्वीकार गर्ने र उसका गलत कामहरूप्रति पनि आँखा चिम्लीदिने र उनीहरूको शोषण र भ्रष्टाचार विरुद्ध आक्रमण मत्थर गर्ने प्रवृत्तिलाई बढाएको छ। हरेक चन्दा-अभियान पछि महंगी ह्वात्तै बढ्ने गरेको छ, तर सबैको मुखमा चुप्पी छाउने गरेको छ। वामपन्थी शक्तिहरू पनि यसको अपवाद छैनन्।

वामपन्थी शक्तिले यस्तो चन्दा-अभियानलाई रोक्नु पर्छ। चन्दा-अभियान सडकमा, जनताको घर-घरमा गरिनु पर्छ। यो गाह्रो अवश्य छ, तर यसबाट पनि काफी पैसा उठाउन सम्भव छ। छिमेकी देश भारत र वंगलादेशमा यसको व्यापक प्रचलन छ। र, त्यो सफल पनि देखिएको छ। हामी यहाँ त्यस्तो किन गर्न सक्दैनौं? यस्तो गर्दा हामी जनता-निर्भर हुन्छौं, कुनै पूँजीपतिप्रति हाम्रो नाजायज कृतज्ञताभाव रहँदैन। यो दीगो पनि हुन सक्छ र यसो गर्दा हामीले कुनै पूँजीपतिलाई यसो यसो गरीदिउँला भनेर प्रतिबद्ध हुनु पर्ने कुनै खण्ड नै आउँदैन। ❑❑



भावी सरकार एमालेको मात्रै कि ? अन्य वामहरूको पनि ?




पैसला पछि व्यवस्थाकै विराधमा जनताहरू सडकमा उत्रे

# सर्वोच्च अदालतको फैसला

गिरिजा-दरबार मिलीभगतद्वारा एकाएक जननिर्वाचित संसदलाई भंग गरिएको घोर अप्रजातान्त्रिक कदम नै जब आखिर सर्वोच्च अदालतको फैसलाद्वारा गत भाद्र २७ गते संविधानसम्मत ठहरियो, तबदेखि नै प्रवुद्ध वर्ग र आमजनता समेतमा एक किसिमको निराशा र वर्तमान व्यवस्थाप्रति नै तीब्र अनास्था पलाएको छ। एघार जना न्यायाधीशहरूमध्ये ७ जनाको सहमति र ४ जनाको भिन्न मत रहेको यो मुद्दा यसरी बहुमतको आधारमा अदालतले रद्द गरिदिइसकेको छ। यसरी नेपालको चालू शासन व्यवस्थाको सीमाभित्र अब यो मुद्दाको किनारा लागिसकेको छ, यसलाई मान्नुपर्ने वैधानिक स्थिति छ।

तर यसबाट निश्चितै रूपमा के भन्न सकिन्छ भने, नेपाली जनता वास्तवमा सार्वभौम बनेको छैन भन्ने कुरा प्रमाणित भएको छ। एउटा स्वार्थी र तानाशाही प्रधानमन्त्रीको सिफारिसको आडमा दरबारले निर्वाचित संसदलाई छिनभरमै भंग गर्न सक्दोरहेछ। बहुमतवाला सत्तारुढ दलका अध्यक्षले "हामी पुनः सरकार बनाउँछौं" भन्नु र प्रमुख प्रतिपक्षले सरकार बनाउने दावी जाहेर गर्नुको कुनै अर्थ हुँदोरहेनछ। त्यसको निम्ति प्रक्रिया पूरा गर्नु पनि जरूरी रहेनछ, चालू संसदलाई जानकारी दिनुपर्ने पनि रहेनछ।

अदालतको फैसला सुनेपछि तत्कालै गणेशमानसिंहले साफसाफ भनेका छन्- "यो फैसलाबाट म निराश भएको छु। एउटा अदालतमाथि जनताको विश्वास बाँकी थियो। यो फैसलाले त्यो विश्वास पनि उडेको छ।"

यस फैसलाले पूँजीवादी व्यवस्था र त्यस व्यवस्थाभित्रको अदालतको सीमालाई निकै राम्ररी उदांगो पारेको छ।

देशव्यापी जनआन्दोलनद्वारा जनताले संसद पुनः स्थापनाको लागि अभिमत जाहेर गर्नु, विघटित संसदका बहुमत (१०५ जना) सदस्यहरूले हस्ताक्षर र जुलुस गरी दरबारमा ज्ञापनपत्र हाल्नु, यी सबै कुराको कुनै अर्थ नै रहेन।

यसले भविष्यको लागि पनि एउटा यस्तो नजीर खडा गरेको छ, जसको आधारमा भोलि पनि गिरिजा-प्रवृत्तिका मानिसहरू चुनिएर सत्तामा पुगे भने उनीहरूले आफूले जतिसुकै ठूलो "धमिजाकाण्ड र टनकपुर काण्ड" मच्चाए पनि र संसदमा आफैं अल्पमतमा परे पनि वहालवाला प्रधानमन्त्री हुनुको नाताले आफूलाई नियन्त्रित गर्ने संसदलाई नै पटक-पटक भंग गर्न सक्नेछन्।

यसले अस्थिरताको लागि ठूलो वैधानिक बाटो खोलिदिएको छ।

सर्वोच्चको फैसलाको बुँदा ५ ले "अर्को प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषद्को गठन हुनसक्ने अवस्था हुँदाहुँदै पनि सो नगरी राजीनामा दिने प्रधानमन्त्रीको सिफारिसअनुसार प्रतिनिधिसभाको विघटन गरिएमा वा मन्त्रिपरिषद्लाई यथावत कायम राखिएमा त्यो कार्य असंवैधानिक र अमान्य हुन्छ" भन्ने ठहर गरेको छ।

वास्तवमा संविधानको धारा ४२ अनुसार आफूले सरकार गठन गर्न सक्ने ने.का. अध्यक्षमार्फत ने.का. को दावी र प्रमुख प्रतिपक्ष ने.क.पा. एमालेको पनि यस्तै दावीको दिशामा गिरिजाले घटनालाई अघि बढ्नै नदिएका हुन्। यसकारण उनको कदम "असंवैधानिक" र 'अमान्य' किन भएन ?

यसरी फैसला आफैं अन्तरविरोधपूर्ण छ। त्यसैले नै यसमा मतविभाजन भएको हुनुपर्छ। सर्वोच्चका ४ जना न्यायाधीश र देशव्यापी जनआन्दोलनमा उत्रेका नेपाली जनताको 'भिन्न मत' को कदर कहिले र कसरी हुने हो ?

यो ठूलो प्रश्न जनमानसमा उठेको छ।

□□

# नेकपा, मसालको चुनाव उपयोग

नेकपा मसालले अखिल नेपाल राष्ट्रिय जनमोर्चाको माध्यमबाट आगामी आमनिर्वाचनलाई क्रान्तिकारी उद्देश्यको निम्ति उपयोग गर्ने नीति तय गरेपछि नेपालमा राजनैतिक क्षेत्रमा यस कुराले निकै चासो र उत्सुकता पैदा गरेको छ।" "क. मोहनविक्रम" र "चुनाव" लाई एक अर्काका विपरीत ध्रुवका व्यक्तित्व र घटना ठान्ने मानसिकता बाकेका आम राजनैतिक पर्यवेक्षकले आश्चर्यसहित यस नीतिलाई लिएको पाइए पनि गत स्थानीय निर्वाचनमा नै नेकपा मसालले 'उपयोग' को नीति अपनाएको कुरा प्रष्ट नै छ।

अखिल नेपाल राष्ट्रिय जनमोर्चाका अध्यक्ष तथा नेकपा मसालका पोलिटब्यूरो सदस्य क. चित्रबहादुर के.सी. ले आफ्नो नीतिबारे प्रष्ट पार्दै भन्नुभएको छ- "वर्तमान अवस्थामा राजा-गिरिजा गठबन्धन र भारतीय विस्तारवाद तथा अमेरिकी साम्राज्यवादको षड्यन्त्रबाट सीमित राष्ट्रियता र प्रजातन्त्र समाप्त हुने र फासीवाद कायम हुने गम्भीर खतरा देशको अगाडि उपस्थित भएकोले, त्यसलाई परस्त गर्न नै हामीले आगामी मध्यावधि निर्वाचनको उपयोग गर्ने नीति तय गरेका हौं।"



क. चित्रबहादुर के.सी.

मुलुकको र विश्वको राजनीतिक स्थितिको वर्तमान परिप्रेक्षमा कम्युनिष्टहरूले जनतामा जाने अनेक उपायहरूको खोजी गर्ने र ती उपायहरू अपनाएर विचार र संगठनको विस्तार गर्ने काम गर्नु अत्यन्त जरुरी भएको छ। यस स्थितिमा नेकपा मसालको यो निर्णय अत्यन्त लचिलो र सामयिक भएको हामीलाई लाग्दछ।

जनताले नचाहँदा नचाहँदै पनि चुनाव हुँदैछ, चुनावमा जनताले कुनै न कुनै चुनावी पक्षमा लाग्नुपर्ने बाध्यता छ। यो समयमा क्रान्तिकारी राजनैतिक पार्टीहरूले उनीहरूलाई वर्तमान चुनावी राजनीतिको सीमा र दोष प्रष्ट पार्दै यसको 'सही विकल्प' औंल्याउने र उनीहरूसँग भिजेर विस्तारै उनीहरूको चेतनास्तरलाई माथि उठाउने काम गर्नुले निश्चय नै ठूलो महत्व राख्छ। त्यसैले पनि नेकपा मसालको यो निर्णय स्वागतयोग्य रहेकोछ।

चुनावी राजनीतिलाई उपयोग गर्ने नाममा कतिपय वामपन्थी पार्टीहरूमा आफैं संसदीय चुनावी राजनीतिमा बिलीन हुने प्रवृत्ति आइरहेछ। आफ्ना मानिस नभएका ठाउँमा पनि कसैलाई जबरजस्ती आफ्नो बनाएर खडा गर्ने र जनतालाई भन् अन्यौल थप्ने प्रवृत्ति पनि देखापर्ने गरेको छ। हामी आशा गर्छौं- नेकपा मसाल यस्तो प्रवृत्तिका विरुद्ध सचेत हुनेछ।

वामपन्थी, प्रगतिशील, देशभक्त तथा प्रजातन्त्रप्रेमी शक्तिहरूसँग चुनावी कार्यगत एकता वा तालमेल गर्न सकिने नीति लिएको नेकपा मसालले चुनाव जित्न सकिने वा राम्रो प्रतिस्पर्धा गर्न सकिने ठाउँका अतिरिक्त "राजनतिक प्रचार र संगठनात्मक आधार तयार पार्न समेत" आफूले उम्मेदवारी दिन सकिने कुरा प्रकाशमा ल्याएको छ।


यो पछिल्लो नीति प्रायः सबै वापमन्थी पार्टीहरूले लिने गरेको पाइएको छ। वास्तवमा, कुनै पनि राजनैतिक संघर्षको दौरानमा वैचारिक, सांगठनिक उपलब्धिको अपेक्षा गर्नु राम्रो कुरा हो। तर विगत चुनावहरूमा के देखिएको छ भने- यसका निम्ति भनेर एकै ठाउँमा पनि उस्तै विचार राख्ने हरेक वामपन्थी पार्टीका आ-आफ्नै उम्मेदवारहरू उठ्ने गरेका छन्। यसले आम जनतामा ठूलो दिकदारी पैदा गर्ने गरेको छ। 'फूट' देखेर निराश भई जनताले वामपक्षबाटै विमुख हुने स्थिति पैदा भएको पनि देखिएको छ।


यस्ता सन्दर्भहरूका लागि हामी नेकपा मसाल लगायत सबै वामपन्थी पार्टीहरूलाई सझाव दिन चाहन्छौं- तपाईहरू अरू वामपन्थीले चुनाव जित्ने ठाउँमा आफ्नो उम्मेदवार नदिनु होस्। तर उक्त मित्र-वाम उम्मेदवारको चुनावी सहयोगको लागि आफ्नै पार्टीको स्वतन्त्र पहलमा समेत स्थानीय रूपमा "चुनाव सहयोग समितिहरू" बनाएर आफ्नो पार्टीको विचार र संगठन पनि विस्तार गर्नुहोस्, उक्त मित्र-वाम उम्मेदवारलाई चुनावी समर्थन गर्नु पर्नाका सीमा र कारण पनि बताउनु होस् र यसरी चुनावी विजयमा पनि प्रतकूल प्रभाव नपार्नु होस्। प्रतिकृयावादीलाई हराऔं भन्ने र विचार संगठन बढाऔं भन्ने तपाईहरूका दुवै उद्देश्यहरू यसो गरिएमा पूरा हुने संभावना रहन्छ। □

# किन गणेशमानले कांग्रेस छोडे ?

## के गणेशमान फेरि कांग्रेसमा फर्कदैछन् ?







**नै**.का. को गिरिजाप्रसाद कोइराला गूटले गणेशमानलाई कम्तीमा पनि चुनावसम्म पार्टीमा तान्ने र त्यसपछि कुनै कुनामा नराम्ररी पाखा लगाइदिने सोच बमोजिम हाल चुनावी स्वार्थका लागि 'बढीभन्दा बढी' उपयोग गर्ने अन्तिम प्रयत्नहरू गरिरहेको छ ।

गणेशमानलाई भारत र अमेरिकाको दवावका अतिरिक्त बौद्धिक-राजनैतिक क्षेत्रबाट खोक्रो चाकडी र स्तुती गान गर्न लगाएर तर्साउने र रिझाउने कोशिस भइरहेको छ । फलस्वरुप, ने.का. पार्टी त्यागेको सार्वजनिक घोषणा गर्ने गणेशमानले त्यसको औपचारिक जानकारी पार्टीलाई पठाउन ढीलासुस्ती गरिरहेका छन् । उनलाई फकाउन र पार्टीमा फर्काउनका लागि खोक्रो चाप्लुसी गर्दै ने.का. केन्द्रीय समितिले "गणेशमानका निर्देशनहरूको कदर गर्ने" बाचा गरेको छ ।

गिरिजा गूट एक मुखले चाप्लुसीको भाषा बोलिरहेछ- "गणेशमानले हामीलाई नमाने पनि हामी उहाँलाई असीम आदर गर्छौं, मान गर्छौं ।" विदेशी साम्राज्यवादी र विस्तारवादीहरूको भाकामा भाका मिलाएर अर्को मुखले त्यही गूट धम्कीको भाषा बोलिरहेछ- "गणेशमानको यो पलायनले कम्युनिष्टलाई फाइदा पुग्ने हुनाले "प्रजातन्त्रको रक्षाको लागि" गणेशमानले अहिले कांग्रेस छोड्नै मिल्दैन, त्यसैले अब गणेशमान घरको न घाटको हुँदैछन् ।"

यसरी चाकरी, चाप्लुसी प्रयोग गरेर- "कदर गर्ने बाचा" दिएर र प्रजातन्त्रको रक्षा, एवं "कम्युनिष्टलाई फाइदा पुग्ने" हाउगुजी देखाएर दबावमा पारिएका गणेशमान आफैंले चाहिँ के गर्लान् ? - यो प्रश्न अहिले सबैको मनमा जिज्ञासाको विषय बनेको छ ।

वास्तवमा गणेशमानले गिरिजागूटको विरोधमा यो वा त्यो आरोपमा आवाज उठाएको गिरिजा सत्तामा बसेको ६ महिना नपुग्दादेखि नै हो । शुरुमा उनको आरोप "महत्वपूर्ण निर्णयमा आफूलाई सोधिएन एवं पद र सुविधामा जातीय सन्तुलन मिलाइएन" भन्ने थियो । उनले यसबारे ठूलै विरोध जनाए । फलतः झापा कलवलगुढीमा भएको ने.का. को महासम्मेलनमा ठूलो हलचल पैदा भयो । त्यतिखेर पार्टी अध्यक्ष कृष्णप्रसाद भट्टराईले "तीन महिनाभित्रमा गणेशमानको चित्त नदुख्ने गरी काम गराउने" बाचा गरेर गणेशमानलाई कुनै अनाडी बच्चालाई फकाए झैं फकाए र धूर्ततापूर्वक त्यो 'तीन महिने' बाचालाई धोती लगाइदिए । गणेशमानले केही गर्न सकेनन्, केही गर्न चाहेनन् ।

टनकपुरमा महाकाली नदीमा रहेको नेपाली सार्वभौम अधिकारलाई गिरिजाले भारतलाई सुम्पेका बेला गिरिजाको उग्र विरोधमा उत्रेका गणेशमान अदालतको फैसलापछि गएर भने गिरिजा गूटको पोल्टामा पुनः फस्न पुगे ।

यसपछिका अधिकांश जनघाती सरकारी कदमहरूमा भने गणेशमानको विरोध अरू प्रष्ट रहेको हो, तर त्यो विरोधलाई उनले निर्णायक विरोध बनाउने कोशिस गरेनन् । कांग्रेसी सरकार जनताको नजरमा अत्यन्त पंगु, भ्रष्टाचारी र जनविरोधीका रूपमा गन्हाउन थालेपछि अन्ततः यो वर्ष २०५१ को शुरुतिरदेखि भने गणेशमान आफ्नो विरोध अभियानमा निकै 'दृढ' बनेका हुन् । हरेक जिल्लाका कार्यकर्ताहरूमा पुगी उनले गिरिजा सरकारको खुलेर विरोध गरेका नै हुन् । ने.का. भित्रका विद्रोही ३६ जना

### गणेशमानका ताजा भनाइहरू

▲ अब मलाई कांग्रेसको 'सर्वोच्च नेता' नभन्नु होला ।

▲ ने.का. मा बाहिरी शत्रुबाट होइन, पार्टी भित्रैबाट प्रजातन्त्र विरोधी र तानाशाही प्रवृत्तिका कामहरू भैरहेका छन्, इमान्दार र कर्मठ कार्यकर्ताहरू पछाडि परिरहेका छन् ।

▲ गत तीन वर्षमा प्रधानमन्त्री गिरिजाबाट भएका जति पनि गलत कार्यहरू छन्, त्यसमा पार्टी सभापति कृष्णप्रसाद भट्टराईले मतियारको भूमिका निर्वाह गर्नुभएको छ ।

▲ हाम्रो संविधान खराब नियत भएको व्यक्ति शक्तिमा पुग्यो भने उसलाई स्वेच्छाचारी तानाशाह बनाउन सघाउने किसिमको बन्न गएछ ।

▲ यदि तपाई सच्चा कांग्रेस हुनुहुन्छ भने तपाईको एक सूत्रीय कार्यक्रम हुनुपर्छ, त्यो हो- गिरिजामार्का कांग्रेसीलाई आगामी चुनावमा हराउनु ।

▲ नेपाली कांग्रेस जलिरहेछ । म जलिरहेको घरमा बस्न सक्तिन । त्यसैले समयमै बचावटको उपाय अवलम्बन गरेको हुँ ।

### कांग्रेसी राजमा अपराध कति बढ्दै छ ?

| अपराध | २०४६/४७ सालमा | २०४८/४९ सालमा |
|---|---|---|
| जम्मा अपराध | ५४९९ | ८१३६ |
| ज्यान मारेको अपराध | ३३६ | ४९२ |
| बलात्कारको अपराध | ६७ | १३८ |
| राहजनीको अपराध | ३२ | ४९ |
| पुरातात्विक वस्तुको चोरीको अपराध | ३ | १६ |

तथ्यांक स्रोत : महान्यायाधिवक्ताको प्रतिवेदन, भाद्र ९, २०५० मा संसदमा प्रस्तुत

सांसदहरूलाई गणेशमानको टेवा पछिसम्म पनि रहेकै हो र नै संसदमा गिरिजा सरकार अल्पमतमा पर्न गई राजीनामा गर्न बाध्य भयो । दरबार-गिरिजा साँठगाँठद्वारा प्रजातान्त्रिक मान्यतालाई मिची पुनः गिरिजा नै सत्तामा टिकेर मध्यावधि चुनावको तयारी गरिसकेपछिको स्थितिमा मूलतः साम्राज्यवादीहरूको दवाव र कृष्णप्रसाद भट्टराईको धूर्तता र सत्तालोलुप कांग्रेसी संस्कृतिका कारण पुनः गिरिजा गूटका सबै अपराधहरूप्रति ने.का. पार्टीद्वारा बेवास्ता गरियो र गिरिजा गुटकै पाउमा पार्टीलाई पूरै झुकाइयो ।

साउन १२ गते ने.का. केन्द्रीय समितिले गिरिजा गूटलाई नियन्त्रण गर्नुको बदला माफी दिएर विवाद 'टालटुल' गरेपछि गणेशमानले घोषणा गरेका हुन्- 'अब नेपाली कांग्रेसले राष्ट्रियता र प्रजातन्त्र जोगाउला भन्ने रहेन, यसले माखो पनि मार्दैन ।"

गत भाद्र २७ गते अदालतले पनि गिरिजा गूटकै पक्षमा बहुमतद्वारा फैसला सुनाएपछि निराश भएका गणेशमानले भाद्र ३१ गते स्वदेशी तथा विदेशी पत्रकारहरूबीच "अब उप्रान्त ने.का. सँग आफू सम्बद्ध नरहेको" घोषणा गरेका हुन् ।

तर अहिले आएर गणेशमानलाई पुनः झुकाउन गिरिजा गूटले जुन चालवाजी गर्दैछ, त्यसमा गणेशमान फस्ने संभावना छ कि छैन ?

यो महत्वपूर्ण प्रश्नको उत्तर खोज्न गणेशमानको विगतको व्यवहारशैली र उनको सैद्धान्तिक अडानको स्वरूपलाई केलाउनु पर्ने हुन्छ ।

गिरिजा गूटले ताजा रूपमा हालै प्रचार गरिरहेको छ- गणेशमान पुनः कांग्रेसमा फर्कन सहमत हुँदैछन् ।

गणेशमानको तर्कको रूपमा प्रचार गरिँदैछ- "कांग्रेसले जनताका निम्ति केही गर्न सकेन, तर मुलुकमा अर्को प्रजातान्त्रिक वैकल्पिक पार्टी नभएकोले फेरि एक पल्ट जनताले कांग्रेसलाई नै मौका दिनुपर्छ ।"

यो भनाइको छातामुनि गणेशमान आउन सक्ने संभावना नरहेको नै चाहिँ भन्न मिल्दैन । किनभने, यो मुलुकका कांग्रेसी नेताहरूको 'नीति' आफ्नो विवेकबाट भन्दा ज्यादा भारतको र अमेरिकाको आदेशमा भर पर्ने गर्छ ।

## वर्तमान कांग्रेस सरकार सत्तामा आएपछि कति जनता मारिए ?

### प्रहरीको गोलीले ज्यान गुमाउनेहरू

| क्रम | नाम र उमेर | कहाँ | कहिले | सन्दर्भ |
|---|---|---|---|---|
| १. | सत्यनारायण राजवंशी | कर्सिया, मोरङ | २०४८ फागुन ८ | खेलाँचीमा हानिएको प्रहरीको गोली |
| २. | राजेन्द्र तिमिल्सिना | बेलबारी, मोरंग | २०४९ फागुन २९ | गाडी दुर्घटना गर्नेलाई कार्वाहीको माग गर्दा |
| ३. | मनोज जोशी, १९ | खोटाङ | २०४८ साउन १५ | कर्मचारी आन्दोलनको जुलुस |
| ४. | लक्ष्मी चौधरी | राजघट्टा, बारा | २०४८ माघ ९ | घरभित्रै प्रहरीको आक्रमण |
| ५. | सुवेदार राउत अहिर | मिर्जापुर, पर्सा | २०४९ पुस | |
| ६. | राजीव रघुवंशी , १८ | पुल्चोक, ललितपुर | २०४८ चैत्र २४ | संयुक्त जनमोर्चाको नेपाल बन्द |
| ७. | लोकनारायण श्रेष्ठ, २१ | पूल्चोक, ललितपुर | " " | उही |
| ८. | अनीश शाक्य, ७ | महाबौद्ध, काठमाडौं | " " | उही, घरमै बसिरहँदा गोली प्रहार |
| ९. | आशिष बज्राचार्य, २४ | असन, काठमाडौं | " " | उही |
| १०. | राधेश्याम शर्मा, ४८ गुप्तचर | महाबौद्ध, काठमाडौं | " " | उही, बाटोमा हिँडिरहँदा |
| ११. | कृष्णकुमार श्रेष्ठ, १६ | महाबौद्ध, काठमाडौं | " " | उही, बाटोमा हिँडिरहँदा |
| १२. | अज्ञात लाश, वीर अस्पतालमा | | " " | उही |
| १३. | अज्ञात लाश, वीर अस्पतालमा | | " " | उही |
| १४. | बसिर मियाँ | पाली गाउँ, अर्घाखाँची | २०४९ जेठ २२ | स्थिति शान्त बनाउने निहुँमा |
| १५. | विजय महतो | बरहथवा, सर्लाही | २०५० भाद्र ७ | निर्दोष मानिसलाई पक्रेर यातना दिएकोमा विरोध गर्दा |
| १६. | कपिलदेव सिंह | बरहथवा, सर्लाही | २०५० भाद्र ७ | भीडमा गोली |
| १७. | संझना दाहाल, १५ | सिन्धुली | २९४९ फागुन २२ | चार वामको धर्ना कार्यक्रम, मावल हिँडिरहेको बेला गोली |
| १८. | दुलारी माझीमुसहर, २५ | मुसहर टोल, रौतहट | २०५० जेठ ९ | रक्सीले मातेका प्रहरीले घरमा गोली चलाउँदा |
| १९. | उनको काखको १ वर्षे छोरी | मुसहर टोल, रौतहट | २०५० जेठ ९ | " |
| २०. | कौशिला रानामगर, २५ | चितवन | २०५० साउन ४ | वामको चक्का जाम कार्यक्रम, बच्चाको दूध किन्न |
| २१. | बुद्धिमान श्रेष्ठ, २५ | चितवन | २०५० साउन ४ | उही, अस्पतालको लापर्वाहीले मृत्यु |
| २२. | डिल्लीप्रसाद गौतम | सुरुंगा, झापा | २०५० साल ४ | उही· |
| २३. | रीता शिलाकार, २४ | यंगाल, ललितपुर, | २०५० आषाढ १४ | वामको आन्दोलन, आफ्नै घरको तेस्रो तलामा |
| २४. | कृष्णनारायण मानन्धर, ३५ | मंगलबजार, ललितपुर | २०५० आषाढ १४ | उही, ससुराली गइरहेको बेला |
| २५. | राजमान शाक्य | मंगलबजार, ललितपुर | २०५० आषाढ १४ | उही, घाइते, अस्पतालमा मृत्यु |
| २६. | रामप्रसाद सापकोटा, २४ | थापाथली पुल, | " " | उही, प्रहरीले अफिस जान नदिएकाले घर फर्कंदा पछाडिबाट गोली |
| २७. | महेश मानन्धर, ३० | भोटाहिटी, काठमाडौं | " " | उही, |
| २८. | राजेश बज्राचार्य, २० | इन्द्र चौक " " | " | उही, कपाल काटेर फर्कंदा |
| २९. | रत्न सागर नापित | जय वागेश्वरी " " | " | उही, पिसाव फेर्न आँगानमा निस्कँदा |
| ३०. | मनोज गौतम, २२ | सामाखुशी " " | " | उही, पसलबाट घर फर्कंदा |
| ३१. | मोहित कृष्ण बैजू, १६ | नगरपालिका " " | " | उही, स्कूलबाट घर फर्कंदा |
| ३२. | भरत तुलाधर | इन्द्रचौक " " | " | उही |
| ३३. | सुदामा थापा | मरु गणेशस्थान " " | " | उही |
| ३४. | एक अज्ञात युवती | टेकू " | २०५० आषाढ तेस्रो हप्ता | उही |
| ३५. | वीरबहादुर परियार, ३२ | डण्डा बजार नवलपरासी | २०५० साउन ४ | उही, चक्का जाम कार्यक्रम |
| ३६. | यमबहादुर कार्की, १७ | डण्डा बजार नवलपरासी | २०५० साउन ४ | उही |
| ३७ | नरबहादुर नेपाली, २३ | देवदह, रुपन्देही | २०५० साउन ४ | उही |
| ३८. | जमील अहमद अन्सारी | जयसपुर, बाँके | २०५० असोज ४ | सुतिरहेको बेला गोली हानेको |

स्रोत : INSEC मानव अधिकार वर्ष पुस्तक १९९२, १९९३. र वर्गीकरण : मूल्यांकनको आफ्नै

गणेशमान पनि यसबाट मुक्त छैनन् । पार्टी छोडेको घोषणा गर्दा नै पनि उनले भनेका थिए- "नेपाली जनताले पञ्च र कांग्रेसको शासन देखे, अब उनीहरूले कम्युनिष्टको शासन देख्न खोज्नु मृत्यु-चाहना हो ।"

नेपालको प्रजातान्त्रिक आन्दोलनमा अत्यन्त महत्वपूर्ण भूमिका खेल्दै आइरहेका

### कांग्रेस सरकार सत्तामा आएपछि

### महिला बलात्कार कसरी बढिरहेछ ?

| २०४६/४७ मा | २०४८/४९ मा | २०५०/५१ मा |
|---|---|---|
| ६७ वटा घटना | १३८ वटा घटना | १५४ वटा घटना |

तथ्यांकले देखाएको छ- कांग्रेस सरकार सत्तामा आउनासाथ बलात्कारको घटना एकाएक दोब्बर भन्दा बेसी बढेको छ । र, वर्षेनी बढ्दो छ ।

*तथ्यांक स्रोत : महान्यायाधिवक्ताको प्रतिवेदन, भाद्र ९, २०५० मा संसदमा प्रस्तुत/ इन्सेक, मानव अधिकार वर्ष पुस्तक, १९९३*


वडा दशैं
२०५१ को शुभ उपलक्ष्यमा
समस्त देशवासीहरूमा
हार्दिक शुभकामना !

राष्ट्रिय वाणिज्य बैंक
परिवार

विजया दशमी
२०५१ को शुभ उपलक्ष्यमा
समस्त देशवासीहरूमा
हार्दिक शुभकामना !

कृषि सामग्री संस्थान लि.
कुलेश्वर , काठमाडौं

वडा दशैं २०५१ को शुभ उपलक्ष्यमा
समस्त देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना !

नेपाल बैंक लि. परिवार

## कांग्रेसी सरकार सत्तामा आएपछि महंगी कति बढिरहेछ ?

| वस्तु | गिरिजा प्रधानमन्त्री भएको दिनको रु. | हालको मूल्य रु. | वृद्धि प्रतिशत |
|---|---|---|---|
| मन्सुली चामल प्रति किलो | १०।- | १६।- | ६०% |
| मुसुरको दाल प्रति किलो | १८।- | २५।- | २८% |
| कालो दाल प्रति किलो | २२।- | ३२।- | ४५.४% |
| आलु, रातो प्रति किलो | ६।७५ | २८।- | ३१४.८% |
| प्याज प्रति किलो | ७।- | १४।- | १००% |
| जिरा प्रति किलो | ७६।- | १००।- | ३१.६% |
| तोरीको तेल प्रति लिटर | ५४।- | ६०।- | १०.१% |
| मट्टीतेल प्रति लिटर | ८।५० | ९।- | ५.९% |
| कुखुराको फुल प्रति गोटा | २।- | ३।- | ५०% |
| दूध, डेरीको प्रति प्याकेट | ५।- | ७।५० | ५०% |
| न्यूनतम विद्युत महशूल | ११।- | ५०।- | ३५४.५% |
| न्यूनतम धारा महशूल | ९।- | ३०।- | २३३.५% |
| प्रति यूनिट विद्युत महशूल | १।९५ | ४।- | १०५% |
| प्रति यूनिट धारा महशूल | २।५० | ५।- | १००% |
| गोरखा पत्र १ प्रति | १।५० | २।- | ३३.३% |

स्रोत: १) नेपाली पत्र साप्ताहिक, २) मूल्यांकनको आफ्नै अनुसन्धान

## सरकारकै तथ्यांक के भन्छ ?

### कांग्रेस सरकार सत्तामा आएपछिको हरेक बर्षमा महँगी कति प्रतिशतले बढिरहेछ ?

| जम्मा तीन बर्षको अवधिमा | अघिल्लो आर्थिक बर्षको तुलनामा २०४८/४९ मा | ४८/४९ को तुलनामा २०४९/५० मा | ४९/५० को तुलनामा २०५०/५१ मा |
|---|---|---|---|
| ३७.९ प्रतिशत | २१ प्रतिशत | ८.९ प्रतिशत | ८ प्रतिशत |

स्रोत : आर्थिक सर्वेक्षण २०५०/५१ , अर्थ मन्त्रालय

## कांग्रेसी सरकार सत्तामा आएपछि विदेशी ऋण कसरी बढ्दैछ ?

- **यो सरकार सत्तामा आउँदा २०४७/४८ मा रु. ५९ अरब ५० करोड**
- **ती बर्षपछि अहिले २०५०/५१ को चैत्र मसान्तसम्ममा रु. ९३ अरब २२ करोड**

- अहिले प्रत्येक नेपालीका थाप्लामा जनही ५१७९ रुपियाँ विदेशी ऋण भाग लाग्ने स्थिति आई सकेको छ ।
- देशले त्यो ऋणको साँवा व्याँज मात्र बर्षेनी दुई अरबभन्दा बेसी तिर्नु पर्ने भएको छ ।
- विदेशी ऋणको त्यही प्रवृत्ति कायम रह्य भने- नेपाल पनि ब्राजील जस्तै विदेशी ऋणको साँवा व्याज तिर्दै सारा बजेट सकिने हरीलम्पट असानि मुलुक हुनेछ । नपाल अहिले त्यही दिशामा छ ।
- **के तपाईले त्यो दिशामा देशलाई लानेलाई फेरि चुनावमा जिताउन चाहनु हुन्छ ?**

*तथ्यांक स्रोत : आर्थिक सर्वेक्षण २०५०/५१, अर्थ मन्त्रालय*

नेपाली कम्युनिष्टहरूप्रति गणेशमानको यो घोर पूर्वाग्रहका पछाडि साम्राज्यवादीहरूलाई रिझाउने कायर मानसाय बाहेक अरू चीज लुकेका छ भन्नै सकिन्न । किनभने, गणेशमानलाई थाहा छ- नेपाली कम्युनिष्ट जनतामा लोकप्रिय छन्, तुलनात्मक रूपले जनताप्रति बढी उत्तरदायी छन्, मिहेनती छन् र उनीहरूले यो देशका निम्ति थुप्रै त्याग-वलिदान पनि गरेका छन् । दरवारले पुनः ०१७ साल दोहो्याउने चेस्टा गर्न नसक्नुको प्रमुख कारण मुलुकमा सशक्त जनपक्षीय वापमन्थी शक्तिको उपस्थिति नै हो भन्ने कुरा पनि गणेशमानलाई थाहा नभएको होइन ।

गणेशमानलाई के पनि थाहा भएको हुनु पर्छ भने ४६ सालको प्रजातान्त्रिक आन्दोलन आफैं वामपन्थीहरूको बलिदानपूर्ण क्रियाशीलता र बलियो भूमिगत संगठन नभएको भए कदापि सफल हुने थिएन । त्यसैले नेपालमा कांग्रेस सिवाय प्रजातन्त्र थाम्ने कुनै संस्था छैन भन्ने गणेशमानको टिप्पणीमा कुनै ऐतिहासिक सत्यता छैन, सत्यता यो हो कि नेपालमा नेपाली कांग्रेस मात्र हुँदो हो त यहाँ प्रजातन्त्र आउने थिएन, थामिने त टाढैको कुरा रह्यो । अहिले पनि त कांग्रेसबाट प्रजातन्त्र थाम्ने काम होइन, मास्ने काम मात्र भइरहेको कुरा जगजाहेर छ ।

तर यसो हुँदाहुँदै पनि किन गणेशमान वापमन्थीतिर यत्ति तीक्ष्ण रुपले खनिएका हुन् ? के छ यसको पछाडिको कारण ?

निश्चय नै यो उनको विदेशभक्ति नै हो । हैन भने, गिरिजा गुटको ब्रम्हलुट चाहिँ कसरी 'प्रजातन्त्र' हुन सक्छ ? तर कम्युनिष्टहरूको ब्रम्हलुट विरोधी आन्दोलन र जनपक्षीय कार्यक्रमहरू चाहिँ कसरी गैर-प्रजातान्त्रिक हुनसक्छ ? यस्तो पूर्वाग्रही विश्लेषण गणेशमानले आफ्नै विवेकले गरेको हुँ भन्छन् भने, मान्नुपर्ने हुन्छ- "गणेशमान वास्तवमा यो देशका आमजनताको भोक, रोग र शोषणविरुद्ध खडा छैनन् । उनले पनि 'कम्युनिष्ट-भय' को कारण पूँजीवादी-प्रजातन्त्रवादी मान्यतालाई पनि तिलाञ्जलि दिइसके । यसो हैन भने, चाहिँ पुनः पुष्टि हुन्छ- साम्राज्यवादीहरूको ईशारामा गणेशमान पनि कठपुतली नाचे झैं नाच्दैछन जीवनको अन्तिम क्षणमा आएर गिरिजा गूटको अपराध-कुण्डमा आफूलाई संलग्न देखाएर घोर बदनामी कमाउनबाट मुक्त हुने देखावटी र फेरि पनि जनता झुक्याउने केही "लोकप्रिय र सस्तो" बाटो मात्र उनले खोजिरहेका हुन् । उनले कांग्रेस छोडेको के यही सस्तो लोकप्रियता कमाउन मात्र हो ? मर्ने बेलामा "अलि-अलि जनपक्षीय छु" भन्ने देखाउन मात्र हो ? हैन, साँच्चै गणेशमान वा अरू जो कोहीले पनि यदि आफूलाई राष्ट्रियता र प्रजातन्त्रको पक्षमा छु भन्छन् भन्ने यतिखेर उनीहरूले संसार चुस्न पल्केका साम्राज्यवादीहरूको दलालको रुपमा हैन, नेपाली जनताको चाहना कदर गर्ने व्यक्तिको रूपमा उभ्याउनु पर्छ, नेपाली कम्युनिष्टहरूको राष्ट्रवादी जनवादी मान्यताहरूलाई सहयोग गर्नुपर्छ, गिरिजा गुटको सती जानु हुन्न ।



के कुरा प्रष्ट छ भने- कसैले पनि यदि जनताको लागि राजनीति गर्ने हो भने मुलुकको माटोमा उभिएर मुलुकको अग्रगतिलाई साथ दिने दिशाबाट गर्नुपर्छ । वामपन्थी शक्ति नेपालको माटोको आजको अति नै ठूलो र विशिष्ट यथार्थ हो । कसैले पनि अरू कसैको स्वार्थ र ईशारामा वा दवावमा आफ्नो माटोको यथार्थलाई भुलेर ऊ यदि विपरीत दिशातिर अघि बढ्न खोज्छ भने, त्यस्तो जो कोही पनि इतिहासको बलियो भेलले हुत्तिएर पाखा लाग्न बाध्य हुनेछ । ❑

## कांग्रेस सत्तामा आएपछि प्रहरी यातना र कुटाइले ज्यान गुमाउन परेकाहरू

| क्र.सं. | नाम, उमेर | कहाँ | कहिले | कसरी |
|---|---|---|---|---|
| १. | श्रीमती खड्गकुमारी खड्का | फस्कु, दोलखा | २०४९ मंसीर १२ | यातना खप्न नसकी आत्महत्या |
| २. | सुश्री डम्वरकुमारी खुड्का | फस्कु, दोलखा | २०४९ मंसीर १२ | यातना खप्न नसकी आत्महत्या |
| ३. | पूर्णबहादुर विश्वकर्मा | लमजुङ | २०४९ मंसीर ७ | |
| ४. | तुलाराम भण्डारीकी पत्नी | दीपायल, डोटी | २०४९ असार २३ | प्रहरी हिरासतमै घाँटी छिनालिएको लाश प्राप्त |
| ५. | उनको डेढ महिनाको बच्चा | दीपायल, डोटी | २०४९ असार २३ | |
| ६. | लक्ष्मण विश्वकर्मा, ५४ | धरान, सुन्सरी | २०५० असार २८ | हिरासतमै मृत्यु |
| ७. | बालकृष्ण बि.क. | चितवन | २०५० कार्तिक २५ | रक्सी खाएका प्रहरीको पिटाइबाट मृत्यु |
| ८. | काजीमान विश्वकर्मा | हाँडी खोला, मकवानपुर | २०४९ फागुन २६ | सुत्केरीको कुखुरा खोस्ने क्रममा प्रहरीले कुटेर मृत्यु |
| ९. | विजय लामा, १८ | भक्तपुर | २०५० असार २० | प्रहरी हिरासतमा यातना |
| १०. | असीम राई | पुरानो वसपार्क, काठमाडौं | २०५० असार ११ | प्रहरीको कुटाइले मृत्यु |
| ११. | प्रभाकर सुवेदी | भोटाहिटी, काठमाडौं | २०५० असार ११ | प्रहरीको कुटाईले मृत्यु, हालसम्म बेपत्ता |
| १२. | प्रेम श्रेष्ठ | बुटवल | २०५० साउन १४ | प्रहरी हिरासतमा यातना |

स्रोतः INSEC, मानव अधिकार वर्ष पुस्तक १९९२ र १९९३, तथ्य वर्गीकरण : मूल्यांकनको आफ्नै

# क. मोहनचन्द्रको एमाले परित्याग

नारायण बैद्य

> आखिर उहाँहरूले एमाले छोड्नु पर्ने परिस्थिति नै आयो किन ?

एमालेका वरिष्ठ नेता क. मोहनचन्द्र अधिकारी र केन्द्रीय सदस्य क. सानु श्रेष्ठले गत भाद्र ३१ गते एमालेको साधारण सदस्यतासमेत त्यागेको घोषणा गर्नु भएपछि यस घटनालाई लिएर नेपाली राजनीतिक रंगमञ्चमा हाल विभिन्न प्रतिक्रियाहरू देखा पर्न थालेका छन् । सत्ता पक्षले यसलाई "चुनावको मुखैमा" प्रमुख प्रतिपक्षी दललाई 'कमजोर देखाउने' मसलाको रुपमा प्रयोग गरिरहेछ भने एमालेका कतिपय जिम्मेवार नेताहरूबाटै चाहिँ यस घटनालाई अत्यन्त कम महत्व दिने वा वेवास्ता दर्शाउने काम भइरहेछ, मानौं- यो घटनाको खासै कुनै अर्थ नै छैन !

एमालेभित्रका अधिकांश कार्यकर्ताहरूमा भने यसले ठूलो चिन्ता पैदा गरेको छ ।

क. मोहनचन्द्र अधिकारीले एमालेले बहुदलीय जनवादको कार्यक्रम ल्याएर वर्गसंघर्षलाई परित्याग गरेको, सत्तामा जाने हतारोले सामन्तवादसँग हातेमालो गरेको र भारतीय विस्तारवादको विरोध गर्न छाडेको र गणतन्त्र-वादीहरूबीच मोर्चा तयार गर्ने रुचि नदेखाएकोले पार्टी त्याग्नु परेको कुरा बताउनु भएको छ । तथापि, एमालेभित्रको 'भिन्नमतलाई कसरी व्यवहार गर्ने' भन्ने कुरामा विद्यमान अन्यौल र गलत कार्य प्रणालीले र हालसालै चुनावी उम्मेदवारको टिकट वितरणको मामलामा भएको 'पक्षपात' ले गर्दा उहाँहरू यतिबेलै यस निर्णयमा पुग्नुभएको हामीले पाएका छौं । नत्र भने क. मोहनचन्द्रले बताउनु भएको मतभेद त एमालेभित्र हिजैदेखि, घोषित रुपमै विद्यमान थियो । तथापि यो मतभेदका बाबजुद उहाँहरू पार्टीमा रहिरहनु भएको थियो ।

यत्तिखेरै एमालेभित्र क. सी.पी. मैनालीको 'सुधारिएको नौलो जनवाद' पक्षधरहरू पनि निकै असन्तुष्ट रहनुभएको कुरा उहाँहरू मार्फत नै बाहिर प्रचारमा समेत आएको छ ।

बहुमतले भिन्नमतहरूलाई चलखेल गर्न दिएर कसरी अघि बढ्ने भन्ने सवालमा नेपालमा प्रायः वामपन्थी पार्टीहरूमा सुस्पष्ट धारणा र व्यवहार स्थापित हुन सकेको देखिँदैन । व्यवस्थाकै विकल्पको रुपमा 'बहुदलीय जनवाद' भनेर दलीय अस्तित्वको समेत वकालत गर्ने ने.क.पा. एमालेको सामु त आफूभित्रका 'विचार समूह' हरूलाई कसरी व्यवस्थित गर्ने भन्ने यो सवाल झनै गम्भीर चुनौती बनेर खडा भएको छ ।



निश्चितै रुपमा क. मोहनचन्द्र जस्तो अनुभवका धनी पार्टी-संस्थापकले हचुवा र हल्का ढंगले यो निर्णय गर्नु भयो होला भन्ने हामीलाई लाग्दैन । न त जनतामा राम्ररी भिजेका क. सानु श्रेष्ठ जस्ता मानिसबाट उत्तिकै यस्तो निर्णय भयो होला भन्ने लाग्दछ । तर के कुरा पनि प्रष्ट छ भने पार्टी छोडेपछि उहाँहरूले देखाउनु भएका मतभिन्नताका बुँदाहरूमा उहाँहरूले पार्टीमा हुँदै व्यवस्थित र पर्याप्त बैचारिक संघर्ष चलाएको चाहिं देखिँदैन । आफ्नो वैचारिक विभेद पार्टीमा माथिदेखि तलसम्म र व्यवस्थित तवरले राख्ने, त्यसलाई अभिव्यक्त गर्ने स्वतन्त्रता रहेसम्म संगठनबाट छुट्टिहाल्न नहतारिने र, विचारमा छेकथुन नै गर्न थालेपछि वा पार्टीले आधारभूत रुपमा वर्गचरित्र नै फेऱ्यो भन्ने आफूलाई लागेपछि मात्र पार्टी छोड्ने पद्धतिलाई क. मोहनचन्द्र र क. सानु जस्ता पाका मानिसले गम्भीरतापूर्वक लिनु पर्छ भन्ने हामीलाई लाग्छ ।

पार्टी छोडिसकेपछि उहाँहरूले के गर्नु हुनेछ ? त्यो अझै प्रष्ट भइसकेको छैन । उहाँहरूलाई नजिकैबाट थाहा पाउनेहरू वहाँहरू ने.क.पा. एकताकेन्द्र (प्रचण्ड समूह) मा प्रवेश गर्ने तयारी गरिरहेको बताउँछन् । केही पर्यवेक्षकहरू त्यो समूह क. मोहनविक्रमले नेतृत्व गर्नुभएको मसाल समूह पनि हुन सक्ने बताइरहेछन् ।

उहाँहरू जता संलग्न भए पनि-टड्कारो रुपमा उठ्ने केही गम्भीर सवालहरू उहाँहरूसमक्ष प्रश्न चिन्ह बनेर खडा भइरहेछन्- आखिर उहाँहरूले एमाले छोड्नु पर्ने परिस्थिति नै आयो किन ? के दोष छ, हाम्रो वाम आन्दोलनमा र पार्टीमा, जसले गर्दा आफैंले स्थापना गरेको पूर्व माले जस्तो क्रान्तिकारी वाम पार्टी एकदिन आफैले 'संशोधनवादी' भनेर गाली गर्नुपर्ने र परित्याग गर्नु पर्ने पार्टीमा बदलिन्छ ? उहाँले अर्को पार्टी खोल्नु भयो वा अर्को पार्टीमा संलग्न हुनु भयो भने पनि त्यहाँ पनि यी नै दोषहरू र उस्तै घटनाहरू नदोहोरिएलान् भन्ने निश्चितता के छ ? ती दोषहरू हटाउने गाँठी उपायहरू के हुन् ?

कुनै पार्टी खोल्नु अघि वा कतै संलग्न हुनु अघि क. मोहन चन्द्र र क. सानुहरूले यी प्रश्नहरूबारे गहिरिएर सोच्नु हुनेछ भन्ने हामीलाई लाग्दछ । अन्यथा, 'संशोधनवादी' पार्टीहरू अनवरत रुपमा क्रान्तिकारी पार्टीकै भ्रूणबाट जन्मिइरहने छन् र मोहनचन्द्रहरूले अनवरत रुपमा पार्टी छोडिरहनु पर्ने स्थिति आइरहने छ । ❑

## के तपाई यस्तो बाल हत्यारालाई भोट दिन चाहनु हुन्छ ?

### कांग्रेस सरकार सत्तामा आए यता

### कति नाबालखले गोली खानु पऱ्यो ?

| क्र.सं. | नाम, उमेर | कहाँ | कहिले |
|---|---|---|---|
| **ज्यानै गुमाउनेहरू** | | | |
| १. | दुलारी माझी मुसहरकी एक वर्षे छोरी | मुसहरटोल, रौतहट | जेठ ९, २०५० |
| २. | अनीश शाक्य, ७ वर्ष | महाबौद्ध, काठमाडौं | चैत्र २४, २०४८ |
| ३. | संझना दहाल, १५ वर्ष | सिंधुली | फागुन २२, २०४९ |
| ४. | मोहित कृष्ण बैजू, १६ वर्ष | नगरपालिका, काठमाडौं | असार १२, २०५० |
| ५. | कृष्णकुमार श्रेष्ठ, १६ वर्ष | महाबौद्ध, काठमाडौं | असार १२, २०५० |
| **गोली खाएर अंगभंग हुनेहरू** | | | |
| १. | निशा शाब्य, २ वर्ष | महाबौद्ध, काठमाडौं | चैत्र २४, २०४८ |
| २. | प्रणव राणा, २ वर्ष | बबरमहल, काठमाडौं | चैत्र २४, २०४८ |
| ३. | श्रेया राणा, ८ वर्ष | बबर महाल काठमाडौं | चैत्र २४, २०४८ |
| ४. | पुष्कर पराजुली, १० वर्ष | काठमाडौं | चैत्र २४, २०४८ |
| ५. | कान्छा तामाङ्ग, १२ वर्ष | ओमबहाल, काठमाडौं | चैत्र २४, २०४८ |
| ६. | महेश राना मगर १३ वर्ष, | ओम बहाल काठमाडौं | चैत्र २४, २०४८ |
| ७. | कवीन्द्र श्रेष्ठ, १३ वर्ष | नयाँ सडक, काठमाडौं | चैत्र २४, २०४८ |
| ८. | रमेश महर्जन, १४ वर्ष | नयाँ सडक, काठमाडौं | चैत्र २४, २०४८ |
| ९. | वीरबहादुर तामाङ्ग, १४ वर्ष | बसन्तपुर, काठमाडौं | चैत्र २४, २०४८ |
| १०. | मिलन कपाली, १५ वर्ष | काठमाडौं | चैत्र २४, २०४८ |
| ११. | सोमेन्द्र तण्डुकार, १५ वर्ष | काठमाडौं | चैत्र २४, २०४८ |
| १२. | मदनकुमार सिलवाल, १५ वर्ष | काठमाडौं | चैत्र २४, २०४८ |
| १३. | मनोज शाही, १९ वर्ष | काठमाडौं | चैत्र २४, २०४८ |

*स्रोत : १. नागरिक छानवीन आयोगको प्रतिवेदन २. SWIN, Voice of Child Workers ३.INSEC मानव अधिकार वर्ष पुस्तक, १९९२, १९९३*

वडा दशैं
२०५१ को शुभ उपलक्ष्यमा
समस्त देशवासीहरूमा
हार्दिक शुभकामना !
**राष्ट्रिय वाणिज्य बैंक परिवार**

विजया दशमी
२०५१ को शुभ उपलक्ष्यमा
समस्त देशवासीहरूमा
हार्दिक शुभकामना !
**कृषि सामग्री संस्थान लि.**
कुलेश्वर , काठमाडौं


वडा दशैं २०५१ को शुभ उपलक्ष्यमा
समस्त देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना !
**नेपाल बैंक लि. परिवार**

# दशैं-तिहार जस्ता चाड पर्वलाई कसरी लिने ?

**श्यामप्रसाद शर्मा**

दशैं-तिहार जस्ता चाडपर्वमा चल्दै आएका र चल्न थालेका तडक-भडक, फजुल खर्च र रुढीवादी व्यवहारहरूबारे हाम्रो धारणा कस्तो हुनु पर्छ ? यी कुराहरूलाई घटाउने-हटाउने उपायहरू के के हुन सक्छन् ?

**हिन्दूहरूको सबैभन्दा ठूलो चाड दशैं-तिहारको सन्दर्भले अहिले हाम्रो समाजमा धेरै मानिसहरू व्यस्त छन् । प्रायः घर घरमा मानिसहरूमा एक प्रकारको छुट्टै खाले "मुड" तयार भइरहेको छ, जुन "मुड" ज्यादाजसो खाने, लाउने, कथित "इज्जत धान्ने" वा सकेमा बडप्पन देखाउने कुरामा र कतिपय औपचारिकता प्रदर्शन गर्नमा केन्द्रित भएको देखिन्छ । परिवारका सदस्यहरू अशिक्षित भएका घरहरूमा मात्र हैन, शिक्षितहरूको बाहुल्यता भएका घरहरू पनि दशैं-तिहार जस्ता परम्परागत चाडवाडका कतिपय रुढीवादी, तडकभडकयुक्त र निस्सार क्रियाकलापहरूको खाडलबाट माथि उक्लिन सकेका छैनन् । वैज्ञानिक स्रोत र साधनहरू समेतलाई "रुढीवाद" को सेवामा लगाएर अन्ध रुपमा अघि बढ्ने परम्परा झन् झन् ज्यादा फैलिंदो छ । यस स्थितिमा हामीले हाम्रा समाजका यस्ता परम्पराहरूका राम्रा र नराम्रा पक्षहरूबारे छानबीन गर्ने र तिनीहरूबाट राम्रा, वैज्ञानिक कुराहरू मात्र अपनाउने र नराम्रा, अवैज्ञानिक कुरा हटाउँदै जानेतर्फ लागि पर्नु पर्ने थप जरुरत देखा परेको छ । यसबारे प्रस्तुत छ- प्रगतिशील लेखक तथा चिन्तक *श्यामप्रसाद शर्मा*सँग हामीले लिएको प्रतिक्रिया : - मूल्यांकन ।**



दशैं-तिहार जस्ता चाडपर्वमा चल्दै आएका र चल्न थालेका व्यवहारमा पाइने राम्रा कुराहरूलाई झन् झन् राम्रो पार्दै लैजाने तथा नराम्रा कुराहरूलाई चाहिं घटाउँदै-हटाउँदै जाने प्रयत्न सजग रुपबाट सधैं गरिरहनु पर्छ भन्ने नै मेरो धारणा रहिआएको छ । टाढा-टाढा भएका वा पुगेका आफन्तहरू पनि एक ठाउँमा भेला भएर पारस्परिक सम्बन्धको नवीकरण गर्नु, दुःख-सुखका कुरा गरी सम्बन्धलाई झन् झन् घनिष्ठ बनाउँदै लैजान खोज्नु, ठूलाले सानाप्रति स्नेह प्रदर्शित गर्नु, सानाले ठूलाप्रति आदर प्रकट गर्नु, आपसमा बिग्रँदै गएका सम्बन्धहरूलाई सच्याउनु-सुधार्नु, सकभर नयाँ- राम्रा लुगा लाउनु र मीठा-पोसिला खानेकुराहरू खानु, बिदाको रुपमा समयको सदुपयोग गरेर रमाइलो मनाउनु, साथीहरूसँग भेटघाट गर्नु वा अनेक थरी खेलहरू खेल्नु, सधैंको काम धपेडीबाट जोगिएर केही दिन भए पनि सुविस्तासँग आराम साथ बस्नु, चिन्ता-पीरहरू नलिएर ठट्टा-हासख्याल गर्नै गर्नु, घरहरूको मरम्मत गर्नु र रङ्गरोगन लाएर सिंगार्नु जस्ता काम-कुराबाट दशैं-तिहारको सदुपयोग हुन पाउँछ र सबल पक्ष विकसित भएर नै जान्छ ।

देवी-देवताहरूलाई बली दिने भनेर बोका-रांगा आदि पशु काटी तिनका टाउकाहरू गाड्नु र मूर्ति तथा देवलवरिपरि रगत बगाउनु, पटक-पटक कोची-कोची मासु तथा चिल्लो गुलियो खानु, जाँड-रक्सीको सेवन बढाउनु, ठीक-ठीक समयमा नखाएर धेरै बेरसम्म पनि भोकै बस्नु, समय खेर फाल्नु, कामको बोझमा आफू पर्नु वा अरुलाई पार्नु, रिन काढेर भए पनि आफ्नो औकातले भ्याउनेभन्दा बढी खर्च गर्नु वा गराउनु, अरुको परिवारमा हुकुम चलाएर हस्तक्षेप गर्न पुग्नु, नचाहिँदो तडक-भडक देखाउनु वा त्यसरी देखाउन नसक्नेहरूलाई खिसी गर्नु-होच्याउनु, चर्को स्वरले रेडियो-क्यासेट आदि अथवा घन्ट-डमरुहरू बजाउनु र पटकाहरू पड्काउनु (यस्ता कामहरूबाट ध्वनी-प्रदूषण हुन्छ), धुवाँ धेरै हुने गरी धूप र बत्तीहरू बाल्नु, दशैं-तिहार मानिआएकालाई मान्नु हुन्न भनी रोक्न खोज्नु, अथवा नमान्नेहरूलाई मान्नै पर्छ भनी कर गर्नु, सुग्घर-सफाइमा पूरापुर ध्यान नदिएर फोहर-मैला बढाउनु, पर्यावरणको स्वस्थतातर्फ वास्तै नराख्नु इत्यादि प्रवृत्ति दशैं-तिहार जस्ता चाड-पर्वमा देखा पर्न सक्ने दुर्बल पक्षहरू हुन् ।

आफ्नो संस्कृतिको रक्षा वा पालन गर्ने भन्दैमा चलिआएका चलनहरूमध्ये सबैलाई जस्ताको तस्तै रुपमा मनाउन खोज्दा ठूलो गल्ती हुन जान्छ । केहीलाई पहिलेकै रुपमा मनाइरहँदा पनि हानि हुँदैन (जस्तै-पिङ खेल्नु), केहीलाई सुधारेर मनाउन सकिन्छ (जस्तै कौडा, लङगुरबुर्जा, नागपास आदि जुवाको ठाउँमा बाघचाल, बुद्धिचाल र तासका बौद्धिक खेलहरू), केही चाहिँ नयाँ चलन नै थाल्नु पर्छ (जस्तै- देउसी, भैलो आदिमा अहिलेको अवस्थालाई चाहिने-सुहाउने खालका नारा र गीतहरू) ।

कहाँ, कहिले, केके सुधार कसरी गर्दै जाने भन्नेबारे अहिले "मूल्यांकन" पत्रिकाले गरे जस्तै (आ-आफ्नो परिवार, ओडा, गाउँ वा नगर, जिल्ला र अञ्चल आदिका (आधारमा) विचारहरू बटुल्नु पर्छ र सम्बन्धित ठाउँका जनताको चेतनाको स्तर र भौतिक अवस्थालाई हेरी जे-जतिसम्म सकिन्छ, बर्सेनि गर्दै जानु पर्छ । मुख्य कुरा जनवादी (प्रजातान्त्रिक) र वैज्ञानिक आधारमा नै प्रयत्न हुनुपर्छ- जनताको चित्त प्रसन्नतामा चोट नपुग्ने किसिमबाट ।

(काठमाडौं, १९९४ सेप्टेम्बर १३)

## प्र.ले.सं. बार्षिकोत्सव

# प्रगतिशील कविताहरू : मात्रा बढी, गुण कम

गत भाद्र २४ र २५ गते प्रगतिशील लेखक संघले आफ्नो स्थापना दिवसको उपलक्ष्यमा काठमाडौंमा विचार र सृजनासंबन्धी दुई अलग अलग कार्यक्रमहरू सम्पन्न गऱ्यो ।

"साहित्यमा अर्न्तबस्तु र रुपको प्रश्न" बारेमा भएको विचार गोष्ठीले यस विषयमा गहन चिन्तनका निम्ति लेखकहरूलाई उत्प्रेरित गरेको पाइन्थ्यो भने २५ गते सम्पन्न "कविता-गोष्ठी" मा अत्यधिक नयाँ कविहरूको सहभागिताले सृजनाको क्षेत्रमा उत्साहको संचार गरेको पाइन्थ्यो ।



समालोचकहरू निनु चापागाई र विष्णु प्रभातले अलग अलग प्रस्तुत गर्नु भएका कार्यपत्रहरूमाथि समालोचक गोविन्द भट्ट, डा. बासुदेव त्रिपाठी र मोदनाथ प्रश्रितले गर्नु भएका टिप्पणीहरू विषयको गहनताका हिसाबले "समग्र कुराहरू संगेटिएको" हुन नसके पनि विचारोत्तेजक थिए ।

कविता-गोष्ठीमा सहभागी करीब २०० जना कविहरूमध्ये मञ्चमा प्रस्तुत करीब ६५ जना कविहरूका कविताहरूमा लेख्ने उत्साह र जाँगर प्रसस्त देखिए पनि स्तरीयताका हिसाबले भने एक डेढ दर्जनभन्दा बढी कविताहरू गुणस्तरयुक्त थिएनन् । कविहरूमा कविता क्षेत्रले प्राप्त गरेको लोकप्रियतालाई कसरी स्तरीयतातर्फ उन्मुख गराउने भन्नेबारेमा स्वयं लेखकहरू र लेखक संघले पनि विशेष ध्यान दिनु पर्ने हाम्रो अनुभूति रहेको छ । ❑

# क्यूवाली शरणार्थीहरू : अमेरिकाको लागि भालूको कन्पट !

**क. फिडेल क्यास्त्रोको नेतृत्वमा अघि बढिरहेको सानो समाजवादी देश- क्यूबालाई फँसाउन आफैले फ्याँकेको क्यूबाली शरणार्थीहरूको जालमा हिंस्रक शिकारी अमेरिकी साम्राज्यवाद आफैं फँस्दा अन्ततः आफ्नै शिकार क्यूबासँग नाकाचालले सम्झौता गर्न ऊ बाध्य भएको छ ।**



पहिले आफ्नै साम्राज्यवादी शासनअन्तर्गत रहेको क्यूवामा क. फिडेल क्यास्त्रो र क. चे ग्वेभाराको नेतृत्वमा सशस्त्र क्रान्ति भएदेखि यता तीन दशकभन्दा बढी समय गुज्रिसक्यो- अमेरिकाले क्यूबामा गिद्धे दृष्टि लगाइराखेको र हिंस्रक आक्रमणकारी व्यवहार जारी राखेको ! अमेरिकाले यस लामो अवधिमा क्यूबाली क्रान्तिलाई ध्वस्त पार्न, आफ्ना तथाकथित प्रजातान्त्रिक कठपुतली सरकार निर्माण गर्न र साम्राज्यवाद पूँजीवादविरोधी संघर्ष गरिरहेका तेस्रो-विश्वका जनताको आस्थाको एउटा केन्द्रलाई नष्ट पार्न यस्ता कृयाकलापहरू लगातार गरिरहेको छ । यस अवधिमा त्यसले क्यूवालाई धराशायी पार्न के मात्र गरेन ? कठोर आर्थिक नाकाबन्दी लगाउने, आर्थिक नाकाबन्दीबाट अराजकता, अव्यवस्था सृजना गर्ने र अन्ततः विद्रोहको लागि मलिलो भूमि तयार गर्ने, क्यूबामा विद्रोह गराउनका लागि विशेष रूपमा निर्मित रेडियो तथा टी.भी. स्टेशनहरूबाट क्यूवाविरुद्ध घृणित प्रचार अभियान चलाउने, सी.आई.ए. का गुप्तचरको घुसपैठ गराउने, फिडेल क्यास्त्रोकै हत्या गर्न प्रयत्न गर्ने- यी सारा दुस्प्रयास उसले गऱ्यो । तर उसको कुनै प्रयास पनि सफल रहेनन् ।

यस बीच, अमेरिकी साम्राज्यवादले क्यूवाली जनतालाई 'सके विद्रोह गर, नसके अमेरिकामा शरण लिन आऊ' भन्ने आह्वानको आधारमा भड्काउन हदैसम्म प्रयत्न गरेको थियो । यस नीतिअन्तर्गत त्यसले एकातिर आफ्नो मियामी शहरस्थित विशेष रेडियो र टी.भी. स्टेशनबाट अमेरिकी नाकाबन्दीले पैदा गरेको आर्थिक संकट र अव्यवस्थाबाट असन्तुष्ट क्यूवाली जनतालाई सके विद्रोह गर, नसके अमेरिकामा शरण लिन आऊ, भनी निकै प्रचार गऱ्यो । अर्कोतिर त्यसले वर्षेनी २० हजार क्यूवाली शरणार्थीहरूलाई आफ्नो देशमा खाना-आवास र अन्य सर-सुविधासहित शरण दिन 'भीसा' जारी गर्ने घोषणा गऱ्यो ।

यो अमेरिका र हवानाबीच भएको सम्झौता र अन्तर्राष्ट्रिय कानूनहरूको प्रत्यक्ष उल्लंघन थियो । यस घोषणाअन्तर्गत जिम्मी कार्टरको शासन कालमा, १९८० मा १ लाख ४० हजार क्यूवालीहरूले अमेरिकामा अवैध रुपमा शरण लिए । यसबीच पनि हजारौंको संख्यामा क्यूवाली शरणार्थीहरूले १ हजार कि.मी. को समुद्री यात्रा तय गरी अमेरिकाको फ्लोरिडा र मियामी शहरहरूमा शरण लिन गइरहे । यसलाई अमेरिकी सरकारले प्रोत्साहित गरिरह्यो । अझ क्यूवाली तटरक्षक सेनालाई मारेर वा डुंगा, यन्त्रचालित डुंगा, जहाज र प्लेन नै अपहरण गरेर, अमेरिका ल्याउनेहरूलाई हिरोलाई जस्तै पुरस्कृत गरियो ।

वामपन्थी सरकारदेखि असन्तुष्ट क्यूवाली जनता देश छोड्न बाध्य भए भन्ने कुप्रचार गर्ने र अन्तर्राष्ट्रिय जगतमा क्यूवाली वामपन्थी सरकारलाई वदनाम गर्ने कुनियत सिद्ध गर्ने योजना अमेरिकाको थियो । तर स्मरणीय छ, क्यूवाली सरकारले स्वेच्छाले देश छोड्न चाहने कसैलाई पनि छेक-थुन गरेको छैन । क्यूवाली क्रान्तिका प्रथम दिनहरूमा आफ्नो देशका ६ हजार डाक्टरहरू देश छोडी अमेरिका पस्न गएको बेला समेत कुनै छेक-थुन विना जान दिइएको थियो र यो सिलसिला हालसम्म नै जारी रहेको छ । कतिसम्म भने, राजनीतिक बन्दीहरूलाई समेत देश छोड्न स्वतन्त्रता दिइएको छ ।

क्यूवा-अमेरिका सम्झौता बमोजिम शरणार्थी हुनेहरूलाई भन्दा बेसी अवैध रूपमा, क्यूवाली सेनाको हत्या गरेर या अपहरण गरेर शरण लिनेहरूलाई प्रोत्साहित र पुरस्कृत गर्ने अमेरिकी सरकारले यथार्थमा बर्सेनी २० हजारलाई भीसा दिने धक्कू लगाएता पनि २ हजारभन्दा बेसीलाई भीसा दिएको छैन । यसले गर्दा केही वर्ष अगाडि हवानास्थित अमेरिकाको U.S. Interest Section Office अगाडि शरण लिन चाहनेहरूले ठूलो प्रदर्शन समेत गरेका थिए ।

विदेशमा शरण लिन चाहने आफ्ना जनतालाई सके बुझाएर आफ्नै देशमा राखीछाड्ने, नसके देश छोड्ने स्वतन्त्रता उपभोग गर्न दिने नीति लिइरहेको क्यूवाली सरकारले आफ्नो समुद्री किनारको सीमा तब खोलेको थियो, जब यही असार महिनाको अन्ततिर समुद्री मार्गमा १०० वर्ष पुरानो डुंगा डुबेर कैयौं शरणार्थीहरू मरे । र, जब २ जना क्यूवालीरूलाई अपहरणकर्ता शरणार्थीहरूले हत्या गरेर अमेरिका पसे । र उनीहरूलाई युद्ध-नायकलाई जस्तै स्वागत गरियो ।

यस्तो भएपछि कयूवाली राष्ट्रपति क. फिडेल क्यास्त्रोले क्यूवाले अमेरिकी सीमाको रक्षा गरिरहन नसक्ने घोषणा गर्दै अमेरिकाको क्यूवाली क्रान्तिलाई नष्ट गर्ने नयाँ चालबाजीबाट आफूहरू संचेत रहेको कुरा बताउनुभयो । उहाँले अमेरिकाले क्यूवामा हिंस्रक दंगा हेर्न चाहेको, रक्तपात भएको हेर्न चाहेको र त्यसलाई आफ्नो आक्रमणको लागि प्रचार-सामग्रीको रूपमा प्रयोग गर्न चाहेको र अन्ततः आफ्नो देशमाथि त्यसले हस्तक्षेप गर्न चाहेको रहस्योद्घाटन गर्नुभयो ।

अमेरिकाको यस चाहनालाई यही साउन २१ गतेको दिन हवानामा केही उछृंखल तत्वहरूले हुल दंगा गरी पसल, वाणिज्य केन्द्रहरू तथा होटलमाथि आक्रमण गरी मूर्त रुप पनि दिए । तर स्वतः स्फूर्त रुपमा तिनीहरूको विरुद्ध प्रतिरोधमा उत्रेको हवानावासीहरूबाट ती दंगाबाजहरू धूलो-पीठो हुने संभावना देखेर दंगाग्रस्त सडकमै गएर क. क्यास्त्रोले हस्तक्षेप गर्नु पऱ्यो । उहाँले क्यूवामा विद्रोह भएको सपना देख्ने अमेरिकी साम्राज्यवाद र त्यसका एजेन्टहरूको राजनीतिक रूपमा प्रतिरोध गर्न जनतालाई आह्वान गर्नुभएपछि ७ लाख क्यूवाली जनता साउन २३ गते नै 'समाजवाद या मृत्यु' को उद्घोषसहित सरकारको समर्थनमा, अमेरिकी साम्राज्यवादको विरोधमा सडकमा उत्रे ।

यसबाट क्यूवाको जनमत कसको पक्षमा छ, त्यो निकै प्रष्ट भयो । साथै अमेरिकाले भ्रमित तुल्याउन खोज्दैमा क्यूवामा अधिकांश जनताहरू भ्रमित हुँदैनन् भन्ने पनि छर्लङ्ग भयो ।

यी सबैका बाबजुद अमेरिकाकै उक्साहटमा केही असंतुष्ट क्यूवाली शरणार्थीहरू १००० कि.मी. को समुद्री यात्रामा आफ्नो जीऊ-ज्यान लगाएर अमेरिकामा शरण लिन गए । यो क्रम यति बढ्यो कि लाखौं क्यूवाली शरणार्थीहरूको बाढीले मियामी र फ्लोरिडा शहर नराम्ररी प्रभावित भयो । शहरवासीहरू निकै क्रुद्ध भएर क्लिण्टन सरकारकै विरोधमा उठे । शरणार्थीहरू बीच बाटैमा समुद्री बाटोमै मर्न थालेपछि अमेरिका सरकार साह्रै अप्ठ्यारोमा पऱ्यो । क्यूवाली सरकारलाई फँसाउन प्रयोग गरिएको यस शरणार्थी समस्याको जालोभित्र आफैं फँस्न लागेको देखेर त्यसले केही शरणार्थीहरूलाई क्यूवाकै सीमाभित्र रहेको आफ्नो सैनिक अड्डा-ग्वान्तानामोमा पठायो । तर यसले पनि शरणार्थीहरूको बाढी रोक्न नसकेपछि अन्ततः त्यसले क्यूवाली सरकारसँग वार्ता गर्न बाध्य भयो । लामो वार्तापछि भएको सम्झौताअनुसार, बीसैं हजार क्यूवाली शरणार्थीहरूलाई बर्सेनी भीसा दिन अमेरिका सहमत भयो भने क्यूवाली सरकारले दुई देशबीचको समुद्री सीमामा कडाईका साथ शरणार्थीहरूलाई रोक्ने सहमति पुनः प्रकट गऱ्यो । तर यस सम्झौतापछि पनि अमेरिकी सरकार क्यूवाली समाजवादलाई ध्वस्त गर्न नयाँ-नयाँ जालहरू बुन्न अझै प्रयत्नशील छ । भालूको कन्पट साबित भएको यस क्यूवाली शरणार्थीवाला कदमको असफलता पछि पनि क्यूवाविरुद्ध यस्ता आत्मघाती जालो बुनिरहन अमेरिका फेरि तयार हुनेछ । क्यूवाली जनता र सरकारले एक ढीका भएर त्यसलाई फेरि पनि यसरी नै स्वाद चखाउनेछन् भनी आशा गर्न सकिन्छ । □□

# तसलीमा नसरीनको नजरमा लेनिनका विचारहरु

**गतांकमा हामीले चर्चित निर्वासित बंगलादेशी लेखिका तसलीमा नसरीनका लेनिनबारेका दृष्टिकोणहरू यस स्तम्भअन्तर्गत प्रस्तुत गरेका थियौं । यसलाई धेरै पाठकहरूले औधी रुचाउनु भएको पाइयो । सहयोगी अखबारहरूले यसलाई पुनर्मुद्रण पनि गरेको पाइयो ।**

**हाल तसलीमाको विश्वव्यापी प्रचार-प्रसार गर्नेहरू प्रायः ले उहाँका अरू विचारहरू मात्र बाहिर ल्याएका छन्, तर उहाँका स्पष्ट रुपले प्रगतिका स्वर प्रष्टिएका विचारहरू पाठकसमक्ष कम मात्र आएका छन् । यसै कुरालाई ध्यानमा राखी यसपल्ट पनि हामी उहाँका यस्तै विचारहरू यहाँ प्रस्तुत गर्दैछौं । यी विचारहरू लेनिनका विचारहरूबारे उहाँले व्यक्त गर्नुभएको हो । - मूल्यांकन**

संसारमा एक त्यस्ता मानव पनि पैदा भएका थिए, जसले धनी र गरीब, नारी र पुरुषबीच कुनै असमानता हेर्न चाहेनन् ।

संसारमा एक त्यस्ता मानव पनि पैदा भएका थिए, जो प्रातः स्मरणीय व्यक्ति थिए, जो मानवले भनेका थिए- "नारी-मजदूर आन्दोलनको प्रधान लक्ष्य फगत नारीहरूलाई औपचारिक समानता प्रदान गर्नु होइन, आर्थिक-सामाजिक उत्पादनशील श्रममा उनीहरूलाई तान्नु हो, गृहस्थीको दासताको चौघेरोबाट उनीरूलाई उद्धार गर्नु हो, भान्छाघर तथा शिशु गृहको प्राचीन कालदेखि आफैंद्वारा निर्मित वातावरणको भद्दा आत्मसमर्पणबाट मुक्त गर्नु हो ।"

संसारमा एक त्यस्ता मानव पनि पैदा भएका थिए, जसले भनेका थिए- "संसारका सबै पूँजीवादी बुर्जुवा प्रजातन्त्रमा शिक्षा, संस्कृति, सभ्यता, स्वाधीनता जस्ता सबै भड्किला कुराहरूका साथै विवाहको अधिकार तथा विवाह-विच्छेद, 'कानूनी' सन्तानहरूका साथ जारज सन्तानहरूको समानता, पुरुषहरूको लागि विशेष सुविधा, महिलाहरूका लागि हीनता तथा लाञ्छनाहरूका साथ नारीहरूप्रति असमानताको कानून, यी सबै कुराहरू अभूतपूर्व पैशाचिक, जघन्य तथा पाशविक छन् ।"



## बुर्जुवा प्रजातन्त्रले महिलाहरुको दासता र असमानतालाई लुकाउँदछ

संसारमा एक त्यस्ता मानव पनि पैदा भएका थिए, जसले भनेका थिए- "बुर्जुवा प्रजातन्त्र फगत मौखिक कुराहरूको भड्किला लफ्फाजीहरूको आडम्बरपूर्ण आश्वासनहरूको र स्वाधीनता-समानताका ठूला-ठूला नाराहरूको प्रजातन्त्र हो । तर कामको बेलामा यो प्रजातन्त्रले महिलाहरूको दासता तथा असमानता, कामदार तथा शोषितहरूको दासता तथा असमानतालाई लुकाउने काम गर्दछ । यस जघन्य मिथ्याको नाश होस् ! अत्याचारी र अत्याचा-पीडितहरूबीच, शोषक र शोषितहरूबीच कहिले पनि 'समानता' हुँदैन, हुन पनि सक्दैन, न कहिले हुनेछ नै । जबसम्म पुरुषहरूलाई प्राप्त विशेष कानूनी सुविधाबाट महिलाहरू आजाद हुँदैनन्, जबसम्म पूँजीको चंगुलबाट मजदूरहरू स्वतन्त्र हुँदैनन्, पूँजीपति, जमीन्दार र महाजनहरूको जुवाबाट मिहेनती किसानहरू मुक्त हुँदैनन्, तबसम्म सही 'स्वाधीनता' प्राप्त हुँदैन, न प्राप्त भएको छ, न प्राप्त हुनेछ नै ।"

संसारमा केही असभ्य र उन्मादी मानिसहरू आज यी ढोग्नयोग्य मानवलाई (लेनिनलाई -सं.) पैतालामुनि गिराएर नाची रहेका छन् । पैसाको आँखै तिर्मिराउने रोशनीको मोहमा अन्धा-उन्मादीहरू आज यस महान मानवका मूर्तिहरू तोडिरहेका छन् । उनको घाँटीमा डोरीले बाँधेर तिनीरूले उनलाई तल भुँईमा गिराइरहेका छन् । यसरी तिनीहरू 'समता' लाई उतारेर फ्याँकिरहेका छन्, तिनीरू 'स्वाधीनता' लाई उतारिरहेका छन् ।

आज भुँईमा लडाइएका लेनिन ! तपाईले नै भन्नु भएको थियो- "महिलाहरू सामाजिक जीवनको हरेक जागरण तथा क्रियाकलापमा सहयोगी हुनुपर्दछ, ता कि उनीहरू आफ्नो कुपमण्डूक आत्म-केन्द्रियता, घरेलु तथा पारिवारिक मानसिकताको संकीर्णताबाट मुक्त हुन सकुन् ।"

भ्लादिमीर इल्यिच लेनिन ! तपाईले भन्नुभएको थियो- 'दयालु विरालोले झैं 'म्याऊँ-म्याऊँ' गरेर काम चल्दैन, कुरा तेज आवाजमा राख्नु पर्दछ, योद्धाले झैं सफा कुरा गर्नु पर्दछ । त्यसैले देखाईदिनुस् कि तपाई पनि लड्न सक्नु हुन्छ ।" (डा. क्लारा जेटकिनको 'मेरो स्मृतिमा लेनिन')

हामीले त संघर्ष गर्न सिकेका छौं, महान लेनिन ! जुन पूँजीवादले महिलाहरूलाई 'पारिवारिक दासताको चौघेरो' मा धकेलीदिन्छ, हामीले त्यस पूँजीवादको विरुद्ध कुरा गरेका थियौं । 'घरेलु दासता' बाट मुक्तिको लागि युद्ध गरेका थियौं, एउटै आदर्श अगाडि राखेर हामी तपाईसँग एक जूट भएका थियौं ।

हामीले स्वीकारेको थियौं- 'महिलाहरूलाई दबाइएको छ, उनीरूको स्वास नै रोकिएको छ, स-साना घर-गृहस्थीले उनीहरूलाई बिमूढ बनाइराखेको छ, उनीहरूलाई भान्छाघर र प्रसूति गृहमा बाँधीराखेको छ, अमानवीय, अनुत्पादक, तुच्छ तथा रगत चुस्ने, मनलाई थोत्रो बनाउने, हड्डीहरू पिस्ने कामको चक्कीमा पिसिएर उनीरूको श्रम बेकारमै गइरहेको छ ।'

यस जंजीरबाटै हामीले महिला-मुक्तिको सपना देखेका थियौं । हामीहरूका सबै सपनाहरू, सबै आकांक्षाहरू र सबै स्वाधीनताहरूलाई उन्मादी शासक र तिनीहरूका पिछलग्गूहरूले घाँटीमा डोरीले बाँधेर तान्दै-तान्दै ल्याइरहेका छन् ।

कुनै बेला समाजवादको नाममा संसारका कुनै कुनै देशमा एउटा खालको शासन पद्धति थियो । समाजवाद संकटग्रस्त र अपांग छ, यसबाट सभ्यता तथा मानवताको के कति नोक्सान भयो, यसबाट तेस्रो विश्वमाथि साम्राज्यवादी आक्रमणको आशंका कति भयावह रूपमा बढ्यो, त्यसको हिसाब-किताब गरेर मैले हेरेकी छैन । तर यो कुरा चैं राम्ररी थाहा छ- कि महिलाहरूलाई यसबाट धेरै नै नोक्सान भयो । महिलाहरूको राजनीतिक, आर्थिक तथा सामाजिक स्वाधीनताको लागि कल्याणकारी नीति या आदर्शको निर्मम हत्या भएको छ ।

अहिले धूलोमा लडाइएको छ लेनिनलाई, भ्लादिमीर इल्यिच लेनिन । अहिले शिखरबाट भुँईमा उतारिएको छ, उहाँको पूर्ण कदको शालिकलाई । नारीलाई पूँजी बनाउने व्यवस्थाका विरुद्ध, नारीलाई बेश्यावृत्तिमा लगाउने व्यवस्थाका विरुद्ध, नारीलाई छुद्र, तुच्छ सांसारिक दासताले बाँध्ने व्यवस्थाका विरुद्ध इतिहासमा जुन आवाज सबैभन्दा बुलन्द रुपमा गुञ्जेको थियो, त्यो थियो- लेनिनको कण्ठस्वर । जुन हात सबैभन्दा कर्मठ रुपले कार्यरत थिए, ती लेनिनका हातहरू थिए । काम नलाग्ने मानिसहरू आज त्यसै इतिहासलाई कुल्चिरहेका छन्- यसबाट कसको कति नोक्सान भयो, त्यो मलाई थाहा छैन, तर महिलाहरूलाई सबैभन्दा बढी नोक्सान भयो ।

हामी, महिलाहरू, आज पददलित लेनिनको लागि, कुल्चिएका उहाँका आदर्शहरूको लागि, उहाँद्वारा स्थापित, किन्तु आज पददलित भएको साम्यको लागि शोकस्तब्ध भई शीर झुकाइरहेका छौं । ❐

*(बंगला भाषाको 'निर्वाचित कलाँम' बाट लिई अखिल भारतीय क्रान्तिकारी सांस्कृतिक संघको मुखपत्र "आमुख" मा हिन्दीमा प्रकाशित लेखको साभार-अनुवाद)*



वर्तमान राष्ट्रपति ली तेङ्ग हुई

# च्याङ्ग काई शेकको देशमा पनि कम्युनिष्ट पार्टीको स्थापना !

**चीनको इतिहासमा अमेरिकी र जापानी साम्राज्यवादको दलाल, हिंस्रक तानाशाहको रुपमा कुख्यात च्याङ्ग काइ शेकको देश ताईवानमा पनि हालै मात्र प्रथम कम्युनिष्ट पार्टीको स्थापना भएको खवर प्राप्त भएको छ ।**

तानाशाह च्याङ्ग काई-शेक चीनका प्रथम प्रजातन्त्रवादी राष्ट्रपति तथा कोमिंताङ्ग (राष्ट्रवादी पार्टी) का संस्थापक एवं नेता सन यात सेनको उत्तराधिकारी थियो। १९१२ मा स्थापित कोमिंताङ्गसँग मिलेर चीनियाँ कम्युनिष्ट पार्टीले १९२४-१९२७ सम्म देशमा जनवादी क्रान्ति पूरा गर्न उत्तरी अभियान शुरु गरेको थियो । यस संघर्षमा एउटा नेतृत्वकारी भूमिका खेल्ने च्याङ्ग काई-शेक र उसको नेतृत्वमा कृयाशील प्रतिक्रियावादी शक्तिहरुले १९२७ को अप्रिलमा आफ्ना सहकर्मी कम्युनिष्ट पार्टी र चीनियाँ जनतामाथि विश्वासघात गरी प्रतिक्रान्तिकारी सत्तापरिवर्तन गरेको थियो । र देशमा विस्तारै जापानी र अमेरिकी पूँजीपतिहरु, ठूला-ठूला पूँजीपतिहरु एवं जमीन्दारहरुको तानाशाही स्थापना गरेको थियो ।

विश्व सर्वहारा वर्गका महान नेता क. माओ त्से तुङ्गको नेतृत्वमा रहेको चीनियाँ कम्युनिष्ट पार्टीले पहिले जापानी साम्राज्यवाद र पछि अमेरिकी साम्राज्यवादको विरोधमा, त्यसका चीनियाँ दलाल च्याङ्ग काइ-शेकको तानाशाही शासनको विरोधमा कठोर सशस्त्र जन-संघर्ष संचालन गऱ्यो । यसै संघर्षको सफलतादेखि डराएर आफ्नो जीऊज्यान जोगाउन अमेरिकी सेनाको सुरक्षामा ताईवान भागेको च्याङ्ग काई शेकले त्यहाँ लामो समयसम्म निरंकुश शासन चलायो ।

तानाशाह च्याङ्ग काई शेकले कम्युनिष्टहरुदेखि डराएर चीनबाट भाग्नु परेपछि ताईवानमा एकदलीय निरंकुशतन्त्र चलायो । उसले ताईवानमा वामपन्थीहरुलाई नष्ट गर्न र संहार गरिएका वामपन्थीहरु पुनः कहिले पनि उठ्न नसकून भन्ने दुराशयले वामपन्थी पार्टीमाथि पूर्णतः बन्देज लगायो । जनवादी गणतन्त्र चीनसंगको सबै सम्वन्धलाई विच्छेद गरी अमेरिकी साम्राज्यवादको आडभरोसामा राज्य संचालन गऱ्यो र चीन विरोधी आक्रामक गतिविधि संचालन गर्न थाल्यो ।

> **—ताईवान—**
>
> यस अन्ध दौडमा च्यांग काई शेकको तानाशाही सरकारले आर्थिक विकासको नारा चर्कोसंग लगाएर अन्य सबै प्रजातान्त्रिक हक, हित र अधिकारमाथि निर्मम दमन गरेको थियो

जनवादी चीनबाट भागेर गएका ३०-४० लाख कोमिनताङ्ग समर्थक, सेना र सरकारी अधिकारीहरुको आधारमा विकसित भएको ताईवानमाथि शासन गर्ने च्याङ्ग काई-शेकले शुरुमा केही रंगीन सपना देखेको थियो। तानाशाह च्याङ्गले ताईवानमा आर्थिक र राजनीतिक रुपमा सुदृढ बन्दै, अमेरिकी साम्राज्यवादको आड भरोसामा सैनिक शक्तिको भरमा चीनमाथि आफ्नो तानाशाही शासनको पुनर्स्थापना गर्ने सपना देखेको थियो। यो सपना जनवादी चीन र माओ त्से तुङको सफल नेतृत्वमा पटक - पटक चकनाचुर भयो। चीनसंगको यस टक्करमा च्याङ्ग काई सेकको ताईवन अमेरिकी साम्राज्यवादको सैनिक अड्डामा परिणत भयो ।

दुई छाकको खानाको अभावमा तड्पेका ताईवानी जनताले आफ्ना अथाह वेदनालाई शक्तिमा वदलेर विद्रोह गर्लान् कि भन्ने भय यसवीच निकै वद्यो। यस भयलाई रोक्न चीनसँगको शत्रुतालाई आर्थिक युद्धबाट परास्त गर्ने नियतले कृषिमा भूमिसुधार, सुधारिएको भूमि व्यवस्थामा व्यापारीकरण, अर्थतन्त्रमा अमेरिकाद्वारा प्रस्तुत खुला बजार अर्थतन्त्रको फर्मूला १९६० देखि लागु गरियो ।

विदेशी पूँजीमा आधारित ३० वर्षको यस अन्ध-दौडले ताईवानलाई एशियाको "एउटा आर्थिक शक्ति" को रुपमा स्थापित त गऱ्यो, तर देशको अर्थतन्त्रसँगै अमेरिकी, जापानी, र अन्य पूर्वी एशियाली पूँजीपतिहरुको हातमा पुग्यो । यो अर्थतन्त्रमा ताइवानी जनताको सहभागिता दासहरुको हैसियतभन्दा माथि उठ्न सकेन ।

यस अन्ध दौडमा च्याङ्ग काई शेकको तानाशाही सरकारले आर्थिक विकासको नारा चर्कोसंग लगाएर अन्य सबै प्रजातान्त्रिक हक, हित र अधिकारमाथि निर्मम दमन गरेको थियो । "आर्थिक विकासको" निहुँमा चुसिएको श्रमिक वर्गको संगठित हुने, आफ्नो हक र अधिकारको लागि वन्द, हडताल, जस्ता संघर्षका कार्यक्रम संचालन गर्ने नैसर्गिक अधिकारमाथि पनि कुठाराघात गरिएको थियो ।

यस तानाशाही शासनको दमन, अन्याय, अत्याचार सहन नसकी त्यहाँका श्रमिक र विद्यार्थीहरुले वी-वीचमा ठूला-ठूला संघर्षहरू नगरेका होइनन् । तर ती सफलतामा टुंगिएका थिएनन् । तर संन्

> क.चुका अनुसार ताइवानको यस प्रथम ताइवानी कम्युनिष्ट पार्टीले एकातिर आफ्नो संगठन सुदृढ गर्ने र अर्कोतिर पार्टीदर्ताको प्रक्रिया चलाउने भएको छ ।

ताइवानमा सरकार विरोधी प्रदर्शनको एउटा सामान्य रुप



ताइवानमा मानव अधिकार हननको विरोधमा आत्मदाह गर्दै प्रदर्शनकारी जनताहरू



१९८७ मा संचालन भएको विशाल विद्यार्थी संघर्षले केही सफलताको संभावनाको क्षितिज उघारीदियो । यी र यस्ता संघर्षहरुलाई ध्यानमा राखेर नै च्याङ्ग काई शेकले १९८८ मा आफ्नो छोरा चियाङ्ग चिङ्ग काऊलाई शासन सत्ता हस्तान्तरण गऱ्यो ।

तथाकथित राष्ट्रपति चियाङ्ग चिङ्ग काउले जन-दवावको फलस्वरुप, आफ्नो पार्टी कोमिन्ताङ्ग बाहेक अन्य सबै पार्टीमाथि प्रतिबन्ध लगाउँदा - लगाउँदै पनि केही राजनीतिक अधिकार दिन ऊ बाध्य भयो । अन्ततः केही समयपछि नै राष्ट्रपति चियाङ्गको मृत्यु पश्चात सत्तासीन भएको ली तेङ्ग हुई पूँजीवादी बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने घोषणा गर्न वाध्य भयो । त्यहाँ बहुदलीयतालाई स्वीकार गरिएता पनि अहिले पनि च्याङ्ग काई शेकद्वारा वामपन्थी पार्टीमाथि लागू गरिएको प्रतिवन्ध जारी छ ।

ठूला-ठूला देशी-विदेशी पूँजीपतिहरूको तानाशाही शासनलाई वैधानिकताको खोल ओढाइएको यस बहुदलीय व्यवस्थामा अहिले पनि 'पैसाको राजनीति' यति विधि छ कि सत्तासीन कोमिन्ताङ्ग पार्टीदेखि विपक्षी डेमोक्रेटिक प्रोग्रेसिभ पार्टीसम्म त्यसबाट बच्नसकेका छैनन् ।

ताइवानको सबैभन्दा ठूलो पूँजीपति त स्वयं सत्तासीन पार्टी कोमिङ्ताङ्ग हो, कोमिन्ताङ्का नेता र सरकार प्रमुखहरू हुन् । देशको अधिकांश उद्योग, व्यापार र सम्पत्तिमाथि यसकै एकाधिकार छ ।

त्यसैले, त्यहाँका पूर्व अर्थमन्त्री वाङ्ग चियन-शियन भन्छन्- 'कोमिन्ताङका नीति-निर्णयहरू धनीहरूको पक्षमा छन्, धनीहरूमा पनि विशेषतः तिनीहरूको पक्षमा छन्, जो नैतिक ढंगले पैसा कमाउँदैनन् ।"

पैसाको राजनीति, भ्रष्ट राजनीति एवं तानाशाही शासन व्यवस्था- यही हो ताइवानको अहिलेको परिचय र वस्तुस्थिति !

यस स्थितिमा, त्यहाँ हालै ताइवान कम्युनिष्ट पार्टी (TCP) स्थापित भएको छ । यसले आफ्नो पार्टीको प्रवक्ताको रुपमा क. चु इयू चाङ्गलाई छानेको छ ।

क.चुका अनुसार ताइवानको यस प्रथम ताइवानी कम्युनिष्ट पार्टीले एकातिर आफ्नो संगठन सुदृढ गर्ने र अर्कोतिर पार्टीदर्ताको प्रक्रिया चलाउने भएको छ । सत्तासीन पार्टी कोमिन्ताङ्ग (KMT) का राम्रा कार्यकर्ताहरू र चिनियाँ कम्युनिष्ट पार्टीका कार्यकर्ताहरूको गुणमिश्रित भएको दावी गरिएको यस पार्टीमा हाल कम्तीमा ५ हजार कार्यकर्ताहरू कार्यरत छन् । पार्टी स्थापनापछि संगठन सुदृढीकरणमा लागेको यस पार्टीले डेमोक्रेटिक प्रोग्रेसिभ पार्टीको ४० हजारको कार्यकर्ता संख्यालाई पनि उछिन्ने दावी क. चुको छ ।

यसैबीच गत साउन ५ गते मात्रै यस पार्टीले ताइवानको सुदूर दक्षिण प्रान्त शीनहवामा विशाल प्रदर्शनको आयोजना गरेको छ । यस प्रदर्शनमा जनताको सहभागिता र त्यस सहभागिताले अन्य सामान्य जनताको ध्यान अकर्षण गर्न सफल भएको तथ्य पर्यवेक्षकहरूले औंल्याएका छन् । त्यस प्रदर्शनलाई सम्बोधन गर्ने ताइवान कम्युनिष्ट पार्टीका नेताहरूले किन ताइवानको लागि कम्युनिष्ट पार्टीको आवश्यकता छ ? भन्ने विषयमा जोड दिएर बोलेका छन् ।

"प्रदर्शनपछि, हामी हाम्रो पार्टीलाई गृह मन्त्रालयमा दर्ता गर्ने प्रक्रिया कार्यालयको नीति-नियमअन्तर्गत थाल्दैछौं । हेरौं, मन्त्रालयले हाम्रो पार्टीको स्थापनालाई स्वीकृति दिन्छ, दिंदैन ?" ताइवानी कम्युनिष्ट पार्टीका प्रवक्ता क. चुको यस भनाईबाट स्पष्ट हुन्छ- त्यहाँ पार्टीलाई सकेसम्म दर्ता गराउने प्रयास जारी छ ।

यस प्रयासमा ताइवानी कम्युनिष्टहरू बढी नै आश्वस्त देखिन्छन् । यसका पछाडि केही कारण नै नभएको चाहिँ पक्कै होइन । क. चुको विचारअनुसार, अहिले राष्ट्रपति ली तेङ्ग हुईले समेत जनवादी गणतन्त्र चीनको राजनीतिक अस्तित्व स्वीकारी-सकेको छ । यसको अर्थ चिनियाँ साम्यवादी व्यवस्थालाई समेत स्वीकार्नु हो । त्यसैले चिनियाँ शैलीका कम्युनिष्ट पार्टीहरूलाई पहिले जस्तो शत्रुवत आँखाले हेर्नु जरुरी छैन भन्ने आशयसहितको विचार प्रस्तुत गर्दै क. चु भन्नु हुन्छ -"उनीहरूले हाम्रो पार्टीलाई दर्ता नगर्लान् जस्तो मलाई लाग्दैन ।"

ताइवानको राजनीतिमा अत्यन्त महत्वपूर्ण विषय भइरहेको चीन ताइवान एकीकरणको सम्बन्धमा पूर्ण एकीकरणको पक्षधर ताइवान कम्युनिष्ट पार्टीको तर्क छ- डेमोक्राटिक प्रोग्रेसिभ पार्टी जस्तो एकीकरण विरोधी, ताइवानको 'स्वतन्त्रता' को पक्षधर पार्टीलाई सरकारले दर्ता गर्न मिल्छ भने एकीकरण पक्षधर पार्टीलाई दर्ता गर्न किन नमिल्ने ?

तर कुतर्क र अन्धतालाई मात्र मान्ने फाशिष्ट सरकारको अगाडि ताइवानी कम्युनिष्ट पार्टीको पार्टी दर्तासम्बन्धी तर्कले निकै ठूलो प्रभाव पर्ने संभावना कहीं कतै देखिँदैन ।

ताइवानी सरकारको गृहमन्त्रालय अन्तर्गतको नागरिक प्रशासनका हाकिमहरूले स्पष्ट संकेत दिएका छन्- ताइवानमा कुनै पनि रंगको कम्युनिज्म प्रतिबन्धित छ र भैरहनेछ ।

फाशिष्ट सरकारका अधिकारीहरूले भनेका छन्- "कुनै पनि नामको कम्युनिष्ट पार्टीलाई दर्ता गरिने छैन ।"

सरकारको यस तर्क र मुढे अडानप्रति कम्युनिष्टहरूले सात पटक सोच्नु पर्ने स्थिति आएको छ । सरकारी कार्यालयमा दर्ता गरेर पार्टी सञ्चालन गर्ने धोको लिएर मात्रै अगाडि बढ्ने सोचाई ताइवानी कम्युनिष्टहरूको हो भने त्यो अत्यन्त गलत हुनेछ भन्ने कुरा विश्व कम्युनिष्ट आन्दोलनको अति सामान्य पाठ हो । त्यसैले, सरकारी कार्यालयमा होइन्, हजारौं लाखौं ताइवानी जनताको क्रान्तिकारी संघर्षशील मुटुमा आफ्नो पार्टीलाई दर्ता गर्न साम्राज्यवाद-पूँजीवाद विरोधी क्रान्तिकारी संघर्ष सञ्चालन गर्ने बाटो अपनाउनु नै त्यहाँको लागि सर्वश्रेष्ठ बाटो हो ।

□□

## दृष्टिकोणको बाँकी ...

भन्ने सोचलाई "अज्ञेयवादी" संज्ञा दिइँदैछ । वास्तविकता भने त्यसको ठीक उल्टो हो । दर्शनको जगतमा अज्ञेयवादी त तिनै मात्र हुन्, जो गतिशील विश्व र समाजलाई बुझ्न नसक्नुको ठान्छन्, अपरम्पार र अज्ञेय ठान्छन्, त्यसैले त्यसको बारे खोज अनुसन्धान गर्नु बेकार छ भन्छन्,- न कि तिनीहरू, जो यो समाज र संसारलाई बुझ्न, थाहा पाउन सकिने अर्थात यो ज्ञेय भएकाले निरन्तर खोज अनुसन्धान जरुरी छ भन्छन् ।

जहाँसम्म पत्रिका निकाल्नु ननिकाल्नु वा छलफल अन्तर्क्रिया गर्नु नगर्नु, साँस्कृतिक रुपान्तरणको कुरा गर्नु नगर्नुको सवाल छ, त्यो अज्ञेयवादको कुनै परिचायक कुरा होइन । पत्रिका निकाल्नेहरू वा खोज अर्न्तक्रिया गर्नेहरू पनि उत्तिकै अज्ञेयवादको शिकार हुन सक्छन्, जति यसो नगर्नेहरू । साँस्कृतिक रुपान्तरणको झण्डा उचाल्नेहरू पनि त्यति नै अज्ञेयवादी हुन सक्छन्, जति नउचाल्नेहरू । मुख्य सवाल के हो भने- यो आधारभूत दार्शनिक सवालमा उनीहरू कुन दिशामा उभिन्छन्, त्यसको आधारमा मात्र उनीहरू अज्ञेयवादी हुन् कि हैनन् भन्ने कुराको ठेगान हुन सक्छ । यो प्रकृति र संसार ज्ञेय छ कि अज्ञेय ? सही विचार मान्छेको दिमागमा स्वतः पैदा हुन्छ कि हामीभन्दा बाहिर स्वतन्त्र रुपमा अस्तित्वमा रहेको गतिशील संसार र प्रकृतिको दिमागमा सही प्रतिबिम्ब उतार्न सक्दा मात्र यो आउँछ ? ती जो संसार र प्रकृति अज्ञेय छ भन्ने खेमामा उभिन्छन्, मान्छेको चेतनामा नै संसार र प्रकृति अस्तित्वमा रहन्छ र सही विचार दिमागमा आफ से आफ उत्पन्न हुन्छ भन्ने खेमामा उभिन्छन्- ती अज्ञेयवादी हुन् । जो यसको विपरीत विचार राख्छन्, ती कदापि अज्ञेयवादी होइनन् ।


यहाँ जे भनी दिए पनि हुन्छ भन्ने अभिप्रायले गैर जिम्मेवार रुपमा अज्ञेयवादको जुन गलत चिनारी भैरहेछ, त्यो सरासर गलत र अनैतिक प्रवृत्तिको अभ्यास भैरहेछ । त्यसको सर्वत्र आलोचना र विरोध हुनु जरुरा छ । बुढी मरी भन्ने पीर होइन, काल पल्क्यो भन्ने पीर भने जस्तै- यो एउटा शब्दको परिचयमा गल्ती हुन गएकोमा आपत्ति होइन, जे मन लाग्यो त्यो भनिदिने- यो लापर्वाहीपूर्ण प्रवृत्तिले समाजलाई कता लान्छ भन्ने हिसाबले यो प्रवृत्तिको विरोध गर्नु जरुरी छ ।

२०५०-११-१६


## पढ्न नभुलौं

दृष्टि साप्ताहिक, प्रकाश साप्ताहिक, जनादेश साप्ताहिक, हाँक साप्ताहिक, पृष्ठभूमि साप्ताहिक, विश्वभूमि दैनिक

# सशस्त्र विद्रोहका दश वर्षहरु पूरा भए




## टर्कीको वामपन्थी छापामार समूह पी.के.के. द्वारा कुर्दहरूको विद्रोही इतिहासमा सवैभन्दा लामो, सवैभन्दा ठूलो, संगठित र सफल विद्रोह !



## राष्ट्रविहीन कुर्दहरूको “कुर्दिस्तान” राष्ट्रको खोजि !

*युरोपमा फैलिएको कुर्द विद्रोह (माथि) पी.के.के. का नेता क. ओकेलान*

**चा**र सय वर्ष अगाडिदेखि आफ्नो स्वतन्त्रता, आफ्नो राष्ट्र, आफ्नो जातीय स्वाभिमानको लागि संघर्षरत राष्ट्रविहीन कुर्दहरुको टर्कीमा भइरहेको पछिल्लो सशस्त्र विद्रोहले हालै १० वर्ष पूरा गरेको छ।

साम्राज्यवादी शक्ति र त्यसका दलाल प्रतिक्रियावादी सरकारहरुको जातीय उत्पीडन, हिटलरी - दमनजन्य आंशु र आक्रोशसहित विद्रोहमा उत्रेका टर्कीका कुर्दहरुको पछिल्लो सशस्त्र विद्रोह सन् १९८४ को अगस्त १५ देखि घोषित रुपमा शुरु भएको हो। अमेरिकी साम्राज्यवादको पिठू-टर्कीको प्रतिक्रियावादी सरकारका विरुद्ध शुरु भएको यस विद्रोहको संगठन, संचालन र नेतृत्व कुर्दिस्तान श्रमिक पार्टी (Kurdistan Workers' Party (PKK) ) ले गरिरहेको छ।

१५ हजारभन्दा बढी सरकारी सैनिक, विद्रोही कुर्द र जनताको मृत्यु भइसकेको भनिने यस विद्रोहले गत साउन ३१ गते (अगस्त १५) १० वर्षको लामो, र सफल समयावधि पार गरेको अवसरमा यस विद्रोहको चार सय वर्ष अगाडिदेखि लिएर आजसम्मको सफलता र कमी कमजोरीतिर सरसरती नजर दौडाउनु प्रासंगिक हुनेछ। त्यसैले आउनुहोस- यसै दिशामा केही प्रयत्न गरौं।

### ३ हजार वर्षको गौरवमय इतिहास चार सय वर्ष लामो स्वतन्त्रताको सपना ।

भविष्यको स्वतन्त्र राष्ट्रको लागि वर्तमानमा सशस्त्र रुपमा संघर्षरत कुर्दहरुलाई इतिहासबाटै बेदखल गर्ने प्रयास प्रतिक्रियावादी सरकारहरुबाट जति सुकै भए पनि कुर्दहरुको इतिहासलाई तिनीहरुले कहिले पनि नामेट पार्न सक्दैनन् । सक्ने छैनन् । कारण, कुर्दहरु कोही चर्चिल वा बुशका मानस-पुत्रहरु होइनन्, उनीहरुको आफ्नै ३ हजार वर्ष लामो गौरवमय इतिहास छ। कुर्दहरुको ३ हजार साल लामो इतिहास गौरवमय हुनाका कारणहरु हुन्- उनीहरुको साहस, शौर्य, लडाकु स्वभाव र स्वाभिमान।

कुर्द जाति साहसी, शौर्यशाली, लडाकु र स्वाभिमानी भएकै कारणले यो ३ हजार वर्षसम्म स्वतन्त्र र सार्वभौम भएर अगाडि बढेको थियो। तर चार सय वर्ष अगाडिदेखि भने यो जाति परतन्त्रताको पञ्जाले जकडिन पुग्यो। उनीहरु अहिलेसम्म पनि स्वतन्त्र हुन सकेका छैनन्। यसरी स्वतन्त्र हुन नसक्नुको कारण उनीहरु जाति, वंश, रगत, कविला र क्षेत्रहरुमा नराम्ररी विभाजित हुनाले नै हो भन्न सकिन्छ। यस विभाजनले गर्दा अहिलेसम्म पनि उनीहरु तुर्क, अरबी र ईरानी - ईराकी प्रतिक्रियावादी सरकारको दासता-परतन्त्रताभित्र बाँच्न वाध्य छन्।

कुर्द जातिको ऐतिहासिक कालदेखिको वसोवासको स्थल हो- मध्य एशियाली पहाडहरु। यो पहाडी क्षेत्र कैयौं देशहरुमा फैलिएको छ, त्यसैले त्यहाँ वसोवास गर्ने कुर्द जाति पनि एउटै जाति भएतापनि टर्की, सिरिया, इरान, इराक तथा पूर्व सोभियत संघका आर्मेनियामा समेत केही फैलिएर रहेका छन्। जति फैलिएका छन्, ती भन्दा बढी नराम्ररी उनीहरु विभाजित पनि छन्।


अग्ला-अग्ला पहाडहरु र गहिरा पहाडी घाटीहरु एवं घना जंगलका कारणले मध्य एशियाली पहाडहरुले कुर्दहरुको लागि विदेशी आक्रमणकारीहरुबाट सुरक्षित किल्लाको काम गरिरहेका छन्। यस सुरक्षित, दुर्गम पर्वतीय किल्लाहरुको उपयोग गरेर कुर्दहरुले गत चार सय वर्षको परतन्त्रताको कालमा पटक पटक आफ्नो स्वाभिमानी विद्रोहको आगो जलाएका छन्। पटक पटक हतियार उठाएर आफ्नो जातीय स्वभिमान र स्वतन्त्र कुर्दिस्तान राष्ट्र खोजेका छन्।

यसरी नै पटक-पटक हतियार उठाएर विद्रोह गरिरहने टर्कीका कुर्दहरुको पनि अन्यत्रका कुर्दहरुको जस्तै आफ्नो संघर्षशील इतिहास छ। टर्कीका तुर्क प्रतिक्रियावादी शासकहरुको विरुद्ध १९२० को दशकदेखि १६-१६ पटकसम्म सशस्त्र विद्रोह गरिसकेका कुर्द विद्रोहीहरु अहिले सत्रौं विद्रोहबाट गुज्रिरहेका छन्।

### पी.के.के. को विद्रोह ।

१९२५ मा टर्कीको मुस्तफा कमालको सरकारविरुद्ध शेख सइदको नेतृत्वमा गरिएको असफल, तर विशाल सशस्त्र विद्रोहदेखि अहिलेको पी.के.के. को सत्रौं विद्रोहसम्ममा कुर्दहरुको जातीय उत्पीडनको आंशु र आक्रोशले भरिएको भावनाले ठूलो भूमिका खेलिरहेको छ।

मुस्तफा कमालदेखि तान्सू शिल्लरसम्मका टर्कीका तानाशाह शासकहरुले आफ्नै देशका कुर्द जातिमाथि जातीय उत्पीडन जारी राख्ने काम बाहेक अन्य सामान्य सुधार गर्न समेत अस्वीकार गर्दै प्रजातन्त्रको खोलमा लुकिरहेको हिटलरी स्वरुप प्रदर्शन गर्दै आएका छन्। पहिले मध्य एशियाली पहाडहरुमा पशुपालन तथा किसानी काम गर्ने यी गरीव, उत्पीडित कुर्द जातिको अभिव्यक्ति स्वतन्त्रता हालसम्म पनि खोसिएको छ। उनीहरुको आफ्नो



भाषामा अखवार निकाल्न पाईदैन, निकालिएका अखवारहरुमाथि प्रतिबन्ध लगाइएको छ । आफ्नो जातीय संस्कृति सुरक्षित राख्नको लागि अत्यावश्यक अन्य सवै साधनहरुबाट उनीहरु वञ्चित छन् । सरकारी कामकाजको भाषामा उनीहरुको उल्लेख पनि फगत "पहाडी तुर्क" को रुपमा गरिएको छ, हरेक कुरालाई "तुर्कीकरण" गर्ने प्रयास जारी छ । जो जो कुर्दले आफूलाई तुर्क भन्न रुचाएनन्, उनीहरुलाई पद र अवसरहरुबाट वञ्चित गरिएको छ ।

कुर्दहरुको आफ्नो जातीय पहिचानसहित संसदमा पुगेका सांसदहरु, पत्रकार, लेखकहरुलाई जथाभावी गिरफ्तार गर्ने, थुन्ने, मार्ने अभियान जारी छ ।

टर्कीका तुर्क तानाशाहहरुको यही हिटलरी शैलीको फाशिवादको विरोधमा पी.के.के. ले आफ्नो स्थापना कालदेखि नै कुर्दहरुलाई संगठित गर्ने, सचेत गर्ने र सशस्त्र संघर्षका लागि आवश्यक तयारी गर्ने काम गर्न थालेको थियो । कुर्दहरुको चार सय वर्षको स्वतन्त्रता संघर्षमा थुप्रै कमी कमजोरीहरु रहन गएका थिए, जसले गर्दा ती विद्रोहहरु पटक पटक असफल हुदै आएका थिए । कुर्दहरु एउटै जातिका मानिसहरु भएर पनि, एउटै खालको उत्पीडनबाट विद्रोहमा उत्रेका भएर पनि, रक्त, वंश, कवीला, क्षेत्र र धार्मिक अन्धताको कारणले विभाजित थिए । विभाजित कुर्दहरुको विद्रोहलाई एकीकृत र साम्राज्यवादीहरुको सहयोग प्राप्त तुर्क शासकहरुले यही कमजोरीकै कारणले दमन गर्दै आएका थिए ।

इतिहासको यस शिक्षालाई पहिलेका विद्रोहीहरुले नसिके पनि पी.के.के. ले राम्ररी नै सिकेको देखिन्छ भन्ने राय अन्तरार्ष्ट्रिय पर्यवेक्षकहरुको रहेको छ । इरान, इराक, सिरिया, टर्की र आर्मिनियामा छरिएर रहेका कुर्दहरुलाई संगठित, सचेत र संघर्षशील गरेर एउटा न्यायपूर्ण, समानता र स्वतन्त्रताले युक्त कुर्दिस्तान स्थापना गर्ने उद्देश्यसहित १९७८ को नोभेम्बर २७ मा स्थापित कुर्दिस्तान श्रमिक पार्टी (Partiya Karkeren Kurdistan (PKK) ले इतिहासबाट पाठ सिकेको देखिन्छ भन्ने कुरा त्यसका उदेश्य र कार्यक्रमहरुले प्रष्ट पारिरहेका छन् ।

क. अब्दुल्ला ओकेलान अर्थात् क. आपोको नेतृत्वमा स्थापित यस कुर्द पार्टीले आफ्नो मार्ग दर्शक सिद्धान्त मार्क्सवाद लेनिनवाद र माओ विचारलाई मानेको छ ।

१० वर्ष अगाडि दक्षिण पूर्वी टर्कीका पहाडहरुमा छिटपुट विद्रोहको रुपमा देखिएको पी.के.के.को नेतृत्वमा शुरु भएको कुर्दहरुको यस शताब्दीको सशस्त्र विद्रोहले अव विस्तारै विस्तारै एउटा सुसंगठित स्वतन्त्रता- संग्रामको स्वरुप लिइसकेको छ । इरानका ५५ लाख र इराकका ४१ लाख कुर्दहरुलाई पहिले संगठित गरेको यस लडाकु पार्टीले टर्कीका अधिकांश कुर्दहरुलाई आफ्नो प्रभाव र समर्थनमा संगेटीसकेको छ । त्यसैले, यसको संघर्ष टर्कीका २० वटा भन्दा बढी प्रान्तमा फैलिइसकेको छ, जसमा पश्चिम यूरोपमा बस्ने लाखौं कुर्दहरुको आर्थिक, भौतिक र नैतिक सहयोगले ठूलो भूमिका खेलिरहेको छ ।

कुर्दहरुको इतिहासमा सवैभन्दा लामो संघर्ष मानिने यस पी.के.के. को संघर्ष सांच्चै भन्ने हो भने, टर्कीको इतिहासमै सवैभन्दा ठूलो, सवैभन्दा संगठित, सचेत र केही हदसम्म सफल



विद्रोह पनि हो भन्न पूँजीवादी इतिहासकारहरु पनि वाध्य भएका छन् ।

**टर्की : अर्को भियतनाम ।**

भनिन्छ, टर्कीका शासकहरु, पी.के.के. का छापामारहरु र सामान्य जनहरुको



# क.अब्दुल्ला ओकेलान को हुन् ?

*अमेरिकी साम्राज्यवाद र यसको पिठ्ठू- टर्कीको फाशिष्ट सरकारको लागि अहिले सबैभन्दा ठूलो संकट र चुनौति हो- कुर्दहरूको सत्रौं विद्रोह, जसको नेतृत्व वामपन्थी पार्टी पी.के.के. ले गरिरहेको छ ।*

*पी.के.के. पार्टीको नेतृत्व चाहिँ क. अब्दुल्ला ओकेलानले गरिरहेका छन्, तर क. ओकेलानको परिचय भने कमैलाई मात्र थाहा होला ।*

*क. ओकेलानलाई कुर्द विद्रोहीहरू "क.आपो" को नामले पुकार्दछन् । ४५ वर्षका यी क्रान्तिकारी नेताको जन्म कुर्द जातिको एउटा भूमिहीन परिवारमा भएको थियो ।*

*क.ओकेलानका पिता पनि कुर्द विद्रोही मध्ये एक थिए, जो १९२५ देखि शुरु भएको कुर्द विद्रोहमा शामेल हुँदा टर्की सरकारको सैनिकद्वारा मारिएका थिए । क. ओकेलानले यो नाम पनि आफ्नै पिताको शहादतको यादमा स्वीकारेका थिए । स्मरणीय छ, कुर्द भाषामा ओकेलान शब्दको अर्थ हो- प्रतिशोध !*

*कुर्द विद्रोहीको परिवारमा जन्मेर हुर्केका क. ओकेलान एक तीक्ष्ण बुद्धिका विद्यार्थी थिए, त्यसैले उनले अंकारा विश्वविद्यालयमा अध्ययन गर्ने अवसर पाएका थिए । उनले त्यहाँको राजनीतिक विज्ञान-विभागबाट यसै तीक्ष्ण बुद्धिका कारणले एउटा प्रतिष्ठापूर्ण "छात्रवृत्ति" पाएका थिए । पछि उनी त्यहाँबाट प्रशासनिक अधिकारीको रुपमा प्रशिक्षित भए ।*

*विश्व विद्यालयको अध्ययनकै क्रममा उनी वामपन्थी राजनीतितिर आकर्षित भए । उनी वामपन्थी विद्यार्थीहरुको एउटा भूमिगत संगठनको सम्पर्कमा रही क्रियाशील हुन थाले । त्यस विद्यार्थी संगठनमा अधिकांश विद्यार्थीहरु कुर्दहरू थिए । ती क्रान्तिकारी कुर्द विद्यार्थीहरू र पुराना कुर्द विद्रोहीहरुलाई समेटेर क. ओकेलानले २७ नोभेम्बर १९७८ मा पी.के.के. पार्टी गठन गरेका थिए ।*

*पी.के.के. पार्टीको संगठन, सञ्चालन र वर्तमानको सशस्त्र संघर्षको योजनाकार एवं निर्देशकको रुपमा चर्चित क. ओकेलानलाई पूँजीवादी अखबारहरु समेत "कुशल नेतृत्व दिने नेता" को रुपमा प्रशंसा गर्न बाध्य छन् । अमेरिकी साम्राज्यवादको प्रत्यक्ष सहयोगमा टर्कीको फाशिष्ट सरकारद्वारा सञ्चालित यस विशाल युद्धमा सिरियाको दमिश्कमा बसी उनी टर्कीको यो आन्दोलनको नेतृत्व गर्दछन् ।*

*पूँजीवादी अखबारहरू क. ओकेलानको स्वभाव "कोबरा सर्प"सँग मिल्दो जुल्दो छ भनी कठोर आलोचना गर्दछन् । साँच्चै भन्ने हो भने टर्कीको सरकारको लागि कोबरा सर्प नै सावित भइरहेका क. ओकेलान आज कुर्द जातिको स्वाभिमानले युक्त एउटा स्वतन्त्र कुर्दिस्तान प्राप्तिको सशस्त्र संघर्षको नायकको रुपमा स्थापित भइरहेका छन् ।* □

मृत्युको आंकडाले १५ हजार नाघिसकेको यस युद्धले अहिले दैनिक ३० जनाको भोग लिइरहेको छ । यस हिंस्रक युद्धमा कुर्दहरुले आफ्नो पक्षमा सफलता हासिल गर्न कति समय, कति वलिदान, तानाशाही सरकारका फौजहरुको कति हत्या जरुरी छ ? - यो यसै भन्न सकिदैन ।

युद्ध अहिले यति जोडतोडका साथ भइरहेको छ कि दक्षिण पूर्वी टर्कीको सर्वाधिक सुरक्षित सरकारी छाउनी दियार बाकिर शहरको स्वरुपलाई "टाइम" पत्रिकाले धेरै हदसम्म भियतनामको दानांग शहरसँगको दृष्यसँग तुलना गरेको छ, जुन दृष्य अमेरिकी साम्राज्यवादले भियतनामी जनतामाथि गरेको हिंस्रक र अमानवीय सैनिक आक्रमणको अन्तिम र सवैभन्दा संकटकालीन स्थितिमा देखिन्थ्यो ।

"टाइम" पत्रिकाका फ्रेडरिक प्यान्टनको रिपोर्ट अनुसार, शहरमा युद्धको कारणले बेघरबार भएका हजारौं शरणार्थीहरुको ठूलो भीड त छ नै, भूमिगत कुर्द कार्यकर्ता र एजेण्टहरुले पनि यस शहर भरिएको छ । हवाई अड्डामा "ह्यूई" र "ब्लाएक हक" प्रकारका लडाकू हेलिकप्टरहरुको गतिविधि तेज भएका छन् । दिन रात लडाकु बमवर्षक एफ ४ विमानहरुको आवत-जावतको स्वरले पनि शहरवासीलाई सुत्न दिइरहेको छैन । यी सबै लडाकु विमानहरु पहाडी इलाकामा बसेका संघषरत कुर्द छापामार दस्ताहरुका विरुद्ध तैनाथ गरिएका हुन् ।

कुर्द छापामारहरुका कारवाहीहरु पनि यस क्षेत्रमा यतिविधि बढेका छन् कि टर्कीको सेनाको २ लाख सैनिकले उनीहरुलाई पार लगाउन सकिरहेका छैनन् । यस असफलताबाट आहत भएर नै उनीहरुलाई सहयोग गर्न सरकारले नियमित सेनाका अनेकौं दस्ताहरुका अतिरिक्त, विशेष छापामार विरोधी दस्ताहरु पनि यहाँ तैनाथ गर्न थालिएका छ । गत वर्षको पुस महिनाको मध्यसम्ममा कुर्द छापामारहरुलाई उनीहरुका गोप्य अड्डाहरुबाट खोजेर जरैदेखि उखेलेर फ्याक्ने दुत्साहसी उद्देश्य बोकेर १० हजार विशेष-सैनिक पनि सरकारले यस दुर्गम क्षेत्रमा तैनाथ गरेको छ ।

सरकारी सेनाको परिचालन देख्दा पर्यवेक्षकहरुले यस युद्धलाई "सीमित गृहयुद्ध'" भनी दिएको संज्ञा अपूर्ण भएको भनेका छन् । प्रत्यक्ष युद्धले यसलाई समेट्न गाह्रो हुने स्थिति आएको छ । जे होस्, यस युद्धको घनत्व, विस्तार र फैलावट जति बढ्दो छ, कुर्द विद्रोहीहरुलाई नेतृत्व प्रदान गरिरहेको पी.के.के. का छापामारहरुले पनि दक्षिण-पूर्वी टर्कीको त्यस हृदय- प्रदेशबाट, २० वटा भन्दा बढी प्रान्तबाट टर्कीको फाशिष्ट शासन व्यवस्था उखेलेर फ्याक्नका लागि आफ्नो स्रोत, शक्ति र छापामारहरु केन्द्रित गरेको छ ।

पी.के.के. ले सरकारी आक्रमणको प्रतिरोध गर्न र नयाँ नयाँ आक्रमणहरु संचालन गर्न आफ्ना मानिसहरुलाई निर्देशित गरेको देखिन्छ । त्यसले आफ्नो ५ हजार भन्दा बढीको छापामार सैनिकलाई अत्यन्त चुस्त, अत्याधुनिक हतियार र उच्च प्रविधिले युक्त संचार-उपकरणले लैश गर्ने एवं लाखौं आफ्ना मिलिशियाहरुको परिचालन गर्ने काम थालेको छ । अर्कोतिर युरोपीय देशहरुमा टर्कीका सरकारी, अर्ध सरकारी र व्यापारिक केन्द्रहरुमाथि आक्रमण गराउने, टर्कीका पर्यटन केन्द्रहरुमाथि आक्रमण गरी सरकारको पर्यटन व्यवसायबाट हुने डलरको कमाइलाई चौपट गर्ने तथा सकेसम्म कुर्दहरुको वैधानिक संघर्षलाई संचालन गर्ने कार्य यसले थालेको छ ।

तेल उद्योगका लागि प्रशिद्ध कुर्दिस्तान क्षेत्र अहिले मूल युद्ध-थलोमा परिणत भएको छ, जसले गर्दा "मोबिल" सहित अनेक तेल कम्पनीहरु आ-आफ्नो कारोवार समेटेर भाग्न वाध्य भएका छन् । त्यसले टर्की सरकारद्वारा संचालित स्कूल तथा स्कूलका शिक्षकहरुलाई पी.के.के.ले "टर्की-साम्राज्यवादको प्रतीक मानेर" त्यसलाई जरोसहित फ्याँक्ने काम गरिरहेको छ भन्ने आरोप पनि पूँजीवादी अखवारहरुले लगाउन थालेका छन् ।

जे होस्, टर्कीको फाशिष्ट सरकार र पी.के.के. को नेतृत्वमा सञ्चालित कुर्द विद्रोहीहरुबीच टर्कीका बीसौं प्रान्तहरुमा भीषण युद्ध भइरहेको छ । अंकारा शहरबाट प्रकाशित हुने अंग्रेजी अखवार "बुटर्किश डेली न्यूज" का सम्पादक इल्नूर सविकले "कुर्दहरुको यस छापामार आन्दोलन टर्की शासनको लागि गंभीर खतरा" भनी मूल्यांकन गरेका छन् ।

## पी.के.के. पार्टीको शक्ति कति छ ?

*अन्तर्राष्ट्रिय समाचार-माध्यमहरूको प्रत्येक दिनको ताती समाचार भइरहेको सशस्त्र कुर्द विद्रोहको नेतृत्वकारी शक्ति पी.के.के. को शक्ति कति छ होला ? - यो धेरैको लागि जिज्ञासाको विषय नै हो ।*

*पी.के.के. का छापामारहरूले १९८४ को अगस्त १५ मा जब पहिलो पटक सिरियाली शिविरहरूबाट टर्कीको फाशिष्ट सरकारको बिरुद्ध सशस्त्र कारवाही ठूलो मात्रामा चलाए, तब उनीहरुसँग फगत स-साना मामुली खालका हतियारले लैश केही अप्रशिक्षित छापामारहरू मात्र थिए ।*

*तर त्यसको नेतृत्वमा, पूँजीवादी संचार साधनहरुको अनुमान अनुसार पनि, अहिले ५ हजारभन्दा बढी राम्ररी प्रशिक्षित छापामारहरू छन् । अझ आश्चर्यको कुरो त के हो भने, त्यस पार्टीसँग १ लाख ५० हजार मिलिशिया- साधारण छापामारहरू छन् । टर्कीका १ करोड २० लाख कुर्दहरु मध्ये २० लाख त यस पार्टीका समर्थक र कार्यकर्ताहरू छन् । आफ्ना छापामारहरूलाई पी.के.के. ले वाकीटकी, वायरलेश, रेडियो प्रसारण गर्ने साधन जस्ता सामग्रीहरूले सुसज्जित गरेको छ । यसको लागि आवश्यक लाखौं डलर जम्मा गर्न पनि यो सक्षम देखिएको छ ।*

*यस पार्टीका कार्यकर्ता, समर्थक र शुभेच्छुकहरू मध्यपूर्वका राष्ट्रहरूमा मात्र होइन, पश्चिमी युरोपको देशहरूमा पनि छ्यापछ्याप्ती छरिएर रहेका छन् । तिनीहरूबाट प्राप्त हुने सहयोग-राशिका अतिरिक्त त्यसले युरोपीय देशहरुमा कार्यरत कुर्द व्यापारीहरूबाट "क्रान्ति-कर" असूल गरी ठूलो धनराशि पनि जम्मा गरेको छ ।*

*पूँजीवादी अखबारहरू पी.के.के. माथि पनि पेरुको कम्युनिष्ट पार्टी, साइनिङ्गपाथलाई जस्तै मादक पदार्थको तश्करीको आरोप लगाउन पछि परेका छैनन् । उनीहरूका अनुसार, त्यसको करोडौं डलरको धनराशीको कमाईमा मादक द्रव्यको तश्करीको ठूलो योगदान छ । उनीहरूको अनुमान अनुसार, अफगानिस्तान, ईरान र लेवनानबाट टर्की भएर यूरोप पुग्ने कुल हिरोइनको ३० देखि ४०% सम्मको हिस्सा यसै पार्टीका कार्यकर्ता मार्फत् पुग्छन् ।*

*पूँजीवादी अखबारहरुको यो आरोप कुनै नयाँ र तुकपूर्ण देखिंदैन, बरु कुर्द जातिको स्वतन्त्रता पक्षधरहरुलाई यस कुर्द-विद्रोहबाट विमुख गर्ने नयाँ साम्राज्यवादी चालको रुपमा यो आरोप आएको देखिन्छ ।*

*तर, ती पूँजीवादी अखबारहरूले पी.के.के. को शक्ति कति छ भनेर लेखाजोखा गरेको कुरा रोचक छ । Time पत्रिकाका अनुसार पी.के.के. ले अब संसारकै सबैभन्दा खतरनाक "आतंकवादी" छापामार समूहको रुप धारण गर्दै छ र यो पनि अब समकालीन पेरुको कम्युनिष्ट पार्टी-साइनिङ्ग पाथ र कम्बोडियाको खमेररुज छापामार संगठन जस्तै बनीसकेको छ । टर्कीको फाशिष्ट सरकारको अमानवीय हिंसाको विरुद्ध हिंसा नै प्रयोग गर्नु आतंकवादी कार्य होइन भन्ने कुरामा दृढ पी.के.के. ले एकै पटक, एकै समयमा युरोपका ३० वटा शहरहरूमा टर्कीका सरकारी अधिकरीहरूमाथि छापामार आक्रमण संयोजित र संगठित गर्ने काम गरेको छ । यसबाट नै यसको शक्तिको र विस्तारको अनुमान गर्न सकिन्छ ।* □



सत्ता प्राप्त नभएसम्म कुर्द समस्याको न्यायोचित हल खोज्नु पर्दछ भनी वकालत गर्ने तथाकथित उदारवादी नव-प्रधानमन्त्री तान्सू शिल्र अहिले यसो भन्छिन् - "हामीले एउटा आतंकवादी आन्दोलनसँग झ्रामना गरिरहनु परेको छ, जुन निकै तेज गतिले सैनिक कारवाहीको स्वरुपमा फैलिरहेको छ । यसको उद्देश्य प्रजातन्त्रको स्थापना होइन, बरु देशलाई टुक्रा-टुक्रामा विभाजित गर्नु हो !"

कुर्द जातिमाथि भाषिक, जातीय, राजनीतिक दमन गर्दै, सम्पूर्ण टर्कीका जनतामाथि सैनिक दमन-उत्पीडन चलाउँदै आफ्नो फाशिष्ट शासन चलाइरहेको टर्कीको शासनमा सत्तासीन तान्सू शिल्लर स्वयं पनि अहिले टर्कीको सेना र अमेरिकी साम्राजयवाद नियन्त्रित नाटो (NATO) को छत्र छायाँमा टिकीरहेकी छिन् । जनतामाथिको दमन-उत्पीडन र आतंककै भरमा सत्तामा टिकीरहेकी प्रधान-मन्त्री शिल्लरले कुर्द विद्रोहलाई "आतंकवादी आन्दोलन" को संज्ञा दिनु साह्रै नै हास्यास्पद देखिन्छ । तर उनले "यस आतंकवादी" कुर्द आन्दोलनले तेजीका साथ सैनिक कारवाहीको स्वरुप लिएर फैलिइरहेको तथ्य स्वीकारेर पी.के.के. को कुर्द विद्रोहको फैलावटलाई पनि प्रत्यक्ष रुपमा स्वीकारेकी छिन् ।

यस "स्वीकारोक्ति" भित्र आफ्नो प्रभू-अमेरिकी साम्राज्यवाद र त्यसको सैनिक संगठन NATO लाई सैनिक सहयोग थप्न लगाउने दाऊ पनि लुकेको देखिन्छ । अमेरिका र NATO दुवै आफ्नो लागि रणनीतिक दृष्टिले अति महँत्वपूर्ण क्षेत्र-टर्कीको शासन व्यवस्थामाथि खडा भएको चुनौति र संकटदेखि दु:खित छन् र अत्याधुनिक हतियार, प्रशिक्षण र नीति निर्देशन दिन उनीहरु हतारीरहेका छन् ।

यता "सर्वहारा अन्तर्राष्ट्रवाद" को झण्डा सबैभन्दा अगाडि उठाउने वामपन्थीहरुमध्ये एउटा वामपन्थी छापामार समूह पी.के.के. ले युरोपभरि आफ्ना छापामार, समर्थक, सहयोगीहरुको जालो विछ्याएर अन्तर्राष्ट्रिय एकता, भाईचारा-सम्बन्ध र सहयोगको विस्तारको लागि केही त गरिरहेको छ, तर त्यो अपूर्ण देखिन्छ । त्यसले अन्तर्राष्ट्रिय सहयोग पाइरहेको टर्की सरकारविरुद्ध युद्ध गर्न इरान-इराक-सिरिया र आर्मिनियामा समेत आफ्नो संगठन विस्तार केही हदसम्म गरेको देखिन्छ, त्यहाँका जनताबाट सहयोग पनि पाईरहेको देखिन्छ । अझ पूँजीवादी संचार माध्यमहरु त इरान-इराक-सिरियादेखि लिएर यूनान र आर्मिनियाका सरकारले समेत पी.के.के. लाई गोप्य रुपले सहयोग गरिरहेको कुरा पनि उल्लेख गर्दछन्, तर त्यसमा सत्यता कति छ भनेर पुष्टि गर्ने जर्मको उनीहरुले गरिरहेका छैनन् ।

यसका अलावा पनि, विश्वभरि संघर्षरत वामपन्थी पार्टी, संगठन र कम्युनिष्ट कार्यकर्ताहरुको सहयोग, शुभेच्छा र समर्थन प्राप्त गर्नका लागि पी.के.के. ले आफ्नो बलबुतामा जति अन्तर्राष्ट्रिय भाइचारा-सम्बन्ध विस्तार गर्न सक्ने स्थिति छ, त्यति नगरिरहेको पो हो कि भन्ने देखिन्छ ।

यातना बाहेक केही नपाउने टर्कीमा दमन-अभियान यति तीव्र पारिएको छ कि - घर जलाउने, बच्चा-बच्ची, बूढा-बूढीलाई समेत मार्ने, महिलाहरुमाथि बलात्कार गर्ने, हवाई आक्रमण र वम वर्षा गरेर आतंकको राज्य खडा गर्ने काम शिल्लर सरकारले गरिरहेको छ । यसले छिमेकी देशमा शरणार्थी समस्या उत्पन्न भएको छ, टर्कीका विशेषत: दक्षिण पूवी शहरहरू विश्व युद्धताकाका शरणार्थी शिविरहरु जस्तै हुन थालेका छन् ।


टर्की सरकारको सैनिक दमनको प्रतिरोधमा व्यस्त पी.के.के.का कुर्द विद्रोहीहरुले पनि आफ्ना जनताको जीऊ ज्यान बचाउनेदेखि लिएर पूर्ण शक्ति लगाएर सैनिक व्यारेकहरूमाथि आक्रमण गर्न थालेका छन् । पर्यटन क्षेत्रमाथि बमवारी गर्ने, राजधानी इस्ताम्बुलमै सरकारी भवनहरूमा वम विस्फोट गराउने, सरकारी उद्योगहरूलाई ध्वस्त गर्ने जस्ता सरकारी आधारहरूलाई भत्काउने कार्य थालिएको छ, जसले गर्दा सरकारको पर्यटन व्यवसाय ध्वस्त भएको छ र त्यहाँबाट आम्दानी हुने २५% विदेशी मुद्राबाट त्यसले हात धुनु परेको छ ।

पी.के.के. का यस्ता आक्रामक-कारवाहीबाट आच्छुआच्छु भएको टर्कीको सरकारले युरोपीय देशहरूको सहयोग र समर्थनका लागि हात फैलाएको छ । तर तिनीहरूले ६ जना कुर्द सांसदहरूलाई कुर्द विद्रोहलाई सहयोग गरेको निहुँमा भर्खरै गिरफ्तार गरी मुद्दा चलाउने र मृत्युदण्डको सजाय दिने सरकारी दुष्प्रयासको "विरोध" गरिरहेका छन् र कुर्द समस्याको राजनीतिक समाधानको लागि "दवाव" दिइरहेका छन् ।

तर टर्कीको सरकार, जो कुर्द भाषाबाट शिक्षा लिने दिने, अखबार निकाल्ने जस्ता भाषिक अधिकारलाई समेत कुल्चेर बसिरहेको छ, जो कुर्दहरूलाई एउटा स्वतन्त्र जातिको रुपमा समेत स्वीकार्न तयार छैन, त्यसले यूरोपीय देशहरूले भने जस्तै कुर्द समस्यालाई राजनीतिक रुपमा सुल्झाउने प्रयत्न गर्ला भनेर विश्वास गर्ने कुनै आधार देखिँदैन ।

यसभन्दा पनि महत्वपूर्ण कुरा के हो भने, कुर्द विद्रोहीहरूलाई जरैदेखि उन्मूलन गर्ने दुस्प्रयासमा व्यस्त टर्कीका फाशिष्ट सेनाहरू नै टर्कीको सम्पूर्ण नीति-निर्माता र कृयान्वयनकर्ता हुन्, जनताले चुनेर पठाउने सांसदहरू त देखाउने दाँत मात्रै हुन्, सांसदहरूको बहुमतको आधारमा सरकार चलाउनेहरू त सैनिकहरूका ढोके-हुक्के मात्र हुन् । अत: टर्कीको नीति-निर्माता त्यहाँको सरकारी सेनाले कुर्द समस्या समाधान गर्न दमन-अभियान बाहेक, न्यायोचित राजनीतिक समाधान निकाल्ला भनेर कसरी विश्वास गर्न सकिन्छ र ?

तर यसैबीच, सरकारले विद्रोह-दमनको अभियान सँग-सँगै, कुर्दहरूका लागि सीमित राजनतिक एवं सामाजिक उत्थानको कार्यक्रम पनि शुरु गर्ने नयाँ चालवाजी चाल्न थालेको देखिन्छ । तर यसले "कुर्दिस्तान" राष्ट्रको तिर्खालाई झन् बढाउने जस्तो परिणाम मात्रै निकाल्ने देखिन्छ । प्यालेष्टिनी समस्याको न्यायोचित समाधान हुन थालेपछि कुर्दहरूको लागि पनि स्वतन्त्र, स्वायत्तशासी कुर्दिस्तानको निर्माण गर्ने उपाय नै राजनीतिक समाधान पो हो भनेर प्रस्तावको रुपमा अगाडि ल्याउने प्रयास मध्यपन्थीहरूले गरिरहेको संकेत मिलेको छ । यस उपायले स्वतन्त्र कुर्दिस्तान राष्ट्रको निर्माणको कामलाई एक पाइला अघि बढाउने कार्य निश्चित रुपमा गर्नेछ ।



टर्की- सेनाको खेदोमा परेर कुर्दहरू इराक-टर्की सीमामा यसरी बसिरहेका छन् !

## कुर्द विद्रोहले १० बर्ष नाघेपछि

टर्कीका सैनिकहरु र अमेरिकी साम्राज्यवादको आड-भरोसामा टर्कीको फाशिष्ट शासन सत्तामा अर्को फाशिष्ट प्रधानमन्त्रीको रुपमा जून १९९३ मा तान्सू शिल्लर आसीन भएपछि कुर्द विद्रोहीहरु र सरकारी सेनावीचको भीडन्तमा ठूलो मात्रामा वृद्धि भएको छ । सरकारले २ लाख ५० हजार भन्दा बढी सेना, प्रहरी, विशेष छापामार विरोधी-डफ्फा त्यस क्षेत्रमा खटाउने र त्यस क्षेत्रकै हत्याराहरुलाई पैसा र हतियार दिलाई "कम घनीभूत युद्ध" संचालन गर्ने गर्न थालेको छ ।

यसैको परिणामस्वरुप १९९४ को जनवरीदेखि यतासम्म मात्रै २६ सय मानिसको हत्या भएको छ भनिन्छ । मानव अधिकारको नाममा जनताले

**– राजेन्द्र महर्जन**

# फिलिपिन्सको कम्युनिष्ट आन्दोलनकी वीराङ्गना

## मारिया लोरेनो बारेस

**"तपाईले आफ्नो कठीन परिस्थितिको**
**प्रथम क्षणलाई पार गरिसक्नु भएको छ,**
**यो कुरा मलाई संझना छ**
**कमरेड, प्रिय साथी**
**मलाई सिकाइ दिनुस्**
**कसरी म त्यसलाई पार गरुँ ?"**

**यो** कविता फिलिपिन्सको कम्युनिष्ट आन्दोलनकी वीराङ्गाना कमरेड मारिया लोरेनो बारेसले आफ्नो जीवनको अन्तिम घडीमा, उहाँको हत्या हुनुभन्दा केही समय अगाडि लेख्नु भएको हो ।

आफ्नो जीवनको अन्तिम घडीसम्म पनि फिलिपिन्सको फाशिष्ट सरकारसँग डटेर लडिरहने कमरेड लोरी अहिले हामीबीच हुनुहुन्न । तर उहाँको संघर्षशील जीवनका पानाहरू सर्वत्र छरिएर रहेका छन् ।

फिलिपिन्सको राजधानी-मनिला शहरको मध्यम वर्गीय परिवारमा हुर्केकी क. मारिया लोरेनो बारेस, (छोटकरीमा लोरी) ले फिलिपिन्सको विश्व विद्यालयबाट उच्च डिग्री हासिल गर्नु भएको थियो । यो विश्व विद्यालय एशियाको लागि अमेरिकी सरकरले खोलीदिएको सांस्कृतिक केन्द्र थियो । तर फिलिपिन्समा सर्वहारा वर्गको राजनीतिले बलियोसँग जरो गाडिसकेको हुनाले यस्ता अमेरिकी केन्द्रहरूबाट पनि सर्वहारा वर्गका उदाहरणीय कार्यकर्ताहरू उत्पादन संभव हुन सक्यो ।

विश्व विद्यालयबाट स्नातक डिग्री हासिल गरी सकेपछि कमरेड लोरीले त्यहीं नै मानव विज्ञान विषयमा अध्यापन गर्नु भयो । १९६० र १९७० को दशकमा यो केन्द्र वामपन्थी विद्यार्थी आन्दोलनको पनि केन्द्र बनेको थियो । त्यसैले १९७२ मा फिलिपिन्सको प्रतिक्रियावादी सरकारले मार्शल ल (सैनिक कानून) लागू गरेपछि क. लोरी सहित सयौं प्राध्यापक र विद्यार्थीहरू भूमिगत हुन बाध्य भए ।

तानाशाह मार्कोसको प्रतिक्रियावादी सरकारको दमनको कारणले गर्दा, कुनै कार्यकर्ता पार्टी सम्पर्कको लागि शहरमै भूमिगत रुपमा बसे, कोही त मार्शल ल घोषणा हुनुभन्दा अगावै गिरफ्तार भइसकेका थिए । भूमिगत भएकाहरु मध्ये कोही मनिलामै बसेर खुला रुपमा कार्यरत कार्यकर्ताहरूसँग सक्रीय सम्पर्क राखेर पार्टी-साहित्य प्रकाशन गर्ने काममा संलग्न भए भने कोही टाढा-टाढाका गाउँहरूमा खटिएर गए । क. लोरीले भने अन्तिम बाटो अप्नाउनु भयो । अर्थात् उहाँ दुर्गम गाउँतिर पस्नु भयो ।

कलेज-क्याम्पसमा बसेर क्रान्तिकारी नारा लगाउनु, विद्यार्थीहरूलाई संगठित र प्रशिक्षित गर्नु र गाउँमा किसानहरूसँग बसेर काम गर्नुमा धेरै फरक छ । क. लोरी केन्द्रमा बस्दा फोहरबीच फुलेको कमलको फूल झैं स्वच्छ भएर कार्यरत रहनु भयो र, गाउँतिर पनि आफ्नो स्वच्छताको कठोर परीक्षा गर्नु भयो । उहाँले नराम्रो शिक्षा केन्द्रबाट स्नातक भइकन पनि त्यहाँका विद्यार्थीहरुलाई ठीक ढंगले राजनीतिक ज्ञान दिने, क्रान्तिप्रति समर्पित भएर, आवश्यक बेलामा मनिला शहरको मायालाई पनि चटक्कै बिर्सेर, आफ्ना सबै व्यक्तिगत इच्छा-आकांक्षा त्यागेर गाउँतिर काम गर्न थाल्नु भयो । गाउँको कठोर स्थितिमा पनि सफलतापूर्वक काम गर्न सक्नुले उहाँको क्रान्तिप्रतिको त्याग, तपस्या, लगनशीलता र साहसको परिचय राम्ररी नै दिएको छ ।

> १९७३ मा क. लोरीलाई सरोसगन प्रान्तमा अचानक गिरफ्तार गरियो । त्यसबेला उहाँ दुई जीउकी हुनुहुन्थ्यो । तर प्रतिक्रियावादी कुकुरहरूले उहाँलाई अति नै कठोर यातना दिए, जसले गर्दा उहाँको गर्भपतन भयो ।

गाउँमा कठोर संघर्ष गर्नलाई सादा जीवन व्यवहारिक थियो । मनिला र गाउँ-गाउँमा केराको भण्डार नै थियो । एक पटक एक जना कमरेडले केराको बोक्रा मात्रै खाएर पनि धेरै दिनसम्म बाँचेको संस्मरण लेखेका थिए । कमरेड लोरी यस्ता गाह्रो-साँगुरो, भोक-प्यास आदि केहीबाट पनि डराउनु भएन । त्यसैले नै उहाँको हत्या गर्न गएका शत्रुहरूले समेत उहाँको बारेमा यसरी भन्न बाध्य भए- **"उनी साँच्चिकै बहादुर महिला हुन् ।"**

पूँजीवादी पत्रिकाहरूले घोषणा गरे- **"उनी भूमिगत आन्दोलनकी वीरांगना हुन् ।"**

साँच्चै, कमरेड लोरी अर्थात् मारिया लोरेनो बारेस फिलिपिन्सको क्रान्तिमा जन्मेकी एउटी नयाँ उदाहरणीय महिला हुनुहुन्थ्यो ।

**गा**उँमा जाँदा क्रान्तिकारीहरूभित्र रहेका पूँजीवादी चिन्तनहरूलाई कसरी क्रान्ति अनुकूल फेर्ने भन्ने सम्बन्धमा फिलिपिन्स विश्व विद्यालयका प्राध्यापक इमानुयल नोको बानले एउटा दार्शनिक कविता लेख्नु भएको थियो । पछि उहाँ पनि गाउँमै नयाँ क्रान्तिकारी जीवन जीउन गाउँतिर पस्नु भएको थियो ।

**"चालीस वटा पहाड र सयौं नदीलाई जोत्ने, बीउ छर्ने, बाली काट्ने काममा जन-समुदाय नै मार्गदर्शक शिक्षक हो, दर्जनौ भाषा र भाषिकाले हाम्रो विदेशी भाषाको माध्यमलाई होच्याई दिएका छन् !"**

कमरेड लोरी आफूलाई बाटो देखाईदिने शिक्षकसँग राम्ररी नै परिचित हुनुहुन्थ्यो, अतः उहाँ पनि त्यही क्रान्तिकारी बाटोमा लाग्नु भएको थियो ।

उहाँका श्रीमान् त्यही विश्व विद्यालयका प्राध्यापक थिए । उनी कम्युनिष्ट पार्टीका उच्चस्तरका कार्यकर्ता पनि थिए । तर भूमिगत जीवनको गाह्रो साँगुरोपन र क्रान्तिदेखि डराएर उनले तानाशाही सरकारसमक्ष आत्मसमर्पण गरेर जनताको क्रान्तिप्रति गद्दारी गरे ।

हुन त त्यसबेला उनीबाट कमरेड लोरीको एउटा बच्चा भईसकेको थियो । तापनि पार्टी र जनताको पक्ष लिएर क. लोरीले त्यस गद्दारसँग पारपाचुके गर्नु भयो ।

१९७३ मा क. लोरीलाई सरोसगन प्रान्तमा अचानक गिरफ्तार गरियो । त्यसबेला उहाँ दुई जीउकी हुनुहुन्थ्यो । तर प्रतिक्रियावादी कुकुरहरूले उहाँलाई अति नै कठोर यातना दिए, जसले गर्दा उहाँको गर्भपतन भयो । त्यसपछि उहाँलाई एउटा यातना शिविरमा लगेर राखियो ।

तर केही समयपछि नै उहाँ र उहाँका अन्य तीन जना महिला कमरेडहरू दुश्मनको हातबाट भाग्न सफल हुनुभयो । फेरि जनताकै बीचमा काम गर्न पस्नुभयो । पार्टीले उहाँलाई लगुना क्विजोन प्रान्तको सचिवमा चुन्यो ।

१९७४ को डिसेम्बरको शुरुमै तानाशाही सरकारका गुप्तचरहरूले उहाँ गाउँमा भूमिगत रहनु भएको तथ्य पत्ता लगाए । तर कत्ति खोज्दा पनि उहाँलाई उनीहरूले फेला पार्न सकेनन् । १९७४ को अन्ततिर ती व्याधाहरूले थुप्रै नै क्रान्तिकारीहरूलाई विभिन्न छलकपट र षडयन्त्रको जालो बुनेर गिरफ्तार गर्ने अभियान चलाए । यस अभियानको सफलताको कारण के थियो भने अमेरिकी साम्राज्यवादको पाल्तु कुकुर मार्कोसको तानाशाही सरकारबाट सैनिक प्रहरी र गुप्तचरहरूलाई लोभ्याउन थरी थरीका प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिएको थियो । यसै क्रममा

*उनी ढोकामा देखिनासाथ हामीले गोली हान्न थाल्यौं । उनी ढलिन्, फेरि उठिन्, फेरि ढलिन्, फेरि उठिन् ...... । पछि उनी यसरी ढलिन्, कि उठ्नै सकिनन् । त्यसपछि पनि हामीले ५ मिनेटसम्म गोली बर्साइरह्यौं ।*

मार्कोसको हातबाट विशिष्ट जुनियर अफिसरको पदवी प्राप्त गर्न सफल लेफ्टिनेन्ट जोसेफ मालिले क. लोरीलाई गिरफ्तार गर्न अनेकौं षडयन्त्रको जालो बुन्यो ।

तानाशाह मार्कोसको व्याधा-जोसेफ मालिले क. लोरीको गाउँ-ठाउँ पत्ता लगाउन एक जना भ्रष्ट किसानलाई समात्यो र त्यसलाई लोभ्याई तर्साई धम्क्याई क. लोरीको ठेगाना पत्ता लगाउन ऊ सफल भयो । उसको नेतृत्वमा रहेको मार्कोसको प्रतिक्रियावादी सेनाले कसरी क. लोरीलाई गिरफ्तार गर्ने अभियान चलायो र अन्ततः उहाँको निर्मम हत्या गऱ्यो ?

यसको जवाफमा जोसेफ मालिले आफ्नो "पुरुषार्थ" को वर्णन गर्दै भनेको थियो- **"हामी राती १० बजेदेखि बिहान ५ बजेसम्म पैदल हिंड्दै गयौं । फौजका एक जना जवानलाई पठाएर मैले उनीहरूको बाटो रोक्न पठाएँ ! अर्को एक जना जवानलाई उनीहरू बसिरहेको घरको वरिपरि M-16 (एउटा रासायनिक पदार्थ) छर्न पठाएँ । उनी ढोकामा देखिनासाथ हामीले गोली हान्न थाल्यौं । उनी ढलिन्, फेरि उठिन्, फेरि ढलिन्, फेरि उठिन् ...... । पछि उनी यसरी ढलिन्, कि उठ्नै सकिनन् । त्यसपछि पनि हामीले ५ मिनेटसम्म गोली बर्साइरह्यौं । अन्तमा थाहा भयो- शिरमा लागेको गोलीको कारणले उनको मृत्यु भएको रहेछ ।"**

क. लोरीलाई ६ वटा गोली लागेको थियो । त्यस घरमा सेनाले घेरा हाल्नु अघि उहाँ अन्य तीन जना कमरेडहरूसँग कुराकानी गरिरहनु भएको थियो । सेनाले घेरेको सुईंको पाएपछि उहाँले आफू एक्लै मात्र सेनासँग भिडी अन्य कमरेडहरूलाई सेनाको हातबाट फुत्काई जनताबीच पुग्ने मौका प्रदान गर्नु भयो । अत्यन्त आश्चर्यको कुरा के भने, चारैतिरबाट घेरेर बसेका सेनाका जवानहरूलाई छलेर ती तीन जना कमरेडहरू भाग्न सफल भए र सेना हेरेको हेऱ्यै भयो ।

आफ्ना कमरेडहरूसँग छुट्टिनुभन्दा केही समय अगाडि क. लोरीले ती कमरेडहरूलाई भन्नुभयो-

**"मेरो छोरो त्यस गद्दार (आफ्नो पुरानो श्रीमान्) को हातमा नपरोस्, हैं ।"**

आफ्नो मृत्यु नजिक आएको देखेर क. लोरी आफ्ना कमरेडहरू, आफ्नो छोरा र क्रान्तिप्रति बढी चिन्तित हुनुभएको थियो, आफ्नो ज्यानप्रति होइन । त्यसैले आफ्नो जीउ ज्यानको परवाह नगरी वहाँले आफ्ना कमरेडहरूलाई बचाउनु भयो र आफू चाँहि सैनिक हत्याराहरूको हातबाट मर्नु भयो ! मृत्युपछि उहाँको लाशलाई मनिला लगियो । त्यहाँको फिलिपिन्स विश्वविद्यालयको गिरिजा घरमा उहाँको लाश राखियो । मार्कोसको "मार्शल ल" को दमनदेखि अलिकति पनि भयभीत नभएका त्यहाँका हजारौं-हजार विद्यार्थी, कर्मचारी र जनताले क. लोरीप्रति अन्तिम श्रद्धाञ्जलि प्रकट गरे !

क. लोरीप्रति अन्तिम श्रद्धाञ्जलि दिन उम्लेको जनताको विशाल भीड देखेर आश्चर्य चकित

## क. लोरीले आफू एक्लै सेनासँग भिडेर अन्य सहयोद्धा कामरेडहरूलाई बचाउनु भएको थियो ।



क. बारेसका यस्ता युवा सहयोद्धाहरू फिलिपिन्स क.पा. को झण्डामुनि क्रियाशील छन् ।

भएका प्रतिक्रियावादीहरूले भयाक्रान्त भएर यसरी भन्दै हिंडेको सुनियो- **"क्रान्तिकारी आन्दोलन सफल भएको भए उनी साच्चै नै शहीद हुने रहिछन् ।"**

क्रान्तिकारी आन्दोलन सफल भए पनि, नभए पनि उहाँ साँच्चैको क्रान्तिकारी शहीद हुनु हुन्थ्यो । उहाँ साँच्चै नै सक्रिय र समर्पित क्रान्तिकारी हुनुहुन्थ्यो ।

**यो एउटा मार्क्सवादी पार्टी हो, मार्क्सवाद-लेनिनवादको सर्वोच्च रुप माओत्सेतुङ्ग विचार यसको कण-कणमा घुसेको छ ।**

**आ**फ्नो पहिलेको श्रीमान्ले पार्टी र क्रान्तिप्रति गद्दारी गरेपछि उहाँले त्यससँग पारपाचुके गरेर अन्य एक जना कम्युनिष्ट क्रान्तिकारीसँग विहे गर्नु भएको थियो । यो विवाह पनि धेरै दिनसम्म टिक्न सकेन । अर्थात् तानाशाह मार्कोसका हत्यारा सेनाले उहाँहरूलाई कहिले पनि मिल्न नपाउने गरी विछोड गराई दियो । क. लोरीका पछिल्ला श्रीमान्लाई सरकारले हत्या गरिदिएको थियो ।

उहाँले क. लोरीभन्दा केही महिना अगाडि मात्रै शहादत प्राप्त गर्नु भएको थियो । उहाँकै स्मृतिमा क. लोरीले यसरी आफ्ना भावनाहरू अभिव्यक्त गर्नु भएको थियो -

**"हिजो मैले एक जना बूढा बासँग कुरा गरें**
**उहाँको बोली- बचन तपाई कै जस्तो छ**
**त्यतिकै रुचिकर र चम्किलो छ**
**जसमा यस्तो सतर्कता लुकेको छ**
**मानौं, त्यसले इन्द्रेणीका प्रत्येक रंगहरूलाई**
**एक एक गरी छुट्याइदिन सक्छ**
**उहाँले धैर्यको कुरा गर्नु भयो**
**उहाँका आँखाहरूबाट**
**वेदनाका रसहरू चुहिरहेका छन्**
**तपाईले आफ्ना कठीन परिस्थितिहरूका**
**प्रथम क्षणहरू पार गरिसक्नु भएको छ**
**तपाईले हाँस्नु भएको देखेर**
**यी सब मलाई संझना हुन्छ**
**कमरेड, मरो प्रिय साथी**
**मलाई सिकाई दिनुस्**
**कसरी म त्यसलाई पार गरुँ ?"**

**आ**फ्नो जीवनको कठीन परिस्थितिमा क. लोरीले पनि आफ्ना श्रीमानले जस्तै, आफ्ना सयौं कमरेडहरूले जस्तै शहादत प्राप्त गर्नु भयो । क. लोरी लगायत अन्य सैयौं कमरेडहरूको शहादत प्राप्तिले फिलिपिन्सको कम्युनिष्ट पार्टीलाई निश्चित रुपमै घाटा लाग्यो । तर यो घाटा पूर्ति गर्ने काममा कम्युनिष्ट पार्टीले कुनै ढीला सुस्ती र असचेतनता देखाएन । पूँजीवादी पत्रिकाहरूका अनुसार, फिलिपिन्सको कम्युनिष्ट पार्टी विकेन्द्रित छ, यसले आफ्ना शहीद कार्यकर्ताहरू र जेल परेका साथीहरूको ठाउँ सजिलैसँग भर्न सक्छ !

यसरी पार्टीलाई विस्तृत बनाउन त्यस पार्टीले नयाँ-नयाँ उत्तराधिकारीहरू जन्माउन सक्नुको रहश्य के हो त ?

यसको रहश्य हो- यो एउटा मार्क्सवादी पार्टी हो, मार्क्सवाद-लेनिनवादको सर्वोच्च रुप माओत्सेतुङ्ग विचार यसको कण-कणमा घुसेको छ ।

त्यसैले पूँजीवादी पत्रिकाहरू लेख्छन्- **"फिलिपिन्सको कम्युनिष्ट पार्टीले आफ्ना आधार इलाकाहरू बनाउन माओ त्से तुङ्गको सिद्धान्तलाई प्रयोग गरिरहेको छ ।"**

**"वर्तमान विद्रोहको यस धार निरन्तर अगाडि बढिरहेको छ, किनकि फिलिपिन्स कम्युनिष्ट पार्टीले आफ्नो मजबूत मार्क्सवादलाई प्रयोग गर्न छोडेको छैन ।"**

साँच्चै, तिनीहरू नै वास्तविक कम्युनिष्ट हुन्, जसले जनताको सेवा गर्दछन्, तिनीहरूको पार्टी नै वास्तविक कम्युनिष्ट पार्टी हो, जसले मार्क्सवादलाई देश-काल-परिस्थिति अनुसार क्रान्तिका लागि राम्ररी प्रयोग गर्दछ । त्यसैले फिलिपिन्सको एउटा क्रान्तिकारी गीतका गेडा-गेडाहरूले भन्छन्-

**"कम्युनिष्ट हौ हामी**
**मानिसहरूले जस्तै जीवन जीउँछौं ।**
**आज विश्वमा साँच्चै नै जनताको सेवामा**
**खट्ने मानिस हुन कम्युनिष्ट हुनै पर्छ !"**

र यसरी नै, यही भावनालाई आत्मसात गरी शाहदत प्राप्त गर्नु भएकी फिलिपिन्सको कम्युनिष्ट आन्दोलनकी वीरांगना क. मारिया लोरिनो बारेस-**अलविदा,**

**लाल सलाम !**

**- श्रीलक्ष्मी श्रेष्ठ**

*(Far Eastern Economic Review मा प्रकाशित रिपोर्टको आधारमा लिखित, इनाप साप्ताहिकमा प्रकाशित लेखबाट साभार)*

# "गद्दारी" को लागि अरु पनि तयार छन् भीमबहादुर श्रेष्ठहरू

**चन्द्रदेव नेपाली**

गत भाद्र ९ गते नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) का केन्द्रिय सदस्य तथा चितवन जिल्लाबाट चुनिएका सांसद भीमबहादुर श्रेष्ठ विनाशर्त नेपाली कांग्रेसमा प्रवेश गरे। उनीसँगै १०२७ जना अरु कार्यकर्ताहरू पनि काँग्रेस प्रवेश गरेको ठूलो प्रचार प्रसार सरकारी रेडियो, टेलिभिजनले समेत गरे। घोर अवसरवादी र धूर्त सावित काँग्रेसी अध्यक्ष कृष्णप्रसाद भट्टराई र राष्ट्रघात, जनघात एवं पार्टी अन्तरघातका लागि कुख्यात कांग्रेसी प्रधानमन्त्री गिरिजा कोइराला समेतको उपस्थितिमा आयोजित एक समारोहमा भीमबहादुर श्रेष्ठले कम्युनिष्टहरूको ठूलो आलोचना र विरोध गरे र नेपाली कांग्रेसको पक्षमा नांगो स्तुति गान गरे।

जनद्रोही गिरिजा सरकारको कारण र पार्टीभित्रको गाईजात्रे स्थितिका कारण जनतामा बदनाम हुँदै गएको नेपाली कांग्रेस पार्टीमा के कुनै ठूलो सैद्धान्तिक, सांस्कृतिक आकर्षण देखेर नै भीमबहादुरहरू यसमा पसेका हुन् त? के उनले भने जस्तै नेपाली कम्युनिष्टहरूले अब मुलुकको भविष्य थाम्न नसक्ने नै हुन् त?

यी दुई प्रश्नको जवाफ प्रष्ट नै छ।

भीमबहादुरले देखे- अब चितवन जिल्लामा उनले अरु वामपन्थीहरूको सहयोगमा पुनः सांसद हुने मौका पाउने छैनन्। किनभने, उनको पार्टीको पकड त्यस जिल्लामा हिजोभन्दा धेरै खस्किसकेको थियो, र उनको पार्टीले लिएको "गोर्वाचोभको ग्लास्तनोष्त र पेरेस्त्रोइका त ठीकै कुरा थिए तर यिनको कार्यान्वयन पक्ष मात्र गलत थियो" भन्ने प्रकारको तावेदारवादी विश्लेषण र यस तावेदारवादसँगसँगै यसभित्र जन्मिएको दक्षिणपन्थी नीति र व्यवहारका कारण जनतामा यस पार्टीप्रतिको जनआस्था घटेर समेत गएको थियो। यस स्थितिमा कम्युनिष्टहरूले अब उनलाई अर्को पल्ट पनि चुनावमा उठाउने संभावना थिएन- यसै कुरालाई उनले अर्को भाषामा यसरी भनेका मात्र हुन्- "अब कम्युनिष्टले भविष्य थाम्न सक्दैनन्।" वास्तवमा कुरोको चुरो थियो- अब भविष्यमा कम्युनिष्टले भीमबहादुरलाई टिकट दिन्नन्।

सबैभन्दा बदनाम गिरिजा गुटलाई यो ठूलो बद्नामीकै बेला यसरी साथ दिंदा नै काँग्रेसीहरूबाट स्यावासी ज्यादा पाइने हुनाले यो अवसर छोपेर उनी कांग्रेसमा पसेका हुन्। "म व्यक्तिगत लाभको लागि ने.का. मा प्रवेश गरेको हैन" भन्ने उनको दावी त फगत एउटा खोक्रो वकवास मात्र हो।

केही दिन अघिसम्म भीमबहादुर कम्युनिष्ट पार्टीमा हुँदा र आज उनी त्यसबाट पर हट्दा नेपाली कम्युनिष्ट आन्दोलनमा त्यस्तो कुनै फेरबदल आएको छैन र यसबाट दिक्क मान्नु पर्ने कुनै कारण थपिएको छैन। बरु नेपाली कम्युनिष्ट आन्दोलन अनुभवले खारिंदै गएको मात्र छ। त्यसै गरी ने.का. मा पनि त्यस्तो कुनै उल्लेखनीय आकर्षण थपिएको छैन, बरु यसका मुखमा जनद्रोह र राष्ट्रद्रोहका काला ताजा धब्बाहरू मात्र थपिएका छन्। यस स्थितिमा भीमबहादुरले कम्युनिष्टलाई गरेको गाली र काँग्रेसलाई गरेको प्रशंसामा स्वार्थबाहेक अरु थोक हुन सक्छ भनी भन्न सकिने ठाउँ नै छैन।

> के छ दोष हामीमा, जसले गर्दा भीमबहादुर प्रवृत्ति वाम आन्दोलनभित्र सजिलै छिर्छ, मौलाउँछ र ऐजन मौकामा गद्दारी गरेर निक्लन्छ ?



भीमबहादुर श्रेष्ठ मात्र हैनन्, नेपाली कम्युनिष्ट आन्दोलनबाट अरु पनि थुप्रै मानिसहरू प्रतिक्रियावादी खेमामा पलायन भएका छन्। नयाँ मुसलमानले बढी प्याज खान्छ भने भैं विग्रीएर अन्यत्र हाम्फालेका यी पूर्व वामपन्थीहरू मध्ये धेरैले आफूलाई घोर जनघाती क्याम्पका उत्ताउला प्रवक्ता नै बनाएका छन्। आज एउटा इमान्दार काँग्रेसीले समेत गिरिजा पक्षको वकालत गर्ने हालत छैन। तर रातारात काँग्रेस बनेका भीमबहादुरहरू भने गिरिजाको पक्षमा आँखा चिम्लेर प्रशंसा गर्दैछन्। जसरी पूर्व कम्युनिष्ट नव काँग्रेसी केशरमणि पोखरेल र हिक्मतसिंह भण्डारीहरू आज नेपालमा "कम्युनिष्ट चाँडै ढल्ने" मन्त्र जपिरहेछन्, त्यसरी नै भीमबहादुरहरुले अब ऐलान गर्नेछन्- कम्युनिष्ट भनेका तानाशाह हुन्, कम्युनिष्ट भनेका उग्रवादी हुन्, उनीहरू विकास विरोधी हुन्।

काँग्रेसभित्र बढी से बढी अवसर र फाइदा धुत्नका लागि कम्युनिष्टलाई सत्तो सराप गर्नु र संगठनभित्रका गोप्यताहरू खोल्नु उनीहरूको निम्ति सर्वश्रेष्ठ उपाय भएको छ।

हो, निश्चितै रुपमा व्यक्तिमा कुनै समयमा कुनै पनि पार्टीप्रति खास खास कारणले अनास्था पैदा हुन पनि संभव छ। यस्तो हुँदा पनि के कुरा निश्चित छ भने ऊ घोर प्रतिकृयावादी चाहिं बनीहाल्दैन। साम्यवादी बाटोकै विरोधी चाहिं बनीहाल्दैन। यो समाजमा सत्य र न्याययुक्त समाज निर्माण गर्ने ध्येयबाट साँच्चै अभिप्रेरित भएर कम्युनिष्ट आन्दोलनमा लागेको मानिस छ भने ऊ कसरी रातारात असत्य र अन्यायको रक्षा गर्ने सिद्धान्त र व्यवहार भएको पार्टीमा हाम्फाल्न तयार हुन्छ? ऊ निष्क्रिय हुन सक्छ, विद्यमान दोषहरूको कटु आलोचक हुन सक्छ वा आन्दोलनभित्रै समस्याको गाँठो फुकाउन कुनै सर्वथा नौलो बाटोको खोजीतिर ऊ लाग्न सक्छ। तर, ऊ गिरिजा गुट जस्तो जनघाती र राष्ट्रघाती गुटमा कसरी प्रवेश गर्न सक्छ? के कुनै साधन बेठीक ठहरिएमा ठीक साधन खोज्नुको साटो सर्वश्रेष्ठ ठहरिएको साध्य नै छोड्नु जरुरी हुन्छ र? आफ्नो पार्टीले सत्य र न्यायको पक्षमा काम गर्न नसकेको हुन सक्छ। त्यस्तो भन्दैमा के अब समाजमा सत्य र न्यायको काम गर्नु पर्ने अवस्था नै खत्तम भएको हो त?

- यो त झन विल्कूलै साँचो कुरा हैन। समाजमा असत्य र अन्यायको विगविगी अहिले पनि बढीरहेछ। गरीखाने इमान्दार मानिसहरु अहिले पनि देशमा लुटिएका छन्, बसीखाने शोषक वर्ग अहिले पनि देशमा मोटाईरहेछ।

त्यसैले, हिजोभन्दा झन् ज्यादा आज सत्य र न्यायको पक्षमा आन्दोलनलाई अगाडि बढाउनु जरुरी छ। यस स्थितिमा, संभव छ- कम्युनिष्ट आन्दोलनभित्र कतिपय कमीकमजोरीहरू पनि होलान्। ती कमी कमजोरीहरूलाई हटाउन र घटाउनतिर लाग्नु नै प्रत्येक सत्य र न्यायको पक्षधर मानिसको प्रमुख कर्तव्य हो। तर कमी कमजोरीलाई नै ढाल बनाएर आन्दोलनबाटै भाग्ने, त्यसमाथि घात गर्ने र गद्दारी गर्ने जुन काम भीमबहादुरहरूले गरे, त्यसबाट थाहा हुन्छ- वास्तवमा भीमबहादुरहरू "कम्युनिष्टले भविष्य थाम्न नसक्ने" देखेर वा "कांग्रेसले देशै झिलीमिली पारि दिने" संभावना देखेर गिरिजा गुटको फोहर कुण्डमा हाम्फालेका छैनन्। उनीहरू सोझै व्यक्तिगत लाभ र लोभका शिकार भएर नै त्यसरी पतीत भएका

हुन् ।

व्यक्तिगत लोभ र लाभका लागि समाजको हितलाई लात मारेर गएका यी नयाँ पुराना "भीमबहादुर" हरू त्यहाँ गएपछि प्रतिकृयावादीहरूका सबैभन्दा बफादार "कुकुर" बन्ने गरेका छन् । भू.पू. कम्युनिष्ट कमलराज रेग्मी २०४६ सालको जनआन्दोलनको केही महीनाअघि मात्रसम्म पनि भ्रष्ट पञ्चायती व्यवस्थाको पक्षमा दार्शनिक व्याख्या गर्ने "व्याख्याकार" बन्न पुगेको कुरा यसको एउटा सानो उदाहरण हो । हालै संचार क्षेत्रमा प्रवेश पाएका केही "युवा गद्दारहरू" ले गिरिजाको पक्षमा धूर्तता र कुतर्कको आडमा गर्ने गरेका निर्लज्ज-प्रचार कार्यहरू यस्तै अर्को उदाहरणहरू हुन् । यी सबै नयाँ काँग्रेस बनेका "चैते" हरू काँग्रेस पार्टीमै रहेका पुराना र सिद्धान्तनिष्ट काँग्रेहरूकै विरुद्व समेत खडा छन् । यिनलाई चाहिएको अब चुनावी टिकट, पद र पैसा मात्र हो । यी कुरा पाउनका लागि यिनीहरू जति नै ठूला जनघात र राष्ट्रघातको पक्षमा उत्रिन पनि तयार हुन्छन् ।

भीमबहादुरको गद्दारीको घटना कुनै एक्लोदुक्लो घटना होइन । यो एउटा प्रवृत्ति हो । हामीले नियालेर हेर्न जरुरी छ- किन भीमबहादुर प्रवृत्ति नेपालको वाम आन्दोलनमा बारम्बार टाउको उठाइरहेछ ? केशरजंग, डि.पी. अधिकारी, कमलराज रेग्मीको गद्दारीदेखि भीमबहादुरसम्मको गद्दारी प्रकरणलाई हामीले राम्ररी खोतल्नु जरुरी भएको छ । के छ दोष हामीमा, जसले गर्दा भीमबहादुर प्रवृत्ति वाम आन्दोलनभित्र सजिलै छिर्छ, मौलाउँछ र ऐजन मौकामा गद्दारी गरेर निक्लन्छ ?

खोतलेर हेर्दा विगत पृष्ठभूमि, चरित्र र आन्दोलनप्रतिको प्रतिवद्धताको राम्रो जाँच परख नै नगरीकन फगत कुराको आधारमा जथाभावी पार्टीभित्र प्रवेश दिने प्रणालीले गर्दा नै थुप्रै भीमबहादुर पार्टीभित्र हेलै छिर्ने स्थिति बनेको देखिएको छ । आफ्नो पार्टीलाई जसरी पनि ठूलो भएको देखाउने लोभ र अहंकारजन्य मानसिकताले गर्दा नै भीमबहादुरहरूलाई सजिलै पार्टीभित्र स्वागत गर्ने गरिएको छ। गद्दारी र पलायनको प्रवृत्ति तिनीहरूमा सबैभन्दा बेसी देखिएको छ, जो चुसाह वर्गबाट आएका छन् । शोषित वर्गबाटै आएकाहरूमा पनि कमजोर वैचारिक-सांस्कृतिक स्तर भएकाहरू सजिलै, सानो सानो प्रलोभनमै प्रतिक्रियावादीहरूको गोटी बन्न पुगेका देखिन्छन् । वामपन्थी उम्मेदवार बनाएर विभिन्न निकायको चुनावमा उठाइएकाहरू दुईचार हजार रुपियाँ पाउने वित्तिकै विकेको घटना बग्रेल्ती देखिएको छ । कतिपय बरीव व्यक्तिहरु नै फगत जाँड र मासुभातको लोभमा गद्दार हुन पुगेको उदाहरण पनि कैयन् छन् ।

किन भीमबहादुर प्रवृत्ति नेपालको वाम आन्दोलनमा बारम्वार टाउको उठाइरहेछ ? केशरजंग, डि.पी. अधिकारी, कमलराज रेग्मीको गद्दारीदेखि भीमवहादुरसम्मको गद्दारी प्रकरणलाई हामीले राम्ररी खोतल्नु जरुरी भएको छ ।

त्यसैले मूल प्रश्न बैचारिक-सांस्कृतिक स्तर र आन्दोलनप्रतिको प्रतिवद्धताको रहेछ । ती मानिसहरु, जो वर्ग संघर्षको दैनिक व्यवहारमा जाँच परख गर्दा यी मामलामा खरो उत्रन्छन्, उनीहरु सजिलै, सानोतिनो प्रलोभन मै "गद्दार" भईहाल्ने संभावना एकदमै कम हुन्छ ।

तर हाम्रो आन्दोलनमा कमजोरी के देखिन्छ भने- वर्ग संघर्षको दैनिक व्यवहारमा हरेक मानिसको वैचारिक-सांस्कृतिक स्तर र प्रतिवद्धताको स्तर जाँच्ने, त्यसमा भरलाग्दो ठहरिएमा मात्र पार्टीमा प्रवेश गर्न तथा रहन दिने प्रणाली यहाँ सारै भिनो छ। प्रवेश गरिसकेपछि पनि आन्दोलनका मूर्त मूर्त जिम्मेवारीहरु पालना गर्ने दौरानमा नै एकातिर हरेक मानिसको वैचारिक सांस्कृतिक स्तर उठाउन निरन्तर प्रयत्न गर्ने, अर्कोतिर नेतृत्वद्वारा हरेकको जाँच परख पनि गरिरहने प्रणाली पनि यहाँ सारै भिनो छ ।

कोही पनि मानिस एक्कासी गद्दार बन्दैन । गद्दारको रुपमा निक्लिन पनि हरेकले एउटा निश्चित क्रमिक प्रक्रिया पार गरेकै हुन्छ । हामीसित वर्ग संघर्षको दैनिक जिम्मेवारी र कामकै दौरानमा हरेक मानिसको वैचारिक-सांस्कृतिक स्तर र प्रतिवद्धतामा आएको प्रगति वा अवनति जाँच्ने पद्धति छ भने हामी एउटा मान्छे भसक्कै विग्रिसकेपछि मात्र होइन, बेलैमा त्यसबारे चाल पाउँन सक्छौं । शुध्याउन संभव छ भने बेलैमा उसलाई शुध्याउने कोशिस गर्न सक्छौं । संभव देखिएन भने बेलैमा त्यसबारे निधोमा पुग्न सक्छौं । यसो भएमा मात्र कोहीपनि मानिस नीलो आकाशबाट अकस्मात् चट्याङ वज्रे भैं गद्दार भएर निस्किने स्थिति रहन्न ।

तर हामीकहाँ त्यस्तो पद्धतिको खडेरी छ । त्यसैले हामी विग्रन लागेको मानिसबारे बेलैमा न सुसूचित हुन सक्छौं, न त उसलाई समय रहँदै सुधार्ने स्थिति नै रहन्छ । एउटा कामरेड अकस्मात् गद्दारीको वक्तव्य दिएर निक्लेपछि मात्र हामीलाई थाहा हुन्छ कि ऊ खत्तम भईसकेछ ।

पार्टीभित्र केशरजंग र भीमबहादुर निक्लिने संभावना यथासंभव कम पार्ने हो भने पहिलो कुरो त पार्टीको प्रवेशद्वार साँघुरो पारिनु पर्छ । पार्टी ठूलो देखाउन जथाभावी प्रवेश दिने प्रक्रिया बन्द गर्नु पर्छ । कामका दौरानमा प्रतिवद्धता र वैचारिक-सांस्कृतिक स्तरको भरलाग्दो जाँच परखपछि मात्र हरेक मानिसलाई पार्टीभित्र प्रवेश दिने प्रणाली मजवूत पार्नु पर्छ । दोश्रो, जो पार्टीभित्र पस्छ, उसलाई कम्युनिष्ट मान्छेमा रुपान्तरित गर्नका लागि पार्टीभित्र निरन्तर साम्यवादी वैचारिक-सांस्कृतिक आन्दोलन जारी राख्नु पर्छ । र नेतृत्वबाट वर्ग संघर्षकै मूर्त कामहरुमा हरेकको निरन्तर निरीक्षण व्यवस्था हुनु पर्छ। यी दुवै कुराको संयोजनमा मात्र भीमबहादुर प्रवृत्तिलाई धेरैभन्दा धेरै नियन्त्रण गर्न सकिन्छ ।

तर हामी यी दुवै काम गरिरहेका छैनौं भने, यो निश्चित छ, यो पटक मात्र होइन, धेरै पटक भीमवहादुर र केशरजंगहरु निक्लनेछन् । भीमबहादुर सबभन्दा बेसी त्यहाँ निक्लनेछ, जहाँ पस्ने ढोका सारै खुकुलो छ र पसिसकेपछि साम्यवादी साँचोमा मान्छेलाई ढाल्ने वैचारिक सांस्कृतिक आन्दोलन ठ्याप्पै छैन । जहाँ वर्ग संघर्षको कामको आधारमा होइन, भाषण र कुरा गर्ने क्षमता एव केवल सक्रियताका आधारमा मात्र मान्छेको नापजोख हुन्छ, त्यहाँ त पल पलमा गद्दारी गर्न तयार भीमबहादुर पैदा हुने संभावना प्रवल रहन्छ ।

त्यसैले सचेत नेता कार्यकर्ताहरुले चनाखो बन्नु जरुरी छ- यहाँ अरु पनि थुप्रै संभावित "भीमबहादुर श्रेष्ठ" हरु हाम्रो आन्दोलनमा हुनसक्छन् । तिनलाई काममा चिन्नु जरुरी छ । "भीमबहादुरहरु" पैदा नहुने, पैदा भएमा पनि तिनले धेरै विगारनाश गर्न नपाउने प्रकृया आन्दोलनमा प्रभावकारी रुपले लागू गर्नु जरुरी छ। यो वैचारिक-सांस्कृतिक आन्दोलनको प्रकृयाको महत्वबारे देश-विदेशका थुप्रै मार्क्सवादी चिन्तकहरुले पनि जोड दिदै आएका छन् । हाम्रोमा पनि यसको महत्वबारे राम्ररी चिन्तन मनन हुनु जरुरी छ ।

❑ ❑

जहाँ वर्ग संघर्षको कामको आधारमा होइन, भाषण र कुरा गर्ने क्षमता एवं केवल सक्रियताका आधारमा मात्र मान्छेको नापजोख हुन्छ, त्यहाँ त पल पलमा गद्दारी गर्न तयार भीमबहादुर पैदा हुने संभावना प्रवल रहन्छ ।


प्रतीक्षाको फल मीठो हुन्छ !

नयाँ मनोरंजक र विचारोत्तेजक सूचना-सामग्रीहरूको अत्याधुनिक स्रोतको रूपमा प्रकाशित हुँदैछ



ज्ञानवर्धक, जीवनमुखी र प्रगतिमुखी

मूल्यांकनको सहकर्मी

युवा

मासिक पत्रिका

प्रकाशनको तयारी भैरहेको छ !

युवाहरूको लागि तपाई कस्तो खालको युवा पत्रिका चाहनु हुन्छ ?

आफ्ना चाहना र चाहना अनुरूपका सरल रचनाहरू लेख्ने जमर्को गर्नुस्, हाम्रो झ्याका सधैँ खुला रहनेछ ।

अन्तर्क्रिया प्रकाशन प्रा.लि.

फोन : २१३६९४

प्रो.ब.नं.: ३०२६, काठमाडौं



**रुवाण्डाका नागरिकहरूको यो विभत्स आम-मृत्यु भवितव्य थिएन । यो प्रायोजित जाति-हत्या थियो र यसका सूत्रधार थिए- .......**



# रुवाण्डामा लाखौं मानिसको हत्या किन भयो ?

——— दीपक बैद्य

**के तपाई कल्पना गर्न सक्नुहुन्छ- बीसौंलाख शरणार्थीहरूको भीडमा हैजा र आउँको प्रकोपले हरेक दिन दुई हजारभन्दा बेसी मानिसहरूको लाश पड्न थाल्यो भने त्यहाँ कस्तो कहालीलाग्दो र भयावह दृश्य खडा हुन्छ ? जमीन-पानी जताततै लाशै लाशको थुप्रो र त्यसको दुर्गन्धमा मानिसहरू हप्तौंसम्म बाँच्नु पर्‍यो भने त्यहाँ जीउनेहरूको हविगत के हुन्छ ?**

तर यो घटना भयो र हप्तौंसम्म यस्तै भइरहयो । रुवाण्डाका हुतु शरणार्थीहरूले छिमेकी देश जायर र तान्जानियाका शरणार्थी शिविरहरूमा गएको महिना यही दर्दनाक वास्तविकता भोगे । हरेक दिन यति धेरै शवहरू पड्न थाले कि तिनलाई मान्छेले उठाउनु सम्भवै भएन, क्रेनले उठाउनु पर्‍यो । दाहसंस्कार गर्नु सम्भव नै भएन, ठूला ठूला खाडलहरू क्रेनले नै खनेर एकै ठाउँमा सयौं शवहरू गाड्नु पर्‍यो । शवहरू तैरिरहेछन् किभु तालमा, तथापि खानेपानी अर्को छैन, त्यहींकै पानी बाध्य भएर खान पर्नाले हज्जारौंले दूषित पानीकै कारणले ज्यान गुमाउनु पर्‍यो । हरेक मिनेटमा एक जनाका दरले मानिस हैजा, आउँले मरे ।

जायरको म्युनिगी शरणार्थी शिविरको प्रत्यक्ष वर्णन प्रशिद्ध अमेरिकी साप्ताहिक Newsweek ले अगस्त १ को अंकमा यसरी प्रस्तुत गरेको छ:-

*"हैजाले म्युनिगी शरणार्थी शिविरमा यसरी आक्रमण गर्‍यो, जसरी मध्य युगमा प्लेगले गर्‍थ्यो । एउटा पहाडको टुप्पूमा शरणार्थीको पाल बाहिर एउटा बच्चा मर्‍यो । उसको दृश्य-पटल तुरुन्तै शिशाको गुच्चामा परिणत भयो । एक छिन्पछि नै अर्को रोगी शरणार्थी मर्‍यो र त्यसपछि अर्को । अर्को दिनसम्ममा त त्यहाँ जताततै लाशै लाश मात्र देखिन्थे र बग्रेल्ती शवहरू एकै ठाउँमा ठूलो संख्यामा गाड्नका निम्ति ट्रकहरूमा लादिंदै थिए ।"*

*"रुवाण्डासित जोडिएको जायरको सीमा नजिकै उद्धार कार्यमा संलग्न कार्यकर्ताहरूले एउटा सानो केटालाई आफ्ना आमा बाबुको लाशको छेवैमा बन्दूक र शवहरूको थुप्रोमाथि बसिरहेको भेट्टाए । दुई-तीन वर्षको त्यो बच्चाले आफ्नो नाम नै बताउन सकेन ।"*

*"रगतमा सलाइन पानी चढाइँदा चढाइँदै पनि हैजाले मर्न लागेकी आफ्नी श्रीमतीको हात हलुकासित समातेर एकजना श्रीमान बसिरहेछन् । आफ्नी मरिसकेकी आमालाई ब्युँझाउन खोज्दै एक बच्चा चिच्याएर रोईरहेछ ।"*

वास्तविक दृश्य रिपोर्टमा वर्णन गरिएभन्दा धेरै भयावह र दर्दनाक हुन संभव छ, किनकि सबै कुरा लिखतमा उतार्नु संभव हुन्न । खालि रुवाण्डाको होइन, मानव जातिकै इतिहासमा यति द्रुत गतिले, यति धेरै शरणार्थीहरू, यति विभत्स ढंगले मरेको यो पहिलो घटना थियो । आम जाति-हत्याको यस्तो उदाहरण विश्व इतिहासमै विरलै पाइन्छ ।

तर सबैभन्दा ताज्जुव लाग्दो कुरा के हो भने- रुवाण्डाका नागरिकहरूको यो विभत्स आम-मृत्यु भवितव्य थिएन । यो प्रायोजित जाति-हत्या थियो र यसका सूत्रधार थिए- अमेरिका, विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष ।

फ्रान्सको सहयोग र समर्थनमा रहेको सानो तर बहुमूल्य खनिज तथा निर्यातयोग्य फसलको धनी यो पूर्व मध्य अफ्रिकी देशमा पहिलेको फ्रान्स समर्थित बहुसंख्यक हुतु जातिको सरकार हटाएर अल्पसंख्यक तुत्सी जातिको कठपुतली सरकार स्थापना गर्ने सिलसिलामा नै यी सारा घटना घटेका थिए । हुतु जातिको सरकार र जनता दुबैले देश छाडेर भाग्नु परेको थियो । ज्यान जोगाउन यत्रतत्र भाग्ने क्रममा नै यति धेरै मान्छेहरूले अनाहकमा ज्यान गुमाउनु परेको थियो ।

## हत्या काण्डको शुरुवात

पछिल्लो जाति-हत्याको शुरुवात अमेरिकी साम्राज्यवादको विरोधीका रुपमा चिन्हित हुतु राष्ट्रपति स्वयंको हत्याबाट भयो । रुवाण्डाका राष्ट्रपति जुभेनाल

हाव्यारिमाना अप्रिल ६ मा हुतु जातिकै आफ्नो साथी छिमेकी राष्ट्र बुरुण्डीका राष्ट्रपति सिप्रियेत् यन्टार्‍यामिरासँग तान्जानियाबाट हवाई जहाजमा रुवाण्डाको राजधानी किगाली फर्कंदै थिए । उनीहरू दुबै आ-आफ्नो मुलुकका हुतु र तुत्सी जातिबीच रहिरहेको वैमनस्य र झगडा कसरी खत्तम गर्ने भन्ने विषयमा वार्ता गर्न तान्जानियाको राजधानी दारेसलाम गएका थिए र त्यहींबाट फर्कंदै थिए । उनीहरूको विमान किगाली विमानस्थलमा अवतरण गर्नै लाग्दा विमानमाथि अकस्मात् गोली पड्कियो र क्षणभरमै दुबै राष्ट्रपति एकै चिहान भए । विमानमा गोली हान्नेहरू कथित "रुआण्डाली देश भक्तहरूको मोर्चा" का तुत्सी विद्रोहीहरू थिए, जो अमेरिकाबाटै प्रशिक्षित र समर्थित थिए ।

जब आफ्नो राष्ट्रपतिको हत्याको खबर भोलिपल्ट सबेरै राजधानीमा फैलियो, संपूर्ण हुतु जाति रीसले आगो भयो । हुतु जातिका सैनिक अधिकारीहरू र नागरिकहरू दुबै हात-हतियार सहित सडकमा निक्लिए । उनीहरूले तुत्सी विद्रोहीहरूसँग संबद्ध ठानिएका सरकारी पदाधिकारी र नागरिकहरूलाई एक एक गरी मार्न थाले । राष्ट्रपतिकै गार्डहरूको हातबाट तुत्सी जातिका प्रधानमन्त्री अगाथे उवीलिंगीयोमाना र उनका परिवारहरू मारिए । श्रम मन्त्री लगायत तीनजना मन्त्रीहरू पनि मारिए र संवैधानिक अदालतका अध्यक्ष पनि ।

माराकाटको क्रम दुबै पक्षबाट चल्यो । यस सिलसिलामा पहिलो एक हप्ता नबित्दै बीस हजार मानिसको ज्यान गयो । र तीन हप्ता पनि बित्दा नबित्दा दुई लाख मानिसहरू स्वाहा भए ।

राष्ट्रपति मारिएपछि अप्रिल ९ मा संसद सभामुख थियोडोर सिण्डीकुबगावोलाई राष्ट्रपति घोषित गरियो । उनले देशका अरु सबै मुख्य प्रतिपक्षी पार्टीहरूका प्रतिनिधि सामेल गरेर अन्तरिम मिलीजुली सरकारको घोषणा गरे ।

तर अमेरिकी दलाल तुत्सी विद्रोहीहरुको "मोर्चा" लाई यो सरकार मान्य भएन । उनीहरूले तुरुन्तै सरकार विरुद्ध राजधानी किगालीमै सशस्त्र आक्रमण शुरु गरे । तीन दिनभित्रै नयाँ सरकार राजधानी छोडेर ५० किलो मिटर दक्षिणस्थित गीतारामा नगरमा भाग्नु पर्‍यो । जुलाई ४ सम्ममा सम्पूर्ण राजधानी विद्रोहीहरूको कब्जामा गयो । विद्रोहीहरूले चारैतिरबाट घेरेपछि रुवाण्डाली सरकारले गीतारामाबाट पनि अन्यत्र भाग्नु पर्‍यो । जुलाई ७ सम्ममा पश्चिमी रुवाण्डाको केही भाग बाहेक संपूर्ण देश तुत्सी विद्रोहीहरूको कब्जामा गयो ।

सरकार र देश कब्जा गरेपछि तुत्सी विद्रोहीहरू फुक्का बाघ झैं भए । उनीहरूले बदला लिने क्रममा हुतु जातिको आमहत्या गर्ने र घर घरमा लूटपाट मच्चाउने गर्न थाले । जम्मा ८० लाख जनसंख्या भएको रुवाण्डामा आपसी माराकाटबाटै हुतु र तुत्सी दुबै मिलाउँदा एकाध महिनाको अवधिमै पाँच लाख मानिसको ज्यान गयो ।

देशमा तुत्सी विद्रोहीहरू हावी भएपछि ज्यान र संपत्ति दुबै टड्कारो जोखिममा परेकाले हुतु जातिका आम नागरिकहरू, सैनिक र सरकारी पदाधिकारीहरू छिमेकी राष्ट्र जायर र तान्जानियामा भागे । यही भाग्ने क्रममा नै हैजा र आउँको महामारीले हज्जारौं मानिसको ज्यान गयो ।

यी घटना घटेपछि तुत्सी विद्रोहीहरूको तीब्र आपत्तिका बाबजूद फ्रान्सेली सेना संयुक्त राष्ट्र संघको सुरक्षा परिषदको स्वीकृति लिएर रुवाण्डामा पुग्यो । तर सुरक्षा परिषदमा अमेरिकाले के कुरा दरोसित उठायो र पास पनि गरायो भने- फ्रान्सेली सेनाले कसैको पक्ष लिन पाउने छैन, भीडन्तमा सामेल हुन पाउने छैन, कुनै क्षेत्रमा आधार इलाका स्थापना गर्न पाउने छैन । सेनाको संख्या पनि २५०० मात्र हुनु पर्छ र त्यसले खालि "मानवीय सहायता" को काम मात्र गर्नु पर्छ । यी सब बन्देजले गर्दा रुवाण्डामा फ्रान्सेली सेना पुगे पनि उसले जाति-हत्या पटक्कै रोक्न सकेन । उसले दक्षिण-पश्चिम रुवाण्डामा एउटा "सुरक्षित क्षेत्र" बनायो र शरणार्थीहरूलाई बचाउने काम मात्र गर्‍यो ।

यति मात्र काम गर्दागर्दै पनि तुत्सी विद्रोहीहरूले फ्रान्सेली सेनालाई "आक्रमणकारी शत्रु सेना" घोषित गर्‍यो । उसमाथि जुलाई ३ मा गोली प्रहार पनि गर्‍यो । र "सुरक्षित क्षेत्र" भन्दा यताउता अघि बढ्न प्रतिबन्ध लगायो । रुवाण्डामा थोरै मानवीय सहायता बाहेक केही पनि गर्न नसकेकाले र उसले हेर्दा हेर्दै पूरै रुवाण्डा अमेरिकी दलालहरूको संगठन कथित "देशभक्त मोर्चा" का विद्रोहीहरूको हातमा गएकाले फ्रान्सेली सेना अहिले देश फर्किसकेको छ ।

लाखौं मानिसको ज्यानको मूल्यमा यस प्रकार हाल रुवाण्डामा अमेरिका, विश्व बैंक र मुद्रा कोषले चाहेको खालको कठपुतली सरकार गठन गरिएको छ । बाहिर संसारलाई भ्रमित पार्नका लागि राष्ट्रपति र प्रधानमन्त्री दुबै पदमा नरम खालका, अमेरिकी विरोधमा जान नसक्ने हुतु जातिकै मानिसहरू राखिएका छन् । तर अधिकार भने उनीहरूसित केही पनि छैन । राज्यको सम्पूर्ण बागडोर उपराष्ट्रपति तथा रक्षा मन्त्री पौल किगामेको हातमा छ । स्मरणीय छ, पौल किगामेलाई फौजी तालीम अमेरिकाले नै आफ्नो कान्सासस्थित सैनिक अड्डा फोर्ट लिभन ओर्थमा दिएको थियो ।

त्यसो त कथित "देशभक्त मोर्चा" ले अमेरिकाको आर्थिक र भौतिक सहयोगमा रुवाण्डाको फ्रान्स समर्थित हुतु सरकार विरुद्ध गृहयुद्ध १९९० मै शुरु गरेको थियो । तर सफलता भने पाइरहेको थिएन । एकातिरबाट तुत्सी विद्रोहीहरूको आक्रमण, अर्कोतिरबाट विश्व बैंक र मुद्राकोषको आर्थिक सहायता बन्द गर्ने धम्की- यी दुईको चेपुवामा पारेर पोहर अगस्त ४ मा हुतु सरकारलाई तुत्सीहरूको कथित "देश भक्तहरूको मोर्चा" सित






लास र टुहुराहरू : रुवान्डाका हालैका आम दृश्यहरू

शान्ति सम्झौता गर्न बाध्य पारियो । सम्झौता अनुसार जुन १९९५ मा बहुदलीय चुनाव गर्ने र बीचमा मिलीजुली अन्तरीम सरकार गठन गर्ने टुंगो लागेको थियो ।

तर यतिले मात्र वाशिंगटन संतुष्ट भएन । किनभने रुवाण्डामा ९० प्रतिशत हुतु जातिको जनसंख्या थियो र तुत्सीहरू ९ प्रतिशत मात्र थिए । तसर्थ बहुदलीय आम चुनाव नै गराउँदा पनि आफ्नो तावेदार तुत्सी विद्रोहीहरू सत्तामा आउने संभावना थिएन । चुनावबाट पुरानै हुतु सरकार सत्तामा आउने निश्चित थियो, तर



तिनीहरू अमेरिकी कठपुतली थिएनन् ।

यही कारणले लोकप्रिय हुतु राष्ट्रपतिको हत्या गर्ने, त्यसपछि हुतु जातिको सरकारलाई देशबाट भगाएर धमिलो पानीमा माछा मार्ने योजना बन्यो । आम जाति हत्या र त्यसपछिको भागाभागमा हजारौं मानिसको अकाल मृत्यु त त्यही योजनाको अवश्यंभावी परिणाम मात्र थियो । बाँकी घटना विश्वसामु छ ।

### स्वार्थहरू

अनाहकमा लाखौं मानिसको ज्यान जाने शर्तमा पनि अमेरिका रुवाण्डाप्रति यति धेरै लोभिएको एउटा चूरो कारण रुवाण्डामा अत्यन्त बहुमूल्य खनिज पदार्थको भण्डार हुनाले हो । रुवाण्डामा सुन, ओल्फ्रामाइट, क्यासिटराइट र टीनको निकै ठूलो भण्डार छ । त्यो भण्डार फ्रान्सको हातमा पर्न लागेको अमेरिकालाई ठ्याम्मै चित्त बुझेको थिएन । अमेरिका हर हालतमा ती बहुमूल्य खनिजहरु आफ्नो हातमा पार्न चाहन्थ्यो । त्यसको लागि रुवाण्डामा कठपुतली सरकार हुनु नितान्त जरुरी थियो ।

यति मात्र होइन । अमेरिकामा निकै सस्तोमा कफी र चिया आपूर्ति गर्नको लागि पनि रुवाण्डा उपयुक्त थलो थियो । रुवाण्डाको जमीन र हावापानी कफी र चिया खेतीको लागि निकै अनुकूल थियो । तर रुवाण्डाको परम्परागत मुख्यवाली चाहिं मकै, जुनेलो, आलु, सखरखण्ड, सिमी र केरा थियो । खाद्यान्नमा पूरै आत्मनिर्भर यो देशलाई आफ्नो स्वार्थ अनुकूलको वाली उब्जाउने देशमा बदल्न अमेरिकाले विश्व बैंक र मुद्रा कोष मार्फत त्यहाँको सरकारलाई "निर्यातमुखी खेती" गर्ने नीति अप्नाउन लगातार दवाव दिंदै आइरहेको थियो । विदेशी ऋणका कारणले यो दवाव अलि अलि मानेर त्यहाँको हुतु सरकारले कफी र चियाको खेतीको शुरुवात पनि गरेको थियो र त्यहाँको मुख्य निर्यात नै कफी बनेको थियो । तर खालि चिया र कफीको मात्र खेती गर्दा देशमा ठूलो खाद्यान्न संकट र भुखमरीको स्थिति हुन जाने हुनाले हुतु सरकारले उसको यो दवावलाई पूरै स्वीकार गर्न सकिरहेको थिएन । बरु उसले यसको प्रतिरोध गर्न शुरु गरेको थियो । त्यसैले यही स्वार्थका कारणले पनि त्यहाँको सरकार बदल्नु उसको लागि जरुरी भएको थियो ।

भौगोलिक हिसाबले पनि रुवाण्डा निकै महत्वपूर्ण ठाउँमा रहेको छ । रुवाण्डा अफ्रिकाको मध्य भागमा छ र रणनीतिक हिसाबले यो अफ्रिकाको मुटु मानिन्छ । अफ्रिकी देशहरू बुरुण्डी, तान्जानिया, युगाण्डा र जायर यसका वरिपरि रहेका छन् । त्यसैले फौजी रणनीतिको लागि रुआण्डा निकै महत्वपूर्ण थलो भएको थियो र संसारभरि नै आफ्नो प्रभुत्व जमाउन जम्जमाइरहेको अमेरिकाको लागि यसलाई हात पार्नु यही कारणले पनि जरुरी भएको थियो ।

यी सबै स्वार्थहरूका कारणले नै अमेरिका रुवाण्डाप्रति निकै आकर्षित भएको थियो । हरेक मुलुकको बहुमूल्य खनिजहरु, सस्तो कच्चा पदार्थ र सस्तो उपभोग्य वस्तु हात पार्नु साम्राज्यवादी शासक वर्गको एउटा प्रमुख स्वार्थको विषय रहेको छ । आफ्नो घाटा बजेट उठाउने, असंतुष्ट जनतालाई सस्तोमा उपभोग्य बस्तु दिलाएर थामथुम पार्ने र प्रतिस्पर्धात्मक मोलमा बस्तु उत्पादन गरेर पनि अचाक्ली नाफा कमाउने- यो नै उनीहरूको एउटा प्रमुख उपाय बनेको छ । एशिया, अफ्रिका र ल्याटिन अमेरिकामा उसको लोभी आँखा यही कारणले परिआएको हो । रुवाण्डा पनि यही हिसाबले अमेरिकी शासक वर्गको लागि आकर्षणको विषय बनेको थियो ।

### प्रभुत्वको लागि प्रयत्न

रुवाण्डा बेल्जियमको उपनिवेश थियो । यो जुलाइ १, १९६२ मा मात्र स्वतन्त्र मुलुक बनेको थियो ।

बहुसंख्यक जनता हुतु जातिका भए पनि-विगत लगभग ६०० वर्षदेखि रुवाण्डामा अल्पसंख्यक तुत्सीको राजतन्त्रात्मक शासन थियो । तर १९५९ मा हुतु जातिका जनताले अल्पसंख्यकको तानाशाही विरुद्ध विद्रोह गरे । फलतः १९६१ को जनमत संग्रहद्वारा यो देश गणतन्त्रात्मक मुलुक बन्यो । साथसाथै एउटा देश दुइटामा टुक्रिएर रुवाण्डा र बुरुण्डी देश बने । १९६२ मा आम चुनाव भयो र त्यसद्वारा ग्रेगोइरे कायीवाण्डा राष्ट्रपति निर्वाचित भए । कायीवाण्डा पश्चिम समर्थक थिए र अमेरिकाको पक्षपोषण गर्थे ।

तर १९७३ मा त्यहाँ उनीविरुद्ध सैनिक विद्रोह भयो । विद्रोहबाट मेजर जनरल जुभेनाल हाव्यारिमाना (हालै प्लेनमा मारिने राष्ट्रपति) राष्ट्रपति बने । उनले संसद भंग गरे र पार्टीमाथि प्रतिबन्ध लगाए । अमेरिकाको लागि यो आपत्तिको विषय थिएन । तर राष्ट्रपति हाव्यारिमानाले पश्चिमेली साम्राज्यवाद विरोधी आवाज उठाउन थाले । अमेरिकाको लागि यो सह्य कुरा भएन ।

त्यसपछि विश्व बैंक र मुद्रा कोष मार्फत रुवाण्डालाई ऋणको जालमा फँसाएर तहमा ल्याउने प्रयत्न शुरु भयो । १९७० मा रुवाण्डाको विदेशी ऋण २० लाख डलर मात्र थियो । तर १९८८ मा पुग्दा यो साँढे ५८ करोड डलर पुग्यो । व्याज मात्र वर्षेनी ८० लाख डलर तिर्नु पर्ने भयो । कुल राष्ट्रिय उत्पादनको २५.५ प्रतिशत भाग नै ऋण र ऋण-सेवाले ओगट्ने स्थिति पैदा भयो ।

तथापि राष्ट्रपति हाव्यारिमाना भने "तह लागेनन्" । उनले फ्रान्ससित संबन्ध बढाएर अमेरिकासित सन्तुलन मिलाउने प्रयत्न गरे । उनले छिमेकी अफ्रीकी मुलकुहरूसित एकताबद्ध भएर आफ्नो देशको कृषि उत्पादनको निम्ति बजार खोज्ने प्रयत्न गरे । बुरुण्डी, तान्जानिया, आइभोरीकोष्टसित त उनले आर्थिक संझौता नै गरे तथा बुरुण्डी र जायरसित मिलेर साझा आर्थिक समुदाय बनाउने प्रयत्न गरे ।

यी सब प्रयत्नहरूले अमेरिका राष्ट्रपति हाव्यारिमानाको हुतु सरकारसित सारै क्रुद्ध बन्यो । आफ्नो स्वार्थ हाव्यारिमानाको सरकारबाट पट्ने ठ्याक्कै देखिएन । त्यसैले १९५९ कै हुतु विद्रोहताका युगाण्डामा र बुरुण्डीमा भागेर बसेका तुत्सी समुदायका विद्रोहीलाई अमेरिकाले हात लियो । उनीहरुलाई सबै किसिमको सहायता दिएर हुतु सरकारविरुद्ध गृह युद्ध चलाउन उक्सायो । १९९० देखि हालसम्म चलेको तुत्सी विद्रोहीहरूको "रुवाण्डाली देशभक्त मोर्चा" मार्फतको गृहयुद्ध र जाति-हत्या त्यसैको प्रतिफल हो ।

रुवाण्डाको यो घटनाले विश्वसामु छर्लंगै देखाएको छ- प्रजातन्त्र र मानव अधिकारको नारा उराल्ने अमेरिकी शासक वर्ग आफ्नो तुच्छ स्वार्थको लागि लाखौं मानवको ज्यान लिन समेत नहच्कँदो रहेछ । अरु देशको स्वतन्त्रतालाई जबर्दस्ती बूटले कुल्चन समेत घिन मान्दो रहेनछ । चीनमा राज्य नै उल्टाउने क्रममा केही सय जना मानिस मारिंदा विश्वभरी हल्ला मच्चाउने अमेरिकी शासक वर्ग आफ्नो निहित स्वार्थको लागि पाँचौ लाख मानिस मार्न पनि केही गाह्रो मान्दोरहेनछ । कहाँ गयो उसको मानव अधिकार र प्रजातन्त्र, रुवाण्डाको आम नर-संहार घटना घटाउँदा र स्वतन्त्र मुलुकमाथि स्वार्थवश जबर्दस्ती बूटले कुल्चँदा ?

रुवाण्डामा अहिले त कठपुतली सरकारको स्थापना भएको छ, अमेरिकी शासक वर्गले चाहे जस्तै । तर भागेर अन्यत्र जान बाध्य भएकाहरू चूप छैनन् । उनीहरूले अर्को गृहयुद्धको तयारी गरिरहेछन् । त्यसैले अर्को युद्ध फेरि पनि रुवाण्डाको संघारमा छ । त्यसमा कति मानवको ज्यान जाने हो, केही ठेगान छैन । तर एउटा कुरा भने निधो छ- अमेरिका रुवाण्डामाथि आफ्नो कब्जा बाँकी राख्नका लागि जतिसुकै मानिसको ज्यान लिन पनि तयार हुनेछ । ☐

तत्थ्यांक स्रोत :

1. Facts on File, USA, 1994
2. Keesing's Record of World Events, UK, 1994
3. The World Almanac, 1994
4. Time, USA, August 8, 1994
5. Handbook of Political Affairs, USA, 1994

# यहाँ त सिद्धान्त र संस्कृतिको समस्या नै बाँकी रहेछ

तुल्सीदास महर्जन

*श्री तुल्सी दास महर्जनले बिभिन्न समयमा पूर्व ने.क.पा. चौ.म. को ललितपुर जिल्ला संस को कार्यालय सचिव, काठमाण्डौ जि.संस को सेक्रेटरी र कीर्तिपुर क्षे.क.का. को संयोजक भई विगतमा काम गर्दै आउनु भएको थियो । हाल उहाँ जन-जागरण अभियान कीर्तिपुरका संयोजक हुनुहुन्छ ।* - मूल्यांकन


**सा**नै उमेरमा नै आफूमा अन्यायविरोधी भावना भएको र क्रान्तिको रोमाञ्चकारी सपना भएको कारणले होला, ०३५ सालको अन्त्यतिर शुरु भएको तात्कालीन पंचायती व्यवस्था विरुद्धको जन-आन्दोलनले मलाई प्रभावित तुल्यायो । म त्यो आन्दोलनमा एक स्वतन्त्र आन्दोलनकारीको रुपमा मेरा थुप्रै साथीहरुसंगसंगै सक्रिय भएँ । त्यसपछिको आंशिक खुला राजनीतिक वातावरणमा मेरा साथीहरु संगसंगै मेरो सम्पर्क तत्कालीन ने.क.पा. चौम संग हुन गयो ।

मलाई नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास विस्तृत रुपले थाहा थिएन । केवल यो कम्युनिष्ट पार्टीको जन्म २००६ सालमा भएको हो भन्ने कुरा मात्र थाहा थियो । कम्युनिष्ट पार्टी बिभिन्न समूहमा विभाजित छ भन्ने कुरा पनि थाहा थिएन । आफू जुन पार्टीसंग सम्पर्कमा आइयो, त्यही नै मात्र नेपालको कम्युनिष्ट पार्टी हो कि जस्तो लागेको थियो । तर, ०३५/०३६ को आन्दोलनले दिएको जनमत संग्रहमा भाग लिने कि बहिष्कार गर्ने भन्ने कुरालाई लिएर भएको विवादले कम्युनिष्टहरु समूह समूहमा विभाजित छन् भन्ने कुरा थाहा भयो ।

तर, त्यस बेलाको आफ्नो ज्ञान, बुद्धि र अनुभवको सीमाले गर्दा विभाजनको कारण तथा त्यसको ऐतिहासिक भूमिका बुझ्न सकेको थिइन । आफू सम्पर्कित हुन पुगेको पार्टीप्रति आफ्नो अगाध आस्था उब्जिएको कारणले गर्दा सो कुरा बुझ्न पहल गर्नु पर्ने आवश्यकता पनि महशूस गरिंन । पार्टीको उच्च तहको केन्द्रले जे ब्याख्या गर्‍यो, त्यसैलाई वकालत गर्दै अगाडि बढें । क्रान्तिको सपना, पार्टीप्रति अगाध आस्था र विश्वास एवं पार्टी नेतृत्वप्रति समर्पणको भावना तीव्र बन्दै गयो र तात्कालीन अवस्थामा पार्टीमा आफू पूर्णकालीक नभए पनि त्यससरह नै अत्यन्त सक्रिय कार्यकताको रुपमा मैले आफूलाई पेश गरें ।

फलस्वरुप, म र मेरा सहयोद्धाहरु मिली कीर्तिपुर क्षेत्रमा छोटो समयमा नै अर्थात ०३८ साल सम्ममा नै पार्टी संगठनलाई व्यापक रुपमा फैलाउने र मजबूत तुल्याउने काम भयो । यस क्षेत्रको हरेक क्रियाकलापमा नेकपा चौमको प्रभाव सशक्त रुपले रहन गयो । यद्यपि त्यतिवेला सम्ममा यहाँ नेकपा (माले) पनि अस्तित्वमा देखा परिसकेको थियो ।

तर, एक्कासि ०३९/०४० सालमा आएर नेकपा (चौम) को केन्द्रिय नेतृत्वमा फूट पैदा भयो । त्यो कुरो हामीलाई पहिले थाहा थिएन । फूट हुनु अगाडि त्यसको सुईको पनि दिइएन । विचार विभेदको विषयमा कुनै छलफल पनि गराइएन । केन्द्रिय नेतृत्वमा फूट भएपछि आ-आफ्नो बिचारका तर्कहरु बोकी नेताहरु हामीकहाँ आए । उनीहरुले जुन बुँदाहरुलाई विभेदको मुद्दाको रुपमा पेश गरे, त्यही बिभेदको कारणले नै पार्टी फूट हुनु पर्ने हो कि होइन, त्यसबारे हामी कसैले पनि सोच्न सकेनौं । तर तर्क र तुलनात्मक इमान्दारिको आधारमा म र केही साथीहरु अल्पमतको पक्षमा रहन पुग्यौं भने अरु केही साथीहरु बहुमतको पक्षमा रहन पुग्नुभयो । त्यसपछि पार्टी पूर्णतः दुई टुक्रामा विभाजित भयो । नेकपा (चौम) र नेकपा (मशाल) को रुपमा दुई नयाँ पार्टीहरु देखा परे ।



मलाई लागेको थियो अब सच्चा क्रान्तिकारीहरु एक ठाउँमा आइपुगेका छन्, र क्रान्तिकारी कार्यहरु तीव्र हुने छन् । पार्टीभित्र त्यस्तो बैमनस्यता कहिल्यै आउँने छैन र क्रान्ति चाँडै नै सम्पन्न हुने छ । नेताहरुको ब्याख्या यस्तो नै हुने गर्थ्यो । तर, केही समयपछि नै नेकपा (चौम) मा पनि पुनः तीव्र विवादहरु शुरु हुन थाल्यो । उता नेकपा (मशाल) पनि फुटेर नेकपा (मशाल) र नेकपा (मसाल) मा परिणत भए । यी पार्टीहरु वाहेक नेपालमा अरु पनि थुप्रै कम्युनिष्ट पार्टीहरु त छँदै थिए, सबैले आ-आफूलाई सही र क्रान्तिकारी घोषणा गर्दै आइराखेका थिए ।

यसले मलाई पहिलेको स्थितिबाट नयाँ स्थितिमा ल्याइपुर्‍यायो । पहिले ममा पार्टीप्रति र नेताहरुप्रति सन्देह गर्ने बानी थिएन । पार्टी तथा नेताहरुले दिएका निर्देशनहरुलाई सहर्ष आँखा चिम्लेर स्वीकार्ने तथा त्यसको पक्षमा वकालत गर्दै हिंड्ने बानी थियो । तर, इतिहासले मलाई आलोचनात्मक र सन्देहात्मक हुन बाध्य तुल्यायो अथवा सिकायो । मलाई मात्र होइन, मेरा वरपरका साथीहरु धेरैलाई यो स्थितिमा इतिहासले ल्याइ - पुर्‍यायो र हामीले त्यस समयदेखि सामूहिक रुपले नेपाली कम्युनिष्ट आन्दोलनका इतिहास पढ्ने र त्यसलाई मूल्यांकन गर्ने कार्यको थालनी गर्‍यौं ।

हाल मलाई लागिरहेछ - नेपाली कम्युनिष्ट आन्दोलनमा टूट र फूटको इतिहास जुन दोहरिरहेको छ, त्यसको कारण पार्टीभित्र जनवादी केन्द्रियताको अभ्यास गलत रुपले हुनु र पार्टी नेताहरु तथा कार्यकर्ताहरुमा पूँजीवादी, अझ कैयौंमा त सामन्तवादी संस्कृति हावी हुनु रहेको छ । समाजवाद तथा साम्यवादको वकालत गर्ने पार्टीमा उदार पूँजीवादमा हुने जतिको पनि विचार प्रवाहको स्वतन्त्रता रहेनछ । पार्टी नेतृत्वभन्दा भिन्दै विचार राख्नेहरुको सुरक्षा पार्टीमा हुँदो रहेनछ, जसको कारणले त्यस्तो फरक विचार राख्नेहरुले आफ्नो सुरक्षार्थ अनिवार्यः आफ्नो गुट गोप्य तवरले बनाउनु पर्ने हुँदोरहेछ ।

जनवादी केन्द्रियताको नाममा पार्टी कार्यकर्ताहरुलाई नेतृत्वको आदेश पालना गर्ने कुरा मात्र सिकाइदो रहेछ, जबकि जनवादी तवरको चिन्तन मननबाट निस्केको निश्कर्ष नै सबैले केन्द्रियताको रुपमा स्वविवेकले मान्नु र कार्यान्वयन गर्नु जनवादी केन्द्रियता हो । जनवादी तवरले पहिले छलफल गर्ने गराउने र पछि त्यसैको निश्कर्ष नै केन्द्रियताको रुपमा हुनुपर्ने हो । वास्तवमा हाम्रा कम्युनिष्ट पार्टीहरुमा जनवादी केन्द्रियताको नाममा नोकारशाही केन्द्रियताको अभ्यास भइरहेको थियो । फूटको एउटा मूल कारण यो रहेछ ।

अर्को कुरा आफूलाई लागेको कुरालाई लागु गर्न अथवा आफ्नो अनुकूलको कुरा पार्टीमा स्थापित गर्न कुनै पनि षडयन्त्र गर्न नचुक्ने संस्कृति नेपाली कम्युनिष्ट आन्दोलनमा हावी भएको पाइयो । आफ्नो जति ठीक, अरुको जति बेठीक भन्ने यो पूँजीवादी व्यक्तिवादी संस्कृतिको हावीको कारणले पनि फूटको दृश्य दोहरिरहेको छ । मलाई लाग्दछ - ठीक जति आफ्नो वा हाम्रो भन्ने संस्कृति कम्युनिष्टहरुमा हुनु पर्दछ ।

नेपाली कम्युनिष्ट आन्दोलनको अर्को गम्भीर समस्या क्रान्तिको सिद्धान्तको समस्या समाधान नहुनु हो । नेपाली कम्युनिष्टहरु रुस र चीनको क्रान्तिको अनुभवलाई जस्ताको तस्तै नेपालको भूमिकाको लागि वकालत गर्दैछन् । जब कि क्रान्तिको रुप देश, काल र परिस्थिति अनुसार फरक हुन सक्छ ।

- नेपालमा जनवादी क्रान्ति हुन्छ कि समाजवादी क्रान्ति ?

- क्रान्तिले नेपालको कृषि समस्या, औद्योगिक समस्या, शैक्षिक समस्या, उर्जा समस्या, स्वास्थ समस्या आदि कसरी हल गर्नेछ ? र यसलाई समाजवादी बाटोमा कसरी लाने ?

- क्रान्ति पश्चात हाम्रो बैदेशिक नीति कस्तो हुनेछ ?

- हाम्रा शत्रु तथा मित्रहरु को को हुन् ? कुन समय र परिस्थितिमा को को शत्रु हुन सक्छ र को को मित्र हुन सक्छ ?

- क्रान्तिको रणनैतिक रुप कस्तो र किन हुन्छ ?

आदि प्रश्नहरु यस्ता प्रश्नहरु हुन्, जुन हल हुन बाँकी छ र यी क्रान्तिका सैद्धान्तिक प्रश्नहरु हुन् । मलाई लाग्छ - यी प्रश्नहरुको हलमा नै नेपालको कम्युनिष्ट आन्दोलन तथा नेपाली क्रान्ति कहिले र कसरी हुन्छ भन्ने कुरा निर्भर गर्दछ । ❐

**वाम आन्दालनका युवा व्यक्तित्वहरुलाई यस स्तंभका लागि आफ्ना अनुभवहरु पठाउन हामी अनुरोध गर्दछौं ।**
**आफ्नो फोटो र छोटकरी परिचय पनि साथमा पठाउनु हुन अनुरोध छ**
**- मूल्यांकन ।**

## पहिले ममा पार्टीप्रति र नेताहरूप्रति सन्देह गर्ने बानी थिएन

# के हो अज्ञेयवाद ?

**प्रज्ञान रत्न**

**"ती जो नेपाली समाजबारे खोज अनुसन्धान गर्नु पर्छ भन्छन्, सब अज्ञेयवादी हुन् ।"**

**"ती जो वर्ग संघर्षको मैदानमा जानुको सट्टा, पत्रिका निकालेर बसिरहेछन्, ती सबै अज्ञेयवादी हुन् ।"**

**"ती जो आदरणीय गुरुहरूका भनाइहरू चटाचट लागू गर्नुको सट्टा वैचारिक, सांस्कृतिक रुपान्तरणको कुरा गर्छन्, ती सब अज्ञेयवादी हुन् ।"**

अचेल यस्ता सारका भनाइहरू नेपालको वैचारिक बजारमा बग्रेल्ती फिजिंइरहेछन् । यस्तो प्रतीत हुन्छ, मानौं अज्ञेयवाद नेपालको वाम आन्दोलनमा निकै उल्लेखनीय प्रवृत्ति भइरहेछ र कतैबाट यो प्रवृत्ति विरुद्ध महायुद्ध छेडिंदै छ ।

निश्चय नै अज्ञेयवाद गलत विश्व दृष्टिकोण हो । यो विश्व दृष्टिकोण संसारको कुनै पनि प्रगतिशील आन्दोलनमा हावी हुनु खराब कुरा हो । र यो हावी भैरहेको छ भने यसको विरुद्ध जेहाद छेडिनु अति राम्रो र आवश्यक कुरा हो । तर यहाँ दुःखको कुरो के भैरहेको छ भने- यो अज्ञेयवाद हो भनेर यहाँ अहिले जेलाई चिनाइँदैछ, त्यो अज्ञेयवादको सही चिनारी भैरहेको छैन । कुनै अरु नै कुरालाई यहाँ अज्ञेयवाद भनेर परिचय गराइँदैछ । जेलाई अज्ञयवादको संज्ञा दिइदैछ, त्यसको अज्ञेयवादसित गोरु बेचेको साइनो समेत देखिन्न ।

यस्तो भान हुन्छ, यहाँ आफूलाई मन नपरेका जे जति विचार प्रवृत्तिहरू छन्, ती सबैलाई बेजिम्मेवारीपूर्वक र निरर्थक रुपबाट "अज्ञेयवाद" को पगरी गुथाइँदै छ ।

अज्ञेयवाद भन्नाले जे अर्थ बुझिन्छ, त्यसको सही चिनारी र व्याख्या हुन सकेको भए नेपाली वाम आन्दोलनलाई निकै फाइदा हुने थियो । धेरैभन्दा धेरै मानिसहरू यो गलत विश्व दृष्टिकोणबाट परिचित हुन्थे । उनीहरू सही दृष्टिकोण अप्नाउन उत्प्रेरित हुन्थे, तर जे अज्ञेयवाद होइन, त्यसैलाई अज्ञेयवाद भनेर चिनाइने काम यहाँ भैरहेको छ । पहिलो कुरा त यहाँ यो गलत विश्व दृष्टिकोणबारे सही समझदारी नै विकास हुने भएन । दोश्रो, सही समझदारी नै हासिल नभएपछि यसको विरुद्ध वास्तवमा संघर्ष नै हुने भएन । चिचिण्डोलाई सर्प भनेर चिनाइँदा जे हविगत हुन्छ, त्यही हविगत हाम्रो हुने भयो । न सर्पबारे सही ज्ञान र न त्यसविरुद्ध सही जागरुकता । खालि भ्रम बढ्ने भयो ।

### सही अर्थ

अज्ञेयको अर्थ हो- जान्न नसकिने, थाहा पाउन नसकिने । यो संस्कृत भाषाको शब्द हो । संस्कृतमा "ज्ञेय" को अर्थ हुन्छ- जान्न सकिने, थाहा पाउन सकिने । अज्ञेयको अर्थ हुन्छ- त्यसको ठीक उल्टो । अज्ञेयवाद त्यसैबाट पैदा भएको शब्द हो । त्यसैले, अज्ञेयवादको सही अर्थ हो- त्यो दर्शन, त्यो विश्व दृष्टिकोण, जसले संसारलाई जान्न, थाहा पाउन सकिन्न भन्छ, अज्ञेयवाद भनेको त्यो दार्शनिक दृष्टिकोण हो, जसले संसारलाई जान्न थाहा पाउन सकिन्न भन्छ । अज्ञेयवाद भनेको त्यो दार्शनिक दृष्टिकोण हो, जसले समाज र प्रकृति अपरम्पार छ, त्यसलाई जति प्रयत्न गरे पनि बुझ्न सकिन्न भन्छ । अंग्रेजीमा अज्ञेयवादलाई Agnosticism भनिन्छ । यो Greek शब्द हो । ग्रीक भाषामा Agnos को अर्थ हो- No Knowledge, अर्थात् अज्ञान अथवा जुन जान्न सकिन्न । यसैबाट Agnosticism शब्द बनेको हो ।

संसारका विभिन्न धर्मग्रन्थहरूमा यो संसारलाई जान्न, थाहा पाउन सकिन्न, यो अपरम्पार छ भन्ने धारणा पाइन्छ । हिन्दू धर्मग्रन्थमा पनि यस्ता धारणा छ्यास्छ्यास्ती पाइन्छन् । यो धारणा अज्ञेयवादी धारणा हो ।

यो धारणाको जरो हो- कुनै अज्ञेय अर्थात जान्न, थाहा पाउन नसकिने परम् चेतनाले नै, कुनै परम आत्माले नै सारा बस्तुहरू, प्रकृति वा संसार सिर्जना गऱ्यो भन्ने आदर्शवादी धारणा । त्यो परम आत्मा वा परम् चेतना अज्ञेय भएको हुनाले, उसको लीला अपरम्पार भएको हुनाले, यो संसार पनि अज्ञेय छ, अपरम्पार छ, यसलाई पनि बुझ्न थाहा पाउन सकिन्न ।

अज्ञेयवादी धारणा यसरी आएको छ । यसरी, अज्ञेयवाद भनेको त्यो विश्व दृष्टिकोण हो, जसले यो विश्लाई, समाजलाई, प्रकृतिलाई बुझ्न, थाहा पाउन सकिन्न भनेर व्याख्या गर्छ । यो विश्व, समाज र प्रकृतिलाई बुझ्ने, थाहा पाउने सारा प्रयत्न बेकार छ, किनकि यी सबै अज्ञेय छन्, अपरम्पार छन् भनेर यसले व्याख्या गर्छ ।

संसारमा विश्वलाई हेर्ने, व्याख्या गर्ने दुई विश्व दृष्टिकोण छन् । संसारलाई हेर्ने यी दुई विश्व दृष्टिकोण मध्ये एउटा विश्व दृष्टिकोण बस्तुवाद हो र अर्को आदर्शवाद हो ।

यो संसारको प्राथमिक कुरा बस्तु हो, बस्तुकै विकास प्रक्रियामा बस्तुबाटै चेतना सृष्टि भयो र चेतना बस्तुकै प्रतिविम्ब भएको हुनाले यो संसारका सारा बस्तु र तिनका नियमहरूलाई प्रयत्न गऱ्यो भने जान्न, थाहा पाउन्न सकिन्छ- यो बस्तुवादी विश्व दृष्टिकोण हो ।

> मानौं, अज्ञेयवाद नेपालको वाम आन्दोलनमा निकै उल्लेखनीय प्रवृत्ति भइरहेछ र कतैबाट यो प्रवृत्ति विरूद्ध महायुद्ध छेडिंदै छ ।

यो संसारमा प्राथमिक कुरा चेतना हो, चेतनाले नै कालक्रममा सारा बस्तुको सृष्टि गरेको हो । चेतना बस्तुको श्रष्टा भएको हुनाले र त्यो अज्ञेय भएको हुनाले यी संसारका सारा बस्तुहरू र तीनका नियमहरू पनि अज्ञेय छन् । प्रयत्न गरेर पनि तिनलाई बुझ्न, थाहा पाउन सकिन्न- यो आदर्शवादी विश्व दृष्टिकोण हो ।

यसरी अज्ञेयवाद भनेको आदर्शवादकै एउटा अभिन्न अंग हो ।

### के फरक पर्छ जिन्दगीमा ?

प्रश्न उठ्न सक्छ- संसारलाई ज्ञेय मानौ वा अज्ञेय मानौं, के फरक पार्छ र त्यसले हाम्रो जिन्दगीमा ? दुई मध्ये कुनै एउटा विश्व दृष्टिकोण अप्नाउनाले के फरक पर्छ हाम्रो दैनिक जीवनमा ?

फरक आकाश-पातालको पर्न सक्छ ।

अहिले संसारमा जे जति वैज्ञानिक खोजी अनुसन्धानहरू भएका छन्- प्रकृति र समाज सम्बन्धमा, त्यो संसार ज्ञेय भएकाले नै संभव भएको हो । यो संसारलाई, प्रकृति र समाजलाई अज्ञेय मान्ने हो भने, अपरम्पार मान्ने हो भने, वैज्ञानिक खोजी र अनुसन्धान भन्ने कुरा नै व्यर्थ हुने थियो । जुन कुरा अज्ञेय छ, त्यो खोजेर के फाइदा ? यदि विश्व अपरम्पार छ भने त्यो थाहा पाउन डुबुल्की मारेर के उपलब्धि ?

यसरी अज्ञेयवादले हामीलाई सत्यको खोजी गर्न निरुत्साहित पार्छ । वास्तविकताको गहिराई खोज्न यसले हामीलाई जहिले पनि तगारो हाल्छ । जब सत्यको खोजी नै हुन्न, तब सत्य पत्ता लाग्छ कसरी ? जब वास्तविकताको गहीराइमा डुबुल्की मार्ने कामै हुन्न, तब वास्तविकताको जानकारी हुन्छ नै कसरी ?

आज मानिस वैज्ञानिक खोज अनुसन्धानद्वारा थुप्रै सत्यहरू पत्ता लगाउन समर्थ भएको छ । प्रकृतिमाथि आफ्नो नियन्त्रण कायम गर्न सफल भएको छ । त्यो अज्ञेयवादी विश्व दृष्टिकोणद्वारा कहिल्यै संभव हुने थिएन । संसार र प्रकृति अज्ञेय छ भनेर बसेको भए मानिस मानिस नै हुने थिएन । ऊ अहिलेसम्म जंगली युगमै सीमित हुने थियो । प्रकृति र समाज नियमद्वारा संचालित भएको हुनाले र ती नियमहरु ज्ञेय भएको हुनाले नै मानिसले आफ्नो प्रयत्नद्वारा तिनलाई पत्ता लाउन सक्यो । र, प्रकृति र समाजका घटनाक्रमलाई निर्दिष्ट दिशा दिन समर्थ हुन सक्यो । नत्र मानिस पनि अरु सारा जन्तु जस्तै प्रकृति र घटनाको दास हुने थियो ।

त्यसैले सारा विज्ञान र वैज्ञानिक उपलब्धि आफै अज्ञेयवाद गलत हो भन्ने कुराको यथेष्ट प्रमाण हो । आजको मानव र मानव ज्ञान आफैं संसार अज्ञेय छ भन्ने कुराको सप्रमाण खण्डन हो । संसार अज्ञेय भएको भए ज्ञान विज्ञान दुबै अस्तित्वमा हुने थिएनन् । मानिस जंगली युगमै रहिरहने थियो । संसारमा पशु मात्र हुने थिए, मानव हुने थिएनन् ।

> चिचिण्डोलाई सर्प भनेर चिनाइँदा जे हविगत हुन्छ, त्यही हविगत हाम्रो हुने भयो । न सर्पबारे सही ज्ञान र न त्यसविरूद्ध सही जागरूकता ।

**शब्द परिचय**

## निरपेक्ष विचार Absolute Idea:

*प्रकृति अस्तित्वमा आउनुभन्दा पहिले नै एउटा परम चेनाशील अस्तित्व संसारमा थियो, त्यसले नै यो भौतिक संसार सिर्जना गर्‍यो भन्ने विचार । परमब्रम्ह, परमात्माले नै प्रकृति, मानिस र समाज सृष्टि गर्‍यो भन्ने विचार । ब्रम्हाले नै संसार सृष्टि गरे भनेर पुराण धर्मग्रन्थमा पाइने विचार ।*

आज मानव जातिले खोज अनुसन्धान गरेर पानी कसरी पर्छ, पत्ता लगाएको छ । चट्याङ् कसरी पर्छ, भूइँचालो किन आउँछ, पत्ता लाएको छ । ती प्राकृतिक रहस्यहरू ज्ञेय भएकाले र ती मानिसको प्रयत्नबाट पत्ता लागेकाले तिनीहरूमाथि मानिसको नियन्त्रण कायम हुन पनि संभव भएको छ । के प्रकृति अज्ञेय भएको भए यी प्राकृतिक रहस्यहरू पत्ता लाउन संभव हुन्थ्यो ? के मानिस प्रकृतिमाथि पनि मालिक्याइँ कायम गर्न समर्थ हुन्थ्यो ? कुनै अज्ञेय परम आत्माले पानी, चट्याङ, भूइँचालो सृष्टि गर्छ भन्ने कुरो सत्य हुँदो हो भने हामी कुनै मन्दिरमा ती परम आत्मालाई रिझाउन पूजा प्रार्थना मात्र गरिरहेका हुने थियौं । अनुसन्धानशालामा खोजी गरिरहेको हैन । र, आजका वैज्ञानिक सत्यहरू हामीलाई कहिल्यै हात लाग्दैनथे ।

**जहाँसम्म पत्रिका निकाल्नु-ननिकाल्नु वा छलफल-अन्तर्क्रिया गर्नु नगर्नु साँस्कृतिक रूपान्तरणको कुरा गर्नु नगर्नुको सवाल छ, त्यो अज्ञेयवादको कुनै परिचायक कुरा होइन ।**

हाम्रै सामाजिक जीवनमा पनि अज्ञेयवाद स्वीकार्नु नस्वीकार्नुले आनकोतान फरक पार्छ ।

हाम्रो समाजमा गरीबी छ, अन्याय छ, शोषण छ । यदि अज्ञेयवादी विश्व दृष्टिकोण अप्नाउने हो भने यो गरीबी, अन्याय र शोषणको कारण खोज्नु व्यर्थ छ, किनकि यो कुनै परम चेतना वा परम आत्माको सिर्जना हो । परमात्मा हामीसित रिसाउनु भएको हुनुपर्छ, त्यसैले हामीलाई गरीबी, अन्याय र शोषणको स्थितिमा राख्नु भएको हुनु पर्छ । सामाजिक जीवनमा गरीबी, अन्याय र शोषण जस्ता परिघटनाहरूलाई अज्ञेयवादी विश्व दृष्टिकोणबाट व्याख्या गर्ने हो भने हामीसित ती परमात्माको प्रार्थना गर्नु सिवाय त्यसको विरुद्ध लड्ने कुनै उपाय बाँकी रहने छैन । ती किन भए भनेर खोज्नु पर्ने कुनै आवश्यकता बाँकी बच्ने छैन । अज्ञेयवादले हामीलाई अन्याय, गरीबी, शोषणका सामुन्ने लाचार, असहाय र उपायहीन भएर बस्ने स्थितितिर मात्र डोर्‍याउँछ । सत्य पत्ता लाउनतिर, बेठीक विरुद्ध कार्यवाही र संघर्ष गर्नतिर डोर्‍याउँदैन ।

अज्ञेयवादले यसरी हामीलाई सत्यबाट र सही कार्यवाहीबाट विमुख पार्छ । यसले मानिसलाई यथास्थितिमै राखीछोड्छ । गरीबहरूले अज्ञेयवादी दृष्टिकोण अप्नाउने हो भने गरीबीमै भौतारिंदै, परमात्माको पुकारा गर्दै, बस्नु पर्ने हुन्छ । उत्पीडितहरूले उत्पीडनमै, र शोषितहरूले शोषणमै । अज्ञेयवाद, त्यसैले चुसिएकाहरूको लागि मुक्तिदायी दृष्टिकोण होइन । यो "ज्यूँ का त्यूँ" मुखी दृष्टिकोण हो । यो दृष्टिकोणबाट मानव जीवनमा कुनै प्रगति आउँदैन, कुनै प्रगतिशील परिवर्तन आउँदैन ।

### कसरी आयो अज्ञेयवाद ?

प्रकृतिका नियमहरूको अज्ञानताबाट, प्रकृतिको शक्ति सामु मानिसको असहाय स्थितिबाट नै शुरु शुरुमा अज्ञेयवादी दृष्टिकोण विकास भएको हुनु पर्छ । आँधीबेहरी आउँछ, जंगलमा आगलागी हुन्छ, खोलामा भयंकार बाढी आउँछ, भूइँचालो जान्छ, चट्याङ पर्छ तर यी सब किन हुन्छ ? कसरी हुन्छ ? - त्यो धेरै पहिलेका अविकसित मानवलाई थाहा थिएन । उनीहरू यी प्राकृतिक घटनाका सामुन्ने विल्कूलै निःसहाय थिए र उनीहरू यसबाट अत्यन्त भयभीत थिए । यो अज्ञानता, निःसहायपन र भयबाट नै त्यो बेलाका अविकसित मानिसमा अज्ञेयवादी दृष्टिकोण विकसित भएको हुन संभव छ । यस प्रकार, प्रकृतिका शक्ति सामुन्ने मानिसको असहायपन, अज्ञानता र भय अज्ञेयवादको शुरु मुहान थियो ।

तर जब समाजमा व्यक्तिगत संपत्ति विकसित भयो, संपत्ति हुनेहरू र नहुनेहरू, चुसाहा र चुसिनेहरू विकसित भए र राज्य विकसित भयो- चुसाहा, संपत्तिवाला, पुरोहित र राजाहरूले आफ्नो वर्गस्वार्थका लागि चुसिनेहरू, गरीबहरू र प्रजाहरूलाई यथास्थितिमै राखी छोड्न अज्ञेयवादी दृष्टिकोणलाई हतियारका रुपमा लिए ।

उनीहरूले शोषित आम जनतालाई भने- यो संसार अज्ञेय छ, प्रकृति अज्ञेय छ, गरीबि, अन्याय र शोषण, यी सब अज्ञेय छन्, यो पूरै विश्व अज्ञेय र अपरम्पार छ, यो सारा परमात्माको खेल हो । ठगिने, चुसिने र अन्यायमा पर्नेहरू कहिल्यै सत्य पत्ता लाउनतिर नलागून् भनेर नै उनीहरूले यस्तो भ्रम फिंजाए । संसार नै अज्ञेय भएपछि अन्याय, गरीवी र शोषणको कारण कस्ले खोज्ने ? कारणै नखोजेपछि मुक्ति कसरी मिल्ने ?

यसरी अज्ञेयवादी दृष्टिकोण संपत्तिवालहरू र चुसाहहरूको स्वार्थको लागि विकसित भयो । अहिले पनि संसारभरिका चुसाहाहरू र तिनका पुरोहितहरू संसारलाई अज्ञेय भनेरै व्याख्या गर्छन् । अज्ञेयवाद उनीहरूलाई अहिले पनि नभई भएको छैन्, आफ्नो स्वार्थ रक्षाका लागि ।

### हाम्रो आन्दोलनमा अज्ञेयवाद

नेपालको वाम आन्दोलन पनि अज्ञेयवादबाट अछुतो छैन ।

नेपाली समाज र अहिलेको विश्व दुबै नियमहरूद्वारा संचालित छन् । जुन नियमहरूद्वारा ती गतिशील भएका छन्, त्यो नियम बुझ्न, थाहा पाउन सकेको खण्डमा मात्र नेपाली समाज र अहिलको विश्वलाई निर्दिष्ट प्रगतिशील दिशामा डोर्‍याउन सकिन्छ । नत्र परिस्थितिमाथि हाम्रो नियन्त्रण होइन, परिस्थितिको हामीमाथि नियन्त्रण कायम हुनेछ । हामी परिस्थितिको मालिक होइन, दास हुनेछौं । अहिले हाम्रो वाम आन्दोलनमा यस्तै भइरहेछ । हामीमा अज्ञेयवादी दृष्टिकोण हावी छ ।

त्यो कसरी व्यक्त भइरहेछ भने- हामी भनिरहेछौं, वर्तमान विश्व र नेपाली समाजको गतिको नियम बुझिसक्नुको छैन । त्यो जान्न थाहा पाउन कैयन् वर्ष लाग्न सक्छ । हामी जब थाहा पाउन अध्ययन अनुसन्धान थाल्छौं, समाज र विश्व गतिशील भएर कहाँ पुगिसकेको हुन्छ । हामी त्यसको छेउटुप्पो भेट्न सक्ने छैनौं । त्यसैले विश्व र नेपाली समाजको गतिको नियम पत्ता लाउने सारा प्रयत्न बेकार छ । त्यो प्रयत्न गर्दा गर्दै हामी आफैं विसर्जित हुनेछौं । त्यसैले त्यो विसर्जनवादी प्रयत्न हो । जस्तो पर्छ, उस्तो टर्छ- यो नै सर्वश्रेष्ठ उपाय हो । यसरी व्यक्त भइरहेछ - हाम्रो आन्दोलनमा अज्ञेयवादी विश्व दृष्टिकोण ।

रुप अलि फरक छ- हाम्रो आन्दोलनमा हावी भएको अज्ञेयवादी दृष्टिकोणको । तर सार एउटै छ । यसको मान्यता पनि के छ भने- "यो विश्व र नेपाली समाज बुझीसक्नुको छैन, यो अपरम्पार छ, यसलाई बुझ्ने थाहा पाउने सारा प्रयासहरू बेकार छन् । यसलाई नबुझी, नजानीकनै अन्धाधुन्ध अघि बढ्नुमा नै हाम्रो कल्याण छ ।"

यो अज्ञेयवादी दृष्टिकोणको मुहान निम्न पूँजीवादी अधैर्यता र वैचारिक पछौटेपन हुन् । लामो समय मिहेनत गरेर, लागी परेर, वैज्ञानिक विधि प्रयोग गरेर वर्तमान विश्व र नेपाली समाजबारे सत्य पत्ता लाउने धैर्य नै छैन । त्यो सत्य पत्ता नलगाईकन नेपाली समाजमा जुन क्रान्तिको प्रक्रिया जारी छ, त्यसलाई निर्दिष्ट क्रान्तिकारी दिशा दिन सकिन्न भनेर बोध गर्ने वैचारिक उच्चता नै छैन । यही कारणले हाम्रो आन्दोलनमा अज्ञेयवादी दृष्टिकोण हावी छ ।

परिणाम के भैरहेछ भने- नेपालको वाम आन्दोलन तदर्थमै चलिरहेको छ । स्वःस्फूर्त रुपमै यो अघि बढिरहेछ । हाम्रो वास्तविकतामा आधारित आफ्नै कुनै क्रान्तिको सिद्धान्त र क्रान्तिपछिको हरेक फाँटको बस्तुसम्मत क्रान्तिकारी विकल्प हामीले विकास गर्न सकेनौं । उधारो क्रान्तिकारी सिद्धान्त र क्रान्तिकारी विकल्पमै हामी निर्भर भइरह्यौं । अन्ध नक्कल नै हाम्रो मुख्य प्रवृत्ति भईरह्यो ।

तर मूल प्रश्न के हो भने- मार्क्स-एगेंल्सले आफ्नो समयको गतिशील विश्व र समाजको विकासको वैज्ञानिक नियम समात्नु संभव हुन्छ भने हामीले मात्र किन संभव हुँदैन ? लेनिन, स्तालीन, माओले आफ्नो समयको विश्व र आफ्नो समाजको नियम थाहा पाउन संभव हुन्छ भने हामीले मात्र किन संभव हुँदैन ? किन हाम्रो लागि मात्र वर्तमान विश्व र नेपाली समाज अज्ञेय हुन्छ ? के संसार र आफ्नो समाज स्थिर भएमा मात्र त्यो ज्ञेय हुने हो ?

यदि यस्तो हुने हो भने त यो संसार र समाज हमेशा गतिशील छ, अनि कसरी यो ज्ञेय हुने ? वास्तवमा संसारमा गतिशील वस्तु सिवाय केही नभएकाले ज्ञेय भनेकै संसारको सारा गतिशील बस्तुहरू हुने हैन र ? मान्छेको ज्ञान सही हुनको लागि त्यसले सदा गतिशील समाज र विश्वको गतिसँगै हमेशा गति कायम गर्नु पर्ने हैन र ?

हाम्रो आन्दोलनमा अज्ञेयवादी दृष्टिकोणको गलत चिनारी भैरहेछ । वर्तमान विश्वको विकासको नियम पत्ता लाउन खोज अनुसन्धान थालिनु पर्छ

बाँकी पेजमा

**शब्द परिचय**

## अज्ञेयवाद Agnosticism :

संस्कृतिमा अज्ञेयको अर्थ हुन्छ- जान्न नसकिने, थाहा पाउन नसकिने । ग्रीक भाषामा Agnostos को अर्थ हुन्छ- थाहा नभएको, थाहा पाउन नसकिने । यसरी अज्ञेयवादको मतलव हो- त्यस्तो दार्शनिक सिद्धान्त, जसले यो वस्तु जगत्, यो संसार, प्रकृति र त्यसका नियमहरू थाहा पाउन सकिन्न भन्छ, थाहा पाउने संभावनालाई अस्वीकार गर्छ । अज्ञेयवादले विज्ञानलाई खालि केही घटना, परिघटना थाहा पाउनमा मात्र सीमित गर्छ । यो आदर्शवादको नै एउटा अभिन्न अंग हो, किनकि आदर्शवादको एउटा सिद्धान्त हो- यो संसार अपरम्पार छ, थाहा पाउनै सकिन्न भन्ने ।



# धिमाल जाति

# आफ्नै देशभित्रका परदेशीहरु !

**धेरैवर्ष अगाडि दुई जना किराँत दाजुभाइहरु पहाडबाट शिकार खेल्न चुरेको जंगलतिर झरे । जंगल अति नै घना थियो । शिकार खेलिसकेपछि फर्कने बेलामा भाइलाई दिसा लागेछ । रात पर्न लागेको हुँदा दाजु- " ल भाइ, म केराको बोट काट्दै जान्छु, त्यही पच्छ्याउँदै- पच्छ्याउँदै आउनू" भनेर केराको बोट काट्दै हिंडे ।**

**भाइ दिसा गरेर फर्कदा केराको बोटमा नयाँ टुसाहरु पलाइ सकेछन् । भाइ अल्मलिएर उँभो पहाड पुग्नको साटो उँधो तराई झर्न पुगेछ । तराईको जंगलमा प्रशस्त फलफूल, शिकार देखेर भाइ चाहिं तराइमै जीवन निर्वाह गरी बसेछ । कालान्तरमा तिनै भाइकिराँतका सन्तानहरु धिमाल कहलिएका हुन् ।**

*- (एक प्रचलित किराँत लोकोक्ति)*

झट्ट हेर्दा मंगोल नश्लका देखिन धिमाल जातिका नेवाङ्ग, योङ्गहाङ्ग, तेङ्माली, जस्ता कतिपय थरहरू पनि लिम्बू, राई जातिका थरहरुसंग मिल्दछन । किराँत जातिका भाषिकाहरु र धिमाल भाषामा पनि निकै सामञ्जस्यता पाइन्छ । त्यस्तै किराँत जाति तथा उपजातिका संस्कृतिहरु र धिमाल संस्कृतिमा पनि निक्कै समानता रहेको छ । झापाका कतै कतै लिम्बू गाउँहरुमा धिमालहरुलाई तेम्भोवा याक्थुङ्ग अर्थात तराईको लिम्बू भन्ने गरेको पनि पाइयो ।

नेपालको झापा र मोरङमा गरी धिमालहरुको कूल जनसंख्या एक लाख जति रहेको छ । जीविकोपार्जनको निमित्त गएका वाहेक देशका अन्यत्र भागमा धिमाल जातिको वसोवास भएको त्यति पाइन्न । धिमालहरु यदाकदा मात्र कर्मचारी र जनप्रतिनिधिको रुपमा रहेका छन् । अन्यथा अधिकांश धिमालहरु सुकुम्वासीको रुपमा रहेका छन् र उनीहरुको जीवन निर्वाह गर्ने माध्यम वनीवुतो रहेको छ ।

धिमाल जातिको संस्कृति र जन जीवनबारे अवलोकन गर्ने हेतुले झापाको जोगीचनस्थित निम्न वर्गीय किसान बुद्धिमान धिमालको घरतिर लागियो । सडक छेउमा आँप र कटहरको रुखसंगै उनको छाप्रो घर रहेको छ ।

"के गर्दै हुनुहुन्छ ?" मेरो औपचारिकता निभाउने प्रश्नको जवाफमा करीव पचास वर्षीय बुद्धिमान धिमाल मुस्कुराउँदै भन्छन् - "आ के गर्नु र नानी ! खायो पियो, काम गऱ्यो, बस्यो । गरीवको जिन्दगी यस्तै त हो ।"

"अनि के काम गर्नु हुन्छ ?" मेरो दोस्रो प्रश्नको जवाफमा "उही हलो जोत्छु । दाईं लाउँछु, फरुवा खन्छु । विहान बेलुकाको छाक टार्न त्यसै बसेर भएन ।" स्वाभाविक उत्तर दिए । तपाईको जहान नि, के गर्नु हुन्छ ? -मैले पुनः प्रश्न गरें ।

"उनी भूँडी भर्ने सुँगुर, कुखुरा घरको खत्राक खुत्रुक काम गर्छिन नै ।'" उनले केही दिक्दारीको स्वरमा भने ।

उनको परिवारमा श्रीमती ज्ञानी घरको कामसाथै बेलामौकामा बनिवुतोको काम गर्छिन् । जेठी छोरी सालोई र माइली बालोको विवाह भइसकेको छ । साईली छोरी सरिता र एउटै मात्र छोरो लाखबहादुर काठमाडौंमा गलैंचाको काम गर्छन् । काईली पूर्णीमाया र कान्छी विणा स्थानीय भुल्लुङ स्कूलमा पढ्छन् । उनको दैनिक आम्दानी मुश्किलले तीस रुपियाँ मात्र हुन्छ रे ।

खेतमजदूरहेरुले मरुञ्जेल काम गर्दा पनि पटक्कै खान लाउन नपुग्ने र सालसालै झन्झन् गरीव हुँदै जान परेकोमा उनको ठूलो असन्तुष्टि छ । "गलैंचा बुनेर छोराछोरीले पैसा त निकै कमाउँदा हुन् ?" मेरो जिज्ञाशाको जवाफमा उनी फिक्का हाँसो हाँस्दै भन्छन् - "खोइ के कमाउनु ! उतै उनीहरुलाई खान बस्न मात्रै पुग्छ ।" अनि किन काठमाण्डौ जाइरहनु पऱ्यो ? भनेर भर्खर फर्केका लाख बहादुरलाई सोढ्दा उनी भन्छन् - "गाउँघरमा खै कुनै काम पाईदैन । कुनै फ्यासिलीटी पनि उहाँको जस्तो छैन ।" उनी काठमाण्डौ गएर वोलीमा एक दुई अंग्रेजी शब्द मिसाउने पनि बनेका रहेछन् ।

देशमा पाश्चात्य पूँजीवादी फेशन र संस्कृतिको बाढी आए पनि धिमाल महिलाहरुलाई त्यति प्रभाव पारेको देखिन्न । धिमाल महिलाहरु विशेष गरेर कालो रङ्गको मोटो कपडामा तीन वटा जोडी रातो धर्का भएको पेटानी लगाउँछन् । उनीहरु गहनाको रुपमा चाँदीको सिक्री वा पैसाको माला, हातमा चुरा, खुट्टामा कल्ली र कपालमा श्रीफूल लगाउने गर्दछन् । पुरुषहरुको जातीय पोशाक भने बुनेको कछाड, सेतो भोटो, कालो इष्टकोट र टोपी हो , तर आजकल कुनै कुनै बूढापाकाहरु मात्र यस्तो लुगा लगाउँछन् । अधिकांश धिमालहरु हिजोआज सर्टपेण्ट, कमीज नै लगाउने गर्छन ।

किन आजकल तपाईहरुले आफ्नो जातिय फेशन छाड्नुभयो ? भन्ने प्रश्नको जवाफमा बुद्धिमान धिमाल भन्छन् - "धत्, अचेल त जमाना फेरीइसक्यो । कोही पुरानो चलनको लुगा लाउँदैनन् । आफूले मात्र लगाउँदा जोकर पो बनाउँछन् ।" उनकी श्रीमती ज्ञानी पनि हाँस्दै थप्छिन् - "अस्ति लाखेको बाबु धोती मात्र लगाएर नुवाउँदै थियो । केटीहरुले खिज्याएर काबु पाऱ्यो । अनि त उनले पनि लाउन छाडीदिए ।"

धिमाल महिलाहरुले पाखुरा कुम आदिमा फूल, नाम र बिभिन्न बुट्टाहरु कहिल्यै नमेटिने गरी कुँदने पनि गर्छन । यसबारे प्रश्न गर्दा त्यसै गाउँका बृद्ध महिला सुकमायाले भनिन् - "मर्दा बाबु आमाले चिन्छ रे भन्ये । त्यसै भनेर मैले पनि खोपाएकी हुँ ।" अन्य धेरैले यससम्वन्धी अनभिज्ञता प्रकट गर्दै त्यसै रहर लागेर आफूले खोपाएको कुरा बताए ।

अधिकांश धिमालहरू बढी जाँड-खसी, माछा-मासु प्रयोग गर्दछन् । करीव तीन महिनासम्म घैलामा खरानी वा माटोले बन्द गरी जाँड सडाएर निगार बनाउने गर्दछन् । जसलाई उनीहरुको भाषामा घेडसिङ भनिन्छ । मासुमा खसी, रांगा, सुंगुर, कुखुरा, भेडाका अतिरिक्त मूसा, ठोटरी, गोहोरो, बन विरालो समेत खाने गर्दछन् ।

"तपाईहरुले खाने गर्नुभएको मासुमध्ये सबभन्दा के मीठो लाग्दछ ?" भन्ने प्रश्नको जवाफमा ज्ञानी र सुकमाया दुवैले "सुँगुर" भन्ने संयुक्त एवं संक्षिप्त जवाफ दिए ।

धर्मराज धिमालहरुको प्रमुख देवता हो । धर्मराजलाई बूढा ठाकुरको रुपमा भाले सँगुर र लक्ष्मीलाई पोथी सुँगुरद्वारा पूजा गर्ने गर्दछन् । आर्थिक स्थिति कमजोर हुनेहरुले धर्मराजलाई सेतो भाले र लक्ष्मीलाई सेतो पोथीद्वारा पनि पूज्दछन् । धिमालहरुको मूल पुरोहित धिमाल जातिकै धामी हुन्छ ।

धिमाल जातिमा विवाह गर्दा ४/५ जना व्यक्तिहरु दुई वोतल रक्सी, चुरोट आदि लिएर केटी माग्न जान्छन् । कुरा छिनीसकेपछि दुइ चार दिनपश्चात सम्धी सम्धी भेटको आयोजना गरिन्छ । र दुवैले एक अर्कालाई रक्सी ख्वाएपछि मात्र औपचारिक रुपमा सम्धी भएको मानिन्छ । त्यस अवसरमा गाउँले र अन्य नातेदारहरुलाई पनि रक्सी ख्वाइन्छ । त्यसपछि विवाहको तिथि तोक्न पुनः भेटघाटको आयोजना गरिन्छ र तिथि तोकिन्छ । विवाहमा बेहुली लिन जाँदा बेहुला पक्षले बेहुलीतर्फका नातेदारहरुलाई

**"लेखापढी गरेर क्षेत्री वाहुन टाठावाठा भए, धिमाल चाहिँ लाटाको लाटा !"**

सात पैसा र सात सुपारी तिर्नुपर्दछ, जसलाई पञ्च दुधली भनिन्छ । बेहुलीपक्षबाट सम्पूर्ण जन्तीहरु सहित गाउँले आफन्तहरुलाई सुंगुर काटेर भोज ख्वाइन्छ । वेहुली पुऱ्याउन चालीस जनासम्म महिलाहरु लोकन्थीको रुपमा आउने गर्छन । यसपछि वेहुलाको घरमा टीकाटालो गर्नुको साथै गाउँले आफन्त पाहुना आदिहरुलाई मासुभात ख्वाउनु पर्दछ । उक्त भोजमा वेहुलीले परम्परागत पोशाक लगाई दाल वाँड्ने चलन छ । यस प्रकारको भोज २/३ दिनसम्म पनि चल्न सक्तछ ।

धिमाल जातिको मृत्यु संस्कारमा गाड्ने र जलाउने दुइटै प्रक्रिया छ । तीनदेखि नौ दिनसम्म जूठो बारिन्छ । त्यसपछि नातेदार तथा छरछिमेक बोलाई बर्खी भोजको आयोजना गरिन्छ ।

धिमालहरुको एक पृथक विशेषता ढडङ्गे मेला हो । वसन्त ऋतुकालमा लाग्ने यस मेलामा देवताको थान बनाई सुङ्गुर, कुखुरा लगेर पूजा गरिन्छ । मेलामा मूलतः आफन्तहरुसंग भेटघाट, चियापान र खानपीन आदिको काम परस्परमा गर्ने गरिन्छ । मेलामा युवा युवतीले एक अर्कामा रोजनी गर्न पनि सक्तछन्, जसलाई पछि अभिभावकहरुद्वारा विवाह गरी दिइन्छ ।

> **खेतमजदूरहरूले मरूञ्जेल काम गर्दा पनि पटक्कै खान लाउन नपुग्ने र सालसालै झन्झन् गरीब हुँदै जान परेकोमा उनको ठूलो असन्तुष्टि छ ।**

धिमालहरु किन यति साह्रो पिछडिएको होलान् ? कुराको सिलसिला अगाडि बढाउँदै सोधें । स्थानीय गाउँमा गाडा चलाउँदै जीवन यापन गर्ने युवा मानबहादुर धिमाल भन्छन्- "खोई म त केही भन्न सक्तिन । आफ्नै बुद्धि नभएर त होला ।" छिमेकी बृद्ध भगीलाल धिमालले भने- आफ्नो जातीय असन्तुष्टि पोख्दै भने- "लेखापढी गरेर क्षेत्री वाहुन टाठावाठा भए, धिमाल चाहिँ लाटाको लाटा ! त्यसै पछि परीहाल्छन् नि ।" बुद्धिमान र दमक नगरपालिकाका उप मेयर मोहन धिमालको विचारमा धिमाल पिछडिनुको मुख्य कारणमा शिक्षाको कमी हो ।

धिमाल जातिमा शिक्षाको ज्यादै अभाव रहेको कुरा अति सीमित संख्यामा रहेका सचेत धिमालहरु बताउँछन् । आर्थिक स्तर अति न्यून रहेको छ । अधिकांश धिमालहरु मजदूरी गरेर जीवन यापन गर्न विवश छन् । कैयौले नागरिकता प्रमाणपत्र पाउन नसकेको दुःखेसो व्यक्त पनि गरे । समस्याहरुले गर्दा आफ्नै देशभित्र धिमालहरु "परदेशी" बन्न पुगेका छन् ।

तपाईलाई उहिले र अहिलेको जमानामा कुन राम्रो लाग्छ ? मैले कुरा अगाडि बढाउँदा बुद्धिमान गम्भीरतासाथ भन्छन् - "उहिले नै राम्रो थियो । जंगल बाक्लो थियो । जताततै तलाउ थियो । जंगलमा बाघ, भालु, गैडा, हात्ती, चित्तल, खरायो, बनगाई, घोडगधा पाइन्थ्यो । अचेल त ती जनावरहरु कता पुगे कता । दाउरा खोज्न पनि चुली पुग्नु पर्छ । यस्तो पाराले मान्छेले मान्छे खाने जमाना आउँछ होला, नानी ।"

तपाईलाई बहुदल र निर्दलमा कुन राम्रो लाग्छ भन्दा उनले "बहुदल" भन्ने संक्षिप्त उत्तर दिए । तर किन भनी पुनः प्रश्न गर्दा केवल हाँसे मात्र ।

तपाई कहाँ कहाँसम्म घुम्नु भएको छ भनेर सोध्दा कामले गर्दा घुम्ने फुर्सद कहिल्यै नहुने कुरा सुनाए । नागरिकता बनाउन चन्द्रगढीसम्म पुगेका रहेछन् । ज्ञानी चाहि छोराले बोलाएर काठमाण्डौ पनि पुगेकी छिन रे । अन्य अधिकांशले दमक बजारसम्म मात्र पुगेको बताए । कहिलेकाहिं पहाडतिर पनि घुम्न जानू नि भन्दा "खोइ नानी पर्तेको बहिनीहरु पहाड जाउँ त भन्छन् । तर कहिल्यै पहाड चढेको छुइन । कहाँ म पहाड चढ्न सकुँला र ?" ज्ञानी धिमालले जिज्ञाशापूर्वक मतिर हेर्दै भनिन् ।

"अनि अरु सुख दुःख के छ नि" भनी सोध्दा-"अरु त के हुनु र गाउँका ठूलावडाले खुव दुःख दिएका छन् । ऐलानी जग्गामा बस्दा पनि दिनदिनै हप्काउँछन् ।"- उपरोक्त, भनाइ बुद्धिमानको थियो । "काम गर्ने बेला फुरुङ्ग पार्छन । भरे खानेबेला अगाडि मालिकहरु नै" ज्ञानीले पनि असन्तोष जाहेर गरिन् ।

धिमाल जातिको उत्थान गर्न के गर्नु पर्ला त भन्ने प्रश्नमा बुद्धिमानको जवाफ थियो- "खोइ के गर्दा हुन्छ । त्यसवारे तपाईहरुले सोचीदिनु पऱ्यो नै ।"

मान बहादुरको बिचारमा "अब धिमालहरुले सही कुरा बुझ्नु पर्छ । जथाभावी अर्काको हावामा लाग्नु भएन । दमकका पदम धिमालको धारणामा पढ्नलेख्न थाल्नु पर्छ । धिमालहरुको निम्ति सीट (नोकरीमा) आरक्षण हुनुपर्छ ।

दमकका उपमेयर मोहन धिमालको विचारमा "धिमालहरुको शिक्षाप्रति ध्यानाकर्षण हुने कार्यक्रम गर्नुपर्छ । धिमालहरुका साधन स्रोतको संरक्षण र सीपमूलक रोजगारीको व्यवस्था गरिनुपर्छ ।"

**- धर्मचन्द्र लावती**

# हामी थाङ्नामा सुतेका छैनौं

**- माधवकुमार नेपाल, महासचिव ने.क.पा. (एमाले)**

***प्रश्न :*** *हरेक पटक तपाईहरू आन्दोलनको आह्वान गर्नुहुन्छ । भाषणमा गिरिजालाई सत्ताबाट नहटाई भातै खान्नौं भन्नुहुन्छ । जनताहरू विश्वास गरेर सडकमा आउँछन् । उनीहरू मर्न तयार हुन्छन्, कैयन् मरेका पनि छन् । निकै भयंकर आन्दोलन चर्कन्छ । तर जब आन्दोलनले गिरिजालाई हटाउन सक्ने स्थिति आउँछ, पानबूढा आउँछन् र तपाईहरूलाई फकाउँछन् । तपाईहरू जनता र आन्दोलनलाई सजिलै बिर्सेर ऊसँग थपक्क संझौता गर्नुहुन्छ । उर्लंदो आन्दोलनमाथि चिसो पानी खन्याउनु हुन्छ । तीन पटक भयो, उसले यसरी लगालग थाङ्नामा सुताएको तपाईहरूलाई । महासचिवज्यू, यस्तो किन बारंबार भइरहेछ ? किन तपाईहरू चेत्नु भा को छैन ?*

**- रमेश स्थापित, मरुहिटी, काठमाडौं**

**उत्तर :** रमेश स्थापितजी, थुप्रै जिज्ञासाहरू राखेर प्रश्न गर्नु भएकोमा धन्यवाद ! "गिरिजाप्रसाद नहटाई भातै खान्नौं", भनेर हामीले भनेका छैनौं । गिरिजाप्रसाद कोइरालाले असंगत र दमनपूर्ण तरीकाबाट शासन चलाउन, राष्ट्रिय हितमाथि कुठाराघात गर्न र संवैधानिक प्रावधानलाई कुल्चन थालेपछि तथा टनकपुरको मामिलामा सरकार अदालतमा पराजित भएपछि नैतिकताको समेत प्रश्न उठाई हामीले राजीनामाको माग गरेका हौं । विना आधार, विना औचित्य, विना तर्क हामीले प्रधानमन्त्रीको राजीनामाको माग गरेका हैनौं ।

अहिलेसम्मका घटनाहरुले सबैलाई यो कुरा प्रष्ट भइसकेको हुनुपर्छ कि गिरिजाप्रसाद कोइरालालाई देशी विदेशी प्रतिकृयावादी शक्तिको पूरै समर्थन रहेको छ । फलस्वरुप पार्टीभित्रबाट पनि उनले बढी शक्ति प्राप्त गर्दै आएका छन् । सँगसँगै उनी आफ्नो राष्ट्रघाती काम, जनविरोधी चरित्र, अप्रजातान्त्रिक र अनैतिक आचरण, भ्रष्टाचारमा कुख्याती र सर्वोपरी रुपमा नातावाद र गुटवाद मिश्रित सर्वसत्तावादी चरित्रको कारणले जनताबीच बदनाम हुँदै गएका छन् । पार्टीभित्र नाङिएका छन् । पाँच वर्षसम्म जस्तोसुकै अपराध गरे पनि सत्ता नछाड्ने दम्भपूर्ण अभिव्यक्ति दिने गिरजाप्रसादले हाम्रो लगातार संघर्षको फलस्वरुप तीन वर्षभित्रै राजीनामा दिन र आफ्नो बहुमत रहेको प्रतिनिधि सभा भंग गर्न बाध्य हुनु पऱ्यो । यसलाई सपना वा अचानक घटेको स्वतस्फूर्त घटनाको रुपमा ठान्नु हुँदैन । कुनै एक पटकको आन्दोलन भन्ने वित्तिकै सफलताको शिखरमा पुग्न सक्दैन र एउटै आन्दोलनले मात्र कुनै शक्ति सत्ताबाट हट्ने संभावना पनि ज्यादै कम हुन्छ । जबसम्म राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति कसैको पक्ष वा विपक्षमा हुन्न तबसम्म उसको जित हार हुँदैन । सत्ता परिवर्तन सम्बन्धी नेपालकै वा कुनै पनि देशको आन्दोलनको अध्ययन गर्दा यो कुरा तपाईले पाउनु हुन्छ ।

अब जहाँसम्म संघर्षको कुरा छ, त्यसमा तीन कुराहरू देखा पर्छन् । कि पूर्ण विजय पाउनु र विपक्षीले हार स्वीकार गर्नु, कि आन्दोलनकारी शक्ति पराजित हुनु र विपक्षीले जित्नु वा दुबैले शक्ति सन्तुलनको आधारमा एउटा बिन्दुमा पुगेर संझौता गर्नु ।

क्रान्तिकारीहरूले आन्दोलन गर्दा परिस्थितिलाई ध्यानमा राखी समय समयमा संझौता गर्छन् । प्रतिकृयावादीहरूले पनि त्यसरी नै गर्छन् । कुरा यति हो कि जबसम्म पूर्ण सफलता र आफ्नो खास लक्ष्य प्राप्त हुँदैन, त्यति बेलासम्म आन्दोलन गर्नु, संझौता गर्नु, जनतालाई सचेत, संगठित र आन्दोलित गर्नु र तिनको मनोबल उठाउनु एउटा नियमित राजनीतिक प्रकृया अन्तरगत पर्छ ।

तपाईले लेख्नुभएको जस्तो कुनै "पानबूढा" सँग हामीले संझौता गरेका र फ्याकिएका छैनौं । हामीले त सत्तारुढ दलको जिम्मेवार नेतासँग आफ्ना मागहरू पूरा गराउने शर्तमा संझौता गरेका हौं । जसले सो सम्झौताको पालना गर्दैनन्, तिनीहरू जनताको नजरमा गिर्छन् । अझ काँग्रेसले हामीसँगको संझौतामा आवद्ध भएर तर त्यसको परिपालना नगरेको आफ्नो बेइमानी नियत नालायकी, अनैतिक चरित्र र वचनको ठेगान नहुने भन्ने जस्ता गलत छवी बनाएको छ । त्यस कारण जनताको जोशमा हामीले चिसो पानी खन्याएको, थाङनामा सुतेको जस्ता कुराहरू तपाईको भावनात्मक भ्रम मात्र हो । यस्ता कुराबाट प्रष्ट हुन तपाईहरूलाई आग्रह गर्दछु ।



### "मुक्ति-संघर्ष" का निर्देशकको विचार

# "सस्तो मनोरञ्जनको निम्ति मात्र फिल्म बन्नु हुन्न"

**नेपाली साहित्य-क्षेत्रमा २०२६।२७ तिरको "अस्वीकृत जमात" आन्दोलनका प्रणेता एवं चर्चित साहित्यकार कविताराम श्रेष्ठ "मुक्ति-संघर्ष" भिडियो-फिल्मको कारण २०४८ सालदेखि नै विशेष रुपले चर्चित हुँदै आउनुभएको छ। रुढीग्रस्त मूल्य र मान्यताविरुद्धको संघर्षको रुपमा आफ्नै खाले दर्शन "अस्वीकृतवाद" लाई अँगालेर साहित्य लेख्न शुरु गरेको हुनाले साहित्य क्षेत्रमा उहाँ यसअघि नै चर्चित हुनुहुन्थ्यो। तर इलेक्ट्रोनिक मिडियाको लोकप्रियताको कारण फिल्मबाट उहाँ बढी प्रचारमा आउनुभयो।**

**२०१३ -१४ सालदेखि साहित्यमा लागेका कविताराम श्रेष्ठले कथा, उपन्यास, बाल उपन्यास, नाटक र निबन्धहरूका ९ वटा कृतिहरू प्रकाशित गरिसक्नुभएको छ। उहाँको पछिल्लो नाटक "स्वभाव गीता" उहाँको सैद्धान्तिक मान्यता "स्वभाववाद" लाई अभिव्यक्त दिने कृतिका रूपमा आएको छ, जसमा आजभन्दा एक हजार वर्षपछिको मानव समाजको वर्णन गरिएको छ।**

**सन् १९६७-६८ मा नेपाली फिल्म "हिजो आज भोलि" बाट अभिनय क्षेत्रमा प्रवेश गरी १९८५ मा जापानमा जापानी टेलीभिजनको टेलिसिरियल "गान्जी" मा समेत अभिनय गरिसक्नु भएको उहाँले २०४५ सालमा "रहस्यमय गुफा" भिडियो फिल्मको निर्माण, लेखन र त्यसमा अभिनय पनि गर्नुभएको थियो। "मुक्ति संघर्ष" मा निर्माण, लेखन, निर्देशन र संगीत उहाँकै रहेको छ भने यसमा लाहुरेको भूमिकामा उहाँले अभिनय पनि गर्नुभएको छ।**

**हामीले वर्तमान नेपाली फिल्म क्षेत्रका विविध पक्षमा उहाँसँग कुराकानी गरेका थियौं। प्रस्तुत छन्- कुराकानीका प्रमुख अंशहरू।**

**- कार्यकारी सम्पादक।**



## अन्तर्वार्ता : कविताराम श्रेष्ठसँग

*० तपाईहरू कोरिया जाँदै हुनुहुन्छ, फिल्मसँग सम्बद्ध सबैजना जाँदै हुनुहुन्छ कि क्या हो ?*

- सेप्टेम्बर २६ देखि अन्तर्राष्ट्रिय फिल्म महोत्सव शुरु हुन्छ। त्यसका लागि हामी १८ सेप्टेम्बरमा कोरियाका लागि प्रस्थान गर्दैछौं। बोलाउन त ४ जनालाई बोलाइएको हो, तर सबैलाई लैजान सकिएन। त्यसैले म र एक जना क्यामेरा म्यान मात्र त्यता जाँदैछौं।

*० त्यहाँ तपाईहरूले के-के गर्ने कार्यक्रम छ ?*

- फिल्म प्रदर्शनको कार्यक्रम नै मुख्य कार्यक्रम हो। यसबाहेक एउटा गोष्ठीमा "तेस्रो विश्वमा भिडियो प्रविधिबाट फिल्म निर्माणको उपादेयता" बारे मैले एउटा कार्यत्र पेश गर्ने विचार गरेको छु। त्यहाँ हामी फिल्मको बजारको खोजी पनि गर्छौं। साथै छायांकनको लागि स्वीकृति मिलेमा कोरियाको बारेमा वृत्तचित्र बनाउने पनि योजना मैले गरेको छु।

*० "मुक्ति-संघर्ष" नेपाली भाषामा छ, त्यहाँका मानिसहरूले कसरी बुझ्लान् त ?*

- फिल्मको एउटा क्यासेट र अंग्रेजी भाषामा कथा र संवाद मैले त्यहाँ पठाइसकेको छु। यसको किताव छापिसकिएको हुनेछ। त्यहाँका नेपाली भाषाविज्ञहरूद्वारा फिल्ममा अंग्रेजी वा कोरियन भाषामा टाइटल पनि राख्न सक्छन्।

*० के कुराको आधारमा तपाईको यो फिल्म नै त्यस चलचित्र महोत्सवका लागि छानिएको हो ?*

- थाहा छैन। शायद कथाको कारणले हो। नेपालको ऐतिहासिक जनआन्दोलनको चित्रण पनि यस फिल्ममा भएकोले यो विषय सबैको रुचिको विषय बनेको हुनसक्छ। त्यसैले यो फिल्मले स्वीकृति पाएको हुनसक्छ।

*० तपाईले यो फिल्म बनाउने प्रेरणा केबाट पाउनुभयो ?*

- सन् १९६७-६८ मा जहिलेदेखि मैले फिल्ममा खेलें, यो कथा-वस्तुमाथि मैले काम थालेको थिएँ। हिन्दी र नेपाली फिल्महरूको ताल-तरीका देख्दा मैले आफ्नो शैलीमा केही गर्ने अठोट चाहिँ त्यतिखेरदेखि नै लिने गरेको थिएँ।

कथा-वस्तु मेरो 'अस्वीकृतवाद' मै आधारित थियो- कोही मान्छे त्यसै ज्यानमारा हुँदैन, समाजमा असत्तीहरूले विवश बनाएर उसलाई ज्यानमारा बन्न बाध्य गराएका हुन्छन्।

यस्ता पात्रहरूमा मेरो सधैं सहानुभूति रहनेगर्छ। त्यस्तै पात्रहरू मेरो 'अस्वीकृत पात्रहरू' हुन्छन्। उनीहरूकै पक्षबाट वकालत गर्ने प्रयास मेरो हुनेगर्छ। यसमा चोर, डाँका, वेश्या आदि पनि पर्दछन्।

२०४६ अगाडि यस्तो कथाले ठाउँ पाउन सम्भवै थिएन। त्यसैले २०४६ पछि यसलाई जनआन्दोलनसँग सान्दर्भिक बनाएर मैले लेखें। त्यसैले, यस फिल्मलाई ०४६ कै कथा मात्र भन्न चाहिँ मिल्दैन। यो हाम्रो समाजमा घट्दै आएको पुरानै कथा हो, आज पनि घट्दै छ र एउटा

मुक्त स्थिति नआएसम्म घटि नै रहनेछ। त्यसैले मैले भनेको हुँ- "संघर्ष जारी नै छ।"

*० यस फिल्मको आकर्षण र प्राविधिक स्तरबारे तपाई आफूले चाहिँ कस्तो अनुभव गर्नुभएको छ ?*

- यो फिल्म बनाउनुअघि मैले विकाससँग सम्बन्धित एक विदेशी संस्थाबाट विदेशी प्राविधिज्ञहरूबाट पटकथा- लेखन, निर्देशन, क्यामेरा, संपादन र ध्वनिमा औपचारिक तालिम लिएको थिएँ। मेरो क्यामेराम्यान साथी के.पी. श्रेष्ठले पनि मसँगै त्यहीं तालिम लिनुभएको थियो। त्यसैले यो फिल्म बनाउँदा दुवैको स्पिरिटले राम्रो काम गरेको थियो।


हाम्रो मिहेनतअनुसार यसको प्राविधिक स्तर राम्रो नै भएको मलाई लागेको छ। शायद त्यसै कारणले नै होला भिडियो चलचित्र महोत्सवले यस फिल्मलाई ६ वटा पुरस्कारहरू दिएको।

फिल्मको लोकप्रियताको सवालमा चाहिँ राजधानीमा सार्वजनिक प्रदर्शन भैनसके पनि समाजिक संघ संस्थाहरू मार्फत यसको व्यापक प्रदर्शन भएको छ। प्रवुद्ध दर्शकहरूले यसलाई रुचाएको पाएको छु।

*० फिल्मको निर्माण लागत उठिसक्यो ?*

- निर्माण लागत पूरै उठिसकेको भने छैन।





निर्देशक कविताराम अभिनय र सामान्य जीवनमा :

*० तपाईले बजारमा चलेका यौन र हिंसाका 'मसला'हरू राखेर फिल्म बनाउन छोडेर "मुक्ति संघर्ष" जस्तो फिल्म नै किन बनाउनु भयो ?*

- यौन, व्यभिचार र हिंसाहरू मेरो फिल्म "मुक्ति-संघर्ष" मा पनि प्रस्तुत छन्। आज समाजको कुरीतिविरुद्ध हामीले कलम वा क्यामेरा चलाउनु जरुरी छ। यसो गर्दा यी क्षेत्रमा भएका ज्यादतीहरू नदेखाए दर्शहरूलाई सन्देश दिन खोजिएको कुरामा दम नै हुँदैन, त्यसैले तिनको प्रस्तुति जरुरी हुन्छ। तर ध्यान दिनुपर्ने कुरा हो- यसको आडमा व्यवसाय गर्ने, नाफा सोहर्ने वा जनमानसमा नै प्रतिकूल असर पर्ने गरी प्रस्तुतिहरू हुनु भने हुँदैन। म त्यसको विरोधी छु।

*० त्यसो भए के व्यवसायिकतालाई बेवास्ता नै गर्ने त भनी प्रश्न गर्नेहरूलाई तपाईको जवाफ के छ ?*

- हेर्नुस्, "मुक्ति-संघर्ष" बनाएर मैले एउटा हदसम्म नयाँ शैली, नयाँ विषय र नयाँ प्रयोगको फिल्म प्रस्तुत गर्दागर्दै पनि व्यवसायिक ढंगले पनि यो उत्तिकै सशक्त हुनसक्छ भनेर देखाउन खोजेको छु। राजनीतिक विषयवस्तु छान्नु, हिरो-हिरोइनको प्रेम, नाच, फिल्ममा समाविष्ट नहुनु, जनजातीय गीतहरूको प्रयोग हुनु, कवितालाई पनि संगीतवद्ध गरिनु, बलात्कार जस्ता दृश्य देखाउँदा पनि दर्शकहरूलाई उत्तेजित हैन, मर्माहत पार्ने प्रकारले प्रतीकात्मक रुपले देखाउनु आदि मेरो यो फिल्मका केही नयाँपनहरू हुन्। यी कुराहरू चालू फिल्महरूमा आम रूपमा पाइने कुरा हैनन्।

यसैगरी, यस फिल्मले एक व्यक्तिको 'बहादुरी' मा हैन, संगठन र सामूहिक शक्तिमा जोड गर्छ। यी सब विशेषतालाई अँगालेर पनि मैले व्यवसायिकतालाई त्यागेको छैन।

स्तर र रोचकताद्वारा दर्शकलाई तानेर पनि व्यवसाय हुनसक्छ। व्यवसाय गर्न हिन्दी फिल्मको नक्कल नै गर्नुपर्छ भन्ने छैन। छाडा र सस्ता कुराहरूले फिल्म भर्नुपर्छ भन्ने छैन। देशको समसामयिक विषयलाई समात्नु, जनताको पक्षमा कथावस्तु चयन गर्नु, जनभावना अनुरूपको विषय प्रस्तुत हुनु- यी सबै व्यवसायिक पक्ष नै हुन्। यी अस्वस्थ होइन, स्वस्थ व्यवासयिक कुराहरू हुन्। म यो स्वास्थताको पक्षमा छु।

*० हाम्रो वर्तमान समाजमा कस्ता खाले फिल्महरू उत्पादन हुनुपर्छ भन्ने तपाई चाहनुहुन्छ ?*

- यसको जवाफ माथि पनि केही आइसक्यो। देशको समसामयिक विषयमा जनताको भावना र जनहितको पक्षमा कलात्मक ढंगका फिल्महरू हामीले बनाउनु जरुरी छ। सस्तो मनोरञ्जनको लागि मात्र फिल्महरू बन्नु हुँदैन। भारतीय फिल्महरूको नक्कल गर्नेतिर हैन, हामीले देशकाल अनुकूलको विषयवस्तु र समस्यालाई लिएर यसको समाधानको बाटोतिर लक्षित पूर्ण वस्तुवादी फिल्महरू बनाउनुपर्छ। यसैभित्र व्यवसायिक ढंगले स्वस्थ मनोरञ्जनका मसलाहरू राख्नुपर्छ। निर्माताहरूले यस्तै लेखक निर्देशकहरूलाई छान्नुपर्छ। सरकारले यस्तैलाई बढावा दिनुपर्छ र कलाकारहरूले पनि यस्तै फिल्म छान्नुपर्छ। अनि मात्र हाम्रो फिल्ममा मौलिकता र जनउपयोगिता बढ्छ। यो लोकप्रिय पनि हुन्छ। अनावश्यक तडक-भडकमा भन्दा विषय र कलात्मकता एवं रोचकतामा बढी केन्द्रित हुनाले निर्माण लागत पनि कम हुन्छ, जसले गर्दा लगानी पनि छिट्टै उठ्न सक्छ र लगानी उठाउने नाममा जथाभावी "सस्ता मसलाहरू" खोज्नतिर नलागे पनि हुने हुन्छ।

*० तपाईले भन्नुभएको जस्तो विशेषताले युक्त सार्थक फिल्महरूको निर्माण क्रम नेपालमा अघि नबढ्नुको कारण के देख्नुभएको छ ?*

- हिन्दी सिनेमाको प्रभाव, पैसा डुब्ने डर, पैसा कमाउने रहर र धेरै हदसम्म नयाँ परिप्रेक्षमा सोच्ने र प्रस्तुति गर्ने रचनात्मकताको कमी वा गरीबी नै यसको प्रमुख कारण हो। यसमा सरकारी सञ्चार माध्यम तथा सञ्चार नियन्त्रणको नीतिले पनि असर गरेको छ। संगठन, जागरण, जनपक्षका कथानकहरू आदिलाई सरकारी नीतिले ठेस लगाउँछ। जनता सुसंगठित भएको, जागृत भएको उनीहरू देख्न चाहँदैनन्। जनताहरू जाँडमा भुलून्, व्यभिचारमा भुलून् तर जाग्रत चाहिँ नहून्, ता कि आफ्नो मनोमानीमा व्यवधान खडा नहोस्। उनीहरू यस्तो चाहन्छन्।

*० यस स्थितिमा गरिनुपर्ने कुरा के हो त ?*

- फिल्म निर्माण गर्नेहरूले राम्रो फिल्म बनाउनतिर लाग्नुपर्‍यो। समाजलाई जाग्रत गराउन चाहने प्रवुद्ध व्यक्ति र संगठनहरूले यस क्षेत्रमा पटक्कै ध्यान दिइरहेका छैनन्। उनीरूले ध्यान दिएर क्रियाशील हुनुपर्‍यो।

यी क्रियाशीलताहरूलाई सरकारले पनि सघाउ पुर्‍याउनुपर्‍यो। सरकारले जनपक्षीय भूमिका निर्वाह गर्नुपर्‍यो। सरकार जनपक्षीय बन्नु पर्‍यो र त्यस्तै नीतिहरू बनाइनुपर्‍यो।

*० तपाई किन नेपाल टेलिभिजनमा देखिनु हुन्न ? किन त्यहाँ नजानुभएको हो ?*

- नेटीभी जनपक्षीय सरकारद्वारा सञ्चालित छैन। मेरो सृजनाको लागि त्यहाँ ठाउँ नै छैन। त्यसैले म त्यहाँ किन र कसरी जाउँ ?

*० नेपालमा प्रगतिशील कला-क्षेत्रमा पनि कलाकार र कला-संस्थाहरू सक्रिय रहेका छन्। यिनीहरूको वर्तमान गतिविधिप्रति तपाईको धारणा के छ ?*

- उनीहरू जनताप्रति प्रतिवद्ध रहेको मैले देखेको छु। तर उनीहरूले आफ्नो दृष्टिकोणलाई फराकिलो गर्नुपर्छ। प्रतिवद्धताकै रक्षाका लागि पनि वरपर, चारैतिर शत्रु र मित्रलाई चनाखो भएर हेरिरहनु पर्छ। अगाडि जंगलतिरबाट बाघ आउँला भनेर जंगलतिर मात्रै हेरिरहेको मृगलाई पछाडि नदीतिरबाट डुंगामा आएको माझीले वाण हानेको कथामा जस्तै यदि एकातिर मात्रै आँखा एकोहोर्‍याउने हो भने अर्कातिरबाट आएको शत्रुलाई देख्न नसकेर जो कोही पनि धोकामा पर्ने संभावना रहन्छ।

बाँकी पेजमा

"जनपक्षीय व्यक्ति र संगठनहरूले इलोक्ट्रोनिक माध्यमको सशक्त उपयोग गर्नुपर्छ। आउनुहोस्- सशक्त कार्यक्रम बनाऔं र जनमानसलाई कञ्चन बनाऔं !"

*★ हाम्रो यो आन्दोलन कालो निरंकुशतन्त्रबाट यो देश मुक्त नहुँञ्जेलसम्म जारी रहने छ ।"*

*★ "अब यस्तो तानाशाही प्रवृत्ति चल्दैन अध्यक्षज्यू, जनता लाटा छैनन् ।"*

*★ "यो गाली मात्र गरेर हुन्न, गाउँको अवस्था र स्तरलाई बुझ । राजनीतिक नाराको हैन, रोग, भोक र अभावमा ठोस उपलब्धी दिने कार्यक्रम हामीले जनतालाई दिनु पर्छ ।"*

*★ "अन्याय र अत्याचारको विरोध गर्नु राष्ट्रघाती काम हैन ।"*

*★ "पुलिस पनि श्रमजीवी हो । जो सरकारमा आउँछ, हामीलाई उसले नै सञ्चालन गर्छ ।"*

*★ "कति समय तपाई विधवा जीवन बिताइरहनु हुन्छ ?"*

*★ "यो मेरो निजी मामला हो ।"*

*★ " मार् । अब के बाँकी छ ? तर याद राख् - जति थोपा मेरो रगत यो धर्तीमा पोखिने छ, त्यति नै जना विद्रोहीहरु यो देशमा जन्मने छन् ।'"*

*★ म शोषणरहित समाजको सृजनामा लागेको मान्छे, म सबै प्रतिभाहरुलाई उजागर गराउन चाहन्छु ।"*

*★ "मलाई बन्दूक दिनू, म बन्दूक लिएरै मर्न चाहन्छु । निरंकुशतन्त्रको विरुद्धको यो बन्दूकलाई तिमीहरुले कहिल्यै भूईमा नराख्नू !"*

*★ "अब म विश्वस्त छु-हाम्रो संघर्ष जारी रहने छ ।"*

माथिका संवादहरु फिल्म "मुक्ति - संघर्ष" मा प्रयोग भएका र बिभिन्न पात्रहरुले बोलेका संवादहरु हुन् ।

"हाम्रो संघर्ष जारी रहने छ" बाट शुरु भई यही वाक्य सहित टुंगिएको नेपाली भिडियो चलचित्र "मुक्ति-संघर्ष" यही असोज १० देखि १८ गतेसम्म उत्तर कोरियाको राजधानी प्योङ्गयाङ्गमा हुने अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा सामेल हुनका लागि छानिएको छ । असंलग्न राष्ट्र तथा तेस्रो विश्वका देशहरुका ठूला पर्दाका फिल्महरु मात्र समावेश हुने सो महोत्सवमा "मुक्ति-संघर्ष" एक मात्र भिडियो चलचित्र भएको छ ।

यसरी अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा छानिएपछि यो चलचित्रले पुनः एक पटक पत्रपत्रिकाहरुमा ठूलो चर्चाको स्थान पाएको छ । ०४८ सालमा निर्मित यो चलचित्र ०४६ को नेपाली

# अन्तरराष्ट्रिय फिल्म महोत्सवमा छानिएको नेपाली फिल्म

# मुक्ति–संघर्ष

## जहाँ पुलिसले पनि जनपक्षीय कुराहरू गर्छ !

जनआन्दोलनको चित्र उतारेकोमा र त्यस वर्षको भिडियो चलचित्र महोत्सवमा ६ वटा सर्वोत्कृष्ट राष्ट्रिय पुरस्कारहरु पाएर त्यतिखेर पनि चर्चामा आएको



थियो ।

हेटौंडामा त्यतिखेर नै सार्वजनिक प्रदर्शन गरिएको "मुक्ति-संघर्ष' राजधानीमा प्रदर्शनका लागि हाइभिजन हलको "क्यू" मा छ । तर यसैवीच यो चलचित्र बिभिन्न संघसंस्थाहरुको सहयोगार्थ देशभित्र र विदेशमा पनि थुप्रै स्थानहरुमा प्रदर्शित भैसकेको छ ।

सरोज खनाल, सूर्यमाला शर्मा, सन्तोष पन्त, नवीन श्रेष्ठ, विश्रान्ति लामा, कविताराम श्रेष्ठ आदिद्वारा अभिनित यो चलचित्रका लेखक, निर्देशक, गीतकार र संगीतकार कविताराम श्रेष्ठ हुनुहन्छ ।

२०४६ सालको जन-आन्दोलन शहरमा चर्किरहेको बेला गाउँमा पनि सचेत मानिसहरु आन्दोलित थिए । निरंकुश पंचायती व्यवस्था गाउँमा जिम्मुवाल, जमिन्दार, मुखिया र ठालूहरुको स्वार्थ वरिपरि जमेर बसेको थियो । युवाहरु तिनै ठालूहरुको मनपरी लुटतन्त्रको विरोधमा संघर्ष गरिरहेका थिए ।

यसै संघर्षलाई मूख्य आधार मानी बनाइएको यो फिल्मले ०४६ सालको ऐतिहासिक नेपाली जनआन्दोलनलाई दृश्य र अनुभूतिमा लिपिवद्ध गर्ने काममा उल्लेखनीय सफलता पाएको छ ।

जन आन्दोलनको समयमा शहरबाट "बहुदलीया" हरुबाट बच्न भागेर गाउँमा आएको गाउँको ठालू अध्यक्ष - बाजे जनतासंग खाने पानी योजनाको नाममा पैसा उठाई हजम गर्ने र विरोधमा उठ्नेहरुलाई "अराष्ट्रवादी" भन्दै दमन गर्ने कार्य गर्न थालेको घटना उसले निर्दोष गाउँले महिलालाई वलात्कार गरी महिलाको छोरो र गर्भसहित हत्या गरिनुसम्म अघि बढ्छ । त्यसपछि त्यस हत्यालाई "आत्महत्या" सावित गराउने उसको चालवाजीका विरुद्ध सचेत युवाहरु जाग्छन् । उसका गुण्डाहरुको प्रहारबाट एक जुझारु युवक मारिन्छ ।

लाहुरे पतिले लाहुरबाट घर फर्कदा आफ्नी पत्नी र छोराको हत्या भएको कुरा थाह पाएर बाजेलाई मारिदिन्छ र आगो लगाइदिन्छ ।

त्यसपछि शहरबाट बाजेको छोरो जंगे कराते-पोजमा गाउँ आएर ताण्डव-नृत्य प्रदर्शन गर्न थाल्छ ।

गाउँको रक्षाका लागि गाउँलेहरुले राती पालो बसेर जनसुरक्षा कायम गर्छन् ।

जनतालाई सचेत गर्न गराउनमा महत्वपूर्ण भूमिका भएकी गाउँकी स्कूलकी शिक्षिकाबाट प्रभावित प्रहरी इन्स्पेक्टर अब बाजेको हत्या गर्ने लाहुरे र गाउँमा आतंक फैलाउने "जंगे" दुवैको खोजीमा सक्रिय हुन्छ ।

जंगलमा एक जना भूमिगत नेताको सहारामा लुकेर हिंड्दा दोहोरो मुठभेडमा गुण्डाहरुको आक्रमणबाट लाहुरे मर्छ, गुण्डा जंगे पनि मारिन्छ ।

फिल्मको मोटामोटी कथा वस्तु यही नै हो । पूर्वार्द्धमा फिल्म केही वर्णनात्मक छ भने दोस्रो आधा भागमा यो बढी मुठभेडयुक्त र कौतूहलयुक्त रहेको छ ।

जन-संघर्ष रोकिएको छैन भन्ने सन्देशसहित यसले उतारेको हाम्रो समाजको तात्कालीन स्थितिको चित्र नै यस फिल्मको प्रमुख प्रशंसनीय पक्ष हो ।

पुलिस इन्स्पेक्टरलाई यस फिल्ममा जनपक्षीय बिचार बोकेको जुन देखाइएको छ, यसले भने ०४६ को जन-आन्दोलन ताकाको प्रहरीयन्त्रको सही चित्र प्रस्तुत गर्दैन । यसले प्रहरीबारे जनतामा जुन धारणा संचार गर्छ, त्यो हिसावले पनि यो पक्ष यो फिल्मको सबभन्दा कमजोर पक्षका रुपमा देखिन्छ । एउटा प्रहरी जनपक्षीय हुनै सक्दैन भन्ने होइन । तर पंचायतकालका औसत प्रहरीहरु जनपक्षीय थिए र ?

यसले निरंकुश भूमिगत नेतालाई जंगलमा गुफामा बसेको देखाएको पनि अस्वाभाविक लाग्दछ ।

फिल्ममा "बाजे" को छोरोको रुपमा प्रस्तुत जंगेको अनुहार र बोलीवचन भने "मंगोल जाति" को देखाइएकोमा संगति नदेखिए पनि ०४६ र त्यसअघि खेलकूद परिषदबाट उत्पादित खेलाडीहरुलाई निरंकुश पंचायतले उपयोग गर्ने गरेको कुराको झलक दिन भने यो पात्र सफल छ । गाउँमाराहरुलाई कालोमोसो र जुत्ताको माला लगाएर जनताले घुमाएको घटनाले जन-आक्रोशको अभिव्यक्ति दिएको छ । अर्कातिर केवल राजनैतिक नाराको आधारमा मात्र भएको आन्दोलनमा जनसहभागिता कम भएको तथा गाउँ - जागरण र जाली - उन्मूलन एवं खानेपानी आयोजना निर्माणका कुराहरु त्यसमा जोडिन नपाई व्यापक जनसहभागिता भएको देखाइनुले पनि जनताको वास्तविक चेतना स्तरको स्थितिको राम्रो संकेत गरेको छ ।

स्थापित कलाकारहरु बाहेक अरुको अभिनयमा कहींकहीं चाहिं कृत्रिमता देखिन्छ र पनि प्रविधिक दृष्टिकोणले पनि यो फिल्म आफ्नो स्तर कायम गर्न सफल देखिन्छ । ❐

किशोरावस्था:

## उथलपुथलको अवस्था

# किशोर पुस्तालाई के दिने ?

★ *तपाई हामीले देखेका छौं- १५/१६ वर्षका युवाहरू बडो विचित्र स्वभावका हुन्छन् । उनीहरू अति अस्थिर र चंचल भएका, विभिन्न जिज्ञासाहरुले भरिएका, अलिकति हल्काफुल्का मनोरञ्जनमुखी व्यवहार देखाउने, ज्यादा आफू केन्द्रित भएका, अलि साहसी जस्ता पनि र अलि डरपोक जस्ता पनि ।*

★ *हामीले कति यस्ता हाइस्कूल स्तरका विद्यार्थी र शुरु-शुरु वर्ष कलेजस्तरका विद्यार्थीहरू देखेका छौं, जो कहिले संगीतकार हुने लालच राख्छ र गीतार एवं बाँसुरी बजाउन शुरु गर्छ । त्यो छोडेर चित्रकला, त्यो छोडेर कविता, त्यो छोडेर कुनै यन्त्रविज्ञान, त्यो छोडेर कुनै खेलकूद, खेलकूदमा पनि विभिन्न खेलकूदहरूमा फेरबदल,- यसरी उनीहरू चाहारिरहेका हुन्छन् ।*

हामी के देख्छौ भने- यो उमेरका युवाहरू बडो अनौठो अवस्थामा हुन्छन् । उनीहरू केटाकेटी पनि हैनन् र वयस्क पनि हैनन् । केटाकेटीलाई जस्तो व्यवहार हामीले उनीहरूसँग गर्‍यौं भने उनीहरू आफूलाई 'हीन' अनुभव गर्छन् र राम्रो मान्दैनन् । तर यसो भनेर उनीहरू पाको मान्छेको भूमिका निर्वाह गर्न पनि सक्दैनन्, त्यसैले उनीहरूलाई पाको मान्छे मान्न पनि सकिन्न ।

यसरी बचपन अवस्था र तन्नेरी अवस्थाको बीचतिरको उमेरका यी युवाहरूसँग व्यवहार गर्न असजिलो हुन्छ । वास्तवमा योभन्दा बढी असजिलो स्थितिमा उनीहरू आफैं हुन्छन् । यो बेलामा मानिसमा तीब्र रुपले शारीरिक विकास भैरहेको हुन्छ र उसको मानसिक स्थितिमा पनि ठूलो उथलपुथल आइरहेको हुन्छ ।

मनोवैज्ञानिकहरू मान्छेको यस अवस्थालाई किशोरावस्था मान्दछन्, जो सामान्यतया १२ वर्षदेखि २२ वर्षसम्म रहन्छ ।

यो अवस्थाको शुरु स्थिति बाल्यावस्थाका चरित्रहरूको बाहुल्यताले भरिएको हुन्छ भने यसको पछिल्लो स्थितिमा मानिसमा वयस्कपनाका लक्षणहरू धेरै पाइन्छन् । करीब करीब यही दश वर्ष बीचको उमेर अवधिलाई नै "कुखुरे वैंस'" को अवधि मानिन्छ । यस अवस्थामा मानिसमा यौन अंगहरूको विकासका साथै यौन जिज्ञासाहरू पनि बढ्न थालेका हुन्छन् ।

उनीहरू बाल्यावस्थाको जस्तो अभिभावकप्रति "आज्ञाकारी" पनि नहुने र आफैं परिपक्व रुपले सोच्न पनि नसक्ने हुनाले यस अवस्थामा उनीहरूलाई संगत र सल्लाहको अति खाँचो हुन्छ । गलत संगत र गलत सल्लाह पाएमा उनीहरू भड्किने र बिग्रिने डर ज्यादा हुन्छ । शरीरभित्र यौन-अंग र क्षमताहरूको विकासका साथै मानसिक रुपले पैदा भएको जिज्ञासाको भेलमा बगेर यो उमेरका कतिपय केटा वा केटीहरूले 'प्रेम' का नाममा आत्महत्यासम्म पनि गर्न पुग्ने देखिनु र यो उमेर ढल्केपछि भने त्यस्तो भावुकता घट्ने गरेको पाइनुले गर्दा नै यस उमेरको यो अस्थिर स्थितिको नाम लोक भाषामा "कुखुरे बैंस" राखिएको हो ।

मानव जीवनका विविध अवस्थामध्ये सर्वाधिक क्रियाशील वयस्क अवस्थालाई निकै ठूलो प्रभाव पार्ने अवस्था किशोरावास्था हो । त्यसैले यो अवस्थामा रहेका व्यक्तिहरूलाई हामीले विशेष ध्यान दिएर हेरचाह गर्नु जरुरी छ ।

बाल्यकालको पछिल्लो स्थितिदेखि किशोरावस्थामा व्यक्तिमा कल्पनाशीलता चरम रूपमा बढ्न थाल्छ र यसै समयमा व्यक्तिले उचित र अनुचितको ज्ञान र बोध पनि गर्न थाल्छ । किशोरावस्थाको शुरु अवस्थामा बसेको रुचिले व्यक्तिलाई पछिसम्म पनि प्रभाव पार्ने ठूलो संभावना रहन्छ । यसै समयको रुचि नै पछि शिक्षा र कामको क्षेत्रको छनौटको आधार बन्न जान्छ ।

यी दुई कुराहरूमा हामीले अत्यन्तै ध्यान दिनु जरुरी छ कि- व्यक्ति अत्यन्त जिज्ञासु हुने यो समयावधिमा व्यक्तिको नैतिक मापदण्डको निर्माण र रुचिको निर्माण हुन थाल्छ ।

हामीले देखेका छौं- कतिपय व्यक्तिहरू पछि गएर अत्यन्त अपराधी मतिका निस्किएका छन्, जो त्यस्तो अपराधी लतमा किशोरावस्थामा लाग्न पुगेका थिए । त्यतिखेर 'ठीक' लागेको कुरा पछिसम्म पनि 'ठीक' लाग्ने, त्यतिखेर 'वेठीक' लागेको कुरा पछिसम्म पनि 'वेठीक' लाग्ने । तिनको छाप भेट्न गाह्रो हुने ।

त्यसै गरी यो अवस्थामा कुनै सृजनशील काममा लाग्न थालेका व्यक्तिहरु पछि पनि सजिलै सृजनशील चरित्रका हुने र यो समयमा भगुवा, अल्छी वा नशासेवनमा लीन भएको व्यक्ति पछि पनि कम सृजनशील वा गलत बाटोमा लाग्ने भएको प्राय: देखिन्छ ।

मानिसले विशेष प्रयत्न गर्दा आफूलाई आनकोतान फरक हुने गरी बदल्न नसक्ने हैन, तर आम रुपमा के देखिन्छ भने- शुरुमा लागेको लत र रुचिले पछिसम्म पनि उसलाई पछ्याइरहेको हुन्छ ।

त्यसैले समाजमा जो कोही जिम्मेवार व्यक्ति वा संगठनहरुले पनि यदि भोलिको समाजलाई "राम्रो" बनेको देख्न चाहन्छन् भने उनीहरुले "किशोरावस्था" को मनोदशा बुझेर र यसको महत्व बुझेर व्यक्तिलाई यो अवस्थामा विशेष ध्यान दिनै पर्छ ।



UNICEF Photo

नेपालमा के देखिन्छ भने- यो किशोरावस्थाका लाखौं युवाहरुलाई गलत तत्वहरुले आफ्नो वशमा लिइरहेका छन् ।

यसो हुनुको प्रमुख कारण "सही तत्व" हरुको यसबारेको वेवास्ता र निस्क्रियता पनि हो । किशोरावस्थाको यो नाजूक उमेरमा यदि कसैले उनीहरुलाई अन्धविश्वास, रुढीवाद र गलत रुचीहरु थोपर्छ भने उनीहरु जीवनभर त्यसैका शिकार हुनु स्वाभाविक हो । यदि जिम्मेवार मानिसहरुले यसका विकल्पमा उनीहरुलाई बैज्ञानिक धारणा, आलोचनात्मक क्षमता र राम्रा रुचिहरुमा तान्ने प्रयत्न गर्दैनन् भने भावी पुस्ता सिंगै अँध्यारोमा डुब्ने संभावना रहन्छ ।

त्यसकारण, यो अवस्थाको लागि भनेर जिम्मेवार अभिभावक र संगठनहरुले उनीहरुले सुन्ने, जान्ने, पढ्ने, लेख्ने असल कुराहरु जुटाइदिनु जरुरी छ । यो अवस्थामा मानिस आफूलाई स्थापित गर्ने कोशिसमा हुन्छ । केटाकेटी भनिनुबाट पार भएर ऊ "समझदार'" मान्छे भनिन चाहन्छ । त्यसैले ऊ त्ससंग सहजै लहसिन्छ, जस्ले उसलाई मान्छ, जसले उसको "पहिचान" लाई कदर गर्छ ।

यसको लागि एउटा राम्रो स्थान उसका साथीहरुको टोली हो । त्यसैले आफ्नो उमेर मिल्ने, आफूलाई गन्ने, आफ्नो कुरा सुनीदिनेहरुको संगतमा ऊ बस्न रुचाउँछ । यदि संगत अगतिलाको पर्‍यो भने ऊ पछि पनि अगतिलै बन्छ, यदि संगत राम्राको पर्‍यो भने ऊ राम्रै बन्छ ।

त्यसैले, किशोरावस्थाका व्यक्तिहरुको निम्ति हामीले असल संगत जुटाइदिने र संगठित हुने उपयुक्त थलो जुटाइदिने काम अत्यन्त महत्व दिएर गर्नु जरुरी छ । राम्रो संगत भन्नाले राम्रो विचार र बानी भएकाहरुको संगत हो । त्यस्ता समान उमेरका युवाहरू साथीहरु वा नातेदारहरुको घरका युवाहरु हुनसक्छन्, स्कूल कलेजका युवाहरु हुन सक्छन् । युवा-संगठनहरु मार्फत यो काम झनै सजिलोसंग हुनसक्छ । यस्ता संगठनहरुले उनीहरुको सृजनात्मकता र उत्साह-उमंगको सदुपयोग हुने समाजिक र रचनात्मक कामहरु पनि उनीहरुलाई दिन सकेमा उनीहरुको रुची र प्रतिभाले पनि राम्रो ठाउँ पाउँछ । यसै गरी उनीहरुलाई जरुरी राम्रा मानसिक खुराक जुटाइदिनका लागि छलफल, बहसहरुमा उनीहरुलाई उतार्ने, फुर्सदका समयमा सभा-सम्मेलनहरुमा लैजाने, राम्रो विचारयुक्त पत्रिका र पुस्तकहरु जुटाइदिने, पढ्न प्रेरित गर्ने, आदि कामहरु हुनसक्छन् ।

**– दिवाकर राय**

**यो किशोरावस्थाका लाखौं युवाहरूलाई गलत तत्वहरूले आफ्नो वशमा लिइरहेका छन् ।**

तीन कम असी वर्षको बूढो र दमको पुरानो रोगी बुधन हजरा जिल्ला पर्छ । मालिकले आफैंले बेचेको खेत पनि बेचेको छैन भनेर कसरी भन्न सके होलान् ? उसलाई पत्याउनै गाह्रो पर्छ, तर नभनेका हुँदा हुन् त खेत जोत्न गएको छोरो यति छिटै गोरु फर्काएर झोक्किँदै किन आउँथ्यो ?

# अन्तराल

## दुई जीवन, दुई मृत्युबीच

**- निर्मोही व्यास -**

**कथा**

"ए कुन बजिया हो हैं मेरो खेतमा हलो लगाउने ? कस्तो मन बढ्न थालेको ल यी मोराहरूको !"

जन्मजात पण्डित दयानिधि बाटैबाट पड्किन्छन् । आवाज सुनेर उनलाई पाउलागी गर्दै तल जोत्न नरोकिएरै नौजवान हली मङ्गल दुसाधले भन्छ-

"मालिक, यो हजूरको नभएर हजूरसित हामीले अस्ति भर्खरै किनेको चाहिं कोला (गरा) पो हो त, हजूरको खेतमा हजूरले नअह्राई किन हलो लगाउँथे म !"

जवाफले पण्डित दयानिधिलाई शान्ति मिल्नु पर्ने हो तर उनी झन् पो जङ्गिँदै बाटोबाट जोतिँदै गरेको खेतमा ओर्लेर गोरुको अघिल्तिर गई उभिएर कुर्लन थाल्छन्-

"यो कोला मैले तँलाई बेचेको रे ! कहिले ? मलाई त थाहा छैन । मेरो खेत मैले बेचे नबेचेको मलाई थाहा नभए के तेरो बाबुलाई थाहा हुन्छ ? कहिले बेचें मैले तँलाई यो खेत ? बता, बेचेको भए रजिष्ट्रेशन पनि दर्ता त भएकै होला !"

पण्डित दयानिधिको दुष्टताले आतंकित हुँदै नम्र स्वरमा मङ्गल पोखिन्छ-

"मालिक, रजिष्टरी त हजूरले "पछि गरिदिउँला, मैले बेचेको हुँदै हो, खेत तिम्रो भइहाल्यो खेती गर्दै गर" भन्नु भएको होइन र ! नत्र हामी कसरी आँट गर्न सक्थ्यौं मेरो खेत भनेर खनजोत गर्न ?"

तर पण्डित दयानिधिले आफ्नो अड्डीमा अडिग रहँदै "रजिष्टरी भएको भए परमान देखा, नत्र म जोत्न दिन्न" भनेर गोरुको काँधबाट जुवा झिकिदिन्छन् । हलो जुवा काँधमा राखेर गोरुलाई अघि लगाई मङ्गल घरतिर लाग्छ, मालिक आफ्नो बाटो लाग्छन् ।

घरमा आइपुगेर मङ्गलले बाबुलाई सारा बृत्तान्त सुनाउँछ र ऊ बाबुमाथि पड्किन्छ ।

"म त भन्दै थिएँ, त्यो कालो साँपको कुनै विश्वास छैन बा, हामीले जब उसको चित्त बुझाएर चलेको भाउ अनुसार ४० हजार रुपियाँ बिगाहाको हिसाबले ३ कट्ठाको ६ हजार रुपियाँ तिरेकै छौं त, रजिष्टरी पनि तुरुन्तै पास गराइहालौं भनेर, तर तिमीले त्यो दुष्टको चलितर (चरित्र) जान्दा जान्दै पनि मेरो कुरालाई सुनेको नसुन्यै गर्दियौ, इ: अब पायौ नि फल !" "मैले खेत बेचेकै छैन, बेचेको भए रजिष्टरी गरिदिएकै होला, कागत देखा" भन्छ । आमा र दुलहीको हँसुली, गोडाई बेचेर, ससुरालीबाट दाइजो पाइएको खसी बेचेर, पोसबाँबाट अधियाँमा पाइएको पाडी बेचेर, खोरमा भए जति सुंगुर बेचेर पाइएको रुपियाँ अनि मैले पल्दारी (कुल्ली काम) गरेर कमाएको र तिमी लगायत घरका सबैले अरुकहाँ वर्षौंसम्म बनिहारी गरी गरी जम्मा पारेको सारा कमाइ पानीमा गएन ?"

सुनेर तीन कम असी वर्षको बूढो र दमको पुरानो रोगी बुधन हजरा जिल्ल पर्छ । मालिकले आफैंले बेचेको खेत पनि बेचेको छैन भनेर कसरी भन्न सके होलान् ? उसलाई पत्याउनै गाह्रो पर्छ, तर नभनेका हुँदा हुन् त खेत जोत्न गएको छोरो यति छिटै गोरु फर्काएर झोक्किँदै किन आउँथ्यो ? "वास्तवमा सारा गाउँलेलाई जुगौंदेखि सताउँदै र रुवाउँदै आएको असाध्यै छोटो नियतको यो मालिक भनाउँदोलाई मैले विश्वास गर्नै नहुने, हे बरहम बाबा, तिमीले यो बुद्धि मलाई पहिले नै किन दिएनौ ?" भनेर ऊ पछुतो मान्न थाल्छ र मालिकलाई भेटेर कुरा गरिहाल्न लगलगाएका खुट्टाहरूलाई लठ्ठीको सहाराले हतार हतार मालिकको ठाँटी (तले घर) तिर सोझ्याउँछ ।

मालिक आइपुगिसकेकै हुँदैनन् । कुनै डोमले सित्तैमा दाउरा चिरिदिन नमान्दा "सुँगुर पालेर यो स्वच्छ गाउँलाई फोहोऱ्याउन पाउँदैनस्" भनेर उसको छाप्रो र सुँगुरको खोर लडाउँदै छन् कि कुनै चमारेको घरभित्र पसेर चमारलाई सुर्ती चुना खोज्न बाहिर पठाई आफ्नो कुलीन वीर्यदान गरेर चमार्नीलाई चोख्याउँदै छन् कि, के पत्तो, उनका रुचि र मनोरञ्जनका कार्यहरू त यस्तै नै हुन् । आज त झ्न उनी ऊ जस्तै अरु पनि कैयौं जना गरीबलाई बेचेको खेतमा मङ्गलवालाई झैं हलो जोत्न रोक्का गरेर आफूले गर्दै नगरिदिएको रजिष्ट्रेशनको कागत देखाउन भन्दै छन् कि के ठेगान, बडा घरको बडै चाला !

एका बिहानै यो दुर्घटना भइदिएकाले बुधनको घरमा चुलो तताउने जाँगर र रहर कसैमा पनि छैन । दीनताकी प्रतिमूर्ति बुधनकी बुढिया सम्भावित विपत्तिबाट जोगिन चिस्सिएका परेला पुछ्दै रुन्चे स्वरमा भाकल गर्छे- "हे गढीमाई ! आउँदो मेलामा एउटा कालो पाठी चढाउने छु ।" मंगलकी दोजिया स्वास्नी निन्याउरो अनुहार लिएर साथ दिन्छे - "आउँदो छठ पवनी (पर्व) मा तिमीलाई बतासा चढाउँछु ।"

केटाकेटीहरू रातीको बासी रोटी काँचो प्याजको डल्लासँग मीठो गरी चपाइरहेछन्, ठूलाहरूको पीरसित उनीहरूलाई के चासो !

उत्तर-दक्षिण लमतन्न परेको गाउँको सिरानमा पण्डित दयानिधिको ठाँटी छ र बुधनको छाप्रो चाहिं गाउँको पुछारमा छ । बूढो बुधनले आफ्नो घरदेखि पण्डित दयानिधिको घरसम्मको झण्डै डेढ किलोमिटरको दूरीलाई लठ्ठीको भरले धेरै चोटि नापीसक्छ । मङ्गल चाहिं क्रोध र दिक्दारीको सम्मिश्रणमा डुबेर बिंडीको मुठालाई क्रमशः धूवाँको रुप दिंदै पण्डित दयानिधिसित हुने बाबुको कुराकानीको परिणामलाई पर्खिरहन्छ ।

दिउँसो १/२ बजेतिर बुधन फेरि जाँदा दयानिधि भोजन सकेर भर्खरै दिवा-निद्राको तरखरमा हुन्छन् । बज्यैले बुधनलाई जनाउ दिन्छिन्- "खानु न पाउनुसित तिमी बैगुनी मोराहरूको काममा राय दिन जोतिएकै छ, अब एक छिन थकाइ मार्न पनि दिँदैनौ ! सउर नभएकाहरू ! ! जुन कामले भेट्न खोजेको भए पनि अलि ठण्डा भएपछि ५/६ बजेतिर आउनू ।"

भोक, चिन्ता र कैयौं चोटिको ओहोर दोहोर गराइले लखतरान भएको बूढो बुधनको जीउ शिथिल भइसकेकोले ऊ मालिकको घरबाहिर सडक छेउकै नीमको बोटमुनि झोक्रिएर बसी मालिक ब्यूँझने समयलाई पर्खन थाल्छ, घर जानु पर्ने आवश्यकता र तागत दुबैको नितान्त अभावलाई अनुभव गरेर ।

बिंडीका प्रशस्त खिलीहरू धूवाँ बनेर उडुञ्जेलमा बाबुप्रति उब्जेको मंगलको झोंक पनि उडेर त्यसका ठाउँमा ममताको सागर उर्लिसक्छ र ऊ बाबुलाई पछ्याउँदै प. दयानिधिज्यूको दैलोमा पुग्छ ।

घाम निकै ढल्केपछि पण्डितको मध्यान्ह निद्रा पूर्ण हुन्छ । उनी कुल्ला गरेर पण्डित्नी बज्यैको हातबाट लिएको गिलासभरिको चिया रित्याउँछन् । उनी ब्यूँझेको चाल पाएर झोको पेट र उद्विग्न मन भएका मङ्गलका बाबुछोरा डराई डराई फेरि आँगनमा भित्रिएर प्लुत स्वरमा मालिक !!! भनेर सम्बोधन गर्छन् । मालिक अहिलेको पल्ट "को हैं ?" भन्दै माथिबाट ओर्लन्छन् । बाबुलाई उछिनेर मङ्गलले भन्छ-

"मालिक, हजूरले बिहान मलाई जोत्न रोक्का गरेको खेतको बारेमा कुरा गर्न आएको ।"

मालिक साहेब ऊसँग आगो हुन्छन्-

"तँ जान्ने बनेर अघि सर्छस् ? किनबेच वा लेनदेनको कुरा तेरो बाबुसित

सृजनशील प्रगतिशील कथाकार निर्मोही व्यासको यो चर्चित कथा प्रधानपञ्चहरूको समयमा २०४४ मा "उत्साह" मा प्रकाशित भएको थियो । मुलुकमा अब "प्रधान पञ्चहरू" नरहे पनि यो कथाको सार्थकता भने मेटिएको छैन भन्ने हामीलाई लाग्छ -मूल्यांकन



"हे गढीमाइ आउँदो मेलामा एउट कालो पाठी चढाउने छु ।"

भएको हो, तँसित होइन, जे भन्नु छ बुधनले नै भनोस्, तँसित त म एक शब्द पनि कुरा गर्न चाहन्न ।"

सुनेर मङ्गलको कन्सिरी कम तात्दैन तर पनि ऊ सामान्यभन्दा अलि कति मात्र फरक स्वरमा बोल्छ-

"बिहान त्यही खेतमा मैले हलो जोत्दा हजूरले मलाई रोक्न र काम बिथोल्न हुने, अहिले त्यही खेतको बारेमा मसित कुरा पनि गर्न नहुने मालिक !"

> **"बिहान त्यही खेतमा मैले हलो जोत्दा हजूरले मलाई रोक्न र काम बिथोल्न हुने, अहिले त्यही खेतको बारेमा मसित कुरा पनि गर्न नहुने मालिक !" मालिक गर्जन्छन्- "पाजी, मुखमुखै लाग्छस् ?"**

मालिक गर्जन्छन्- "पाजी, मुखमुखै लाग्छस् ?"

छोरालाई शान्त तुल्याउँदै बुधन नरम स्वरमा मालिकलाई भन्छ-

"मालिक, मङ्गलवा मेरो छोरो, उत्तराधिकारी हो । हामी दुबै बाबु छोरा उही कुरा लिएर हजूरसित भेट्न आएको, मैले सोध्नुको साटो उसैले कुरो उप्कायो, बिग्रेको त केही थिएन, तर भैगो हजूर मैसित भनिदिनोस् ! मालिक, मैले कुरो बुझिंन । हजूरले चाहिने जति मोल लिएर मलाई बेचिदिइसकेको खेतमा मेरो छोरोले खनजोत गर्न लाग्दा यसरी रोक्का गरेर काम बिथोल्नु त अलि ठीक भएन कि ! "मैले खेत बेचेकै छैन, तैले किनेको भए रजिष्टरी पास गरेको कागज देखा" पनि भन्नुभयो रे । मालिक, हजूरले नै "अहिले मलाई फुरसत छैन, तिमीहरूलाई पनि के को हतार र, रजिष्टरी पछि गरिदिउँला, खेत तिमीहरूको भइहाल्यो, खनजोत गरेर बाली लगाउँदै गर" भन्नु भएकोले पो त मैले पनि ढुक्क भएर छोरालाई हलो जोत्न पठाएको । यसरी रजिष्टरी गर्दै नगरिदिएर फेरि आफैं त्यसको प्रमाण खोज्नु हुन्छ भने हामीले कहाँबाट ल्याउने ? मालिक, त्यसैले हामी विन्ति गर्न आएका । आजै भोलिमा अड्डामा गएर रजिष्ट्रेसन पास गरिदिन पर्‍यो हजूरले, हजूरलाई परमान मिल्ने, हामीले पनि ढुक्कसित कमाउन पाउने !"

बुधनको लामो वक्तव्य सुनेर वक्र मुस्कान छर्दै मालिक भन्छन्-

"बुधन, तेरो कुरो सोह्रै आना ठीक हो । मैले रजिष्ट्रेसन गरिदिनै पर्छ, म गरिदिन्छु पनि, तेरो मेरो बीचमा भएको कुरो यो ठिटोलाई के थाहा र यसले बकबक गरेको, त्यसैले पो म योसित जंगिएको त । त, बुधन ! रजिष्ट्रेसन अब आज त हुन सक्ने कुरै भएन भोलि नभई, अहिले यसबारेमा यहीं मेरो बैठकमा गाउँका २/४ पञ्च भलादमीलाई पनि बोलाएर गफसफ गरौं न हुँदैन ?"

आफूलाई बल मिल्ने आशाले बुधन उत्साहपूर्ण स्वरमा बोल्छ- "किन नहुनु मालिक !"

पण्डित दयानिधि आफ्नो गाउँ पञ्चायतका भू.पू. प्रधानपञ्च हुन् । लामो अवधिका साथै वर्तमान प्रधानपञ्चका निर्देशक र गुरु पनि हुन्, भनौं न- कामको लागि वर्तमान प्रधानपञ्च पनि उनी नै हुन् । निर्वाचित प्रधानपञ्च गाउँको मात्र प्रधानपञ्च हो अर्थात् ऊ घोडा हो, जसको लगाम पण्डित दयानिधिकै हातमा छ, उनी जसरी जसरी मन लाग्छ, त्यसरी त्यसरी उसलाई दौडाउँछन्, जहाँ र जतिखेर मन लाग्यो त्यहाँ त्यतिखेर टक्क अड्याउँछन् पनि । प्रधानपञ्चको त त्यो स्थिति छ भने गाउँका अन्य सामान्य जनको कुन स्थान होला, त्यस गाउँमा जहाँ दयानिधि, साक्षात् दयानिधि अवतरित छन् ?

एकै छिनमा मालिकले भने भनेका नाउँहरूलाई बुधनको आज्ञा पाएर मङ्गलवाले बोलाएर ल्याई मालिकको बैठकमा जम्मा पारिदिन्छ । सबै पञ्च भलाद्मीहरूलाई सामूहिक रुपमा छोटकरीमा कुरा बताएर मालिकले बुधनलाई सम्बोधन गर्छन्-



"त बुधन, तँलाई मैले खेतको रजिष्ट्रेशन पास गरिदिनु पर्‍यो कुरो यति होइन ?" बुधनले स्वीकृति जनाउँछ- "हो मालिक" । मालिक सोध्छन्- "हाम्रो लेनदेनको हिसाब किताब छिनोफानो भइसक्यो त ?"

बुधन पोखिन्छ-

"मालिक, ४० हजार रुपियाँ विगाहाको दरले हजूरलाई मैले ३ कट्ठाको ६ हजार रुपियाँ अस्ति बुझाई दि हालें अनि छिनाफाना भइसकेन त मालिक ।"

मालिकले बुधनलाई बडो प्रेमले फेरि खोतल्छन्-

"पहिलेको अरु कुनै बाँकी बक्यौता पनि छ कि ? यसो सम्झी हेर त ।"

बुधन अतीतका स्मृतिमा जोड दिंदै भन्छ-

खै मलाई त भए जस्तो लाग्दैन मालिक ।"

अब पण्डित दयानिधि आफ्नो स्मृतिको धारिलो कैंचीले उसको विस्मृतिको पर्दालाई ध्यार्र च्यातिदिंदै भन्छन्- "सम्झी हेर, आजभन्दा १५ वर्ष पहिलं अर्थात् २०२९ साल बैशाख १ गते तेरो यै छोरो सिकिस्त भएर कलैयाको ठूलो डाक्टरले जवाफ दिएपछि डंकन (रक्सौलको मिसन अस्पताल) लग्न एक पैसा पनि नहुँदा तैंले कल्पेर छोराको भीख माग्दै मसित ५० रुपैयाँ ऋण लगेको मलाई भरखरै जस्तो लाग्छ, छोरो निको भइहाल्यो, तँ त किन सम्झिरहन्थिस् र ! अहिले अझै बल दिएर सम्झी हेर, कहिं मैले झूटो बोलेको त होइन ?"

बुधनलाई मालिकको कुराले अहिले त्यस कुराको पूरै पूरै सम्झना गराइदिन्छ । उसले आफ्नो भूल महशूस गर्दै छोरालाई घर पठाएर ५० रुपियाँ ल्याउन लगाई त्यहीं पञ्च भलादमीहरूको सामुन्ने सलज्ज भावले पण्डित दयानिधिलाई टक्र्याउँछ । अब रजिष्ट्रेशनमा कुनै बाधा नरहन जाने आशा र विश्वासले उसको अनुहारमा निश्चिन्तताको भाव चढ्छ । उसले टक्र्याएको रु. ५०।- झुण्डिएको भुँडीमाथि गोलगञ्जीको खल्तीमा होलेपछि उनी उतिर हेर्दै शान्त स्वरमा सोध्छन्- "त्यो रुपियाँ त कम्पनी थियो क्यारे हैन ?"

निधार खुम्च्याएर केही बेरपछि बूढो बुधनले त्यो कुरा पनि स्वीकार्छ । मङ्गलग अनुहारभरि खुल्दुली र छटपटी लिएर आफ्नो ७ वर्षे केटाकेटी अवस्थासित सम्बन्धित रहस्य, जसबारे ऊ पूर्णतया अनभिज्ञ छ, सुन्दै जान्छ, मालिकले जब १५ वर्ष पहिले लेनदेन गरेको कम्पनी रुपियाँलाई १६८ को भाउमा ने.रु. बनाउन थाल्छन्, बुधन बूढो त बूढो नै भइहाल्यो, २२ वर्षे जवान मंगललाई पनि भाउन्न होला जस्तो हुन्छ । बाबु छोरा दुबैको मुखबाट एक साथ आश्चर्य र आतंकित स्वर फुस्कन्छ "बाफ रे आजको भाउ !!!"

एक जना भलादमीले पनि बाबु छोराको तर्फबाट भनीदिन्छन्- "मालिक १५ वर्ष पहिले दिएको कम्पनी रुपियाँ आजको भाउमा खोज्नु त ठीक भएन कि, त्यसको भाउ त त्यस बेलाको पो हुनु पर्ने हो ।"

मालिक जंगिन्छन्-

१५ वर्ष पहिलेको हिसाब किताब आज छिनाफाना हुन थालेपछि म आजको भाउ नखोजेर त्यो १५ वर्ष पहिलेकै भाउमा किन चित्त बुझाउँछु ? त्यस्तो पुरानै भाउ खोज्नेले त्यही बेला बुझाउनु पर्थ्यो, किन बसेको त ढुक्कसित यतिका वर्षसम्म लिंदै नलिए जस्तो गरेर ? लिएपछि फिर्ता तिर्न पर्छ भन्ने थाहा थिएन ? अहिले मैले कसैसित करोबार गर्दा पुरानो भाउमा को मान्छ र पुरानै भाउमा चित्त बुझाउनु मैले !"

बाँकी पञ्चभलादमीहरू "मनासिब" "मनासिब"को भाउमा टाउको हल्लाउँछन् । बाबु छोरा हेरेको हेर्‍यै हुन्छन्, पक्ष लिने भलादमी अब अरु केही बोल्ने आँट गर्दैनन्, बरु "जान्छु अब अरु गाई दुहुने बेला भयो" भनेर आङ तान्दै बाहिर निस्कन्छन् । मालिकको हिसाब र बाबुको आज्ञा अनुसार मंगल फेरि खोजखाज पारी ३४ रुपियाँ ल्याएर मालिकलाई दिन्छ । बुधनले चैनको लामो सास राम्ररी फेर्न नपाउँदै मालिक फेरि बुधनलाई सम्बोधन गर्छन् ।

"बुधन, रुपियाँ त दियौ, अब यसको केही व्याज पनि त भएकै होला, त्यो पनि दिन्छौं कि ?"

एक चोटि झस्केर बुधनले निभेको स्वरमा भन्छ- "दिन्छु नि हजूर, दिनै पर्ने भएपछि ! कति हुन्छ हजूर ?"

पण्डित दयानिधि माथिबाट खाता झिकेर ल्याई भर्खर बालिएको लालटिनको उज्यालोमा पाना पल्टाउँदै भन्छन्- मैले नाउँ मात्रको व्याज लिएको छु, प्रतिदिन १ रुपियाँको १ पैसाको दरले मात्र । यस हिसाबले ३६५ दिनमा १ रुपियाँको ३ रुपियाँ ६५ पैसा हुन्छ । त्यसै गरी ५० रुपियाँको ३६५ दिनमा १८२ रुपियाँ ५० पैसा व्याज र सावाँ ५० रुपियाँ गरी १ वर्षमा जम्मा २३२ रुपियाँ ५० पैसा हुन्छ । यसरी चक्रबृद्धि हिसाबले हरेक वर्ष व्याजको व्याज र त्यसको पनि व्याज गर्दै लग्दा १५ वर्षमा जम्मा सावाँ र व्याज गरी ३,५४५ रुपियाँ ४१ पैसा (तीन हजार पाँच सय पैतालीस रुपियाँ एकचालीस पैसा) भएको । यो कम्पनी हिसाब हो । चान चुन ४१ पैसालाई छोडेर ने.रु. बनाउँदा २६८ को हिसावले ५,९५५ रुपियाँ ६० पैसा (पाँच हजार नौ सय पचपन्न रुपियाँ साठी पैसा) हुन्छ । एउटै गाउँमा बस्नु छ, एकले अर्कोलाई भरथेग गर्नु छ, सावो साठी पैसाको के हिसाब गर्ने ? त, ५,९५५ रुपियाँ मध्ये तिमीले मलाई ८४ रुपियाँ अहिले सबै पञ्च भलादमीहरूको सामुन्ने दिसकेकै छौं, अब बाँकी ५,८७१ रुपिया भैगो, १ रुपिया यसबाट पनि छोडिदिन्छु, ५,८७०

( बाँकी ४५ पेजमा )

ग्याटको मृत्युपत्र

# GATT महासन्धिले

*__GATT__ महासन्धिमा हस्ताक्षर हुनु विश्वकै भविष्यको हिसाबले अहिलेको समयको निकै ठूलो घटना हो । यसले सबै जसो विकासोन्मुख मुलुकमा पार्ने असर पनि निकै ठूलो र दूरगामी हुने निश्चित प्रायः छ । नेपालले यसमा सहभागी हुन आफ्नो इच्छा रहेको कुरा त जाहेर गरिसकेको छ । तर सहभागी भयो भने यसले नेपालको अर्थतन्त्र, राजनीति र नेपालको सार्वभौमसत्तामा के असर पार्ने छ ? नेपालमा जनताको जीवनमा यसको के प्रभाव हुनेछ ? यी सवालबारे भने हाम्रो मुलुकमा सार्वजनिक बहसको थालनीसम्म पनि भएको छैन । बहस अहिले सम्म केही गोष्ठीहरूमा मात्र सीमित छ । (नेकपा मसालले गत भाद्र २५ मा काठमाडौंमा यस सम्बन्धमा आयोजना गरेको विचार गोष्ठी एउटा प्रशंसनीय प्रयत्न हो) यो स्थितिमा राष्ट्र र जनताको जीवनमा व्यापक र दूरगामी असर पार्ने GATT महासन्धिबारे सार्वजनिक बहसको थालनी होस् भन्ने ध्येयले हामीले GATT महासन्धिबारे अन्तर्क्रिया कार्यक्रमको थालनी गरेका छौं । स्मरणीय छ, GATT बारे शुरु परिचय हामीले अंक २० मा प्रकाशित गरिसकेका छौं । यस पटक हामीले अर्थविद् सीताराम तामाङ्गको मूल लेख अन्तर्क्रियाको लागि प्रस्तुत गरेका छौं । यस उपर नेपालका प्रशिद्ध अर्थविद्हरूको प्रतिक्रिया स्थानाभावले गर्दा अहिले यो लेख सँगसँगै प्रस्तुत गर्न असम्भव हुन गएको छ । अर्को अंकमा डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा. महेश्वरमान श्रेष्ठ र डा. युवराज खतिवडा लगायत अन्य अर्थविद्हरूका आलोचनात्मक प्रतिक्रियाहरू प्रस्तुत गर्ने छौं । त्यसपछि पनि यसबारे क्रमिक रुपमा अन्तर्क्रिया जारी राखिने छ- जबसम्म विषय-बस्तुबारे धारणा स्पष्ट हुने छैन ।*

**- प्रधान सम्पादक**

सीताराम तामाङ्ग

**१५ अप्रिल १९९४ (वैशाख २, २०५१) मा विश्वका ११७ मुलुकका सरकार-प्रतिनिधिहरुले मोरक्कोको राजधानी मोराक्केसमा एउटा त्यस्तो अन्तर्राष्ट्रिय व्यापार र सीमाशुल्क सम्बन्धी महासन्धिको मस्यौदामा सही गरेका छन्, जसले छिटै सारा विश्वको जीवनलाई कुनै न कुनै रुपमा प्रभावित पारिरहनेछ ।**

१९९२ मा GATT का तात्कालीन महानिर्देशक तथा भू.पू. अमेरिकी अर्थमन्त्री आर्थर डंकलले मस्यौदा गरेको यो महासन्धि हस्ताक्षरपछि यस्तो अन्तर्राष्ट्रिय कानून बन्न पुगेको छ, जुनसित बाझिने गरी अब उता कुनै पनि मुलुकको सार्वभौम संसदले कानून बनाउन पाउने छैन । यस अर्थमा यो व्यापार र सीमाशुल्क सम्बन्धी महाकानून भएको छ, जसले प्रत्येक देशको सार्वभौमिकतालाई सीमित पारिदिने छ ।

नेपालले यो महासन्धिमा सही त गरिसकेको छैन । तर नेपाल लगायत ७ वटा मुलुकहरु यसको हस्ताक्षर समारोहमा पर्यवेक्षकको रुपमा उपस्थित थिए । संझौता हस्ताक्षर समारोहमा नेपाली प्रतिनिधि बाणिज्य तथा आपूर्ति मन्त्री सुरेन्द्रप्रसाद चौधरीले घोषणा गरेका थिए - "हामी प्रस्तावित विश्व व्यापार संगठनको सदस्य बन्न सारै इच्छुक छौं र गंभीर भएर सोच्दैछौं ।"

यसको तात्पर्य के हो भने नेपालले पनि यो महासन्धिलाई अनुमोदन गरिरहेछ र यसले नेपालीहरुको जीवन र भविष्यलाई पनि प्रभावित पार्नेवाला छ ।

के प्रभाव पार्नेवाला छ त GATT महासन्धिले नेपालमा ?

देशको भविष्यप्रति सचेत सारा नेपालीहरुको लागि यो खुल्दुलीको बिषय भएको छ । यस गंभीर राष्ट्रिय महत्वको बिषयमा देशव्यापी छलफल शुरु होस् भन्ने हेतुले म GATT महासन्धि र त्यसले नेपाललाई गर्ने असरबारेमा आफ्नो धारणा अघि सारिरहेछु ।

यो बिषयमा हाम्रो देशमा अन्तर्क्रिया चल्नु नितान्त जरुरी भईसकेको छ । आशा छ- यो अन्तर्क्रियाले GATT र यसले देशको जनजीवनमाथि पार्ने चौतर्फी प्रभावबारे सही धारणा बनाउन अवश्यै मद्दत गर्नेछ ।

यो महासन्धिको असरबारे चर्चा गर्नुअघि यसको जन्म पृष्ठभूमिबारे छोटोमा चर्चा गर्नु जरुरी हुन्छ भन्ने मलाई लागेको छ ।

## जन्म पृष्ठभूमि

GATT अर्थात सीमाशुल्क र व्यापार संवन्धी सामान्य संझौता General Agreement of Tariffs and Trade (GATT) को शुरु धारणा १९४५ को ब्रेटन्उड्स् सम्मेलनमा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषको धारणा संगसंगै जन्मेको हो ।

समाजवादी अर्थतन्त्र र त्यसको विश्वव्यापी प्रभावको सामना कसरी गर्ने ? १९३० को दशकको भयानक आर्थिक मन्दीलाई पूँजीवादी मुलुकहरुले आपसमा मिलेर कसरी झेल्ने ? यिनै चिन्ताको हल खोज्न ब्रेटन उड्स सम्मेलनको आयोजना भएको थियो । यो हल खोज्ने क्रममा त्यो सम्मेलनमा सोचिएको प्रारुप अनुसार GATT को जन्म १९४७ मा भएको थियो । स्मरणीय छ, यही क्रममा १९४५ मै विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको जन्म भैसकेको थियो ।

जन्म १९४७ मा भए पनि GATT ले बहुपक्षीय व्यापार संगठनको रुप एक वर्षपछि १९४८ मा मात्र लिन सक्यो, जब भारत लगायत २३ वटा पूँजीवादी मुलुकहरुले हवानामा यसको सहमति-पत्रमा हस्ताक्षर गरे ।




"ग्याट" विरुद्ध भारतको कलकत्तामा "जेल भरो" कार्यक्रमको सिलसिलामा आयोजित जुलूस

# नेपाललाई के असर पार्ने छ ?

## GATT मा नेपालले प्रवेश गर्नुको अर्थ आफ्नो सार्वभौमिकताको र स्वतन्त्रताको मृत्यु पत्रमा आफैंले सही गर्नु हो ।

तर शुरुमा यो संस्था वहुपक्षीय वस्तु-व्यापारको खुकुलो किसिमको संझौता मात्र थियो । आपसी हित बृद्धि गर्नको लागि केही बस्तुमा सीमा शुल्क घटाउने र व्यापार संझौता गर्ने मञ्चको रुपमा मात्र यो सीमित थियो । यही खुकुलो संझौताले पनि अमेरिकाको राष्ट्रिय स्वार्थ र संसदको अधिकार सीमित पारिदेला भन्ने भयले अमेरिकी कांग्रेसले प्रारंभमा GATT लाई अनुमोदन गरेन ।



GATT को वर्तमान रुपरंग त अमेरिकाको पहलमा १९८६ देखि शुरु भएको "उरुग्वे चक्र" को नामले चर्चित बहुपक्षीय व्यापार वार्ताले जन्माएको हो । यही वहुपक्षीय वार्ताको दौरानमा अमेरिकाले GATT अन्तर्गत अवदेखि पूँजीनिवेश, कृषि, सेवा र वौद्धिक संपत्तिको अधिकार पनि पर्नु पर्छ भनेर प्रस्तावित गऱ्यो ।

यसो गर्नुको ५छाडि अमेरिकी स्वार्थले काम गरेको थियो । ती स्वार्थ थिए - लगानी गर्ने ठाउँ नपाएर पडिरहेको पूँजीको निम्ति लगानी गर्ने विश्व बजार भेट्टाउनु । अमेरिकी कृषि-उपजलाई बेच्न विश्वभरि प्रतिस्पर्धात्मक बजार बनाउनु । अत्याधुनिक प्रविधिलाई पनि अति नाफा कमाउन सक्ने बिक्रीयोग्य बस्तु बनाउनु । विश्व भरिको बजारमा आफ्नो बस्तु प्रतिस्पर्धात्मक मोलमा बिक्री गर्न सक्ने पार्नु ।

यही स्वार्थ मुताविक अमेरिकाले GATT अन्तर्गत पर्नु पर्ने भनेर केही नीति पनि अघि साऱ्यो । जस्तो कि GATT को सदस्य हुन चाहने राष्ट्रले खुला बजार र उदार अर्थतन्त्र अप्नाउनु पर्ने, ता कि अमेरिकी बस्तु र पूँजीको निर्यातको लागि कुनै पनि मुलुकमा व्यवधान बाँकी नरहोस् । हरेक देशले सीमा शुल्क घटाउनु पर्ने, ता कि उसको बस्तु हरेक मुलुकमा प्रतिस्पर्धात्मक हुन सकोस् । कृषि क्षेत्रमा राज्यले दिई आएको क्षतिपूर्ति र अनुदान बन्द गर्नु पर्ने, ता कि अमेरिकी कृषि उपज विश्व बजारमै प्रतिस्पर्धात्मक हुन सकोस् । राज्यको स्वामित्वमा रहेका सेवा र उद्योगहरु निजीकरण गर्नु पर्ने, ता कि उसले कुनै पनि मुलुकको राज्यसित प्रतिस्पर्धा गर्नु नपरोस् र बढी से बढी ठाउँमा लगानी गर्ने अवसर प्राप्त गरोस् आदि ।

उरुग्वे चक्रको वार्ताको शुरुमा भारत, ब्राजिल, इजिप्ट, युगोस्लाभिया, नाइजेरिया, तान्जानिया, क्यूवा, निकारागुआ, पेरु जस्ता १० वटा विकासशील मुलुकहरूले यो अमेरिकी प्रस्तावको डटेर विरोध गरे । त्यसैले दुई वर्षसम्म वार्ताक्रम राम्ररी अघि बढेन र अमेरिकी प्रस्ताव सर्वस्वीकार्य हुन सकेन । उता कृषि क्षेत्रमा अनुदान घटाउने प्रस्तावलाई यूरोपेली समुदायले पनि विरोध गऱ्यो, किनकि यसो गर्दा यूरोपेली कृषि उपजको मूल्य बढेर जताततै अमेरिकी कृषि उपज सस्तो पर्न जान्थ्यो र त्यही बिकाउ हुने स्थिति हुन्थ्यो ।

तर १९९० मा सोभियत संघ र पूर्वी यूरोपका समाजवादी मुलुकहरू एक-एक गरी ढलेपछि हरेक कुरामा अमेरिकाको टक्कर लिन सक्ने समाजवादी प्रतिधुव रहेन । असंलग्न आन्दोलन पनि कमजोर हुनपुग्यो । टक्कर लिइरहेका भारत र ब्रजिल जस्ता मुलकहरू पनि विश्व बैंक र मुद्रा कोषको ऋणमा फँस्दै

### ग्याटले कसलाई के दिनेछ ?

| जनतालाई | बहुराष्ट्रिय कम्पनीहरूलाई |
| --- | --- |
| ☐ तीन गुना महंगी | ☐ तीन गुना नाफा |
| ☐ तीन गुना गरीबी | ☐ तीन गुना बजार |
| ☐ तीन गुना भुखमरी | ☐ तीन गुना प्रभुत्व |




जेनेभामा ग्याटका डाइरेक्टर जनरल :



ब्रेटन उड्स: ग्याटको शुरुवातको थलो

## GATT को विकास यसरी भयो

| बर्ष | ठाउँ | भएको विकास |
|---|---|---|
| १९४५ | ब्रेटन उड्स् | विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष संगसंगै GATT को परिकल्पना |
| १९४७ | जेनेभा | पहिलो GATT संझौतामा हस्ताक्षर |
| १९४८ | जेनेभा | GATT संस्थाका रुपमा स्थापित |
| १९४९ | एनेसी | |
| १९५०-५१ | टर्क्वे | केही खास खास वस्तुहरुमा भन्सार महशूल घटाइएको |
| १९५१ | जनेभा | |
| १९६०-६२ | डिल्लन | भन्सार महशूल औसतमा २० प्रतिशत घटाइएको यूरोपेली समुदायले पहिलो चोटि एउटा इकाइंका रुपमा वार्ता गरेको |
| १९६४-६७ | केन्नेडी | तयारी वस्तुमा एक तिहाइ भन्सार महशूल घटाइएको |
| १९७३-७९ | टोकियो | गैर महशूल व्यवधान (Non tariff barriers), अनुदान प्राप्त निर्यात Subsidised export लगायत ११ संझौतामा हस्ताक्षर |
| १९८६-१९९३ | उरुग्वे | GATT अन्तर्गत पहिलो पटक सेवा, वौद्धिक संपत्तिको अधिकारको रक्षा, पूँजी निवेश, कृषि थपिएको । यस संवन्धी आर्थर डंकलले तयार पारेको प्रस्तावमा अप्रिल १५, १९९४ मा ११७ मुलुकद्वारा हस्ताक्षर |

Source: Gatastrophe, Public Interest Research Group, India, 1994

# ग्याटको मृत्युपत्र

गए र आफ्ना अडानहरू छोड्दै गए । विकासोन्मुख मुलुकको हितलाई ध्यानमा राखिनेछ भन्ने आश्वासनले अडान लिइरहेका अरू मुलुकहरू पनि शिथिल भए । १९९२ मा "ब्लेर हाउस संझौता" मार्फत यूरोपेली समुदायका किसानहरूलाई राज्यले चोर-बाटोबाट अनुदान दिनसक्ने ढोका खोलेपछि यूरोपेली समुदायको मुखमा पनि बूझो लाग्यो । अब बाँकी विश्वको लागि राज्यले कृषिमा अनुदान र क्षतिपूर्ति दिन नपाइने भन्ने कुरामा उनीहरूको कुनै विरोध रहेन ।

यही क्रममा GATT सम्बन्धी अमेरिकी प्रस्ताव सर्वस्वीकार्य हुन पुग्यो । प्रस्ताव अमेरिकाको भए पनि यसबाट स्वार्थ सिद्धि चाहिँ जापान र यूरोपेली समुदायको पनि हुने भएकाले उनीहरू पनि यसलाई सर्वस्वीकार्य बनाउन क्रियाशील भए ।

यसरी GATT सारमा अमेरिका, यूरोपेली सुदाय र जापानको स्वार्थ, खास गरी आर्थिक र व्यापारिक स्वार्थ, बाँकी अविकसित विश्वमाथि थोपर्ने भरेङ्ग हुन पुगेको छ ।

अब हामी GATT ले नेपाललाई पार्नसक्ने असरका बारेमा छलफल गरौं :

### असरहरु – कृषि क्षेत्रमा

हामीले माथि नै भनीसक्यौं - कृषि क्षेत्रलाई पहिलो पटक यो पालिको GATT महासन्धि अन्तर्गत पारिएको छ ।

यस अन्तर्गत तीन वटा नीतिहरु अघि सारिएका छन् ।

० अब उप्रान्त कृषिलाई हरेक देशको राज्यले दिने गरेको घरेलु सहयोग (Domestic Support), अनुदान (Subsidy) र निर्यातमा दिइने प्रत्यक्ष अनुदान (Export Subsidy) घटाउँदै लैजाने र अन्तमा समाप्त पार्ने । GATT को धारा ६.४ मुताविक तत्काल कृषि क्षेत्रमा दिइने अनुदान कुल उत्पादनको १० प्रतिशतभन्दा बढी हुनु नहुने ।

० कृषि क्षेत्रमा प्रयोग हुने आधुनिक प्रविधि र नयाँ वीउ उत्पादनमा त्यो प्रविधि दर्ता गर्ने पेटेण्टकर्ताको हितको रक्षाको ग्यारेण्टी गर्नु पर्ने ।

० अन्तर्राष्ट्रिय कृषि उपजको लागि प्रत्येक देशले आफ्नो घरेलु बजार खुल्ला पार्नु पर्ने । GATT को धारा ४.२, अनुच्छेद-५ मुताबिक हरेक देशले यसको लागि कूल घरेलु खाद्य पदार्थ खपतको ३% अन्तर्राष्ट्रिय खाद्य बजारबाट आयात गर्नु पर्ने ।

यी प्रावधानहरुबाट हाम्रो देशमा राज्यले कृषि क्षेत्रमा दिँदै आएको सारा अनुदानमा ठूलो कटौती हुनेछ । मल, बीउ, कृषि औजार, पानी, बिजुलीमा राज्यको अनुदान ४० देखि ६०% रहँदै आएकोमा त्यो १०% मा झारिएपछि ती सबै निकै महँगा हुने छन् । फलत: मध्यम तथा साना किसानको उत्पादन-लागत निकै बढ्न जानेछ । बजारमा ती महँगा हुन जानाले प्रतिस्पर्धामा टिक्न गाह्रो हुनेछ । असंख्य किसानहरु यस प्रकार टाट पल्टने छन् । सोमालियाको घटना यहाँ पनि दोहोरिनेछ ।

बीउ बिजनको, रासायनिक पदार्थमा र नयाँ प्रविधिमा पेटेण्टकर्ता बहुराष्ट्रिय कम्पनीको एकलौटी अधिकार रहन जानेछ । किसानहरुले आफूले उत्पादन गरेको बीउ बिजन समेत छमेकीहरुलाई र अरुलाई बेच्न पाउने छैनन् । बहुराष्ट्रिय कम्पनीले तोकेको मन माफिकको मोल तिरेर उन्नत बीउ बिजन र रसायन किन्न किसानहरु बाध्य हुनेछन् । यसबाट बिउ बिजन, रसायन र नयाँ कृषि प्रविधि सारै महँगो हुन जानेछ ।

आफू खाद्यान्नमा आत्मनिर्भर भए पनि ४ प्रतिशत खाद्यान्न बाहिरबाट आयात गर्नै पर्ने बाध्यताले विदेशी खाद्यान्न अनावश्यक रुपमा महँगोमा किन्नु पर्ने स्थिति आउनेछ । भारतैले १९९३ मा अमेरिकी गहुँ भा.रु. ५७० प्रति क्विण्टलमा किन्नु पऱ्यो, जब कि त्यही वर्ष भारतीय गहुँको मोल भारु ३५० प्रति क्विण्टल थियो । यसबाट एकातिर देशमा खाद्यान्नमा अनावश्यक रुपमा महँगी बढ्नेछ । अर्कोतिर, अमूल्य विदेशी मुद्रा बेफ्वाँकमा बाहिरिनेछ ।

नेपालका अधिकांश उद्योगहरुको कच्चा पदार्थ कृषि उपजबाटै आउँछ । जब कृषि उपजको मूल्य चुलिने छ, औद्योगिक उत्पादनको मूल्य पनि अक्कासिनेछ । यसबाट चौतर्फी महँगीको मार नेपाली जनताले भोग्नु पर्नेछ ।

### बौद्धिक सम्पत्तिको क्षेत्रमा असर

विकसित पूँजीवादी मुलुकहरुमा बहुराष्ट्रिय कम्पनीहरुले अत्याधुनिक प्रविधिहरु र बैज्ञानिक आविष्कारहरु पेटेण्ट गरेर राख्ने गरेका छन् । यस्तो प्रविधि र आविष्कारहरुलाई पनि बहुमूल्य बस्तु झैं बेचेर उनीहरु रातारात अचाक्ली नाफा कमाउन चाहन्छन् । त्यसैले यस पल्टदेखि व्यापारसँग सम्वन्धित बौद्धिक सम्पत्तिको अधिकार Trade Related Intellectual Property Rights (TRIPS) को नाममा यस्तो प्रविधि र आविष्कारहरुलाई पनि GATT अन्तर्गत पारिएको छ ।

### महंगो औखति

यस नयाँ व्यवस्थाअनुसार अब नयाँ प्रविधि र आविष्कारको पेटेण्ट दुई किसिमले गरिनेछ । एउटा, उत्पादनकै पेटेण्ट र अर्को, प्रक्रियाको पेटेण्ट, दुवै अलग अलग रूपमा ।

TRIPS को व्यवस्थाअनुसार अब उप्रान्त पेटेण्ट गर्ने बहुर्राष्ट्रिय कम्पनीको अनुमतिविना पेटेण्ट गरिएको उत्पादन वा प्रक्रियालाई कसैले पनि उपयोग गर्न पाउने छैन, बेचबिखन गर्न पाउने छैन, आयातसमेत गर्न पाउने छैन । पेटेण्टधारीलाई भने उसको पेटेन्ट गरिएको बस्तु स्वदेशमै उत्पादन गरोस् या बाहिरबाट झिकाओस्, त्यसो गर्ने पूर्ण छूट हुनेछ । पेटेन्ट गर्नेले जुन देशमा त्यो बस्तुको उत्पादन प्रक्रिया शुरु गर्छ, त्यो देशमा त्यस बस्तुको उत्पादन प्रक्रियाबारे कुनै अनुसन्धान वा परीक्षण गर्न पाइने छैन ।

यो व्यवस्थाको प्रत्यक्ष असर औषधि क्षेत्रमा पर्न जानेछ । नेपालमा यस अघिसम्म "पेटेण्ट, डिजाइन र ट्रेडमार्क कानून- २०२२" अनुसार औषधिको "प्रक्रिया" मात्र पेटेण्ट गरिने व्यवस्था थियो, उत्पादनको पेटेण्ट गर्ने व्यवस्था थिएन ।

भारतको पेटेण्ट कानून १९७० ले पनि ठीक यस्तै व्यवस्था गरेको थियो । यस व्यवस्थाले गर्दा पेटेण्ट गर्ने बहुर्राष्ट्रिय कम्पनी बाहेक अन्य साना कम्पनीहरूले वैकल्पिक प्रक्रिया अपनाएर त्यही औषधि सस्तो मोलमा बजारमा उपलब्ध गराउन सक्दथे । जस्तो-भारतमा Ciba Geigy जस्तो बहुर्राष्ट्रिय कम्पनीद्वारा उत्पादित



# ग्याटको मृत्युपत्र

इन्जेक्सनभन्दा Cipla कम्पनीद्वारा वैकल्पिक प्रक्रिया अपनाएर उत्पादन गरिएको इन्जेक्सन धेरै सस्तो छ। खालि प्रक्रिया मात्र पेटेण्ट गर्ने भारतमाभन्दा उत्पादन र प्रक्रिया दुवै पेटेण्ट गर्ने पाकिस्तानमा र बेलायतमा उही औषधिको मोल धेरै गुना वेसी छ। उदाहरणको लागि- अल्सरको ओखती Ranitidine को १० चक्कीको भारतमा २९।०३ भा.रु. मात्र पर्छ। तर पाकिस्तानमा भा.रु. २६०।४० पर्छ, बेलायतमा भा.रु. ४८१.३१। तर अब TRIPS को नयाँ व्यवस्थाअनुसार 'उत्पादन' र 'प्रक्रिया' दुवै पेटेण्ट गरिनेछ। यसो भएपछि वैकल्पिक प्रक्रियाबारे अनुसन्धान नै गर्न पाइने छैन, त्यसबाट सस्तोमा ओखती उत्पादन गर्ने त टाढैको कुरा रह्यो, यसबाट भारतमा जीवनदायी ओखतीहरूको मोल कैयन गुना बढ्न जानेछ। र, त्यसको प्रत्यक्ष असर नेपालीहरूमाथि पर्नेछ, किनकि यहाँ अत्याधिक ओखती भारतबाटै आउँछ।

नेपालमै ओखती उत्पादन पनि निकै महँगो पर्नेछ, किनकि पेटेण्टधारी बहुर्राष्ट्रिय कम्पनीलाई ठूलो धनराशी रोयल्टीका रुपमा नबुझाई त्यो प्रक्रियाबाट ओखती उत्पादन गर्न पाइने छैन। यसरी ओखतीको मूल्यमा बहुर्राष्ट्रिय कम्पनीको एकलौटी नियन्त्रण कायम हुन जानेछ।

स्मरणीय छ, पाकिस्तानमा भन्दा भारतमा कैयन गुना ओखती सस्तो हुनुको पछाडि भारतमा ४० प्रतिशत Antibiotic औषधिहरू वैकल्पिक प्रक्रिया अप्नाएरै उत्पादन गरिन्छ। त्यस्तै ९८ प्रतिशत ब्याक्टेरिया विरोधी ओखतीहरू, ९९ प्रतिशत अल्सर विरोधी ओखतीहरू, ६१ प्रतिशत ट्रांक्वीलाइजरहरू र ४५ प्रतिशत दम विरोधी ओखतीहरू पनि वैकल्पिक प्रक्रियाबाटै निकै सस्तोमा उत्पादन गरिने गरिएको छ। अब यो स्थिति समाप्त हुनेछ।

होमियोप्याथिक ओखतीहरू पनि समाप्त हुनेछन् किनकि जुन रसायन र तत्व कुनै 'उत्पादन' वा 'प्रक्रिया' मा पेटेण्ट गरिएको हुन्छ, त्यो अर्कोमा विना अनुमति र शुल्क प्रयोग गर्न पाइने छैन। जगजाहेर छ, होमियोप्याथिक ओखतीका कैयन रसायन र तत्वहरू पेटेण्ट गरिने एलोप्याथिक ओखतीसँगै मिल्दछन्।

**किसानको हकमा असर**

TRIPS को प्रत्यक्ष असर कृषि क्षेत्रमा पर्नेछ। किसानहरूले प्रयोग गर्ने बीउ बीजन, रासायनिक ओखती, जैविक प्रविधि, सुक्ष्म जीव सबै अब TRIPS अन्तर्गत पेटेण्ट गर्न सकिने विषय हुनेछन्। यसअघिसम्म यस्तो व्यवस्था थिएन। यो नयाँ व्यवस्थाबाट नेपालका किसानहरू ठाडै प्रभावित हुनेछन्।

सबैभन्दा पहिलो कुरा त वैकल्पिक प्रक्रियाबाट ओखती उत्पादन गर्न बन्द हुने हुँदा कीटनाशक, ओखती र पशु-ओखतीहरू कैयन गुना महँगो हुनेछन्। यसबाट बाली र पशुपालनमा हानिकारक प्रभाव पर्नेछ। पशु उपचारमा राज्यले दिने गरेको अनुदान बन्द गरिंदा पशु-उपचार अरू महँगो हुन जानेछ।


अर्को असर किसानहरूको बीउ बीजन प्रयोग गर्ने र बेच्ने अधिकारमा पर्नेछ। अहिलेसम्म नेपाली किसानहरूले उन्नत बीउ बिजन बजारबाट किन्ने गरेका छन्। एक चोटि किनिसकेपछि त्यही बीउ बिजन अर्को बालीको लागि प्रयोग गर्ने र छरछिमेकीहरूलाई बेच्ने गरिरहेछन्। अधिकांश बीउ बिजन नेपालमा यसरी नै प्रयोग हुने गरिरहेछ। तर TRIPS लागू भएपछि यस्तो गर्न पाइने छैन। किसानहरूले आफूले किनेको उन्नत बीउ अर्को पटकको आफ्नै बालीको लागि त राख्न सक्नेछन्, तर अरु कसैलाई बेच्न सक्ने छैनन्। छिमेकी कहाँबाट सस्तो मोलमा उन्नत बीउ बिजन किन्नमा प्रतिबन्ध लाग्नेछ। सम्पूर्ण उन्नत बीउ बिजन पेटेण्टधारीले तोकेको एजेन्सी वा पसलबाट मात्र किन्न पाइनेछ। यसबाट उन्नत बिजनमा कार्गेल, फाइजर, स्याण्डोज जस्ता बहुर्राष्ट्रिय कम्पनीको एकाधिकार स्थापना हुनेछ। बीउमा किसानको अधिकार खत्तम हुनेछ। फलस्वरूप, बीउ बिजन धेरै गुना महँगो हुन जानेछ र खाद्यान्नको उत्पादन-लागत धेरै बढ्नेछ। खाद्यान्न महँगो हुन गएपछि सीमान्त आय भएका समाजका सबै तब्काहरूको जीवनस्तर अरू धेरै खस्कनेछ। गरीबी अरू बढ्नेछ। समाजमा मध्यम र गरीब किसानहरू महँगो बीउ बिजनकै कारणले भसक्कै बिग्रनेछन्।

यस अघिसम्म Plant Breeders' Rights (PBR) अन्तर्गत कुनै पनि वैज्ञानिक वा अनुसन्धानकर्तालाई कुनै उन्नत बीउमाथि परीक्षण र अनुसन्धान गरेर त्यसलाई अरू उन्नत-बनाउन पहिलेको पेटेण्टधारीलाई कुनै रोयल्टी तिर्नु पर्दैनथ्यो। यस्तै छूट उन्नत बीउ बिजन किन्ने किसानलाई पनि थियो। अब TRIPS अन्तर्गत यी दुवै छूटहरू हटाइएका छन्।


अब अमेरिकाको दवावमा नयाँ Sui generis System लागू हुने भएको छ। यसअन्तर्गत वैज्ञानिक र अनुसन्धानकर्ताले कुनै उन्नत बीउलाई अरू उन्नत बनाउन परीक्षण-अनुसन्धान गर्नु परेमा पनि शुरु पेटेण्टधारीलाई ठूलो धनराशी रोयल्टीका रुपमा बुझाउनुपर्ने छ। किसानहरूलाई उन्नत बीउको केही भाग आफैले अर्को बालीको लागि प्रयोग गर्ने हक त हुनेछ, तर अरूलाई बेच्ने हक हुनेछैन।

यसबाट बीउ उन्नत पार्ने एकाधिकार पनि बहुर्राष्ट्रिय कम्पनीहरूको मात्र हुन जानेछ, जो यही मामलामा करोडौं डलर खर्च गर्न सक्दछन्। अहिले जैविक प्रविधिअन्तर्गत जेनेटिक इन्जिनयरीङद्वारा अनेकौं थरिका उन्नत बीउ बिजनहरू पश्चिममा विकास गर्न संभव भएको छ। कीटनाशक रसायन प्रयोगै नगरीकन नै माटोमा जीवाणु छोडेर कीरा मार्ने प्रविधिसमेत विकास गरिसकिएको छ। TRIPS ले यी सबै जैविक प्रविधिहरूलाई पनि पेटेण्ट गर्न सकिने पारेर र त्यो पेटेण्ट अरूले प्रयोग गर्न नसक्ने पारेर ती सबमाथि बहुर्राष्ट्रिय कम्पनीको एकाधिकार स्थापना गरेको छ ता कि निकै ठूलो मुनाफा कमाउने साधनको रूपमा तिनलाई प्रयोग गर्न सकियोस्। पेटेण्टको अवधि पनि TRIPS ले 'उत्पाद' र 'प्रक्रिया' दुवैलाई २०-२० वर्षको दिएको छ। यसरी एउटा बस्तुको उत्पादन र प्रक्रियामा एउटा कम्पनीको ४० वर्षसम्म एकाधिकार रहनसक्ने पारिएको छ। यसअघि सबैजसो मुलुकमा छोटो अवधिसम्म मात्र पेटेण्टकर्ताको पेटेण्ट गरिएको बस्तुमा एकाधिकार रहन्थ्यो। भारतमा त्यो अवधि तीन वर्षको मात्र थियो।

बौद्धिक सम्पत्ति र वैज्ञानिक प्रगति भनेको फगत पूँजीको प्रतिफल होइन। यो मानव जातिको पुस्तौं पुस्ताको सामूहिक प्रयत्नको फल हो। एउटा



आइ. एम. एफ. का म्यानिजिङ डाइरेक्टर मिशेल क्याम्डेस्सस



विश्व बैंकका अध्यक्ष लेविस प्रिष्टोन

## कति मिल्दाजुल्दा छन्- यी दुईका मागहरु ? हरेक मुलुकसित

| विश्व बैंक र IMF को माग | GATT को माग |
|---|---|
| - वजेटमा अनुदानको मात्रा घटाऊ | - अनुदान घटाऊ |
| - कृषि सामग्रीको लागि राज्यको अनुदान हटाऊ | - देशभित्र कृषिको लागि राज्यको सहयोग घटाऊ |
| - खाद्यान्नमा दिई आएको अनुदान हटाऊ | - राज्यद्वारा खाद्यान्न वितरण गर्ने संपूर्ण प्रणाली हटाऊ |
| - सबै विकासोन्मुख मुलुकहरुले आर्थिक उदारीकरण गर | - सबै विकासोन्मुख मुलुकहरुले खुला बजार अर्थतन्त्र अप्नाऊ |
| - विदेशी लगानीलाई वृद्धि गर | - बहुराष्ट्रिय कम्पनीहरुमाथिको प्रतिवन्ध खत्तम गर |
| - आयात क्षेत्रमा उदारीकरण गर | - आयातमाथिको संपूर्ण व्यवधान सत्तम गर |
| - जनताको आवश्यकताका वस्तुहरुको उत्पादनलाई निजीकरण गर | - जनताका आवश्यकताका वस्तुहरुको उत्पादनमा वहराष्ट्रिय कम्पनीको प्रवेशमाथि लगाइएको प्रतिवन्ध खारेज गर |
| - बैंकींग क्षेत्रलाई निजीकरण गर | - बैकींग लगायतका सेवा क्षेत्रमा विदेशी लगानीकर्तामाथि लगाईराखिएको प्रतिवन्ध हटाऊ |

स्रोत: Gatastrophe
Public Interest Research Group India, 1994.

# ग्याटको मृत्युपत्र

पुस्ताको उपलब्धिको जगमा अर्को पुस्ताले वैज्ञानिक प्रगति गरेको हुन्छ । TRIPS ले वैज्ञानिक प्रगतिलाई धनाढ्य बहुर्राष्ट्रिय कम्पनीहरूको व्यक्तिगत सम्पत्ति र मुनाफा कमाउने मेलोमा परिणत गरिदिएको छ ।

## GATT र व्यापारसँग सम्बन्धित पूँजी निवेश

आज अमेरिका, जापान र यूरोपेली समुदायले मन्दी, पूँजीनिवेश, बजारको समस्या भोग्नु परिरहेछ । यिनै समस्याहरूको साझा समाधानका रूपमा यिनीहरूले GATT लाई लिएका छन् । डंकल प्रस्तावको 'व्यापारसँग सम्बन्धित पूँजी निवेश Trade Related Investment Measures-TRIMS त्यसैको उपज हो ।

TRIMS को प्रस्तावभा रहेको यो उद्देश्य हेरेमा मात्र पनि GATT को उद्देश्य के ? - प्रष्ट हुन्छ । प्रस्तावनामा उल्लिखित उद्देश्य यस्तो छ: "अन्तर्राष्ट्रिय सीमा नाघेर विश्व-व्यापारको विस्तार र वृद्धि गर्नु र पूँजी लगानीलाई सरल बनाउनु.... खुल्ला व्यापार सुनिश्चित गर्नु...." TRIMS को धारा ३ मा उल्लेख भएअनुसार TRIMS लाई अनुमोदन गर्ने सबै मुलुकहरूले विदेशी कम्पनीलाई पनि देशभित्रको कम्पनी सरह "राष्ट्रिय व्यवहार" गर्नुपर्ने हुनेछ । आयात र घरेलु उत्पादन दुबैलाई समान राष्ट्रिय व्यवहार गर्नु पर्ने हुनेछ । घरेलु उत्पादनलाई संरक्षण हुने र आयतलाई बेफाइदा पुग्ने कुनै नियम कानून बाँकी राख्न पाइने छैन ।

TRIMS लाई अनुमोदन गर्ने हरेक देशको सरकारले "राष्ट्रिय व्यवहार" अन्तर्गत त्यस्ता सबै नियमहरू खारेज गर्नु पर्नेछ, जसले बस्तु उत्पादनको लागि त्यही देशको कच्चा पदार्थ प्रयोग गर्न अनिवार्य बनाउँछ । साथै निर्यात जुन परिमाणमा गरिन्छ, त्यति नै परिमाणमा मात्र आयत् गर्ने भन्ने जस्ता नियमहरू पनि खारेज गर्नु पर्ने हुनेछ ।

TRIMS ले हरेक देशको सरकारलाई आयातको परिमाणमाथि लगाईराखेको परिमाणात्मक बन्देज पनि खारेज गर्नुपर्ने माग गरेको छ । आयातको लागि कतिसम्म विदेशी मुद्रा दिइने भन्ने परिमाणात्मक बन्देज पनि खारेज गर्नुपर्ने पारिएको छ । साथ-साथै कति परिमाणमा र कति मूल्य बराबरको घरेलु उत्पादन मात्र निर्यात गर्ने भन्ने बन्देज पनि नियम कानूनमा बाँकी राख्न पाइने छैन ।

यसरी TRIMS ले हरेक देशमा विदेशी कम्पनीहरूलाई र आयातीत विदेशी उत्पादित वस्तुहरूलाई पनि देशभित्रको कम्पनी र उत्पादित बस्तुसरह संरक्षण र सुविधा दिन बाध्य तुल्याएको छ । TRIMS लागू भएपछि देशभित्रको उद्योगलाई भनेर कुनै विशेष सहुलियत र संरक्षण दिन पाइने छैन । कुनै कम्पनीलाई पनि देशभित्रकै कच्चा पदार्थ प्रयोग गर भनेर बाध्य पार्न पाइने छैन । प्रसस्त घरेलु उत्पादन हुने बस्तुमा समेत आत्मनिर्भर हुने नियतले यो बस्तु आयात गर्न पाइने छैन वा यति मात्र आयात गर्न सकिनेछ भन्न पाइने छैन । आयातलाई फुक्काफाल छोडिदिनु पर्ने हुनेछ, चाहे त्यो जतिसुकै नोक्सानदायी किन नहोस्, राष्ट्रिय उद्योगको विकासको निम्ति । कहाँको कच्चा पदार्थ प्रयोग गर्ने ? उत्पादित सामान कहाँ बेच्ने ? विदेशी मुद्रा कुन-कुन बहुमूल्य ठाउँमा मात्र खर्च गर्ने ? त्यसमा राज्यले कुनै भूमिका खेल्न पाइने छैन । ती सबै लगानीकर्ताको खुशको कुरा हुनेछ । विदेशी लगानीकर्ताले आर्जित नाफा जति पनि आफ्नै देशमा फर्काउने छुट हुनेछ ।

TRIMS का यी प्रावधानहरु अहिले नै लागू भइसकेका छैनन् । यो लागू गर्नको लागि संक्रमण काल तोकिएको छ । विकसित औद्योगिक मुलुकहरूले १ जुलाई १९९७ सम्ममा, विकासोन्मुख देशहरूले सन् २००० सम्ममा र अल्पविकसित मुलुकहरूले २००२ सम्ममा संक्रमण अवधि पूरा गर्नेछन् । त्यसपछि ती ती देशरूमा यो लागू हुनेछ । हरेक मुलुकले आफ्नो मुलुकको कानूनलाई TRIMS को प्रावधानअनुसार बदल्नु पर्नेछ । सबैभन्दा घातक कुरा त के भने यस संक्रमणकालमा कुनै पनि हस्ताक्षरकारी मुलुकले नयाँ कानून बनाउन पाउने छैन ।

डंकल प्रस्तावअन्तर्गतका TRIMS का यी प्रावधानहरूका पछाडि तीन वटा साम्राज्यवादी नियत प्रष्टै देखिन्छ : एउटा, अति उत्पादन तर बजारको समस्याले ग्रस्त विकसित मुलुकहरूको निम्ति विश्वभरि नै बिघ्न बाधारहित बजार सिर्जना गर्नु । अर्को, पूँजीको अत्याधिक केन्द्रिकरण तर लगानी गर्ने नाफादायक ठाउँको अभावले ग्रस्त विश्वका ५०० ठूला बहुर्राष्ट्रिय कम्पनीहरूको लागि हरेक मुलुकमा निष्फीक्री लगानी गर्ने थलो बनाउनु । र तेस्रो, प्रत्येक मुलुकको अर्थतन्त्रमा कब्जा जमाउँदै अन्ततः सारा विश्वको हरेक मामलामा आफ्नो स्वार्थ मुताविकको नियन्त्रण कायम गर्नु ।

TRIMS कार्यान्वयन हुने हो भने विश्व फेरि एकचोटि विकसित मुलुकको नव उपनिवेशमा बदलिने निश्चित छ ।

### उत्पादन र प्रक्रिया दुबैको पेटेण्ट गर्नु-नगर्नुले ओखतीको मोलमा कति फरक पार्छ ?

| ओखतीको नाम र परिणाम | भारत जहाँ प्रक्रिया मात्र पेटेण्ट गरिन्छ, त्यहाँ त्यही ओखतीको मोल भा.रु. मा | पाकिस्तान जहाँ उत्पादन र प्रक्रिया दुबै पेटेण्ट गरिन्छ, त्यहाँ उही ओखतीको मोल भा.रु. मा |
|---|---|---|
| **अल्सरको ओखती** | | |
| रेनेटीडाइन | | |
| ३०० मि.ग्राम १० चक्की | भा.रु. २९.०३ | भा.रु. २६०.४० |
| **मुटुको रोगको ओखती** | | |
| एटीनोलोल | | |
| ५० मि.ग्रा. १० चक्की | भा.रु. ७.५० | भा.रु. ८६.६३ |
| **दुखेको कम पार्ने ओखती** | | |
| डाइक्लोफेनाक | | |
| ५० मि.ग्रा. १० चक्की | भा.रु. ५.६७ | भा.रु. ५५.८० |
| **ब्याक्टेरिया बिरोधी ओखती र एण्टी बायोटिक** | | |
| नफ्लेक्सिएसीन | | |
| ४०० मि.ग्रा. १० चक्की | भा.रु. ३९.३६ | भा.रु. १२५.५० |
| साइप्रोफ्लोक्सासीन् | | |
| ५०० मि.ग्रा. ४ चक्की | भा.रु. ५१.०० | २३४.६३ |
| **क्यान्सरको ओखती** | | |
| भीन्क्रीस्टीन | | |
| १ मि.ग्रा. भायल | भा.रु. २८.८० | भा.रु. ३२३.१६ |

**ध्यान दिनु पर्ने कुरा :** अहिले भारतमा प्रक्रियाको मात्र पेटेन्ट गरिन्छ त्यसैले त्यहाँ ओखती सस्तो छ । नेपालमा धेरै ओखती भारतबाट आउँछ । तर १९९५ देखि GATT लागू भएपछि त्यहाँ पनि उत्पादन र प्रक्रिया दुबैको पेटेन्ट गर्न थालिने छ ।

**स्रोत :** Patent Regional at a Glance, by B.K. Deayla, National working on Patent Lows, 1992.

नेपाल पनि यसको अपवाद हुने छैन ।

TRIMS लाई मान्ने हो भने नेपालका सबै जसो राष्ट्रिय उद्योगहरू धराशायी हुने पक्का छ । बेरोकटोक "राष्ट्रिय व्यवहार" अन्तर्गत ओइरिने आयातीत सामानहरूको प्रतिस्पर्धामा सानो पूँजी र पछौटे प्रविधिअन्तर्गत उत्पादित राष्ट्रिय उत्पादनहरू कसरी टिक्न सक्छन् ? भएका कारखाना बन्द हुन जाँदा मजदूर बेरोजगारी निकै व्यापक हुनेछ । मझौला र साना पूँजीपतिहरू भसक्कै बिग्रिनेछन् । खालि ठूला पूँजीपतिहरू मात्र विदेशी लगानीकर्तासित मिलेर टिक्न सक्नेछन् । देशको लागि दीर्घकालीन हिसाबले कुन-कुन उद्योग उपयुक्त छ ? कुन-कुन उद्योग यहींकै कच्चा पदार्थमा आधारित भएर चल्न सक्छन् ? अमूल्य विदेशी मुद्रा केमा खर्चने, नखर्चने ? यी कुनै पनि निर्णय हाम्रो राज्यले गर्न सक्ने छैन । हाम्रो अर्थतन्त्रको सारा निर्णय संभवत: वासिङटनमा हुनेछ, विश्व बैंकको कार्यालयमा वा GATT को हेडक्वार्टरमा ।

नेपालले त्यो दिशातिर शुरु कदम पनि चालिसकेको छ । नेपालको अर्थतन्त्रको उदारीकरण गर्नु, राज्यको मातहतमा भएका कम्पनीहरू निजीकरण गर्नु, विदेशी लगानीकर्ताको लागि बेरोकटोक लगानीको ढोका खुला गर्नु, आयातीत सामानको लागि भन्सार दर सारै कम गर्नु, रासायनिक मलमा सरकारले दिइआएको अनुदान बन्द गर्नु, नेपाली मुद्रालाई पूर्ण परिवर्त्य बनाउनु, डलरलाई खुल्ला बजारमा छोडिदिनु- यी सारा कदमहरू नेपालले TRIMS कै दिशामा जानका लागि चालिएका एक से एक कदमहरू हुन् ।

## GATT र सेवामा व्यापार

आर्थर डंकलले तयार गरेको GATT को मस्यौदामा एउटा अर्को नयाँ प्रस्ताव पनि जोडिएको छ । त्यो हो- "सेवामा व्यापार" सम्बन्धी सामान्य सम्झौता General Agreement On Trade in Services-GATS ।

यो सम्झौताका तीन भागहरू छन् (१) सामान्य कर्तव्यहरू (२) विशेष प्रतिबद्धताहरू (३) विशिष्ट क्षेत्रहरू जस्तो कि बैंकिंग, वीमा, दूर सञ्चार, हवाई यातायात र श्रमको गतिशीलतासम्बन्धी प्रतिबद्धताहरू ।

यी सबै प्रवधानहरूको सार के छ भने यदि नेपालले GATS का यी प्रावधानलाई स्वीकार्छ भने उसले सेवामा लगानी गर्ने विदेशी कम्पनीलाई पनि त्यही "राष्ट्रिय व्यवहार" दिनु पर्नेछ, जुन राष्ट्रिय कम्पनीहरुलाई दिइन्छन् (धारा ७) कुनै एउटा राष्ट्रलाई दिइएको अति सुविधा प्राप्त राष्ट्रको व्यवहार (MFN Treatment) अरू सबै राष्ट्रलाई पनि दिनुपर्ने हुनेछ (धारा २) । र, सेवासम्बन्धी सम्पूर्ण नियम कानूनहरू पारदर्शी हुनु पर्नेछ (धारा ३) ।

यति मात्र होइन, GATS लाई

स्वीकार्ने हो भने यसको धारा ६ मुताविक नेपालले लगानीकर्ता विदेशी कम्पनीलाई देशभित्र उसको फर्म कति वटा हुनेछ, कहाँ-कहाँ हुनेछ र उसले कति मूल्य बराबरको लेनदेन गर्न पाउनेछ- त्यसको कुनै सीमा तोक्न पाउने छैन । फर्महरू देशभित्र जतिसुकै संख्यामा पनि खुल्न सक्छ, जहाँ पनि खुल्न सक्छ र त्यसले जतिसुकै रकमको पनि कारोबार गर्न सक्छ । साथसाथै यी फर्महरूमा कति विदेशीहरू राखिने छन् र विदेशी कम्पनीहरूले सेवा सम्बन्धी कुनै पनि संस्थामा कति मात्रामा शेयर लगानी गर्न पाउने छन्- त्यसको कुनै सीमा तोक्न पाइने छैन । विदेशीहरू जतिसुकै संख्यामा पनि भर्ति गर्न पाइने छ र विदेशी कम्पनीले कुनै पनि कम्पनीमा जतिसुकै परिमाणमा पनि पूँजी लगानी गर्न पाउनेछन् । बैंक र बीमा कम्पनीमा समेत यस्तो गर्न पाइनेछ ।

यो निकै खतराजनक प्रावधान हो, किनकि यो प्रावधानअनुसार विदेशी बहुर्राष्ट्रिय कम्पनीहरूले नेपालका सारा निजी क्षेत्रका बैंक र बीमा कम्पनीहरूलाई बित्तीय क्षेत्रमा शेयर किनेर आफ्नो पूर्ण नियन्त्रणमा लिन सक्नेछन् । सम्पूर्ण वित्तीय क्षेत्र नै विदेशी कम्पनीको कब्जामा जान संभव छ, यो उपायबाट । नेपालका सारा वित्तीय संस्थाहरू र कारोवार सिटी बैंक र अमेरिकन एक्सप्रेस जस्ता बहुर्राष्ट्रिय कम्पनीको हातमा पुग्यो भने देशको भविष्य के हुनेछ ?

GATS को प्रावधान के पनि छ भने, बैंकिग क्षेत्रमा विदेशी कम्पनीले कारोवार गऱ्यो भने उसलाई यात्री चेक, बैंक ड्राफ्ट, सबै प्रकारको भुक्तानी जमानत, ऋण सापटी, बन्धकी र बचत परिचालन समेत गर्ने हक हुनेछ । उसलाई अन्तर्राष्ट्रिय स्तरमा भुक्तानीको निम्ति पैसा पठाउने र भुक्तानी गर्ने समेत हक हुनेछ । यहाँको बचतलाई उसले विश्वको कुनै पनि कुनामा लगेर लगानी गर्न सक्नेछ, जहाँ सबैभन्दा बेसी नाफा हुनेछ । उसलाई पूँजी हस्तान्तरण गर्ने समेत हक हुनेछ । यस्तो भयो भने नेपालको पूँजी अन्यत्रै प्रवाहित हुनसक्ने र यहाँको विकास कार्य ठप्पै हुनसक्ने संभावना समेत हुनेछ ।

सेवा क्षेत्रमा खालि बैंक र बीमा क्षेत्र मात्र होइन, दूर सञ्चार र हवाई सेवामा पनि विदेशी कम्पनीहरूको लगानी हुन संभव छ, GATS को नयाँ प्रावधानअनुसार । विशेषतः दूर सञ्चार क्षेत्रमा बहुराष्ट्रिय कम्पनीहरूको चाख निकै बेसी छ । यसअन्तर्गत टेलिफोन, टेलिग्राफ, टेलेक्स, फ्याक्स, डाटा तथा टेलिकमहरू आउँछन् । प्रतिस्पर्धामा यी क्षेत्रमा विदेशी कम्पनीको एकाधिकार हुन जान संभव छ । यस्तो भयो भने देशको भविष्य कस्तो होला ? यो पनि सजिलै लख काट्न सकिने सवाल छ ।

## विवाद सुल्झाउने प्रक्रिया

GATT ले अबदेखि विश्व व्यापार संगठन (World Trade Organisation) को रूप लिने भएको छ । यसबीच यो संगठनमा संवद्ध कुनै पार्टीले सम्झौताको शर्त पालना नगरेमा वा उल्लंघन गरेमा त्यस समस्यालाई हल गर्नका लागि भनेर एउटा विवाद सुल्झाउने अंग Dispute Settlement Body-DSB स्थापना हुनेछ । GATT सँग सम्बन्धित सबै उजूरीहरू यही DSB मा आउनुपर्नेछ ।

प्राप्त भएको उजूरीमा DSB ले खोज अनुसन्धान गर्न सक्नेछ । यस निम्ति प्यानेल खडा गर्न सक्नेछ, प्यानेलको रिपोर्ट स्वीकार गर्न सक्नेछ र जरूरत परेमा नियम उल्लंघन गर्ने देशलाई सहुलियतहरू निलम्बन गर्न सिफारिस समेत गर्न सक्नेछ ।

DSB ले अनुरोध गरेको १० दिनभित्रै प्रत्येक देशले उसले खोजेको कुराको स्पष्टीकरण दिनुपर्नेछ र ३० दिनभित्रै उजूरी गर्ने देश वा पार्टीसित सम्पर्क गरिसक्नु पर्नेछ ।

प्यानेलले वा अपील सुन्ने अंगले दिएको कुनै निर्णयलाई नियम उल्लंघन गर्ने कुनै देशले तोकिएको अवधिभित्र पालना नगरेमा उसले उजूरी गर्ने पार्टीलाई सम्पर्क गरेर क्षतिपूर्ति तिर्नुपर्दछ । त्यो क्षतिपूर्ति तिर्ने काम पनि नगरेमा DSB ले सम्बन्धित पार्टी वा देशलाई दिइआएका सुविधा सहुलियतहरू निलम्बित गर्ने अधिकार दिनसक्छ ।

सुविधाहरूको निलम्बन खालि नियम उल्लंघन गरेको क्षेत्रमा मात्र होइन, अरू सबै क्षेत्रमा पनि हुनसक्छ, जसमा नियम उल्लंघन भएको छैन । यसरी दण्डको क्षेत्र निकै व्यापक पारिएको छ ।

दण्डको यस व्यवस्थाबाट विश्व व्यापार संगठन WTO निकै शक्तिशाली अंग हुन गएको छ । दण्डकै भयले तर्साएर यसले थुप्रै विकासोन्मुख मुलुकहरूलाई GATT का शर्तहरूको कडाइपूर्ण पालना गराउन खोजेको देखिन्छ ।

## किन शासक वर्ग GATT मा प्रवेश गर्न चाहन्छ ?

हामीले माथि देख्यौं, GATT मा नेपाले प्रवेश गर्नुको अर्थ आफ्नो सार्वभौमिकताको र स्वतन्त्रताको मृत्यु पत्रमा आफैंले सही गर्नु हो । यसबाट नेपाल र नेपाल जस्ता सबै मुलुकहरू विकसित पूँजीवादी मुलुकहरूको नव-उपनिवेश हुन जानेछन् । त्यसैले आजसम्ममा २६ मुलुकले मात्र GATT लाई अनुमोदन गर्न सकेका छन्, जबकि सही भने ११७ मुलुकले गरेका थिए । स्वयं अमेरिकी संसदले यसको अनुमोदन गरिसकेको छैन । र, अनुमोदन गर्न अन्कनाउँदैछ ।

तथापि किन नेपाली कांग्रेसको सरकार यसलाई अनुमोदन गर्न लालयित छ त ?

यसको कारण के देखिन्छ भने नेपाली शासक वर्ग आफू सत्तामा रहिरहन विकसित पूँजीवादी मुलुकहरूको शासकवर्गको समर्थन आफूलाई भैरहन अनिवार्य ठान्दछ । GATT तिनै विकसित पूँजीवादी मुलुकका शासक वर्गको (एकाधिकार पूँजीपतिहरूको) हितको लागि उनीहरू आफैंले सिर्जना गरेको व्यापार सम्झौता हो । त्यसैले सत्ता स्वार्थकै कारणले उनीहरू GATT को विरुद्धमा जान सक्दैनन्, यद्यपि GATT हाम्रो राष्ट्रको हितको विरुद्धमा छ ।

नेपालको दलाल पूँजीपति र नोकरशाही पूँजीपतिको हित GATT बाटै हुन्छ । जति विश्व-व्यापार बढ्यो, त्यति नै बढी उनीहरूलाई फाइदा हुन्छ । नेपालका यी दुवै ठूला पूँजीपतिहरू विदेशका ठूला एकाधिकार पूँजीपतिसित मिलेर संयुक्त लगानी गर्ने र त्यसबाट अचाक्ली नाफा कमाउने स्वार्थ पालेर बसिरहेछन् । GATT ले उनीहरूलाई यो मौका दिन्छ । त्यसैले उनीहरू GATT को पक्षमा छन् । नेपालको वर्तमान शासक वर्गले यिनै दलाल र नोकरशाही पूँजीपतिकै स्वार्थको प्रतिनिधित्व गरिरहेछ ।

यिनै कारणले गर्दा नेपाली शासक वर्ग नेपालको औधि अहित हुने शर्तमा पनि GATT मा प्रवेश गर्न चाहन्छ ।

## विकल्प के छ ?

प्रश्न उठ्छ, यति सारा विश्वका मुलुकहरू GATT मा सामेल भएपछि हामी मात्रै त्यसबाट अलग बस्न सक्छौं नै कसरी ? अलग बसेर कसरी हामी काम चलाउन सक्छौ. ? हामी कसरी जीउन सक्छौं ? यसको मञ्चमा सामेल नभएमा हामीसित विकल्प नै छ के ?

प्रश्न आफ्नो ठाउँमा बिल्कूलै जायज छ ।

नेपाल एक्लै अहिलेको विश्वमा अलग-अलग र एक्लो बस्न संभव छैन । यो सही हो । तर GATT मा प्रवेश गर्दा अर्थतन्त्र चौपट र तहस-नहस हुने देश नेपाल एक्लो होइन । सबै विकासोन्मुख मुलुकहरू यही समस्या झेलिरहने छन् । साझा समस्या हुनेहरू एकै ठाउँमा भेला भएर GATT का अन्यायपूर्ण प्रावधानहरूविरुद्ध किन सशक्त संयुक्त आवाज उठाउन संभव छैन ? GATT का संस्थापकहरू नमानेमा आफू-आफू मिलेर वैकल्पिक बजार र पूँजीको प्रवन्ध गर्न किन संभव छैन ?

मेरो विचारमा यो क्षेत्रीय स्तरमा पनि संभव छ र असंलग्न मुलुकहरूबीच अन्तर्राष्ट्रिय स्तरमा पनि संभव छ । समस्या आफ्नो राष्ट्रिय हितप्रतिको प्रतिबद्धताको र पहलको छ, विकल्पको छैन । नेपालले भोगेको समस्या बंगलादेश पनि भोग्दैछ, पाकिस्तान पनि र श्रीलंका पनि । ल्याटिन अमेरिका, अफ्रिका र एसियाका थुप्रै मुलुकहरू यही समस्या भोग्दैछन् । तर एउटै समस्या भोगेर पनि त्यस्तो भोग्नेहरूबीच सम्पर्क छैन, एकता छैन । समस्या अहिले त्यसकै भएको छ ।

भारतमा जनस्तरमा GATT विरुद्ध सशक्त संयुक्त आवाज उठिरहेछ । चीन एक्लै GATT विरुद्ध लडिरहेछ । कोरिया र जापानका किसानहरू GATT विरुद्ध सडकमा उत्रिरहेछन् । यो स्थितिमा जनस्तरमा पनि विश्वव्यापी रूपमा GATT का विरुद्ध संयुक्त संयोजित आवाज उठाउन संभव देखिएको छ । आवश्यकता सम्पर्क र सम्पर्कका निम्ति पहलको छ । नेपालमा त GATT बारे गम्भीर बहससम्म पनि छोडिएको छैन । त्यसैले बहस पनि यहाँको तात्कालीक आवश्यकता भएको छ ।

तथ्यांक स्रोत र सन्दर्भ ग्रन्थहरू


१. Frontline, India, May 6,1994
२. Gattastrophe, Public Interest Research Group, India, 1994.
३. दायित्वबोध, भारत, जुलाई-अगस्त १९९३
४. सीताराम येंचुरी, GATT- 1994 A Bluerpint For Economic Recolonisation.
५. Proletarian Era, April 23, 1994, June, 3, 1994.
६. सर्वहारा दृष्टिकोण, १९९४-१-८, १९९३.१०.८., १९९३.१२.८
७. डंकल व्यापार सन्धिका मसविरा और किसान- प्रताप कुमार टण्डन
८. लोक दस्ता, मई जुन १९९४।
९. Rising Nepal, April 20, 1994.
१०. मूल्यांकन, पूर्णांक २०, २०५१।
११. Mainstream, India, अप्रिल ३०, १९९४
१२. पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२, नेपाल


□□


**जि.आई. पाईप तथा प्याराफिन वाक्स**

चीनबाट आयात गरिएको उच्च गुणस्तरको जि.आई. पाईपहरू छुट समेत व्यवस्था गरी १/२ ईन्चको छ मिटर लम्बाई प्रति थान रु. ३५०।- मा र १ इन्चको ६ मिटर लम्बाई प्रति थान रु. ७१५।- मा र साथै रिफाइन्ड प्याराफिन वाक्स प्रतिकेजी रु. ४२।- मा धमाधम बिक्री भैरहेको जानकारी गराउँदछौं ।

**नेशनल ट्रेडिङ्ग लिमिटेड**
केन्द्रीय कार्यालय, टेकु



# रोल्पामा "मूल्यांकन" प्रतिबन्धित !

रोल्पा जिल्लाका प्र.जि.अ. अब्दुल रइस खाँ विगत एक वर्षदेखि नै संविधान, ऐन, कानूनलाई लत्याएर सरकारी पदको दुरुपयोग गरी आम जनता र वामपन्थीहरूलाई दमन गर्ने गिरिजाको 'उत्ताउलो हतियार' बन्दै आएकोमा हाल निजले आफ्नो स्वरूपलाई अरू घिनलाग्दो र जनद्रोही बनाएका छन् । साठी वटाभन्दा बढी झुठा मुद्दा लगाएर समेत स्थानीय जनतालाई सताउने निज प्रजिअ घुसखोरी र भ्रष्टाचारका लागि पनि कुख्यात छन् ।

गत भाद्र २३ गते निज प्रजिअले 'मूल्यांकन' मासिक को अंक २१ (भाद्र अंक) पढ्ने केही कर्मचारीहरूलाई आफ्नो कार्यालयमा बोलाई यो पत्रिका "कम्युनिष्ट समर्थक भएकोले" नपढ्ने आदेश दिएर पत्रिका जफत गरेका छन् । वामपन्थी व्यक्तिहरू मात्रै हैन, अब त त्यहाँ ने.का. कै भट्टराई पक्षका मानिसलाई पनि निजले गुप्तचरद्वारा सताउन थालेको खबर छ ।

नेपालको संविधानले दिएको पढ्ने, लेख्ने, बोल्ने, छाप्ने छुटलाई रोल्पामा सीमित गर्ने निज प्रजिअ अब्दुल रइस खाँको यो जनविरोधी कदमको हामी घोर निन्दा गर्छौं । जनताको हक खोस्ने निज प्र.जि.अ. लाई हामी कडा शब्दमा सम्झना दिलाउन चाहन्छौं- कि अहिले यहाँ पञ्चायतकाल हैन, जनताले ठूलो त्याग बलिदान गरेर ल्याएको बहुदलीय शासनकाल कायम छ । यसरी जनताको त्यत्रो त्याग बलिदानबाट प्राप्त अधिकार कसैले खोस्ने काम गर्छ भने इतिहासले निजसँग हिसाब चुक्ता गरेरै छाड्ने छ ।

□□

# स्वीडेनमा वामपन्थीहरू विजयी

पूँजीवाद जन्म भएको क्षेत्र यूरोपको एक देश स्वीडेनमा हालै भएको राष्ट्रिय-निर्वाचनमा वामपन्थी पार्टीका २२ जना उम्मेदवारहरू बिजयी भएका छन् ।

सोशल डेमोक्रेसीको प्रयोगको लागि विख्यात स्वीडेनमा वामपन्थीहरूले ३४९ सदस्यीय संसदमा ६.१ प्रतिशत भाग जित्न सके पछि नग्न पूँजीवादका समर्थक प्रधानमन्त्री कार्ल बिल्टको पतनपछि बन्ने सोशल डेमोक्रेटिक सरकारमा उनीरू सहभागी हुने निश्चित देखिएको छ ।



सोशल डेमोक्रेट कार्लसन

पूव प्रधानमन्त्री इंग्वार कार्लसनको नेतृत्वमा सोशल डेमोक्रेटिक पार्टीले तीन वर्ष पछाडि नै आयोजित यस चुनावमा ४६.६ प्रतिशत भोट लिई आफ्ना १६२ जना उम्मेदवार विजयी गरेपछि त्यो पार्टी फेरि सत्तासिन हुँदैछ । यस पार्टीको अल्पमतको सरकारको नेतृत्व गर्ने इंग्वार कार्लसनले वामपन्थी पार्टी र ५ प्रतिशत भोट र १८ सीट जित्ने ग्रीन पार्टीको सहयोगमा सरकार बनाउने तयारी रहेको घोषणा गरेका छन् । कार्लसनको अगुवाईमा सोशल डेमोक्रेटिक सरकारले चुनावी घोषणा बमोजिम ८५ लाख जनसंख्या भएको स्वीडेनको १७० अरब डलरको राष्ट्रिय ऋण, १४ प्रतिशत बेरोजगारी र बढ्दो महंगीको विरोधमा लड्ने दृढता देखाएको छ । सोशल डेमोक्रेट कार्लसनले देश र जनतालाई पूँजीवादी अर्थ व्यवस्थाको संकटबाट मुक्त गर्ने घोषणा गरे पनि भावी सुधारवादी कार्यक्रमहरूले पूँजीवादी संकटका सपस्याहरूको टालटुले समाधान गर्ने कुरा निश्चित प्रायः छ । त्यसैले स्वीडेनका वामपन्थीहरूले सुधारवादी सोशल डेमोक्रेटिक सरकारलाई केही हदसम्म प्रयोग गरी संकटग्रस्त पूँजीवादी अर्थव्यवस्थामा नै आमूल परितर्वन गर्ने फड्को मारेर आफ्नो क्रान्तकारीता प्रदर्शन गर्ने सुवर्ण अवसरलाई प्रयोग गर्न सक्नु पर्दछ, अन्यथा उनीहरू सुधारवादको दलदलमा फँसिरहने संभावना बढी छ ।


तपाईले जथाभावी फालेको फोहरले
सबैलाई हानी गर्छ । त्यसैले
जथाभावी फोहर फाल्ने
कुलत नअपनाऔं ।



काठमाडौं
नगरपालिका

स्वच्छ सफा हराभरा स्वस्थ काठमाडौं



Mark of Quality Leather Wings
for real walking pleasure



ब्रोग डर्बी
(खुद्रा मूल्य रु. ७५०/-)

विदेशमा तालिम प्राप्त प्राविधिकद्वारा सृजना गरिएको आकर्षक वाना (Attractive Design) अन्तर्राष्ट्रिय स्तरको छालाको जुत्ता क्वालिटी ग्यारेण्टीका साथ सर्वत्र उपलब्ध छ ।

लेदर विङ्गस प्रा.लि.
बाँसबारी, काठमाडौं-३
पो.ब.नं. ७२४०, फोन नं. ४११-७२०

कृपया लोगो हेरी खरिद गर्नुहोस्

**कथाको बाँकी....**

रुपियाँ नै सोभ्रो हिसाव गन्देऊ । भोलि नै कलैया गएर रजिष्ट्रेसन पास नगर्दिए म एक बाबुको छोरो नै होइन । त्यति रुपियाँ नबुभ्राउने हो भने खेत मेरै हुन्छ । तिमी त्यसमा खनजोत गर्न पाउँछौ, तर मालिक होइन, हली र खेताला बनेर ।"

यो सुनेर बुधनका बाबु छोरा त्यतिकै टोलिन्छन् । उनीहरूलाई सपना या विपना, जीवन या मृत्यु छुट्याउनै गाह्रो हुन्छ ।

एक एक खिली सूर्तिको भोज खाएर पञ्चायती टुंगिदा साँभ्र पनि रातमा फेरिई सकेको हुन्छ ।

धेरै बेरपछि मङ्गल स्वाभाविक स्थितिमा आउँछ, तर आँखाबाट अविरल रुपमा साउने भ्ररी हालिरहेको बुढो बुधनलाई दमले त्यति नै खेर जोडले च्याप्छ र एकनाशसित लामो खोकी खोक्ता खोक्ता ऊ टुक्रुक्क बसेको बस्यै त्यही पुक्लुक्क ढल्छ । पण्डित दयानिधि उठेर कतै गई सकेका हुन्छन् । बाबुलाई बोकेर मङ्गलले घर ल्याएर सुताउँछ । ४ कोस टाढा रहेको कलैया अस्पतालमा पुऱ्याउन त्यतिखेर सम्भव छैन, न त ऊ सित खर्च नै छ । भोलि उज्यालो भएपछि बैल गाडा खोजेर कलैया पुऱ्याउने वित्तिक्कै विवशतासाथ छेउको गाउँमा स्थापित नाउँ मात्रको हेल्थपोष्टको डाक्टरलाई गुहारेर यथासम्भव ओखतीमूलो गरिन्छ, रात परिवारका सबैका आँखामा छर्लङ्ग बित्छ । बिहानी पखको चीसो हावाले मंगल बाहेक सबैका रोइरहेका आँखा भ्रकाउँछन् । बुधनको ढुकढुकी पनि त्यसैबेला सधैंको लागि टक्क अडिन्छ । बाबुलाई लाने रोग अर्कै रोग हो, दम त सहायक मात्र बन्न पुगेको हो भन्ने कुरा मंगलले बुभ्रिहाल्छ । ऊ धेरै बेरसम्म जिल्लिएर शून्यमा हेरिरहेका बाबुका मुर्दा आँखालाई नियाल्छ अनि उसका आँखामा एउटा अनौठो भाव उदाउँछ र ऊ केही पनि हुँदै नभएभ्रैं जुरुक्क उठेर भ्रिसमिसे उज्यालोमा हलो र गोरु लिएर त्यही खेतमा पुगेर गोरु नार्छ । एकछिनको लागि ऊ बिर्सन्छ त्यो खेतमा उसको कुनै हक छैन भन्ने, ऊ बिर्सन्छ ऊ मालिकको दृष्टिमा अवैध काम गर्दैछ भन्ने, ऊ त भ्रन् प्रसन्न भावमा गोरु नार्दै गद्गद कण्ठले गाउन पो थाल्छ- "आगे आगे बैल चले, पीछे से किसनवाँ, हरवा जोतेला किसनवा .... ।"

नजीकै कुनै खेतमा शौच निवृत्त हुन लागेका मालिक हतार हतार उसको टाउकोमा लोटा बजारेर अश्लील गाली फलाक्तै भोजपुरीमा बम्किन थाल्छन्- "बेटी ..... साला, मलाई अभ्र नटेरेर मेरो ....." हिजो बिहानदेखि गुम्सिएर रहेको सारा आक्रोश मङ्गलवाको मगजमा यतिखेर हुर्हुराउँछ, उसको आत्माभरि क्रुर उन्माद चढ्छ र मालिकको वाक्य राम्ररी पूरा हुन नपाउँदै प्रतिशोधको ज्वालाले धपक्क बलेका उसका जवान हातहरूले मालिकलाई बैशाख महीनाको खेतको साह्रो आलीमा पछारी पछारीकन र गोरु चुट्ने लौरोको टुप्पोले घाँटीमा एकोहोरोसित थिची थिचीकन एकै छिनमा परमधाम पुऱ्याईदिन्छन् ।

घाम ढल्कन लाग्दा गाउँ छेउको खोलाको तीरका बीचमा ठूलो अन्तराल अँगालेर दुई वटा चिता दनदनी दन्किरहेका हुन्छन् । साथै दुईतिरबाट दुई जना प्रहरीले हातमा बाँधेको सिक्री बजाउँदै सदरमुकाम कलैयातिर जाने सडकमा फटाफट लम्किरहेको हुन्छ- एउटा युवक ।

□□

**पर्दा/रङ्गमचको बाँकी**

*o नेपाली जनताको पक्षमा केही गर्न चाहनेहरूलाई तपाई के भन्न चाहनु हुन्छ ?*

- यस्ता जो कोही व्यक्ति वा संगठनहरूलाई पनि म भन्न चाहन्छु- अब उहाँहरू पनि इलोक्ट्रोनिक मिडियाहरूलाई जनताको पक्षमा उपयोग गर्न अग्रसर हुनुपर्छ । अहिलेको युग कागज र छपाईबाट माथि उठेर इलोक्ट्रोनिक सञ्चार माध्यमहरू मार्फत अग्रसर छ । हामी र हाम्रा मित्रपक्षका दिमागमा आज जनताका शत्रुहरू विष र प्रदूषणहरू घोलिरहेछन् । हामीले यसको प्रतिकार गर्न हाल अशिक्षितहरूमा पनि लोकप्रिय रहेको यो मिडियालाई उपयोग गर्नैपर्छ ।

हामीसँग साधारण नै भए पनि भिडियो क्यामेराहरू उपलब्ध छन्, भी.सी.पी. र टी.भी. छन् । हामी यिनै साधनका साथ हाम्रा कार्यकर्ताहरूमार्फत गाउँ-गाउँसम्म पुग्न सक्छौं । टी.भी., पत्रपत्रिका आदि नपुगेका थुप्रै ठाउँहरू छन् । यी ठाउँहरू र अन्यत्र पनि हामी हाम्रो तयार सामग्रीहरू पुऱ्याएर ब्याट्रीबाट चल्ने भी.सी.पी. र स्किनहरू प्रयोग गरेर विजुली नभएका ठाउँमा पनि आम जनतालाई कार्यक्रम दिनसक्छौं. । तपाईहरूको पत्रिकामार्फत म तमाम जनपक्षीय साथीहरू, नेताहरू र दलहरूलाई समेत आह्वान गर्दछु- हामीसँग कलाकार छन्, लेखक-पत्रकार छन्, हामीसँग भिडियो प्रविधिका प्राविधिज्ञहरू पनि छन् । आउनुहोस्- सशक्त कार्यक्रम बनाऔं र जनताका शत्रुपक्षको विषालु सांस्कृतिक अतिक्रमणका विरुद्ध लडौं । हाम्रा जन-मानसहरूलाई कञ्चन बनाऔं । □


वडा दशैं २०५१ को शुभ उपलक्ष्यमा
समस्त देशवासीहरूमा
हार्दिक शुभकामना !
**बेलप्रसाद श्रेष्ठ (प्रमुख)**
**तथा धुलीखेल नगरपालिका, परिवार**

विजया दशमी २०५१ को
उपलक्ष्यमा समस्त देशवासीहरूमा
हार्दिक शुभकामना
**लक्ष्मीदास हरिदास ठैहिटी**

वडा दशैं २०५१ को शुभ उपलक्ष्यमा समस्त देशवासीहरूमा
हार्दिक शुभकामना
**जनकपुर चुरोट कारखाना लिमिटेड, परिवार**

वडा दशैं २०५१ को शुभ उपलक्ष्यमा समस्त
देशवासीहरूमा हार्दिक शुभकामना
**भक्तपुर जिल्ला विकास समिति, परिवार**

**केवल दिनको रु. १०/- जम्मा गर्नु भई**
**निम्न लिखित फाईदा उठाउनु होस्**

० १. सदस्य भएको मितिदेखि २४ महिनाभित्र बिरामी भएमा अस्पतालमा लाग्ने औषधी खर्च निशुल्क पाउनु हुने छ ।

० २. केही गरी सदस्यको मृत्यु भएमा परिवारले पूरा रकम फिर्ता पाउनु हुनेछ ।

० ३. सदस्य भएको मिति देखि ३ महिनापछि साना-तिना व्यापार गर्न, साना-तिना उद्योग गर्न वा छोरा-छोरीहरुको व्यवहार गर्नको लागि सापटी पाउनु हुने छ ।

अन्य जानकारीको लागि सम्पर्क राख्नु होस्
**हिमालय फाइनान्स एण्ड**
**सेभिंग कम्पनी (प्रा.) लि.**
ताहाचल, नेपाल, फोन २७०५८६





भित्र केही पेजहरूमा पेज नं. छापिनमा भूल भएकोले सच्याई पढ्न हुन अनुरोध छ । - मूल्यांकन

सौर्य बिजुली

बिजुली छैन भनेर अब पीर मान्नु पर्दैन । सौर्य शक्ति (घाम) बाट आफ्नै घरमा बिजुली उत्पादन गरी टेप रेकर्डर, रेडियो सुन्न, टेलिभिजन हेर्न तथा बिजुली बत्ती बाल्नका लागि तपाईलाई सहयोग गर्न

**सोलार इलेक्ट्रीसिटी कम्पनी प्रा.लि.**

तपाईको साम‍ु उपस्थित भएको छ !



*विस्तृत छलफल तथा प्रदर्शनका लागि सम्पर्क राख्नु होस् ।*

SEC

**उत्पादक :**

**सोलार ईलेक्ट्रीसिटी कम्पनी प्रा.लि.**

**बागबजार ग-२-७१८ पो.ब.नं. २४९**

**काठमाडौं, नेपाल**

**टेलिफोन नं २२५२५३, २२७८७६**

**फ्याक्स नं. ९७७-१-४१४६५३**


### वामपन्थीहरू एक हुनुपर्छ

विश्व कम्युनिष्ट आन्दोलन पछाडि परिरहेको बेला नेपालमा वामपन्थी दलहरू किन टुक्रा-टुक्रा भएर रहेका छन्, अचम्म लागिरहेछ । नेपालका सबै कम्युनिष्ट घटकहरू एक हुने हो भने वामपन्थीहरूले चाहेको जस्तो शासन व्यवस्था नेपालमा लागू हुनेछ र सत्तामा जान उनीहरूलाई कसैले पनि रोक्न सक्तैन । यो देशका गरीब किसान, मजदूर, विद्यार्थी लगायत हर पेशा, क्षेत्रका जनताहरू नेपालमा कम्युनिष्टहरू मिलेका हेर्न, देख्न र सुन्न चाहन्छन् । सम्पूर्ण मतभेदहरू भुलेर अब एउटै पार्टी नेपाल कम्युनिष्ट पार्टी स्थापना हुनुपर्छ । म यसै पत्रिका मार्फत अनुरोध गर्छु- आदरणीय कमरेड महोदयहरू ! आफ्नो अहंकार, घमण्ड त्यागेर एकताको लागि आजैदेखि पहल गर्नुहोस्, हामीहरू सदैव एकताको पक्षमा छौं ।

- युवराज भण्डारी "विद्रोही", पिङ्खर- १, रामेछाप

### समसामयिक लेखहरू

महान जुछे क्रान्तिकारी स्व. क. किम इल सुङ्गबारेको विशेष लेखबाट कोरियाबारे धेरै जान्न पाउँदा धन्यवाद नदिइरहन सक्तिन ।

जापानमा कम्युनिष्ट आन्दोलन, विश्व वामहरूको भेला, ढोका बन्दवादबारेको माओको विचार, तसलीमाको नजरमा लेनिन आदि पढ्न पाउँदा अत्यन्त खुशी लाग्यो । चन्द्रदेव नेपालीद्वारा लिखित हाम्रो आन्दोलनमा God र Dog र राजेन्द्र स्थापितको "नेपाली साम्यवादी आन्दोलनको समस्या" आदि समसामयिक लेख अत्यन्त उपयोगी र विचारणीय छन् ।

- सनतकुमारी भण्डारी, धुलाबारी, झापा

### अमेरिकाको वामपन्थी राजनीति

मूल्यांकन मासिक पत्रिका ज्यादै रोचक र ज्ञानवर्द्धक छ । यसका सबै अंकहरू साह्रै नै उपयोगी, उच्चस्तरीय छन्, विशेष गरेर वामपन्थीहरूको लागि । यसलाई अरू स्तरीय बनाउनको लागि विभिन्न कम्युनिष्ट नेताहरूको जीवनी दिनु पर्छ जस्तो मलाई लाग्छ ।

पूँजीवादीहरूले जापानमा कम्युनिष्टहरू छैनन् भनेर हल्ला चलाइरहेको अवस्थामा मूल्यांकनले अंक २१ मा जापानका विभिन्न कम्युनिष्ट पार्टीहरूको जानकारी दिएकोमा म यसलाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु ।

अन्तमा, आगामी अंकमा अमेरिकामा भएका वामपन्थी पार्टीहरूको बारेमा जानकारी आउने आशा राख्दछु ।

- सुरेन्द्रप्रसाद धिताल, भरतपुर, चितवन-१०

### उपत्यका बाहिरकाहरुको विचार पनि....

"मूल्यांकन" जुन उद्देश्यको भारी बोकेर हिंडिरहेछ, गाउँ-गाउँ चहारिरहेछ, त्यस उद्देश्यलाई त्यही शहरमा बसी आफूलाई नेता हुँ भनाउन खोज्ने र आफूलाई मन नपर्ने वित्तिकै या कुनै कुरामा सहमति नहुने वित्तिकै अर्को कम्युनिष्ट पार्टी खोल्ने नेताहरूको घैंटोमा घाम नलागेको देख्दा अवश्य नै दुःख त लाग्छ नै, तैपनि यो पत्रिकाले आफ्नो उद्देश्यलाई यथावतै राखोस्, साथै उपत्यका बाहिरका व्यक्तिहरूलाई पनि आफ्नो विचार पोख्ने मौका यसले देओस् ।

- छवि भाट "निर्गुणी", राखी-८ पोखरा, विजयपुर


### नवीना के.सी. बारे टिप्पणी

मूल्यांकनको अंक २१ समयमै अध्ययन गर्ने मौका पाएँ । समग्रतामा सांगोपांगो विवेचना गरी भन्नु पर्दा स्तरीय नै छ, तथापि घटना र प्रवृत्तिअन्तर्गत नवीना के.सी. को मृत्युमा प्राप्त रुखो जवाफ "एकेडेमी मुर्दा घर होइन" भन्ने शीर्षकमा मूल्यांकनले गरेको टिप्पणीले स्तरलाई खस्काएको जस्तो महसूस हुन पुगेको छ ।

हो निश्चय पनि कलाकार, साहित्यकार राष्ट्रका अमूल्य सम्पत्ति हुन र तिनै कलाकार साहित्यकार लगायतका प्रतिभाहरूलाई एकेडेमीले सम्मान गर्न जान्नु पर्छ, तर कलाकार साहित्यकार अथवा प्रतिभाको परिभाषाको मापदण्ड पनि कोरिनुपर्छ । नत्र जनताका कलाकार साहित्यकार र जनविरोधी-हरूको कुनै विभाजन रेखा यहाँ बाँकी हुँदैन, मापदण्ड बाँकी रहँदैन, जुन मापदण्ड मूल्यांकनमा लागू भएको छ ।

त्यसैले यस्ता कुरामा वर्गीय दृष्टिकोणं नत्यागीयोस् ।

- कैलाश "पर्वत", बयरवन- ९ आइतबारे, मोरंग




### क्यूबाबारे सामग्री किन आएन ?

मूल्यांकनको भाद्र अंक आद्योपान्त पढ्दा अघिल्ला अंकहरू झैं स्तरीय, रोचक र ज्ञानवर्द्धक लाग्यो । उत्तर कोरिया र किम इल सुङसम्बन्धी सामग्रीले त्यस मुलुकबारे धेरै जानकारी पाइयो । अन्य विभिन्न नेता तथा विद्वानहरूले उत्तर कोरिया, चीन, तत्कालीन सोभियत संघ आदि मुलुकहरू जाँदा देखेका अनुभवहरू आगामी अंकहरूमा पनि प्रकाशित गर्नुहोला । उत्तर कोरिया र क्यूबालाई हालका दिनहरूमा अमेरिकी साम्राज्यवादले गरिरहेको अनधिकृत हस्तक्षेप र संभावित युद्धको विरुद्धमा संसारभरिका न्यायप्रेमी जनता तथा विशेष गरी वामपन्थीहरूले ठूलो अभियान तत्कालै थाल्नु आवश्यक छ । अमेरिका र क्यूबाबीच तनाव बढिरहेको समयमा निस्केको पत्रिकामा त्यससम्बन्धमा कुनै सामग्री पढ्न नपाउँदा केही खल्लो लाग्यो । आगामी अंकहरूमा क्यूबा, भियतनामलगायत विभिन्न मुलुकहरूका क्रान्ति गाथा, साम्राज्यवादसँगको प्रतिरोध तथा त्यहाँको वर्तमान सामाजिक आर्थिक स्थितिको बारेमा विस्तृत सामग्री पढ्न पाउने आशा गर्दछु ।

- रमेश खनाल, शनिश्चरे- ९, झापा

### अन्धविश्वास विरोधी लेख प्रकाशित होस्

वामपन्थी आन्दोलन भनेको एउटा स्वच्छ वैचारिक तथा सांस्कृतिक धरातलमा खडा हुने द्वन्दवादी सामाजिक संरचनाको नेतृत्व गर्ने आन्दोलन हो । यस प्रकारको सामाजिक, वैचारिक तथा सांस्कृतिक क्रान्ति एकै पटक सम्भव छैन । यसको लागि समाज पूर्णरूपमा त्यसप्रति सजग हुनुपर्दछ । यसको लागि समाजमा विद्यमान रुढीवाद र अन्धविश्वासको जालो सफा गरी वैचारिक उर्जा प्रदान गर्नु नितान्त आवश्यक छ । यस्तो गहन जिम्मेवारी पूरा गर्ने दायित्व 'मूल्यांकन' को पनि भएको हुँदा अन्धविश्वाससम्बन्धी लेख रचना प्रकाशित गरियोस् ।

- रामप्रसाद खरेल 'सानो', बुटवल- ८, (रुपन्देही)

### क. किमबारे र नीरब शेरचनबारे

मूल्यांकन वर्ष १२ पूर्णांक २१ को सबैभन्दा वजनदार र महत्वपूर्ण सामाग्री आवरण लेख तथा जानकारी 'महान जुछे क्रान्तिकारी' को विषयमा विविध कोण र व्यक्तित्वहरूबाट व्यक्त विचारहरू रहेका छन् । सडे-गलेको समाज व्यवस्थालाई अत्यधिक जनताको पक्षमा, उनीहरूको हितमा कसरी उपयोग गर्न सकिन्छ र क्रान्तिको फल वास्तविक श्रमिक जनताले कसरी प्राप्त गर्न सक्छन् भन्ने उदाहरण महान कोरियाली श्रमिक पार्टीको अनुभव, संघर्ष, संयुक्त मोर्चाको सिद्धान्त, सहकारीकरणको व्यवहारिक प्रयोग, आदि उत्तर कोरियामा प्रयोग भएका गतिविधिबाट सिक्न मद्दत पुग्छ ।

नीरब शेरचनको "मूल्यांकन" पत्रिकाप्रतिको मूल्यांकन पढ्दा नेपाली वामपन्थीहरूलाई नजिक्याउन यसले गरिरहेको सार्थक प्रयत्नप्रति नीरब शेरचनको सहमति छैन र आफू सामेल भएको वा आफूले समर्थन गरेको पार्टी नीति मात्र शुद्ध हुनसक्ने अवधारणा वहाँको रहेको देखिन्छ । यद्यपि मूल्यांकनले अघिल्लो अंकमा एकता केन्द्रबाट फुटेका दुई समूहमध्ये एउटा समूहको बारेमा केही बढी सामाग्री दिएको छ । तर जसरी शेरचनजी 'निरपेक्षता' को आलोचक हुनुहुन्छ, सम्भवतः मूल्यांकन पनि त्यस्तै होला र त त्यसो हुनुपुग्यो ।

- नवराज तिमल्सिना, हेटौंडा- ९ मकवानपुर C/o प्रयास साप्ताहिक हेटौंडा- १०

### जापानी कम्युनिष्ट एकताबारे

विश्व कम्युनिष्ट आन्दोलनको इतिहास र गतिविधि साथै नेपालका कम्युनिष्ट पार्टी र नेताहरूबीच अन्तर्क्रिया चलाएर नेपाली जनतालाई दिएको बौद्धिक खुराक मूल्यांकनको विशिष्ट उपलब्धि हो ।

जापानको कम्युनिष्ट पार्टीको लामो सूची जापानी जनताको लागि मात्र हैन; हाम्रो लागि पनि दुर्भाग्य हो । जापानी कम्युनिष्टहरू एकीकृत हुने कुनै संकेत छ कि छैन त ? प्रष्ट पारिदिनु पर्‍यो । खगेन्द्र संग्रौलाज्यूको कथा साह्रै राम्रो लाग्यो । चन्द्रदेव नेपालीज्यूको लेख राम्रै छ । हरेक कम्युनिष्ट नेताहरूले साथै कार्यकर्ताहरूले बुझ्नु आवश्यक छ । कविता नआएकोमा दुःख लाग्यो । अनुवादित कथा, लघु कथा, कविता दिनुपर्‍यो ।

- दीपक श्रेष्ठ, दुम्जा- ५; सिन्धुली


वाइ वाइ
तैयारी चाउचाउ
WAI WAI CUP
FOOTBALL
TOURNAMENT
चौधरी ग्रुपको उत्पादन


नेबिको
नयाँ
आवश्यकता
बिस्कुटहरु
तपाईको स्वास्थ्य, वचत
र सम्मान प्रति जत्तिको
होसियार छ त्यत्तिकै
आफ्नो गुणस्तर प्रति छ।
मूल्य
NEBICO
MARIE
BISCUIT
PKD
नेबिको प्रा. लि.
काठमाडौं, नेपाल

**WINTER SCHEDULE 1ST OCTOBER TO 14TH MARCH 1995**

# The Best of Nepal.
# The Complete Domestic Airlines.

**Nepal Airways**

| FROM/TO | FLT. DAYS | FLT. NO. | DEP | ARR | AIRCRAFT TYPE |
|---|---|---|---|---|---|
| KTM/BHR | DAILY | 7E637 | 1145 | 1210 | Y - 12 |
| /BIR | DAILY | 7E605 | 1145 | 1240 | AVRO |
| /BWA | 7,3,5 | 7E623 | 1130 | 1220 | AVRO |
| /KEP | 7,3,5, | 7E623 | 1130 | 1330 | AVRO |
| /LUA | DAILY | 7E609 | 0810 | 0845 | Y - 12 |
| /LUA | DAILY | 7E611 | 0950 | 1025 | Y - 12 |
| /LUA | DAILY | 7E601 | 1130 | 1205 | Y - 12 |
| /MTN | DAILY | 7E633 | 0815 | 0915 | AVRO |
| /MTN | DAILY | 7E634 | 0845 | 0945 | AVRO |
| /PKR | DAILY | 7E603 | 0945 | 1015 | AVRO |
| //PKR | 7,1,2,3,4,6 | 7E645 | 1510 | 1540 | AVRO |
| PKR | DAILY | 7E637 | 1144 | 1255 | Y - 12 |
| PKR/BHR | DAILY | 7E640 | 1000 | 1020 | Y - 12 |
| /JOM | DAILY | 7E661 | 0715 | 0740 | Y- 12 |
| /JOM | DAILY | 7E663 | 0835 | 0900 | Y - 12 |
| /KTM | DAILY | 7E640 | 1000 | 1110 | Y - 12 |
| /KTM | 7,1,2,3,4.,6 | 7E646 | 1610 | 1640 | AVRO |
| /KTM | DAILY | 7E604 | 1045 | 1115 | AVRO |
| BIR/KTM | 7,1,3,4, | 7E606 | 1305 | 1355 | AVRO |
| | 2,5,6 | 7E606 | 1455 | 1545 | AVRO |
| /TMY | 2,5,6 | 7E621 | 1305 | 1330 | AVRO |
| BWA/KEP | 7,3,5 | 7E623 | 1250 | 1330 | AVRO |
| /KTM. | 7,3,5 | 7E624 | 1510 | 1600 | AVRO |
| KEP/BWA | 7,3,5 | 7E624 | 1400 | 1440 | AVRO |
| /KTI | 7,3,5 | 7E624 | 1400 | 1600 | AVRO |
| TMI/BIR | 2,5,6 | 7E622 | 1400 | 1425 | AVRO |
| LUA/KTM | DAILY | 7E610 | 0900 | 0935 | Y - 12 |
| /KTM | DAILY | 7E612 | 1040 | 1115 | Y - 12 |
| /KTM | DAILY | 7E602 | 0715 | 0750 | Y - 12 |
| KEP/BJR | 1 | 7E683 | 0900 | 0940 | Y - 12 |
| /FEB | 5,6 | 7E681 | 1200 | 1235 | Y - 12 |
| | 3 | 7E681 | 1100 | 1135 | Y - 12 |
| /JUM | 7 | 7E671 | 1200 | 1245 | Y - 12 |
| /JUM | 1,2,4 | 7E675 | 1050 | 1135 | Y - 12 |
| /JUM | 2,5,6 | 7E669 | 0900 | 0945 | Y - 12 |
| /JUM | 3,4 | 7E671 | 1300 | 1345 | Y - 12 |
| /JUM | 3 | 7E673 | 1500 | 1545 | Y - 12 |
| /JUM | 7,3,5,6 | 7E667 | 0700 | 0745 | Y - 12 |
| BHR/KTM | DAILY | 7E638 | 1045 | 1110 | Y - 12 |
| /PKR | DAILY | 7E639 | 1235 | 1255 | Y - 12 |
| BJR/KEP | 1 | 7E684 | 0955 | 1035 | Y - 12 |
| FEB/KEP | 5,6 | 7E682 | 1250 | 1325 | Y - 12 |
| | 3 | 7E682 | 1150 | 1225 | Y - 12 |
| JUM/KEP | 7,3,5,6 | 7E668 | 0800 | 0845 | Y - 12 |
| /KEP | 7 | 7E672 | 1300 | 1345 | Y - 12 |
| /KEP | 1,2,4 | 7E676 | 1150 | 1235 | Y - 12 |
| /KEP | 2,5,6 | 7E670 | 1000 | 1045 | Y - 12 |
| /KEP | 3,4 | 7E672 | 1400 | 1445 | Y - 12 |
| /KEP | 3 | 7E674 | 1600 | 1645 | Y - 12 |
| JOM/PKR | DAILY | 7E662 | 0755 | 0820 | Y - 12 |
| /PKR | DAILY | 7E664 | 9015 | 0940 | Y - 12 |

NOTE: 1 = Monday, 2 = Tuesday, 3 = Wednesday, 4 = Thrusday
5 = Friday 6 = Saturday, 7 = Sunday

*(Subject to Government approval)*